पालुवा

६२ औं वार्षिकोत्सव स्मारिका २०८०

संरक्षक

रामाशिष यादव

सम्पादक मण्डल

खगराज जोशी
दुर्गाप्रसाद भट्ट
कमला उप्रेती
सीता पन्थी
राकेश महर्जन
देवेन्द्रप्रसाद न्यौपाने
रजनी थापा विष्ट
विमला कँडेल
ममता शर्मा
शारदा रेग्मी

प्रकाशक

श्री रत्नराज्य माध्यमिक विद्यालय

वानेश्वर-१०, काठमाडौं

डिजाइन तथा मुद्रण

मित्र प्रेस प्रा. लि.

नयाँबजार, काठमाडौं । सम्पर्क : ९८५११४५९२५

राष्ट्रिय गान



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-माहाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

सरस्वती वन्दना

सरस्वती माता, सरस्वती माता
विद्याकी दाता सरस्वती माता २

ज्ञानकी तिमी पूजनीय माता २
सरस्वती माता, सरस्वती माता
विद्याकी दाता, सरस्वती माता ।

हाँसमाथि चढेकी, हातमा वीणापुस्तक लिएकी
विद्या, बुद्धि, वाणी दाता सरस्वती माता ।
सरस्वती माता, सरस्वती माता
विद्याकी दाता, सरस्वती माता ।



दियो बाली धूप चलाई फूल चढाउँछौं २
ज्ञानी मनले पूजापाठ सधैं गर्नेछौं २
ज्ञान, बुद्धि, विद्याले जीवन सिँगार्न पाऔं ।
यही असल जीवनले संसार सजाउन पाऔं ।

वरदान देऊ, वरदान पाऔं ।
सरस्वती माता वरदान देऊ ।
सरस्वती माता, सरस्वती माता
विद्याकी दाता सरस्वती माता २

प्रधानमन्त्री

काठमाडौं, नेपाल

शुभकामना

रत्नराज्य माध्यमिक विद्यालय, वानेश्वर, काठमाडौंले ६२ औं वार्षिकोत्सवको अवसरमा मुखपत्र 'पालुवा' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

राष्ट्रको आर्थिक, सामाजिक लगायत सर्वाङ्गीण विकासको आधार स्तम्भको रूपमा रहेको शिक्षा क्षेत्रलाई गुणात्मक, व्यवहारिक र रोजगारमूलक बनाउन आवश्यक छ। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। त्यसैगरी, शिक्षालाई जीवनोपयोगी साधनका रूपमा विकास गर्दै यसमा सबैको सरल र सहज पहुँच स्थापित गर्न सरकारले विभिन्न नीति, योजना तथा कार्यक्रमहरू अगाडि सारेको छ। यसका लागि सरकारले सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि, सामुदायिक विद्यालयमा पूर्वाधार विकास, नवीन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार ल्याउन जोड दिइरहेको छ। सरकारको यस प्रयासलाई सार्थक बनाउन मुलुकभर छरिएर रहेका शैक्षिक संस्थाहरूले रचनात्मक र सिर्जनात्मक भूमिका खेल्नुपर्दछ।

मुलुकमा आवश्यक पर्ने शैक्षिक जनशक्ति उत्पादनमा यस विद्यालयले पुऱ्याएको योगदान प्रशंसनीय छ। यस विद्यालयबाट उत्पादन भएका जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफूलाई स्थापित गर्न सफल भएका छन्। अबको शिक्षा सैद्धान्तिक मात्र नभई ज्ञानलाई, व्यवहारमा जोड्ने तथा अनुशासित, मर्यादित समाज निर्माण गर्ने जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्दछ। यसका लागि विद्यालय निरन्तर लागिपर्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, विद्यालयलाई यस अवस्थामा ल्याइपुऱ्याउन सहयोग पुऱ्याउने व्यवस्थापन समिति, शिक्षक, शिक्षिका, समाजसेवी, अभिभावक, पूर्व-विद्यार्थी, शिक्षाप्रेमी लगायत सम्बद्ध सबैलाई धन्यवाद सहित वार्षिकोत्सव तथा मुखपत्र 'पालुवा' प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

२३ चैत्र, २०७९

पुष्प कमल दाहाल 'प्रचण्ड'

प्रकाशमान सिंह
प्रतिनिधिसभा सदस्य, काठमाडौं निर्वाचन क्षेत्र नं. १

फोन : ४२२३३६६ (निवास)
फ्याक्स : ९७७-१-४२४४३६६ (निवास)
फोन : ५५५५२६३/२६४/२६६ (कार्यालय)
फ्याक्स : ९७७-१-५५५५१८८
वेभसाइट : prakashmansingh.com.np
इमेल : neparty@wlink.com.np
pmchari@gmail.com



शुभकामना !

श्री रत्न राज्य माध्यमिक विद्यालय वि.सं. २०१८ सालमा जनस्तरबाट स्थापित एक विशिष्ट शैक्षिक संस्था हो । यो संस्था स्थानीय तथा राष्ट्रिय स्तरका समाजसेवी तथा व्यक्तित्वहरूको सहयोग तथा सहकार्यमा सञ्चालित बानेश्वर क्षेत्रको एक अग्रणी सामुदायिक विद्यालय हो । सस्तो र सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरी यस विद्यालयले राष्ट्रको समग्र उत्थानमा टेवा पुऱ्याउने दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गरिरहेको छ भन्न पाउँदा मलाई खुसी लागेको छ ।

श्री रत्न राज्य माध्यमिक विद्यालयले नेपालको शिक्षा क्षेत्रमा देशकै अग्रणी शैक्षिक संस्थाको रूपमा विशिष्ट योगदान प्रदान गरिरहोस् भन्ने मेरो शुभेच्छा रहेको छ । यस विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका तथा कर्मचारीहरूको व्यक्तित्व अझै उजागर हुँदै जाओस् र विद्यार्थीहरू राष्ट्रका गौरव बन्न सकून् भन्ने मेरो सदीक्षा रहेको छ ।

श्री रत्न राज्य माध्यमिक विद्यालयले आफ्नो ६२ औं वार्षिकोत्वसको अवसरमा शिक्षक-कर्मचारी, विद्यार्थी एवम् अन्य प्राज्ञिक व्यक्तित्वका लेखरचना तथा विद्यालयका विविध गतिविधि समावेश गरी प्रकाशित गर्न लागेको **पालुवा**को पूर्ण सफलताको कामना गर्दछु । अन्त्यमा विद्यालय परिवार, छात्रछात्रा स्थानीय नागरिक समाज, अभिभावक एवम् विद्यालयका शुभेच्छुक सबैप्रति हार्दिक शुभकामना प्रकट गर्दछु ।

चैत, २०७९

.....
(प्रकाशमान सिंह)
संघीय सांसद
काठमाडौं, क्षेत्र नं १

दिपेन्द्र श्रेष्ठ
प्रदेश सभा सदस्य
Deependra Shrestha
Member of State Assembly
Bagmati Province, Nepal



Ref. No:-

मिति : २०७९/१२/५

शुभकामना

काठमाडौं महानगरपालिका वडा नं. १०, वानेश्वरमा वि.सं २०१८ सालमा सामुदायिक विद्यालयको रुपमा सञ्चालित श्री रत्नराज्य माध्यमिक विद्यालयको ६२ औं वार्षिकोत्सवको पावन अवसरमा विद्यालयको मुखपत्र 'पालुवा' प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

काठमाडौंबासीको शैक्षिक विकासमा यो विद्यालय आफैंमा परिचित र उत्कृष्ट नाम हो । हाल पूर्वप्राथमिकदेखि माध्यमिक स्तरसम्मको शिक्षा प्रदान गर्दै आएको यस विद्यालयले हरेक तहमा उत्कृष्ट नतिजा प्राप्त गर्नुका साथै विद्यालयस्तरीय विभिन्न अतिरिक्त क्रियाकलापहरूमा पनि अग्रणी स्थान प्राप्त गर्दै आएको छ । यसै सन्दर्भमा विविध विषयवस्तु समेटेर प्रकाशन हुन लागेको यस मुखपत्रबाट शैक्षिक विकासमा अझ थप इँटा थपिने कुरामा दुई मत नहोला । विद्यालयको शैक्षिक गतिविधि, तथ्याङ्क तथा विभिन्न ज्ञानवर्द्धक, सूचनामूलक, मनोरञ्जनात्मक विषयवस्तुको माध्यमबाट शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी लगायत सम्पूर्ण पाठकवर्गमा सकारात्मक सन्देश पुऱ्याउनेछ भन्ने कुरामा विश्वस्त छु ।

अन्त्यमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरीयतालाई कायम गर्दै देशका लागि कर्णधार र सक्षम नागरिक निर्माण गर्न सदैव लागिपर्ने सम्पूर्ण विद्यालय परिवार, शिक्षकवर्गहरू, प्रधानाध्यापक, व्यवस्थापकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

दिपेन्द्र श्रेष्ठ

.....

मा. दिपेन्द्र श्रेष्ठ
प्रदेशसभा सदस्य
काठमाडौं निर्वाचन क्षेत्र नं. १(क)
बागमती प्रदेश

काठमाण्डौं क्षेत्र नं. १ (क)
लाखेचौर, मार्ग, वडा नं. १०
काठमाण्डौं, महानगरपालिका
बागमती प्रदेश , नेपाल

Mobile No:- 9851051726
Email:- shresthadeependra33@gmail.com

Kathmandu 1 (Ka)
Lakhechaur Marg, Ward No. 10
Kathmandu, Metropolitan City
Province 3, Nepal

सुरज चन्द्र लामिछाने
बागमती प्रदेशसभा सदस्य



काठमाडौं निर्वाचन क्षेत्र नं. १(२)
सम्पर्क : +977-9851036136
इमेल : sclamichhane@gmail.com

शुभकामना

स्थानीय स्तरमा जनताको चाहना, आवश्यकता र शिक्षालाई पहिलो प्राथमिकता राखी वि.स. २०१८ सालमा जनसहयोगबाट स्थापित श्री रत्नराज्य माध्यमिक विद्यालय नेपालको शिक्षा क्षेत्रमा विद्यार्थीवर्गहरु बिच लोकप्रिय शैक्षिक संस्था हो। उच्च माध्यमिक तह सम्म पढाई हुने यस विद्यालयले नेपालको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्तै सराहनीय छ। विभिन्न आरोह अवरोहहरु पार गर्दै, आफ्नो छुट्टै पहिचान बनाउन सफल बनाउने यस संस्थासँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति, कर्मचारी, शिक्षकवर्गहरुका साथै शिक्षाप्रेमी नागरिक समाज, अभिभावक, बुद्धिजीवी, तथा विद्यार्थीहरुमा उहाँहरुको सशक्त र महत्वपूर्ण भूमिकाको लागि उहाँहरु सबैप्रति सम्मान प्रकट गर्दछु।

श्री रत्नराज्य माध्यमिक विद्यालय को मुखपत्रको रुपमा वार्षिक रुपमा प्रकाशन हुँदै आएको **'पालुवा'** ले निरन्तरता पाई यस वर्ष पनि आफ्नो ६२ औं वार्षिकोत्वसको अवसरमा प्रकाशन हुन लागेको जानकारी पाँउदा मलाई खुसी लागेको छ। उक्त मुखपत्रले विद्यालयको शैक्षिक योगदान सहित वर्तमान शैक्षिक अवस्था एवम् गतिविधिहरु र भावी योजनाहरु, नेपालको शिक्षा क्षेत्र सम्बन्धी विविध पक्षहरु, शिक्षक तथा विद्यार्थी वर्गहरुको अनुसन्धानमूलक लेख, रचनाहरु तथा साहित्यिक सिर्जनाहरु समावेश हुने विश्वास लिएको छु। र, यो स्मारिका पठनीय एवम् संग्रहणीय सामग्री बन्ने मैले महसुस गरेको छु।

अन्तमा, नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा उक्त संवैधानिक व्यवस्थालाई विद्यालयले व्यवहारमा कार्यान्वयन गर्न सकोस् भन्ने कामना सहित विद्यालयको उत्तरोत्तर शैक्षिक प्रगति एवम् उन्नतिको हार्दिक शुभकामना व्यक्त गर्दछु। जय नेपाल।

चैत, २०७९

सुरजचन्द्र लामिछाने

काठमाडौं महानगरपालिका
मे महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्या:-

चलानी नं.:-

मिति
२०७९/१२/०८

शुभकामना

काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वरस्थित श्री रत्नराज्य माध्यमिक विद्यालयले स्थापना कालदेखि नै गुणस्तरीय र सुलभ शिक्षा प्रदान गर्दै आएको जानकारी पाउँदा हृदयदेखि नै उक्त कार्यप्रति प्रशंसा गर्दै खुशी व्यक्त गर्दछु ।

श्री रत्नराज्य माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ६२ औं वार्षिकोत्सवको सन्दर्भमा विविध क्रियाकलापसहित प्रकाशन गरिने **"पालुवा"** नामक वार्षिक स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेकोछ ।

यस प्रकाशनले त्यस विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक लगायत सरोकार राख्ने सबैमा यो स्मारिकामा प्रकाशित लेख, रचना र अन्य सामग्रीहरु शैक्षिक खुराक बन्न सहयोगी सिद्ध हुनेछन् भन्ने पूर्ण विश्वास लिएको छु । भावि दिनमा समेत यस विद्यालयले प्रदान गर्ने शिक्षालाई थप सशक्त र प्रभावकारी बनाउने छ भन्ने सुभेच्छाका साथ हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

बालेन्द्र शाह
प्रमुख

फोन नं: +९७७-१-४२३९४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं: +९७७-१-४२६८५०९, ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।



शुभकामना !

श्री रत्नराज्य माध्यामिक विद्यालय काठमान्डौ महानगरपालिका-१० बानेश्वरले आफ्नो विद्यालय स्थापनाको ६२ औं वार्षिक उत्सवको अवसर पारेर विद्यालयको वार्षिक मुखपत्र "पालुवा" को नयाँ अंक प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ ।

सार्वजनिक विद्यालयको गुणस्तर सुधार र रुपान्तरणको विषय नेपाल सरकारको प्राथमिकतामा परेको छ । वि.स २०१८ सालमा स्थापना भई निरन्तर संचालन हुँदै आएको यस विद्यालयले आफ्नो ऐतिहासिक पृष्ठभूमीलाई जगेर्ना गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने मूल लक्ष्यमा केन्द्रित हुनुपर्ने देखिन्छ ।

विद्यालयको मुखपत्रमा प्रकाशित हुने विद्यार्थी र शिक्षकका लेख रचनाहरु अन्य पाठकका लागि पनि उपयोगी हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

अन्त्यमा यस विद्यालयबाट समावेशी शिक्षामा ध्यान दिन र विद्यालय उमेरका बालबालिकालाई सहज पहुँच पुर्याउन पहल होस् भन्ने कामनाका साथ विद्यालयको उत्तोरत्तर प्रगतिको कामना गर्दछु ।

मिति: २०७९।१२।०८

(रामकृष्ण सुवेदी)
सचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.....शाखा)

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर
मिति: २०७९।१२।०८



शुभकामना

शैक्षिक इतिहासमा ध्रुवताराको रुपमा अटल र अविचल रही रत्नराज्य माध्यमिक विद्यालय बानेश्वर काठमाण्डौले ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा **पालुवा** स्मारिका प्रकाशन कार्यक्रम कदरयोग्य र प्रशंसनीय छ। सो अवसरमा आफ्ना अतित, वर्तमान र भविष्यका उपलब्धी र योजना तथा शिक्षक, विद्यार्थी र सरोकारवालाका रचनारुपी पुष्पहरुको सिङ्गो मालाको रुपमा **पालुवा** प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुशी लाग्यो। सबैका लागि पठनीय र सधैंका लागि संग्रहणीय सामग्री बन्न सकोस्।

वार्षिकोत्सव पूर्ण सफलताको कामना सहित प्रकाशनमा योगदान पु-याउनु हुने सबैलाई धन्यवाद दिन चाहन्छु। रत्नराज्य माध्यमिक विद्यालयलाई अग्रणी विद्यालयको रुपमा व्यवस्थापन र सञ्चालन गर्नु हुने प्रधानाध्यापकज्यू र सबै अध्यापक एवं विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरुलाई म यस सुखद अवसरमा हार्दिक बधाई दिन चाहन्छु।

चूडामणि पौडेल
महानिर्देशक

फोन नं. : ६६३४१०८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट: www.doe.gov.np, इमेल: doestat@mos.com.np, doedg@mos.com.np

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :- २०७९/०८०

च.नं. :

मिति : २०७९/१२/०८

शुभकामना

सामुदायिक विद्यालयको रूपमा स्थापित **श्री रत्नराज्य माध्यमिक विद्यालय**, वानेश्वर, काठमाडौंले ६२ औं वार्षिकोत्सवको अवसरमा **"पालुवा"** स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु ।

"सुखी नेपाली, समृद्ध नेपाल" को लक्ष्य पूरा गर्न शिक्षाले अहम् भूमिका खेल्दछ । शिक्षाको विकासबाट मात्र समाज र राष्ट्रका आकांक्षा परिपूर्ति गर्न सकिन्छ । व्यक्तिको सर्वांङ्गिण विकास र निर्माणको माध्यम पनि शिक्षा नै हो । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धा गर्न सक्ने र विश्व बजारलाई समेत सम्बोधन गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले महत्वपूर्ण भूमिका खेल्नुपर्ने आजको आवश्यकता हो । यस पृष्ठभूमिमा विद्यालय स्थापनाको ऐतिहासिक कालखण्डमा सिकाइबाट प्राप्त गरेको ज्ञानलाई सीप र सीपलाई व्यवहारमा उतार्न सक्ने सक्षम र समाजका विभिन्न क्षेत्रमा नेतृत्व गर्न सक्ने योग्य नागरिक उत्पादन गर्न त्यस विद्यालयले खेलेको भूमिकाको सराहना गर्दछु । यसका लागि विद्यालय स्थापना कालदेखि विभिन्न समय र भूमिकामा रही आजसम्म सामाजिक र शैक्षिक क्षेत्रमा मिहिनेत गर्नुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वप्रति **हार्दिक बधाई एवं सम्मान** व्यक्त गर्दछु ।

विद्यालयको ६२ औं वार्षिकोत्सवको अवसरमा त्यस विद्यालयको गतिविधि समेटेर प्रकाशन गर्न लागेको **"पालुवा"** स्मारिकाबाट यसका पाठकले विद्यालयको समग्र गतिविधिको जानकारी प्राप्त गर्ने छन् भन्ने विश्वास साथ विद्यालय परिवारप्रति हार्दिक आभार व्यक्त गर्दै, विद्यालयको समग्र प्रगतिको शुभकामना व्यक्त समेत गर्दछु ।

धन्यवाद !

डा. महाश्रम शर्मा
अध्यक्ष

फोन : ६६२०८४८, ६६२१४८४, ६६२१४८७, ६६२१४८६, ६६२०७४७, ६६२८२७३ फ्याक्स: ६६२०४८८, ६६२०८४८
इमेल: info@neb.gov.np वेभ:www. neb.gov.np

प.सं.
च.नं.



शुभकामना सन्देश

काठमाडौं महानगरपालिका वडा नं. १० मा अवस्थित श्री रत्नराज्य माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ६२औं वार्षिकोत्सव मनाउन लागेकोमा मलाई धेरै खुशी लागेको छ । सामुदायिक विद्यालयको रुपमा उत्कृष्ट अध्ययन केन्द्रको रुपमा आफ्नो पहिचान कायम गरेको यो विद्यालयले धेरै सक्षम र मेधावी विद्यार्थीहरुलाई जन्माइसकेको छ । म आफू पनि वानेश्वर क्षेत्रमा नै लामो समयदेखि वसोवास गर्दै आएको र मेरा आफन्तहरु पनि यो विद्यालयमा अध्ययन गरेको विषयलाई स्मरण गर्दा गर्वको अनुभूति हुने गर्दछ ।

विद्यालयलाई उत्कृष्ट प्राज्ञिक थलोको रुपमा स्थापित गर्न अहोरात्र लाग्नु हुने शिक्षा प्रेमीहरु, शिक्षा विदहरु, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक ज्यूहरु, विद्यालयमा कार्यरत श्रद्धेय शिक्षकहरु, विद्यालयका कर्मचारीहरु र सम्पूर्ण अभिभावकहरुको श्रेयलाई यस सन्दर्भमा महत्वपूर्ण पक्षको रुपमा स्मरण गर्नु उपयुक्त देख्दछु । साथै, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पनि उज्ज्वल भविष्यको कामना गर्दै विद्यालय स्थापनाको ६२औं वार्षिकोत्सव भव्य रुपमा सफल होस् भनि शुभकामना व्यक्त गर्दछु ।

(डा. राजन खनाल)
कार्यकारी निर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं. २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O. Box: 2152, Ph No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administration Staff College, Audio Notice Board No. 1618-01-552202
Email: info@nasc.org.np, URL: www.nasc.org.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा विकास तथा समन्वय इकाइ

फोन: ०१४२८२९८
फोन: ०१४२८४५९९

पत्र संख्या : २०७९/८०
चलानी नं. :

मितिः २०७९/१२/०६

शुभकामना

२०१८ सालमा स्थापित शिक्षा क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वरमा अवस्थित श्री रत्नराज्य माध्यमिक विद्यालयले आफ्नो ६२ औं वार्षिकोत्सव मनाउन लागेकोमा हार्दिक बधाई दिन चाहन्छु। यस अवसरमा विद्यालयले **"पालुवा"** स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई ज्यादै खुसी लागेको छ।

विज्ञान र प्रविधिले साँघुरिएको आजको विश्व सूचना र सञ्चारले मानव जीवनयापनको शैलीमा ल्याइदिएको रुपान्तरण तथा विश्वबजारसम्म पुगेको आमनागरिकको पहुँचले गुणस्तरीय शिक्षाको महत्वलाई झनै उजागर गरिदिएको छ। के शहर के गाउँ सबै स्थानका व्यक्तिहरुको सर्वाङ्गीण क्षमता र उनीहरुमा भएको प्रतिभा पूर्ण रुपमा प्रस्फूटन गरी परिवर्तित विश्व सन्दर्भ अनुसारको मानवीय श्रोतको रुपमा विकास गर्न जरुरी भइरहेको परिप्रेक्ष्यमा यस विद्यालयको अथक प्रयास प्रष्ट देख्न सकिन्छ। विभिन्न समस्या र चुनौतीका बीच समुचित शिक्षा प्रदान गरी असल, सक्षम एवं दक्ष जनशक्ति उत्पादन गर्ने पवित्र उद्देश्य पूर्तिमा विद्यालयलाई प्राप्त सफलताको यस घडीमा हार्दिक प्रशंसा गर्न चाहन्छु।

नेपालको संविधानको मर्म र उद्देश्य अनुरुप समाजमा पछाडि परेका बालबालिकाको पहुँचमा विस्तार, गुणस्तरीय शिक्षण सिकाइ व्यवस्थापन, बाल तथा प्रविधिमैत्री व्यवहारिक शिक्षा दिन विद्यालयले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै विद्यालयको आगामी शैक्षिक कार्ययोजना अरु बढी सशक्त बनोस्, स्मारिका सम्बन्धित सरोकारवाला र जिज्ञासु सबैका लागि महत्वपूर्ण स्रोत सामग्री बनोस् र यसको प्रकाशनले निरन्तरता पाओस् भन्ने शुभकामना सहित सम्बद्ध सबै पक्षलाई हार्दिक धन्यवाद दिन्छु र यस पावन अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

नन्दलाल पौडेल
इकाइ प्रमुख

काठमाडौं महानगरपालिका

श्री महानगरपालिका काठमाडौं

नगर कार्यपालिकाको कार्यालय

शिक्षा विभाग

चागल, काठमाडौं, बागमती प्रदेश, नेपाल

प.सं. ०७९/८०

च.नं: १०४२

शुभकामना !

रत्नराज्य माध्यमिक विद्यालय, बानेश्वर काठमाडौंले आफ्नो विद्यालयको ६२ औं वार्षिकोत्सवको शुभ अवसरमा विद्यालयद्धारा प्रकाशन गरिने स्मारिका पालुवा प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ ।

विद्यालयको यो प्रकाशनले यस विद्यालयको ६२ वर्षदेखिको ऐतिहासिक पृष्ठभुमि तथा विद्यालयले यस अवधिमा भोगेका विभिन्न उतारचढावहरुका बारेमा सत्यतथ्य जानकारी उपलव्ध गराउनुका साथै विद्यार्थी, अभिभावक तथा सरोकारवाला सबैमा शैक्षिक खुराकसमेत प्रदान गर्न सहयोगी सिद्ध हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । विद्यालयले यस अवधिमा शैक्षिक क्षेत्रमा पुर्‍याएको योगदानको सराहना गर्दै आगामी दिनमासमेत विद्यालयले प्राप्त गरेको प्रतिष्ठानलाई कायम राख्दै शैक्षिक उन्नयनका लागि नवीनतम् प्रविधियुक्त शिक्षण सिकाइलाई अभिवृद्धि गरी सरोकारवालाहरुमा सन्तुष्टी प्रदान गर्न सफल रहोस शुभकामना व्यक्त गर्दछु ।

.....

(रामप्रसाद सुवेदी)

शिक्षा अधिकारी

बसन्तपुर, काठमाडौं नेपाल, फोन नं. ४२६९४५२

ईमेल : hddcp@wlink.com.np वेभसाइट : Http//www.kathmandu.gov.np

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
महाराजगन्ज नर्सिङ क्याम्पस
महाराजगञ्ज, काठमाडौं, नेपाल
फोन नं.: ०१४७२०४२३, ०१४७२०१७८
०१४७२०३३४, ०१४७२१६५४

Tribhuvan University
Institute of Medicine
Maharajgunj Nursing Campus
Maharajgunj, Kathmandu, Nep
Phone No.: 014720423, 01472(
014720334, 014721654

पत्र संख्या/च.नं.:
Ref.No.:



शुभकामना सन्देश

नेपालको शिक्षा क्षेत्रमा एउटा विषेश पहिचान र गौरवमय इतिहास बोकेको यस श्री रत्न राज्य उच्च माध्यमिक विद्यालयले आफ्नो स्थापना कालको ६१ औं बसन्त पार गरी ६२ औं बार्षिकोत्सवको अवसरमा यस संस्थाको विभिन्न पक्षहरूलाई समेटी १२ औं पालुवा प्रकाशन गर्न गईरहेकोमा यसका लागि म हृदय देखि नै श-धन्यवाद सहित संस्थाको उच्च प्रगति, तथा यस संस्थालाई यस स्थान सम्म पुऱ्याउन साथ र सहयोग गर्नुहुने सबै माहानुभाव, शिक्षकवर्ग, कर्मचारीहरू तथा प्यारा विद्यार्थीहरूमा न्यानो अभिवादन टक्रयाउँछु । साथै त्रिभुवन विश्वविद्यालय महाराजगंज नर्सिङ्ग क्याम्पसको प्रमखको रूपमा शुभकामना मन्तव्य लेख्न पाउँदा गौरवान्तित अनुभव गरेकी छु ।

नेपालको संविधानले सबै नागरिकको शिक्षा सम्बन्धि हक प्रत्याभूत गरेको सन्दर्भमा यसलाई कार्यान्वयन गर्न यस श्री रत्न राज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयको महत्वपूर्ण भूमिका रहेकोमा दुई मत नरहेको समेत जानकारी गराउँदछु । स्थापनाकाल देखि नै शिक्षा क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादनमा तल्लिन यस संस्थाले आज विशेषज्ञहरूको अध्ययन अध्यापनको कार्यमा महत्वपूर्ण भूमिका का साथ साथै देशमा विभिन्न सरकारी, गैरसरकारी नाफामूलक र राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा समेत आवश्यक दक्ष जनशक्तिहरू उत्पादनमा ठुलो टेवा पुऱ्याउदै आइ रहेकोमा सहर्ष जानकारी गराउँदछु ।

महाराजगंज नर्सिङ्ग क्याम्पसको क्याम्पस प्रमखको भूमिकामा रहि रहदा यो नर्सिङ्ग शिक्षा प्रदान गर्ने पहिलो शैक्षिक संस्थाको रूपमा यस महाराजगंज नर्सिङ्ग क्याम्पसको स्थापना वि.सं. २०१३ सालमा सुरेन्द्र भवन नर्सिङ्ग स्कूलको रूपमा तत्कालिन श्री ५ को सरकार, स्वास्थ्य सेवा निर्देशानलय अन्तर्गत सुरू भयो । वि.सं. २०२८ सालको नयाँ शिक्षा प्रणाली सँगै उक्त नर्सिङ्ग स्कललाई त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत राखी प्रविणता प्रमाणपत्र तहको मान्यता प्रदान गरी महाबौद्व नर्सिङ्ग क्याम्पस नामाकरण गरियो । तत्पश्चात वि.स. २०३३ सालदेखि उक्त क्याम्पसमा स्नातक तहको पढाई संचालन गरियो । वि.सं. २०४२ सालमा उक्त महाबौद्व नर्सिङ्ग क्याम्पस बाट जापान सरकारको सहयोगबाट निर्मित भवनमा स्थानान्तरण भई यस क्याम्पसको नाम महाराजगंज नर्सिङ्ग क्याम्पस महाराजगंज हुन गएको जानकारी समेत गराउँन चाहन्छु ।

वर्तमान अवस्थामा आईपुग्दा श्री रत्न राज्य लक्ष्मी माध्यमिक विद्यालयले आफ्नो ६२ औं स्थापनाको वार्षिकीको शुभ–अवसरमा प्रकाशनमा ल्याउन लागेको १२ औं पालुवाले यस विद्यालयको समग्र शैक्षिक, आर्थिक, भौतिक व्यवस्थापकिय पक्ष लगायतका उल्लख्निय एवमं स्मरणीय विषय वस्तु समेटि एउटा अमेट्य अभिलेख तयार गर्न गएकोमा तथा यस्तो किसिमको प्रकाशनले निकट भविष्यमा समेत विद्यालयको विगत, वर्तमान, भविष्य साथै कुनै पनि विद्यालयको उन्नति र प्रगतिमा त्यस संस्थासँग आवद्व शिक्षक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक महानुभावहरूको श्रेय रहेको हन्छ भन्नेमा प्रष्ट गर्दछु । यस्तो लेख रचना तथा पालुवाले अनुसन्धानात्मक, ज्ञानवर्धक एवंम जानकारीमूलक विविध विषयहरू समिटिने हुँदा यस किसिमको पालुवा पठनीय, संग्रहणीय र आम जनमानसलाई उपयोगी हुने विश्वास समेत लिएको छु ।

अन्तमा, आगामी दिनमा यस विद्यालयले आफूलाई समयानुकुल परिष्कृत गरी देश र जनताको शिक्षाको क्षेत्रमा पुऱ्याउदै आइरहेको सेवा अझै गुणस्तरीय बनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्दा गर्न सक्ने एउटा अब्बल र नमूना शैक्षिक विद्यालयको रूपमा बन्न सकोस भन्ने शुभेच्छाका साथ यस संस्थासँग आबद्व सम्पूर्ण शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूमा शुभकामना व्यक्त गर्दछु ।

प्रा. मना राना थापा
क्याम्पस प्रमुख
महाराजगञ्ज नर्सिङ्ग क्याम्पस, महारागञ्ज ।

E-mail:nsgcampas@iom.edu.npWeb page:www.mnc.edu.np

शुभकामना



सर्वप्रथम यस विद्यालयको ६२औं वार्षिक उत्सवको पुनित अवसरमा सम्पूर्ण विद्यालय परिवार, अविभावकज्यूहरू, आदरणीय शिक्षाप्रेमी महानुभावहरू एवं विद्यार्थी भाई बहिनीहरूमा शुभ-कामना व्यक्त गर्न चाहन्छु।

यस रत्न राज्य माध्यमिक विद्यालयले आफ्ना विद्यार्थीलाई विभिन्न अवसरको खोजी गर्न र भविष्यमा धेरै चुनौतीको सामना गर्ने सिप तयार पार्न आधारभूत तथा माध्यमिक एवं उच्च माध्यमिक स्तरका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्दो प्रयास गरिरहेको छ। गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शैक्षिक वातावरण एउटा महत्त्वपूर्ण पूर्वशर्तको रूपमा मानिन्छ। तथापि, गुणस्तरीय शिक्षालाई निरन्तरता दिनसक्नु पनि एक जटिल र साहसिक कार्य पनि हो जुन रत्न राज्य माध्यमिक विद्यालयको सम्पूर्ण टिमले विगत लामो समयदेखि नै यसलाई निरन्तरता दिंदै आएको मैले महसुस गरेको छु। यसका लागि अहोरात्र खटेर आफ्ना विद्यार्थीहरूको सिकाइलाई व्यावहारिक जीवनसँग मितेरी गाँस्न सहयोग पु-याउनुहुने सम्पूर्ण शिक्षक, शिक्षिकाहरू एवं दक्ष प्रशासनिक समूहप्रति म व्यवस्थापन समितिको अध्यक्षको हैसियतले आभार प्रकट गर्दै भविष्यमा अझै बढी सेवा गर्ने ऊर्जा मिलोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

भनिन्छ शिक्षक कुमाले जस्तै हो, जसले काँचो माटोलाई मिहिनेत गरेर आकार दिन्छ र त्यो उपयोगी वस्तु बन्छ। त्यो भाँडो राम्रो बनेन भने कुमालेको दक्षतामा प्रश्न उठ्छ। हुनसक्छ, कहिलेकाहीं माटो नै कम गुणस्तरको होस् तर फेरी पनि गुणस्तरीय माटो छनोट गर्न नसक्नु कुमालेकै कमजोरी हुन्छ। तसर्थ एउटा विद्यार्थीका लागि शिक्षक आदर्श हुन्छ। उसले हरेक किसिमले बाल मष्तिष्कलाई प्रभावित पार्न सक्छ। उदाहरणका लागि सानो बालकले आमाले भनेको कुराभन्दा शिक्षकले भनेको कुरा पत्याउँछ। एउटा चिनिया भनाइ छ, शिक्षक उड्यो भने विद्यार्थी दौडिन्छ। शिक्षक दौडियो भने विद्यार्थी हिँड्छ। शिक्षक हिँड्यो भने विद्यार्थी बस्छ। शिक्षक बस्यो भने विद्यार्थी सुत्छ। शिक्षक सुत्यो भने विद्यार्थी मर्छ। यसरी शिक्षक-विद्यार्थीबीचको आपसी तालमेलबाट मात्रै सिकाइलाई बढावा दिन सकिन्छ र त्यो दिने ठाउँ भनेकै विद्यालय हो। त्यसैले विद्यालय भनेको विद्यार्थीलाई व्यावहारिक र जीवन उपयोगी शिक्षा दिने थलो वा एउटा पवित्रस्थल हो जसको हामीले संरक्षण, संबर्द्धन र समाजसँगको निकटता बनाउनुपर्ने हुन्छ। त्यसैले विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार र उनीहरूले सिकेका कुराहरूको प्रदर्शनमा सुधार ल्याउन हाम्रो हरेक सपना विद्यालयलाई हिजोको भन्दा राम्रो बनाउने हुनुपर्छ। हामी राम्रो शिक्षणको लागि राम्रो विद्यालय र राम्रो सिकाइको लागि राम्रो शिक्षण पद्धतिको उपयोग गर्न चाहन्छौं। यसरी, हाम्रो लक्ष्य भनेकै विद्यार्थीहरूको लागि राम्रो सिक्ने र त्यसलाई जीवन उपयोगी बनाउने वातावरण दिनुहुन्छ जुन कुरा विद्यालयको गतिविधिहरूको मूल मर्म हुनुपर्दछ। यसबाट तिनीहरूको ज्ञान, सिप र मनोवृत्तिलाई एकैसाथ बलियो बनाउन मद्दत पुग्ने विश्वास लिएको छु।

द्रुत गतिबाट अगाडि बढिरहेको विज्ञान र प्रविधिको विकास सँगसँगै शिक्षा क्षेत्रमा गरिने हरेक गतिविधिहरुलाई आधुनिक सूचना प्रणालीबाट सम्पादन गर्नु आजको अपरिहार्य आवश्यकता बनेर आएको छ। यस विद्यालयले आफ्ना समग्र गतिविधिहरुलाई सरोकारवालाहरु समक्ष पु-याउन विभिन्न विधिहरु प्रयोग गर्दै आइरहेकोमा प्रयोग गरिएका विधिहरु अपुग महसुस गरी आफ्नै वेबसाइट सञ्चालनमा ल्याउने तयारी गरिरहेको छ भने विद्यार्थीको बौद्धिक विकासका लागि

डिजिटल प्रविधिको अधिकतम उपयोगको प्रयास समेत सुरू गरिएको छ । यसबाट हाम्रा आदरणीय अभिभावक, पूर्व विद्यार्थी, शिक्षक, कर्मचारी, हाल अध्ययनरत विद्यार्थीहरु, विद्यालयलाई माया गर्ने शुभचिन्तक सबैले यस विद्यालयका हरेक गतिविधिहरुको जानकारी लिनसक्नु हुनेछ भने आफ्ना छोराछोरीको सिकाइको अवस्थाको बारेमा समेत जानकारी राख्न सक्ने हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, गुणस्तरीय शिक्षाका लागि अनेक किसिमका आरोह-अवरोह पार गर्दै विभिन्न कालखण्डमा योगदान गर्नुहुने यस विद्यालयका पूर्व शिक्षक शिक्षिकाहरू एवं समस्त विद्यालय परिवारलाई यहाँ स्मरण नगर्नु त्यति न्यायोचित नहुने हुँदा म उहाँहरूको योगदानलाई स्मरण गर्न चाहन्छु र उहाँहरूकै प्रेरणा र मार्गदर्शनलाई हृदयङ्गम गरी आगामी दिनहरूमा यस रत्नराज्य माध्यमिक विद्यालयले मार्गचित्र कोर्नका लागि सबैको साथ र सहयोगको अपेक्षा समेत गर्दछु।

धन्यवाद।

सकुन्दराज अर्याल
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
श्री रत्नराज्य माध्यमिक विद्यालय

प्रधानाध्यापकका शब्दहरू



रामाशिष यादव

प्रधानाध्यापक

सभ्यताको प्रारम्भदेखि नै समाजको विकासमा शिक्षाको उल्लेखनीय योगदान रहेको छ । भिक्टर ह्यूगोको यस भनाईले शिक्षाको विशिष्ट महत्त्व बुझ्न सकिन्छ- 'जुन मानिसले एउटा विद्यालय खोल्दछ त्यसले संसारको एउटा झ्यालखाना बन्द गर्दछ ।' शिक्षा आर्जन गर्ने औपचारिक स्थान विद्यालय हो । विद्यालय शिक्षाका पवित्र मन्दिर हो जहाँ बसेर व्यक्तिले ज्ञान आर्जन गर्दै ज्ञानको दिव्यचक्षु खोल्दछ । शिक्षाको मूल उद्देश्य व्यक्तिमा मानवीय गुणहरूको विकासको साथसाथै समाजमा श्रेष्ठ नागरिक निर्माण गर्नु हो । उक्त उद्देश्यलाई ध्यानमा राखी रत्नराज्य माध्यमिक विद्यालय समाजको शिक्षा विकासमा प्रयत्नरत छ ।

ऐतिहासिक धरोहरको रूपमा रहेको रत्नराज्य माध्यमिक विद्यालयले आफैमा एक इतिहास बोकेको छ । देशको राजधानी काठमाडौंको मध्य वानेश्वरमा अवस्थित रहेको यस विद्यालयको स्थापना वि.सं. २०१७ साल वैशाख १६ गते एक सामुदायिक शैक्षिक संस्थाको रूपमा भएको थियो । तत्कालिन ग्रामीण विकास मन्त्री प्रेमप्रसाद आङ्दम्वेले वि.सं. २०१८ वैशाख १६ मा यस विद्यालयको शिलान्यास गरे तापनि वि.सं. २०१८ साल चैत्र १७ गते औपचारिक रूपमा शिक्षाको सुरूवात भएको थियो । पण्डित श्री मोदननाथ न्यौपानेले केही बालबालिकालाई पढाएर अध्यापनको काम सुरू गर्नु भएको हो । त्यतिबेला विद्यालय भवन भने थिएन । भवन उपसमितिको अध्यक्ष कमल विक्रम पाण्डेको रेखदेखमा तत्कालीन सरकारले विद्यालय निर्माणका लागि रू. आठ हजार रूपैयाँ उपलब्ध गराएको थियो । यस विद्यालयलाई रत्नराज्य विद्यालयको नाममा वि.सं. २०२१ वैशाख ११ गते तत्कालीन बडामहारानीको नामबाट उद्घाटन गरिएको हो । तत्कालिन प्रधानाध्यापक पद्मसिंह कार्कीको सक्रिय सहयोगमा विद्यालय माध्यमिक विद्यालयको रूपमा स्थापना भएको हो र यही दिनलाई नै विद्यालय दिवसको रूपमा मनाइँदै आएको छ ।

स्थापनाकालदेखि विभिन्न आरोह-अवरोह र उतार-चढाव पार गर्दै यस अवस्थासम्म आइपुग्दा यस विद्यालयले कैयौं समाजसेवी, बुद्धिजीवि, डाक्टर, इञ्जिनियर, शिक्षक, प्रशासक, पत्रकार, वकिल, कलाकर्मी, तल्लो तहदेखि उपल्लो दर्जासम्मका निजामति कर्मचारी लगायत थुप्रै जनशक्ति उत्पादन गरिसकेको छ, जुन विद्यालयको सफलता मानिन्छ ।

रातदिन विद्यालयको चौतर्फी उन्नतिका लागि तन, मन र धन साथ समर्पित हुनु भएका पूर्व अध्यक्षहरू, पूर्व प्रधानाध्यापकहरू, चन्दादाताहरू, समाजसेवी, बुद्धिजीवीहरू, स्थानीय जनसमुदाय लगायत सम्पूर्ण विद्यालय तथा शिक्षाप्रेमी महानुभावहरू तथा बाहिर रहेर अमूल्य सहयोग पुऱ्याउनु हुने सहयोगी मनहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै यस विद्यालयको निरन्तर संरक्षण र सम्बर्द्धनमा लागिपर्नु भएका वर्तमान अध्यक्ष श्री सकुन्दराज अर्याल आफैं अध्ययन गरेको यस विद्यालयको हाल अभिभावक बन्नुभएको छ । यस विद्यालयका प्रेरणाका स्रोत बन्नु भएको सम्पूर्ण श्रद्धेय व्यक्तित्वहरूप्रति विद्यालय अत्यन्त गौरवान्वित महसुस गर्दछ । उहाँहरूको अमूल्य सहयोगप्रति विद्यालय आभारी छ । प्रारम्भिक अवस्थामा केही बालबालिकालाई पढाएर अध्यापनको काम सुरू गरेको यस विद्यालयमा हाल बिहानी र दिवा सत्र गरी करिब तीन हजार विद्यार्थीहरूलाई सुविधायुक्त

विशाल भवनका सफा, सुन्दर कोठामा सयजना शिक्षक शिक्षिकाहरूले आधुनिक तरिकाबाट शिक्षा प्रदान गरिरहेको अवस्थालाई नियाल्दा हृदय प्रफुल्लित हुन्छ । यस विद्यालयको शैक्षिक अवस्थालाई उकास्न लागिपरेका समस्त शिक्षक, शिक्षिका साथीहरू र कर्मचारीहरूको अतुलनीय योगदान रहेको छ । फलस्वरूप वर्तमान समयमा पनि निरन्तर यस विद्यालयले उत्कृष्ट नतिजा दिन सफल भएको छ र समाज सुहाउँदो सक्षम जनशक्ति उत्पादन गर्न यो विद्यालय निरन्तर लागिरहेको छ ।

विद्यालयको उपलब्धि हेर्ने हो भने आधुनिक सुविधासम्पन्न नवनिर्मित भवनमा स-साना विद्यार्थी नानीहरू पढिरहेको देख्दा अपार आनन्द र सन्तोष भइरहेको छ । यी सुविधासम्पन्न भवन र अनुशासित, संस्कारी लगनशील विद्यार्थीको नतिजा एवं कर्मठ शिक्षक शिक्षिका साथीहरूको अथक प्रयासले यस विद्यालयलाई देशमा चिनाउन सफल भएको छ । लगभग छ दशकको अन्तरालमा यस विद्यालयको शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान छ । हाल नेपालभरिबाट शिक्षाको ज्योति लिन आएका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनरत छन् । जसमा सबैखाले आर्थिक वर्गका विद्यार्थी पर्दछन् ।

यस विद्यालयका विद्यार्थीहरूले शैक्षिक क्षेत्रबाहेक सांस्कृतिक, खेलकुद र अन्य अतिरिक्त क्रियाकलापमा समेत विभिन्न तहमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन्, जसले विद्यालयलको गरिमा वृद्धि गरेको छ ।

विभिन्न योजनाहरूलाई कार्यान्वयन गरी शैक्षिक गुणस्तर उकास्न यो विद्यालय निरन्तर लागिरहेको छ । शैक्षिक विकासका क्रममा विश्वबजारमा अङ्ग्रेजी भाषाको मागलाई ध्यान दिई अङ्ग्रेजी माध्यमबाट पठनपाठन गरिँदै आएको छ । बालबालिकाको मनोविज्ञान, इच्छाशक्ति, क्षमता, भावना उनीहरूका समस्याको अध्ययन गरी बालमैत्री वातावरणमा सिकाउने कार्य सुरु गरिएको छ । यस विज्ञान र प्रविधिको युगमा समयानुकूल सक्षम जनशक्ति उत्पादन गर्न विद्यालयमा विद्यार्थीले कम्प्युटरको प्रयोग गरिरहेको देख्दा हामी उत्साहित भइरहेका छौं । वौद्धिक विकासका लागि थप ज्ञान आर्जन गर्न विद्यार्थीले पुस्तकालयमा विभिन्न पुस्तक पढेको देख्दा मन हर्षित हुन्छ । यस विद्यालयमा कक्षा ११ र १२ मा शिक्षा, मानविकी र वाणिज्यका विषयहरू सञ्चालित छन् र आगामी वर्षबाट विज्ञानका विषयहरू समेत सञ्चालन गर्ने योजना छ ।

यस विद्यालयमा प्राचार्यका रूपमा नियुक्त भएपछि मलाई सहयोग गरी विद्यालयका विभिन्न काममा अर्थ सङ्कलन गर्न मन, वचन र कर्मले समर्पित भएर लाग्नु हुने व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक शिक्षिका साथीहरूको भूमिका अविस्मरणीय छ । केही बालबालिकाहरू जम्मा गरेर आरम्भ गरिएको यस विद्यालयलाई अत्यन्त माया, सद्भाव र सहयोग गर्ने सम्पूर्ण श्रद्धेय व्यक्तित्वहरूले नै यो विद्यालयको आज गरिमा र महिमा बढेको छ ।

बदलिँदो समयसँगैको विज्ञान र प्रविधिको विकासको परिणामस्वरूप यस विद्यालयले शिक्षाको स्वरूपमा गरिरहेको परिवर्तन र त्यसको उपयोगितालाई ध्यानमा राखी विद्यार्थीहरूलाई प्राविधिक दक्षतासहितको शिक्षा प्रदान गर्न हामी प्रतिबद्ध छौं । काठमाडौंको मध्य वानेश्वरमा नेपालका सतहत्तरै (७७) जिल्लाबाट आएका करिब २,७०० विद्यार्थी पठन पाठन गराइरहेको यस रत्नराज्य माध्यमिक विद्यालय, आफ्नै सुविधा सम्पन्न र आधुनिक भूकम्प प्रतिरोधी भवनमा अवस्थित छ । विद्यालय परिसरमा नै रहेको वाणेश्वर मन्दिर, रत्न पुस्तकालय लगायतका सामुदायिक संरचनाले यो विद्यालयलाई समुदायको अपनत्व रहेको र समुदायको शानको रूपमा उभ्याएको छ ।

विद्यार्थीको भविष्य निर्माण गर्न तत्पर रहेको यस विद्यालयले अनुभवी र योग्य शिक्षक, कर्मचारी र अध्ययनशील विद्यार्थीको कडा परिश्रम यस क्षेत्रका नागरिकको सहयोगमा निरन्तर प्रगतिको दिशामा अघि बढिरहेको छ । विद्यालयको भौतिक, आर्थिक र शैक्षिक विकासमा सहभागी भई यस विद्यालयको उन्नयनमा सहयोग गरेर उत्साह र उमङ्ग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्दछु ।

समग्रमा सामुदायिक विद्यालयलाई समुदायले अपनत्व लिएमा त्यसबाट उत्कृष्ट सेवा प्रवाह गर्न सकिन्छ र चुस्त व्यवस्थापनले सामुदायिक विद्यालयको छवि समेत उच्च राख्न सक्छ भन्ने सन्देश दिँदै रत्नराज्य माध्यमिक विद्यालय, मध्य बानेश्वरले आफ्ना मिहिनती शिक्षक, कर्मचारीमार्फत् विद्यार्थीको सुनौलो भविष्य निर्माणमा ईंटा थपिरहेको छ । अन्तमा सामान्य टहराबाट सुरू भएको यो विद्यालय छिट्टै रत्नराज्य बहुमुखी महाविद्यालय बनोस् भन्ने कामना गर्दछु । ■



सामुदायिक शिक्षाको धरोहर रत्नराज्य माध्यमिक विद्यालय

नेपालको राजधानी काठमाडौँको मुटु नयाँ वानेश्वरमा अवस्थित रत्नराज्य माध्यमिक विद्यालय अग्रणी सामुदायिक विद्यालय हो। नेपालका सातवटा प्रदेश र सतहत्तर जिल्ला मात्रै नभएर छिमेकी मुलुक भारतका विद्यार्थी र अभिभावकको विश्वास समेत जित्न सफल यस विद्यालयले समयानुकूल गुणस्तरीय जीवनोपयोगी तथा व्यावहारिक शिक्षा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। विदेशका लागि भन्दा पनि स्वदेशका लागि समाज एवम् राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न सफल भएको छ। यस विद्यालयलाई यस रूपमा उभ्याउने श्रेय विद्यालयका संस्थापक, स्थानीय समाजसेवी, बुद्धिजीवी, विद्यालय व्यवस्थापन समितिका तत्कालीन पदाधिकारी, प्रधानाध्यापकज्यूहरू, शिक्षक वर्ग, अभिभावकज्यू र लगनशील तथा मिहेनती विद्यार्थीहरू सबैको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ। यसप्रकारको गौरवशाली इतिहास बोकेको यस विद्यालयको थप विकास गर्न र ऐतिहासिक विरासतलाई अक्षूण कायम गर्न आजका तपाईं हामी सबै सरोकारवाला तथा जिम्मेवार पदाधिकारी एवम् शिक्षक र विद्यार्थी वर्गको गहन जिम्मेवारी रहेको छ। हामी सबै आ-आफनो जिम्मेवारीमा दृढताका साथ डटिरहनमा सफल बन्नसकौँ भन्ने कामना व्यक्त गर्दछु।

खगराज जोशी

स्रोतव्यक्ति

मो.नं. ९८४१३७६६१८

विद्यालयको अभिलेखअनुसार स्थापनाकाल (वि.सं. २०१८ साल)देखि श्री रत्नराज्य माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरू

क्र.सं.	नाम, थर	पद	पदावधि
१.	श्री महेन्द्रबहादुर थापा	अध्यक्ष	२०१८/०६/२१ - २०२०/१२/२९ सम्म
२.	श्री इन्द्रप्रसाद शर्मा	" "	२०२०/१२/३० - २०२०/३/२९ सम्म
३.	श्री तीर्थनाथ अर्याल	" "	२०२०/०३/३० - २०२२/०५/२२ सम्म
४.	श्री यज्ञविक्रम राणा	" "	२०२२/०५/२३ - २०२८/०८/१२ सम्म
५.	श्री शिवप्रसाद शर्मा	" "	२०२८/०८/१३ - २०३०/०८/३० सम्म
६.	श्री सदानन्द गिरी	" "	२०३०/०९/०१ - २०३२/११/०९ सम्म
७.	सरदार श्री फत्येबहादुर पाण्डे	" "	२०३२/११/१० - २०३३/०१/०८ सम्म
८.	श्री कमल राणा	" "	२०३३/०१/०९ - २०३५/०७/०३ सम्म
९.	श्रीमती विद्यादेवी भट्टचन	" "	२०३५/०७/०४ - २०३८/०२/२७ सम्म
१०.	श्री कुवेरप्रसाद शर्मा	" "	२०३८/०२/२७ - २०४०/१२/१७ सम्म
११.	श्री दिनेशराज भट्टराई	" "	२०४०/१२/१८ - २०६४/०५/२६ सम्म
१२.	श्री नारायणप्रसाद कोइराला	" "	२०६४/०५/२७ - २०६५/०६/१४ सम्म
१३.	श्री भरतप्रसाद ढकाल	" "	२०६५/०६/१५ - २०६८/०२/१७ सम्म
१४.	श्री नारायणप्रसाद भण्डारी	" "	२०६८/०२/१८ - २०६८/०५/०३ सम्म
१५.	श्री गौरीशंकर ऐरी	" "	२०६८/०५/०४ - २०७२/०६/०५ सम्म
१६.	श्री नारायणप्रसाद भण्डारी	" "	२०७२/०६/०६ - २०७३/०६/११ सम्म
१७.	श्री केशवमणी ओली	" "	२०७३/०६/१२ - २०७६/०६/०३ सम्म
१८.	श्री सकुन्दराज अर्याल	" "	२०७९/१०/१६ - हालसम्म

स्थापनाकालदेखि हालसम्मका प्रधानाध्यापकहरू

क्र.सं.	प्रधानाध्यापकहरूको नाम, थर	देखि	सम्म
१.	श्री हेम हमाल	२०१८/११/०५	२०२०/०३/२९
२.	श्री उत्तमप्रसाद बाँस्कोटा	२०२१/०३/३०	२०२२/१०/१४
३.	श्री प्रदिपसिंह थापा	२०२२/१०/१५	२०२३/०१/०५
४.	श्री विमलराज नेपाल	२०२३/०१/०६	२०२३/०३/०१
५.	श्री गोपालप्रसाद गौतम	२०२३/०३/०२	२०२४/०२/२०
६.	सुश्री इन्दिरा भट्टराई	२०२४/०२/२१	२०२४/१२/०५
७.	श्री ध्रुवराज खनाल	२०२४/१२/०६	२०२५/०१/०७
८.	श्री हरिबोल भट्टराई	२०२५/०१/०८	२०२६/०१/०५
९.	श्री खगेन्द्रबहादुर बस्नेत	२०२६/०१/०६	२०२७/०५/०७
१०.	श्री पद्मसिंह कार्की	२०२६/०५/०८	२०३०/१०/०५
११.	श्री सदानन्द गिरी	२०३०/१०/०६	२०३३/०७/०४
१२.	श्री लक्ष्मीप्रसाद अधिकारी	२०३३/०७/०५	२०४३/०३/२०
१३.	श्री गोपालप्रसाद बाँस्कोटा	२०४३/०३/२१	२०६२/०५/३०
१४.	श्री शिवबहादुर महत	२०६३/१२/०५	२०६४/०५/३०
१५.	श्री डा. गीता शिवकोटी (खरेल)	२०६४/०६/०९	२०७६/०१/०४
१६.	श्री जीवनप्रकाश रेग्मी	२०७६/०१/०५	२०७६/०५/१८
१७.	श्री कृपाश्वर खड्का	२०७६/०५/१९	२०७६/०९/२८
१८.	श्री रामाशिष यादव	२०७६/०९/२९	हालसम्म

विषय सूची

नेपाली लेख/रचना

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१.	मेरो अभिन्न मित्र गोपाल प्रसाद बाँस्कोटा	शशिविक्रम राणा	२३
२.	इतिहास शिरोमणि बाबुराम आचार्य	गोपाल पराजुली	२७
३.	पुस्तकालय मेरो साथी	पूजा थापा सुवेदी	२८
४.	एक्काइसौं शताब्दीका आवश्यक शैक्षिक सिप र शिक्षा पद्धति	वीरभद्र आचार्य	२९
५.	भोगाइ र बुझाइमा मेरो रत्नराज्य (माहादेव स्थान) स्कुल	भरतप्रसाद ढकाल	३१
६.	विद्यार्थी : मैले पढिरहने खुल्ला किताबहरू	पवित्रा सुवेदी	३५
७.	श्री रत्नराज्य मा.वि.सँग जोडिएका अतीतहरू	कृपाश्वर खड्का	३७
८.	रत्नराज्य मा.वि.सँगको मेरो आत्मिक सम्बन्ध	डा. गीता शिवाकोटी खरेल	३९
९.	नयाँ वर्षको शुभकामना !	खगराज जोशी	४३
१०.	नेपालमा कानूनी शिक्षा	डा. अर्जुनकुमार खड्का	४४
११.	नेपाली अक्षर संरचनामा देखिएका समस्या	सीता पन्थी	५१
१२.	सामाजिक अध्ययनको महत्त्व, आवश्यकता र चुनौतीहरू	चेतनाथ धमला	५४
१३.	गणित शिक्षणमा देखा परेका समस्या तथा समाधानका केही उपायहरू	भवानी पाठक	५७
१४.	उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान' उपन्यास	कमला उप्रेती	६०
१५.	कोरोनाकाल र हामी	तारा घिमिरे	६४
१६.	किशोरावस्थामा हुने संवेग र व्यवस्थापन	सुशीला खड्का	७१
१७.	समावेशी शिक्षा र दिवाखाजा	डिल्लीराज ज्ञवाली	७३
१८.	तिमी विद्यार्थी म शिक्षक	लेखा शर्मा	७४
१९.	हामी र हाम्रो राष्ट्र	स्नेहा झा	७४
२०.	शैक्षणिक योजनाको महत्त्व र प्रयोग	सम्झना भेटवाल	७५
२१.	शिक्षाको गुणस्तर वृद्धिमा योगको भूमिका	सामना आचार्य	७९
२२.	म यस्तो बन्न सकुँ	ममता शर्मा	८१
२३.	गुरूआमाको प्रसन्नता	शारदा कुमारी रेग्मी	८२
२४.	असल शिक्षक	नवराज के.सी.	८७
२५.	प्राविधिक शिक्षा आजको आवश्यकता	शंकर न्यौपाने	८९
२६.	गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको भूमिका	गणेशबाबु कमली	९१
२७.	नेपालभाषाको उच्चारण विशेषता	राकेश महर्जन	९४
२८.	नेपालभाषा स्यनामिया डायरी	उर्मिला महर्जन	९७

अङ्ग्रेजी लेख/रचना

S.N.	Article	Writer	Page
1.	Towards Instructional Leadership: Some General Assumptions	Durga Prasad Bhatta	99
2.	Fundamentals of School Science Education	Manoj Acharya	106
3.	Diversity Management in the Classroom	Menuka Paneru	108
4.	Science and Sports: A Context of Ratna Rajya Secondary School	Badri Wosti	113
5.	Time Management vs Mind Management	Devendra Neupane	114
6.	Babbling and Initial Words	Priyanka Chaudhary	115
7.	School Nurse	Sabita Khadka	116
8.	Information - Communication In Education	Surendra Sah	118

विद्यार्थी लेख/रचना (अङ्ग्रेजी)

S.N.	Article	Writer	Page
1.	Blissful Reminiscence: My Days at Ratna Rajya Secondary School	Afaq Raza	120
2.	Success in our life	Radha Yadav	121
3.	Nature and Environment	Sampada Rijal	122
4.	Life is not Very Easy	Jashmin Begum	122
5.	The Student Life	Aayush Joshi	123
6.	Student Life	Nita Sharma	124
7.	It's Me!	Jabed Aalam	125
8.	Scout	Ramala Karki	125
9.	A Group of Children Discover a Dead Body	Rabindra Mandar	126
10.	Games and Sport	Saroj Bayak	127
11.	Set Me Free	Bimala Dulal	127
12.	Funny Stories of Albert Einstein	Nispakshya Karki	128
13.	A Teenager's Life	Anuraj Kr. Sah	129

विद्यार्थी लेख/रचना (नेपाली)

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१.	दुःखी जीवन	सुहाना लामा	७०
२.	मेरो देश	सुम्निमा राई	१२३
३.	गजल	सुम्निमा राई	१२९
४.	पुस्तकालय विगत र वर्तमान	पूजा थापा	१३०
५.	विद्यार्थी जीवनमा अनुशासनको महत्त्व	समी राई	१३१
६.	विद्यार्थी जीवनमा अनुशासनको महत्त्व	रोजिना खत्री	१३२
७.	कविता	निशा राई	१३२
८.	'महिला हिंसा'	सुस्मिता प्रधान	१३३
९.	गजल	चक्र रिमाल	१३३
१०.	माझी समुदायको सांस्कृतिक पहिचान	सावित्री यस्माली मगर	१३४
११.	समाजमा महिलाको स्थिति	अनुराग कुमार साह	१३५
१२.	नेपालमा पर्यटन व्यवसायको सम्भावना र चुनौतीहरू	बिमल मानन्धर	१३६
१३.	आमा	कविता श्रेष्ठ	१३७
१४.	गर्भपतन	शंखलाल स्याङ्तान	१३८
१५.	तिमी आइदेउ न है	विशाल गौतम	१३८
१६.	देशको वर्तमान अवस्था	दिपकराज जैसी	१३९
१७.	छाउपडी प्रथा, अन्धविश्वास र सामाजिक समस्या	दिपना शाही	१४०
१८.	नारी शिक्षा आजको आवश्यकता	जानुका थापामगर	१४१
१९.	सामाजिक सञ्जालको सदुपयोग	रोशन थापा	१४२
२०.	देशविकासमा युवावर्गको भूमिका	मीनकुमारी कार्की	१४३
२१.	नेपाल आमा	अनिलप्रसाद पौडेल	१४४
२२.	नेपाल बनाऔं	मेगबहादुर अधिकारी	१४४
२३.	गजल : प्रेम	यमुना शाही	१४४
२४.	कालिकोटको पीडा र मेरो व्यथा	पूजा सिम्खडा	१४५
२५.	गुरू	भावना रायमाझी	१४६
२६.	आमा	पुष्पा पौडेल	१४६
२७.	एउटा बाघको कथा	जनक डाँगी	१४७
२८.	आमाको माया	यशोदा थलाल	१४७
२९.	हात्तीको बथानको कथा	जनकराज उपाध्याय	१४८
३०.	ऐना	अनिल थापामगर	१४८
३१.	मेरो देश : मेरो गौरव	सुमिता राई	१४९
३२.	किराँती हामी	सरस्वती राई	१५०

३३.	मेरो देश	सृष्टि राई	१५०
३४.	कथा : सिकारी र चरा	गंगा ढुङ्गाना	१५१
३५.	मेरो विद्यालय	सुप्रिया प्याकुरेल	१५२
३६.	गीत : पूर्वै रमाइलो	रामबहादुर बुढाथोकी	१५२
३७.	गजल	पुष्पमा ठाकुर	१५२
३८.	गीत	पुष्पा ठाकुर	१५३
३९.	कविता	पुष्पमा ठाकुर	१५३
४०.	सपना	दिपक विश्वकर्मा	१५३
४१.	पीडित प्रजा	शिवम कुसवाहा	१५४
४२.	देशको कविता	आकिन्द्र शाही	१५४
४३.	विद्यार्थी जीवनमा अनुशासनको महत्त्व	पुनी मगर	१५५
४४.	कथा : इज्जतमा प्रहार	अरूणा पाण्डे	१५६
४५.	बा र आमा	सृष्टि मैनाली	१५७
४६.	आकास चुम्ने सपना	भीम धमला	१५८
४७.	विद्याको महत्त्व	सुदीप रिमाल	१५८
४८.	हामी महान् छौं	सम्पदा रिजाल	१५९
४९.	आमा	नमन कोइराला	१५९
५०.	शिक्षाको महत्त्व	सविना हमाल	१६०
५१.	फूल	प्रतिमा रौल्या	१६०
५२.	काठमाडौँ शहरको पीडा	विनोद यादव	१६१
५३.	फूल	आयुशा धिताल	१६२
५४.	पानी	मदन शाही	१६२
५५.	पानी	हिरा कुँवर	१६३
५६.	मेरो विद्यालय	लालविर सार्की	१६३
५७.	सपना	रोशनी मग्राती	१६३
५८.	दुःख	शैलजा लम्साल	१६४
५९.	रूखको कथा	सुरजकुमार यादव	१६४
६०.	नारी	विशालनाराण बराही	१६४
६१.	प्राणभन्दा प्यारो लाग्छ मलाई मेरो देश	सागर सुनार	१६५
६२.	मेहनतको फल	आकृति बुढाथोकी	१६६
६३.	मुगुको रारा ताल	लगी बुमी	१६६
६४.	आमा	अस्मिता पाखिन	१६७
६५.	मेरो नेपाल	अस्मिता पाखिन	१६७
६६.	दुई कविता	अनिलकुमार यादव	१६८
६७.	पानी	पंकज कुमार यादव	१६८
६८.	चार कविता	कविराज कार्की	१६९

मेरो अभिन्न मित्र गोपाल प्रसाद बाँस्कोटा

शशिविक्रम राणा
अध्यक्ष
श्री रत्न पुस्तकालय



केही दिन अगाडि श्री रत्नराज्य माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री रामाशिष यादवज्यूले मलाई फोन गरेर यस वर्षको वार्षिक उत्सव कार्यक्रममा यस स्कुलबाट प्रकाशित हुने "पालुवा" वार्षिक स्मारिकामा एउटा लेख लेखिदिन अनुरोध गर्नुभयो । म कुनै खासै लेखक त होइन, तर पनि कुनै कुनै स्मारिकामा फाट्टफुट्ट आफ्ना मनका भावना पोख्ने गरेको थिएँ । मैले उहाँलाई एउटा लेख म लेख्छु भनेर वचन दिएँ ।

मलाई रत्नराज्य स्कुलका पूर्व प्रधानाध्यापक श्री गोपालप्रसाद बाँस्कोटाको बारेमा लेख्न मन लाग्यो । उसको र मेरो सम्बन्धबारे खोतल्दा २०२१ साल फागुन महिना तिरको झझल्को आउन थाल्यो । म पद्मोदय हाइस्कुलमा ५, ६, र ७ कक्षा उर्तीण गरिसकेपछि बानेश्वरमा पढन थालैं । यहाँ खुलेको तत्कालीन श्री रत्न राज्य मिडिल स्कुल दिउँसो चल्दथ्यो । राती श्री ५ रत्न राज्य प्रौढ स्कुल चल्दथ्यो । त्यहाँ ८,९,१० को पढाइ हुन्थ्यो । त्यस समयमा २०२१ सालमा म भर्ना हुँदा त्यस स्कुलको प्रधानाध्यापक श्री उत्तम प्रसाद बाँस्कोटा, सहायक प्रधानाध्यापक श्री प्रदीपसिंह थापा, र अन्य शिक्षकहरूमा श्री बिमल नेपाल, श्री दिनदयाल भट्टराई, श्री निरञ्जन पौडेल, श्री गीताकेशरी पन्त, श्री जानकी पौडेल, श्री मोदनाथ न्यौपाने, श्री नारायणी शर्मा, आदि शिक्षकहरू हुनुहुन्थ्यो । श्री चन्द्रबहादुर प्याकुरेल (चन्द्रे मामा) र गोपाल भट्ट स्कुलका पाले थिए । हामी ८ कक्षामा श्री गोपालप्रसाद बाँस्कोटा, सुश्री किरण शाह, सुश्री मिना गिरी, श्री शंकर प्रसाद पौड्याल, श्री मोहन बहादुर श्रेष्ठ, सुश्री माधुरी सत्याल, श्री जीतबहादुर तामाङ्ग, श्री वसन्तप्रसाद पराजुली आदि थियौं । हामी केटाकेटी उमेरकै भए पनि हामीहरूबीच एक आपसमा समझदारी, घनिष्ट मित्रता र एक आपसमा सहयोग गर्ने खालका थियौं । हामीहरू अनुशासित, कर्तव्यपरायण र शिक्षकहरूले भनेको मान्ने र आफूभन्दा सानाहरूलाई सहयोग गर्ने र माया गर्ने खालका थियौं ।

२०२१ साल बैशाख ११ गते तत्कालीन वडा महारानी श्री ५ रत्न राज्य लक्ष्मी देवी शाहबाट त्यस स्कुलको समुद्घाटन भएको थियो । त्यस समयमा विभिन्न खेलकुद प्रतियोगिता, परीक्षामा प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई पनि पुरस्कार र स्कुलको सर्वोत्कृष्ट विद्यार्थीलाई पनि प्रमाणपत्र दिइएको थियो । त्यस बेला स्कुलको सरसफाई, रङ्गरोगन र ध्वजा पताकाले स्कुल सिङ्गारिएको थियो । त्यस समयको बालसुलभ मस्तिष्कमा स्कुलको प्रगति, उन्नति र कृयाकलापले हामीहरू मख्ख परेका थियौं ।

२०२१ सालमा हामीहरू कक्षा ८ बाट उर्तीण भई म पदमोदय हाइस्कुलमा पढ्न जान थाले । ऊ विजय मेमोरियल डिल्लीबजार पढ्न गयो । उसले र मैले २०२४ सालमा एस. एल. सी. पास गर्‌यौं । म पाटन कलेजमा आइ ए. पढ्न थाले । ऊ पब्लिक युथ क्याम्पसमा आई कम पढ्न थाल्यो । सानोठिमी क्याम्पसबाठ बी. एड. पास गऱ्यो । ऊ २०२६ सालतिर तत्कालीन श्री ५ रत्न राज्य मिडिल स्कुलमा दिउँसोतिर पढाउन थाल्यो । म भने २०२८ सालतिर बी. ए. परीक्षा दिएर मात्र त्यस स्कुलमा पढाउन थाले । हामीहरू वानेश्वरमा रहेको श्री रत्न पुस्तकालयमा पनि सामाजिक रूपमा काम गर्दथ्यौं । ऊ श्री रत्न पुस्तकालयको विविध पदमा काम गरेर २०३०–२०३१ र २०३६ र २०३७ तिर अध्यक्षको रूपमा काम ग-यो । मैले भने २०२४ देखि सक्रिय सहयोगीको रूपमा २०२६ देखि २०२९ सम्म कार्य समितिमा विभिन्न पदमा रहेर काम गरें । २०६९ सालदेखि हालसम्म पनि श्री रत्न पुस्तकालयमा अध्यक्षको रूपमा काम गरिरहेको छु । उसको र मेरो गाढा सम्बन्धमा स्कुलको पढाइ, स्कुलको शिक्षक सेवा, श्री रत्न पुस्तकालयको सामाजिक सेवाले पनि राम्रै प्रभाव पारेको थियो । पछि उसले रत्नराज्य माध्यामिक विद्यालयको प्रधानाध्यापकको पदमा रहेर २०४१ सालदेखि २०६२ सालसम्म सेवा गऱ्यो र

स्वास्थ्यको कारण २०६२ सालमा राजीनामा दियो । ऊ रत्नराज्य स्कुलको प्रधानध्यापक हुँदा २०४३ सालमा एस.एल.सी. बोर्डमा स्कुलको विद्यार्थी श्री प्रमोद आचार्य प्रथम भयो । यसले गर्दा उसको नेतृत्व सफल र सबल भएको प्रमाण मिल्छ । उसले तत्कालीन श्री ५ को सरकारबाट गो. द. वा. चौथो पदक पनि पायो । उसलाई स्कुलको प्रधानाध्यापक रहँदा तत्कालीन शिक्षामन्त्री श्री केशर बहादुर विष्टज्यूले २०४३ सालमा हङ्गकङ्गमा एस. एल. सी. परीक्षा संचालन गर्न सुपरीटेन्डेन्टको जिम्मेवारी दिएर पठाउनु भएको थियो । त्यो पनि उसले स्कुलमा गरेको मेहनतको फल थियो । २०४७ सालमा पनि एस. एल. सी. बोर्डमा यस विद्यालयका छात्र पोषेन्द्र सत्याल वोर्डथर्ड भए । यसबाट पनि गोपालको नेतृत्व समेत सफल भएको प्रमाण देखाउँदछ । हामी दुवैले ग्राजुएट गरेर M.P.A. को परीक्षा प्राइभेटबाट दिएका थियौं । कम्बाईन स्टडीको लागि म बराबर गोपालको घर गइरहन्थे । हामीहरू अत्यन्त नजिकको र गाढा पारिवारिक सम्बन्ध थियो । त्यसको प्रमुख कारण मेरो घनिष्ट र बालसखा वानेश्वरकै डा. गौरीशंकर अधिकारीको बहिनी गीता अधिकारीसँग उसको विवाह भएको थियो भने मेरी श्रीमती सुश्मा सिंह विजय मेमोरियल स्कुल डिल्लीबजारमा उसको एकै कक्षाका सहपाठी थिइन् । मेरी श्रीमती सुष्मा सिंह राणाको २०४८ साल फागुन १९ गते स्वर्गारोहण भयो । यस दुःखद निधनमा उसले आफ्नो साथी भएको र मेरी श्रीमती समेत भएको कारण यस दुःखद घडीमा मैले एक छाक छोडे भनेर उसले मलाई बरोबर भन्ने गर्दथ्यो ।

गोपाल र म बरोबर चावहिलका कोषकार श्री बसन्त कुमार शर्मा नेपालको घरमा गइरहन्थ्यौं । त्यहाँ ठूलो बगैंचा र विभिन्न प्रकारका बोट बिरूवा, फूलहरू हुन्थ्यो । उसको घरमा ठूलो बगैंचा थियो, ऊ बोटबिरूवा लिएर आफ्नो घरमा रोप्ने गर्दथ्यो । साथै श्री वसन्त कुमार शर्मा सर पनि शिक्षण पेशामानै भएको कारणले पनि हामीबीच आत्मीय सम्बन्ध थियो र मलाई उहाँले पद्मोदय स्कुलमा पढाउनु भएको समेत थियो ।

२०३४ सालतिर काठमाडौंको रिङ्गरोड (चक्रपथ) २८ किलोमिटरमा साथीहरू श्री गोपाल बाँस्कोटा, म, श्री पार्थसारथी भट्टराई, श्री मोहन बहादुर श्रेष्ठ, श्री कमल प्रसाद मैनाली आदि साइकल चढेर रिङ्गरोड घुमेको अत्यन्त रमाइलो गरेको कुरा हामीहरूबीच भेटघाट हुँदा खुबै चर्चा पनि हुने गर्दथ्यो । यो एक प्रकार साईकले पिकनिक नै थियो ।

गोपाल र म बानेश्वरतिर घुम्दा धेरै साथीहरूले डण्डीबियो आयो भनेर जिस्काउने र ठट्टा पनि गर्ने गदर्थे । किनभने म उचाँइमा मध्यम खालको र ऊ उचाइमा निक्कै अग्लो थियो । तसर्थ साथीहरूले जिस्काउँदा हामी मज्जाले हाँसेर उडाई दिन्थ्यौं । गोपाललाई बालक कालदेखि नै विभिन्न रोगब्याधले सताएको थियो । बालककालमा नै उसलाई छातीको टि. बि. ले समातेको थियो । पछि उसलाई क्यान्सर समेत भयो । उसको परिवारको विशेष रेखदेख, भेलोर अस्पतालको सघन उपचार र उस्को दृढ इच्छाशक्ति र दृढ मनोबलको कारण पनि उसले क्यान्सरलाई जित्यो । उसलाई मिर्गौलाको समस्याले पनि धेरै दुःख दिएको थियो । ऊ काठमाडौं मेडिकल हस्पिटल सिनामंगलमा २०६६ सालतिर भर्ना भएको थियो । त्यसबखत म २, ४ रात उसँग बिताएको थिए । त्यस समय अस्पतालका बिरामीहरू, नर्सहरू, डाक्टरहरू हाम्रो मित्रताको बारे मुक्तकण्ठले प्रशंसा गर्दथे । त्यसबाट हाम्रो मित्रता झन घनिष्ट हुन्थ्यो । फेरी उसलाई शरीरमा प्यारालाईसिस समेत भयो ह्वीलचेयरबाट आउने जाने गर्दथ्यो । उसले ठट्टा गरेर मलाई एड्स बाहेक सबै रोगले दुःख दिइरहेछ भन्दथ्यो ।

म रत्न पुस्तकालयमा अध्यक्ष भएदेखि नै श्री रत्न पुस्तकालयमा आउने प्रमुख अतिथि, विशेष अतिथिहरूसँग उसलाई चिनाउँथे । ऊ मेरो बालसखा हो, श्री रत्न पुस्तकालयको पूर्व अध्यक्ष हो, श्री रत्न राज्य माविको पूर्व प्रधानाध्यापक पनि हो भनेर चिनाउँदै तस्विर खिच्ने गर्दथे । तर २०७१ सालमा श्री रत्न पुस्तकालयको वार्षिक उत्सव कार्यक्रममा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवज्यू आउनु भएको थियो । त्यस समय विभिन्न तनावका कारण र विशेष गरी सुरक्षाको कारणले गर्दा प्रथम राष्ट्रपतिसँग परिचय गराउने र तस्विर खिचाँउने कार्य मबाट हुन सकेन । तर उसले यस विषयमा निकै चित्त दुखाएर मसँग गुनासो पनि गर्दथ्यो । मलाई पनि राष्ट्रपतिसँग चिनाइदिएर एउटा फोटो खिचाएको भए तेरो के बिग्रिन्थ्यो र भनेर मसँग रिसाएको थियो । त्यस कुराले मलाई अझसम्म पनि नमिठो भएर आत्मग्लान हुन्छ ।

२०७६ सालमा वाङ्मय शताब्दी पुरूष श्री सत्यमोहन जोशीज्यूबाट श्री पञ्चमीको दिन पूर्व अध्यक्ष

स्व. श्याम प्रसाद अर्यालको स्मृति ग्रन्थ विमोचन गर्ने कार्यक्रम थियो । उसले मलाई अघिल्लो दिन नै फोन गरेर मलाई वहाँसँग बसेर फोटो खिच्न मन छ, तैले व्यवस्था मिलाएस् भनेर फोन गऱ्यो । मैले उसलाई वहाँ दिउँसो ३ बजे आउनु हुन्छ । तँ पौने ३ बजे आएर ढोका छेउमा बस् अनि फोटो खिचौंला भने । वाङ्मय शताब्दी पुरूष श्री सत्यमोहन जोशीज्यू आउनुभयो । मैले उसको परिचय गराएँ र फोटो खिच्यौं । त्यो फोटो मैले उसकै दाई श्रीराम बाँस्कोटा मार्फत पठाएको थिए । त्यस बखत पनि उसले प्रथम राष्ट्रपतिसँग पनि फोटो खिच्न नपाएको दुखेसो व्यक्त गरेको थियो ।



गोपालप्रसाद बाँस्कोटा (बीच) र सत्यमोहन जोशीका साथमा लेखक (बायाँ)

गोपाल बाँस्कोटाका दाइहरूका परिवार, दिदीहरूका परिवारहरू प्रायः सबैसँग मेरो राम्रो सम्बन्ध थियो । गोपालको घरमा हरेक वर्ष दशैंमा पालैपालो दशैंको भोज हुने गरेकोमा गोपालको घरको पालोमा उसले मलाई पनि बोलाउँदथ्यो । उसका छोरा र छोरीको बिवाहमा सबै परिवारका सदस्यहरू जम्माभई बैठक कोठामा छोरा बुहारी र छोरी ज्वाईहरूलाई किनिदिएको गरगहनाहरू, लुगाफाटाहरू, श्रृंगारका सामानहरू फिजाएर अवलोकन गराउने र आ–आफ्नो राय सल्लाह दिने गर्दा रहेछन् । त्यस्तो समयमा पनि गोपालले मलाई बोलाएर सहभागी गराउँदथ्यो । त्यस दिन एक प्रकारले पारिवारिक भोज मासु, पुलाउ, मिठाइ, दही, फलफूल खाएर बिवाहको रमझम र भेटघाट अत्यन्त रमणीय हुन्थ्यो । शनिवार बिदाको दिन सबै दाजुभाइको घरमा पालैपालो बोलाएर चियापान गर्ने, पारिवारिक, व्यवहारिक र राजनीतिक गफगाफ गरेर रमाइलो गर्ने चलन थियो ।

गोपाल बिरामी भएपछि गोपाल दाइकहाँ जान अप्ठ्यारो भएपछि सबै दाजुहरू गोपालकै बैठकमा जम्मा भएर रमाइलो गर्दै चियापान गर्थ्यौं । म पनि कहिलेकाही झुल्कन्थें । त्यो देखेर म अत्यन्त प्रभावित समेत भएको थिए । मैले गोपालको घरमा सानैदेखि पढ्ने बाहानामा उसको घरमा धेरै रात सुतेको थिएँ । उसको भान्सामा धेरै मिठो मिठो भोजन धेरै पटक खाएको थिएँ । मेरो धेरै साथीहरू हुनुहुन्छ । तर गोपालको घरमा जस्तो सुतेको र खाएको बसेको अरू साथीहरूकोमा छैन ।

गोपालले आफ्नो बिवाह गर्दा, होस् वा छोराछोरीको विवाह गर्दा मसँग सरसल्लाह लिएको थियो । दुवै छोरा र छोरीको विवाहमा म पनि संलग्न भएको थिए । उसको छोराको नाति हुँदा मैले उसको घरमा बधाई दिन गएको थिएँ भने मेरो सानी छोरीको नातिनी हुँदा मेरो घरमा गोपाल र उसको श्रीमती गीता मेरो घरमा बधाई दिन आएका थिए । गोपाललाई बाहिर निस्कन कठिन भएपनि मेरो घरमा खुशीसाथ आएको सम्झना ताजै छ । गोपालले केही वर्षदेखि उसको जन्मोत्सवमा मलाई पनि बोलाउने गरेको थियो । म उसलाई २, ४ वटा राम्रा र उपयोगी किताबहरू उपहार दिन्थ्यो । ऊ त्यो किताब पढिसकेपछि तँ पनि पढ् र पढिसकेपछि मेरो नामबाट पुस्तकालयलाई उपहार दिनु भनेर भन्ने गर्दथ्यो । हामीहरूबीच श्री

रत्न पुस्तकालयको गतिविधि, श्री रत्न राज्य स्कुल र महादेवस्थान मन्दिरको क्रियाकलाप बारेमा पनि आपसी छलफल हुन्थ्यो । ऊ रत्न पुस्तकालयको कामकारवाही वारे खुशी थियो । श्री रत्न राज्य स्कुलमा श्री पदम सिंह कार्कीलाई संचालक समितिको अध्यक्ष बनाएर तिमीहरूले सहयोग गरन भन्ने गर्दथ्यो । श्री रत्न राज्य स्कुलमा पदम सिंह कार्कीको ठूलो योगदान छ । ऊ लोभी पापी पनि छैन । हक्कि पनि छ, निडर पनि छ र तैले भनेको उसले मान्छ भनेर मलाई सल्लाह दिन्थ्यो । मैले प्रयास गरेको पनि थिएँ तर विविध कारणले गर्दा यो कार्य सफल भएन । गोपालको घरमा २०७७ साल मंसिर २० गते मेरो बालसखा उत्तम राज ढुंगेल र म पनि गएका थियौं । हामीबीच रमाइलो गफगाफ पनि भएको थियो । उसँग २०१८ सालदेखि र गोपालसँग २०२१ सालदेखिको मित्रताको सुमधुर सम्बन्धबारे चर्चा परिचर्चा पनि भयो । त्यस समयमा उसको छोरा गौरव बाँस्कोटा सपरिवार रसुवा घुम्न गएका थिए । रसुवा जिल्लाबाट छोराका परिवार काठमाडौं फर्केका थिए ।

त्यसपछि गोपाललाई कोरोना लागेर अस्पताल लगेको खबर सुने । मिति २०७७ साल मार्ग २९ गते बिहान गोपालको छोरा गौरव बाँस्कोटाबाट गोपालको स्वर्गारोहण भएको खबर सुने । केही क्षणपछि बालसखा उत्तमराज ढुंगेलले पनि त्यही दुःखद खबर सुनायो । केही घण्टापछि फेरी अमेरिकामा रहेको बालसखा डा. गौरी शंकर अधिकारीले पनि यही कुराको जानकारी गरायो । हामी सबै स्तब्ध भयौ, शोकाकुल भयौं, कोरोनाको कारण अन्तिम श्रद्धाञ्जली र फूलमाला चढाउन समेत पाएनौं । हे भगवान ! उहाँको आत्माले शान्ति पाओस् । उहाँप्रति हामी सबैको भावपूर्ण श्रद्धासुमन !!

■



इतिहास शिरोमणि बाबुराम आचार्य

गोपाल पराजुली

बाबुराम आचार्यको जन्म वि.सं. १९४४ साल फागुन २९ गते तद्नुसार १० मार्च १८८८ मा भएको थियो । उनको जन्म काठमाडौँको सिनामङ्गलमा भएको थियो । हाल सो ठाउँमा अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ । इतिहासको खोजीमा बेजोड प्रतिभा देखाएकाले यिनी इतिहासशिरोमणि कहलाए ।

बाबुराम आचार्यका बाबुको नाउँ धर्मदत्त आचार्य र आमाको नाउँ शिवकुमारी आचार्य हो ।

बाबुराम आचार्यका बाबु विद्वान थिए । त्यसैकारण उनले आफ्ना छोरालाई पनि सानै उमेरदेखि संस्कृत नै पढाउन सुरू गरे । बालक बाबुराम सानै उमेरदेखि पठनपाठनमा निकै तेजिला थिए । उनको सम्झनाशक्ति ज्यादै तीखो थियो । बाबुले उनलाई अङ्ग्रेजी भाषा पढाउनका लागि दरबार स्कुलमा भर्ना गर्न लागेका थिए । तर त्यस बेला उनी त्यहाँ भर्ना हुन सकेनन् । त्यसपछि उनी रानीपोखरी संस्कृत पाठशालामा भर्ना भए । आफ्नो प्रारम्भिक शिक्षा त्यही नै पुरा गरी १७ वर्षको उमेरमा उच्च शिक्षाका लागि उनी बनारस गए । उनलाई बनारसमा पूरा समय बसेर पढ्ने अनुकूल वातावरण मिलेन । दुई वर्षको छोटो समयमा पनि त्यहाँका विद्वानहरूबाट ज्योतिष, धर्मशास्त्र र व्याकरणको राम्रो अध्ययन गरी उनी काठमाडौँ फर्के ।

काठमाडौँ फर्केपछि बाबुरामले जीवन निर्वाहका लागि जागिर खाने विचार गरे । त्यस बेलाको चलनअनुसार प्रस्तावित परीक्षामा प्रथम स्थान पाउने परीक्षार्थीलाई राजकीय पद दिने चलन थियो । त्यसै अनुसार वि.सं. १९६७ मा बाबुरामले पनि परीक्षामा सर्वप्रथम भई खरदार पद पाए । वि.सं. १९७६ मा उनको स्वास्थ्य बिग्रेका कारण जागिर खोसियो । त्यसैबेला पिताजीको स्वर्गवास भएकोले बाबुरामलाई एकैचोटि विपद आइपऱ्यो । जे-जस्तो विपत्ति परे पनि उनी निराश हुने मानिस थिएनन् । उनी धैर्य गरी आफ्नो लक्ष्यमा लागिरहन्थे । विस्तारै उनको स्वास्थ्य राम्रो हुँदै आयो । ठीक एक वर्षपछि उनी पुनः खरदार पदमा नियुक्त भए । त्यसपछि उनले एउटै पदमा एकतीस वर्षसम्म लगातार सरकारी नोकरी गरी वि.सं. १९९८ सालमा अवकाश प्राप्त गरे ।



बाबुराम नेपालको इतिहासको खोजीमा कसरी लागे भन्ने कुराको रोचक घटना छ । वि.सं. १९७६ सालको कुरा हो । हाम्रो धार्मिक चलन अनुसार मरेका मानिसहरूको अस्थि (संस्कार गर्दा रहेको हाडको टुक्रो) गङ्गाजीमा लगेर सेलाउने चलन छ । त्यही चलन अनुसार उनी आफ्ना बाबुको अस्थि लिएर गङ्गाजीमा सेलाउन गएका थिए । त्यसै बेला उनले भारतको बिहार राज्यको एक ठाउँमा 'प्राचीन लिपिमाला' भन्ने इतिहासको पुस्तक हेर्ने मौका पाए । किताब पढ्दै जाँदा नेपालको 'लिच्छवि

राजा जयदेवको शिलालेख' देखेर उनी ज्यादै खुसी भए । उनलाई आफ्नो देशको प्राचीन इतिहासको खोजी गरी प्रकाशित गर्न मन लाग्यो । आफ्नो अठोटअनुसार उनी शिलापत्र, ताम्रपत्र, ताडपत्र र वंशावलीका पुराना कागजपत्रहरू खोजी गरी हिँड्न थाले । यसले गर्दा उनमा इतिहासप्रतिको झुकाउ झन्झन् बढ्दै गयो । नेपाल सम्बन्धी पुराना पुस्तकहरू वीर पुस्तकालयमा राखिएका थिए । त्यही बसी उनले इतिहास सम्बन्धी गहिरो अध्ययन-मनन गरे । शिलापत्र, ताडपत्र र पुराना कागजपत्रहरूका धमिला र मसिना अक्षर पढ्दा त हेर्दा उनका आँखा धेरै कमजोर भए । यति हुँदा पनि उनले आफ्नो काम छाडेनन् । आखिरमा उनका दुवै आँखा बन्द भए तैपनि उनले बाँचुञ्जेल अरूको सहयोग लिई इतिहास सम्बन्धी खोज गरी नै रहे ।

इतिहास शिरोमणि बाबुरामले लेखेका मुख्य-मुख्य पुस्तकहरू यस प्रकार छन्-

१) पुराना कवि र कविता
२) तुलनात्मक सुन्दरकाण्ड
३) नेपालको सङ्क्षिप्त वृत्तान्त
४) श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी (चार भाषामा प्रकाशित)

यसको साथै उनको नेपाली भाषा, साहित्य, संस्कृति र इतिहाससम्बन्धी अनेकौं लेख पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको निधनपछि उनको पुस्तक 'अब यस्तो कहिल्यै नहोस्' प्रकाशित भएको छ ।

बाबुरामले नेपाल राष्ट्रका निमित्त जुन किसिमको योगदान दिएका छन्, त्यसको कदर सर्वप्रथम वि.सं. २००८ सालमा भयो । श्री ५ त्रिभुवनबाट उनलाई 'इतिहासशिरोमणि' को उपाधिद्वारा सम्मानित गरियो । नेपाली इतिहासको क्षेत्रमा विशिष्ट योगदान दिए वापत २०२० सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले उनलाई त्रिभुवन पुरस्कारद्वारा सम्मानित गऱ्यो । २०२८ सालमा उनी गोरखा दक्षिणबाहुद्वारा विभूषित भए । साथै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा मानार्थ सदस्यता प्रदान गरी उनको यथोचित सम्मान गरियो ।

यसरी उनलाई राष्ट्रले सम्मान गरेको छ । आखिर आफ्नो ८५ वर्षको अन्तिम घडीसम्म निरन्तर काम गर्दागर्दै वि.सं. २०२९ साल भाद्र २१ गते उनको निधन भयो ।

■

पुस्तकालय मेरो साथी

पूजा थापा सुवेदी
पूर्व विद्यार्थी, २०६३



पुस्तकालय मेरो साथी छ ऊ सबैभन्दा माथि
जहाँ जहाँ म पुग्दछु ज्योतिको प्रकाश छर्दै
हिँड्छ ऊ म माथि

म पुस्तक मेरो घर नै पुस्तकालय
पुस्तक विना त कसरी चल्छ र जीवन सुखमय

म स्नेह गरी राख्छु पुस्तक एक-एक मिलाएर माथि
छैनन् अस्तित्व कुनै पुस्तकालयको
बिना पुस्तकहरूको ताँती

हो पुस्तकालय मेरो साथी छ ऊ सबैभन्दा माथि
पुस्तक बिना त चल्दैन जीवन
बुझिराख्नु है तिमीले साथी

पुस्तकालय मेरो साथी छ ऊ सबैभन्दा माथि
पुस्तक एक नाम अनेक तर पनि ध्यानमा राखी
काम दिन्छ यिनले एक एक

न गरिब न धनी भनी न ठूलो वा सानो ठानी
बाँड्दछ एक समानले सबैमा ज्ञान अनेक अनेक

पुस्तकालय मेरो साथी छ ऊ सबैभन्दा माथि
जहाँ जहाँ म पुग्दछु ज्योतिको प्रकाश छर्दै
हिँड्दछ ऊ म माथि

■

हाल कार्यरत : महाराजगञ्ज नर्सिङ क्याम्पस

एक्काइसौं शताब्दीका आवश्यक शैक्षिक सिप र शिक्षा पद्धति

वीरभद्र आचार्य
birbhadra011@gmail.com



मानव सभ्यताको विकासमा शिक्षाको ठूलो भूमिका रहेको छ। विकासको क्रममा विश्वका भिन्न भिन्न ठाउँमा विभिन्न किसिमका शिक्षा पद्धतिहरू लागु भएको पाइन्छ। यी सबैलाई हेर्दा गएको शताब्दीको शिक्षा प्रणालीले विद्यार्थीको समग्र व्यक्तित्व विकास भन्दा पनि परीक्षामा उत्तीर्ण हुनलाई जोड दिएको पाइन्छ। विद्या आर्जनलाई एक सहज र रमाइलो विषय बनाइनुको साटो कडा परिश्रम र प्रतिस्पर्धाको विषय बनाइएको छ। जसले गर्दा विद्यार्थीलाई विद्यालय जाउँ जाउँ को साटो कक्षाबाट उम्किन पाए हुन्थ्यो जस्तो हुन्छ। शिक्षा नीतिले नै आपसी सहकार्य र प्रेमलाई होइन अहङ्कारलाई प्रोत्साहन दिएको पाइन्छ, सृजनशीलताको सट्टामा सुगा रटाइलाई प्रोत्साहित गरेको छ र विद्यार्थीलाई एक सामाजिक प्राणीको साटो एक रोवोट बनाइएको छ। विद्यालयलाई एक औद्योगिक प्रतिष्ठान र शिक्षालाई "इन्पुट र आउटपुट" प्रणालीको रूपमा व्यवहार भएको पाइन्छ। हाल पनि नेपाल लगायत कतिपय मुलुकको शिक्षा पद्धतिमा दीक्षित विद्यार्थीहरू विद्यालयबाट निस्कँदा वस्तुसरह उत्पादित भएर निस्कन्छन्न्। अर्को शब्दमा विद्यार्थीहरू एकै नासका "रोबोट" भएर निस्कन्छन् न कि एक संवेदनशील मानव भएर। जब हामी "इन्पुट आउटपुट" सम्बन्धको कुरा गर्छौँयसले विश्वविद्यालयका विद्यार्थीहरूलाई "रेजिमेन्ट" अथवा सैनिकीकरण गर्ने प्रयास गर्दछ जब कि प्रत्येक व्यक्ति आफैँमा पूर्ण हुन्छ। सभ्य समाज भनिएको यो विश्वमा एकता र सद्भाव हुनु पर्नेमा संसारभर नै अपराधी र आतङ्ककारी उत्पादन हुँदै आएको पाइन्छ। खास गरी अमेरिकाका विद्यालयहरूमा प्रायजसो विद्यार्थीले नै बन्दुक चालाएको समाचार सुन्नमा आउँछ। यो परिस्थिति आउनुमा प्रतिस्पर्धात्मक शिक्षा प्रणालीको ठूलो भूमिका छ। विभिन्न अध्ययनले देखाए अनुसार हाल विश्वमा तिन जनामा एक जना मानिस मानसिक रोगको सिकार भएका छन् र यो क्रम बढ्दो छ। २०२० मा कोलम्विया विश्वविद्यालयका प्रोफेसरले गरेको एक अध्ययन प्रतिवेदनले पनि विश्वमा १९९९ देखि २०१७ सम्ममा आफूले आफैँलाई भौतिक क्षति पु-याउने र आत्महत्या गर्नेको संख्या पनि बढ्दै गएको उल्लेख भएको छ।

युरोपेली मुलुकहरूमा भने हाल आएर यो शिक्षा प्रणाली परिवर्तन भैसकेको छ। यी देशहरूको शिक्षा पद्धतिलाई अध्ययन गर्ने हो भने सृजनशीलता र रचनात्मकतालाई प्रोत्साहन गरेको पाइन्छ, प्रतिस्पर्धाको साटो आपसी सहयोगलाई प्रोत्साहन गरिन्छ; सफलताको मापन सहिष्णुता, नेतृत्व क्षमता, आपसी सहयोग, सहकार्य, आलोचनात्मक विश्लेषण र विचारको स्वतन्त्र प्रवाहबाट गरिन्छ। वास्तवमा मनको शान्तिको लागि "बुद्ध" हुन आवश्यक छैन। यदि विद्यालय शिक्षामा सामूहिक "रोवोटीकरण" बन्द गरियो र हरेक विद्यार्थीको व्यक्तिगत क्षमता र उसको नैसर्गिक गुण र प्रवृत्तिलाई सम्मान गरियो भने समाजमा अपराध त्यसै कम हुन्छ, आतङ्कको "आ" पनि सुनिँदैन। यो अवस्था प्राप्त गर्नको लागि, नेपालको वर्तमान विद्यालय शिक्षा प्रणालीलाई नयाँ सिरामा परिवर्तन गर्न आवश्यक छ जहाँ प्रत्येक विद्यार्थीको व्यक्तिगत रुचि, क्षमता र प्रवृत्तिलाई सम्मान हुन्छ, जहाँ परीक्षामा उत्तीर्ण हुनु भन्दा पनि विद्यार्थीको योग्यतामा जोड हुन्छ। जहाँ कोही प्रथम वा द्वितीय भन्नु भन्दा पनि सम्पूर्ण कक्षा कोठाको र शिक्षकको कार्यसम्पादन क्षमताको मूल्याङ्न हुन्छ।

विद्यार्थीहरू बिच आपसी सहयोगको भावना जगाउनको लागि प्रत्येक विद्यार्थीको व्यक्तिगत पढाइको उपलब्धी भन्दा पनि समग्र विद्यालय, शिक्षक र कक्षाको कार्यसम्पादनलाई जोड दिन आवश्यक छ। यसका लागि सिकाइ र सिकाइ प्रविधिलाई पुनरावलोकन गर्न आवश्यक छ। विश्वमा विभिन्न अनुसन्धानले देखाए अनुसार मानिसहरू त्यस समयमा अधिक रचनात्मक हुन्छन् जब उनीहरू बिच आपसमा प्रतिस्पर्धाको भाव रहँदैन। यो शिक्षा प्रविधि हाल फिनल्यान्ड, स्विडेन, नर्वे, आदि देशहरूमा व्यापक रूपमा

अभ्यास भइरहेको छ जसलाई हाम्रो देशमा पनि मूलधारमा ल्याउन आवश्यक छ। हो ! उन्नाईस र विसौँ शताव्दीको शिक्षा पद्धतिले हामीलाई मानव इतिहासको यति छोटो अवधिमा चिकित्साशास्त्र र अन्तरिक्ष विज्ञानमा धरै माथिल्लो उपलब्धी हासिल गर्न मद्दत गरेको छ र हामीलाई यी उपलब्धीमा गर्व छ, तर हरेक विद्यार्थीमा अन्तर्निहित क्षमता, रुचि र प्रवृत्तिलाई सम्मान गरेको भए हाम्रो सभ्यता फरक उचाइमा पुग्ने थियो भन्ने विश्वास गर्न सकिन्छ। नेपालका विद्यालयहरूले पनि यस पद्धतिलाई अपनाउने हो भने धेरै संख्यामा विश्व स्तरीय कलाकार, वैज्ञानिक, इन्जिनियर, सङ्गीतकार, खेलाडी, डाक्टर, गणितज्ञ, र अन्य विद्वान् र विज्ञहरू उत्पादन गर्न सक्नेछ।

२१ औँ शताब्दीको सिपहरूले शिक्षालाई विश्व बालबालिकाका लागि नयाँ अवसरहरू खोल्ने माध्यमको रूपमा प्रस्तुत गरेको छ। यी सिपहरूलाई तीन बृहत् क्षेत्रहरूमा वर्गीकृत गरिएको छ, (क) सिकाइ सिप, (ख) साक्षरता सिप र (ग) सामाजिक सिप, जुन सिपहरू व्यक्ति र समाजलाई शान्त र सुखी बनाउनको लागि अत्यन्त महत्त्वपूर्ण छन्। अबको शिक्षा पद्धतिले १. आलोचनात्मक सोच (समस्या समाधान र विश्लेषणात्मक सोचको विकास) २. सृजनशीलता (क्षितिजभन्दा बाहिर सोच्न सक्ने क्षमता) ३. सहिष्णुता र सहयोग (सामूहिक लक्ष्य हासिल गर्ने भावना) ४. प्रभावकारी सञ्चार (सुन्ने र प्रस्तुत गर्ने क्षमता); ५. सूचना साक्षरता (तथ्य, तथ्याङ्क केलाउने क्षमता) ६. मिडिया साक्षरता (अफवाहबाट तथ्य छुटाउन सक्ने क्षमता) ७. प्रविधि साक्षरता (कम्प्युटर र अन्य मेसिन सम्बन्धी साक्षरता) ८. व्यावहारिकता ९. नेतृत्व विकास १०. पहल (सधैँ जिज्ञासु र नयाँ खोजको लागि तत्पर) र ११. शारीरिक र मानसिक क्षमताको उच्चतम प्रयोग १२. अन्तर व्यक्ति सम्बन्ध विकास र सामाजिक मूल्यमा जोड; आदि सिप विकास गर्न अत्यन्त आवश्यक छ। तसर्थ विद्यार्थीलाई किताबी ज्ञान मात्र नभएर उसको समग्र व्यक्तित्व विकासमा जोड दिइनु आजको युगको माग रहेको देखिन्छ।

यसै सन्दर्भमा रत्न राज्य माध्यमिक विद्यालयले पनि भर्ना दर, कक्षा उत्तीर्ण दर, रिटेन्सन, इत्यादि जस्ता परम्परागत मापदण्डका साथै माथि उल्लेखित २१ औँ शताब्दीका सिपहरू प्रोत्साहन गर्नेमा ध्यान दिन जरुरी देखिन्छ। यी सिपहरू कक्षा कोठामा हुने शिक्षाको अलावा खेलकुद, सङ्गीत, बादविवाद र अन्य अतिरिक्त क्रियाकलापहरू मार्फत विद्यार्थीहरूमा विकास गर्न सकिन्छ। रत्न राज्य माध्यमिक विद्यालयको आफ्नो गौरवमय इतिहास छ जहाँ लक्ष्मीप्रसाद देवकोटा, बाबुराम आचार्य लगायत विभिन्न स्रष्टाहरूको मूर्ति राखिएको छ। यदि रत्न राज्य माध्यमिक विद्यालयले पनि आफ्ना विद्यार्थीमा माथि उल्लेखित सिपहरू विकास गर्न सक्यो भने यी स्रष्टाहरूको उचित सम्मान भएको हुन्छ। यस विद्यालयलाई यो अवस्थामा पुर्‍याउन विद्यालयका हितैषीहरूले गरेका सहयोगका इतिहास खोतल्ने हो भने अब आएर पनि सोही प्रकारका सहयोगको अपेक्षा गर्न सकिन्छ र यस विद्यालयलाई देशको नमूना विद्यालय बनाउन सकिन्छ भन्ने विश्वास गर्न सकिन्छ।

■

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औँ वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौँ।
शुभकामना
दोलखाली भोजनालय
काठमाडौं

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औँ वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौँ।
शुभकामना
ग्रेट नेपाल
काठमाडौं

भोगाइ र बुझाइमा मेरो रत्नराज्य (माहादेव स्थान) स्कुल

भरतप्रसाद ढकाल
पूर्व अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
(२०६५/६/१५)



जाडोको शीत र तुषारोले सेताम्य धान खेतका आलीहरु पार गर्दै खेतका बीच बीचमा रहेका दुई चारवटा पर्खालबाट घरमूलीका आँखा छलेर फलफूल टिप्दै विद्यालय पुग्ने र स्कुल छुट्टी भएपछि वाणगंगाबाट निस्कने खहरेका माछा खोज्दाखोज्दै साँझमा स्यालको हुइँयापछि चरीको चिरबिरसँगै घरमा छिर्नेबेलाको उमेरदेखि मैले स्कुलको रुपमा मनले स्वीकारेको रत्नराज्य हाई स्कुलले आज ६१ वर्ष पूरा गरिसक्दा वाग्मतीमा धेरै पानी बगिसकेको छ। बानेश्वर पूरै परिवर्तन भएको छ। पढ्नुको अभिष्ट परिवर्तन भएको छ। विद्यालयको महत्त्व र विद्यालयप्रतिको सामाजिक सोचमा परिवर्तन आएको छ। तर पनि सामाजिक परिवर्तनलाई आत्मसात् गर्दै विद्यालय शिक्षाका तमाम विषयहरुमा गर्नुपर्ने संरचनागत सुधारको खाँचो भने आज पनि उस्तै नै छ। मेरो बुझाइमा जुनबेला रत्नराज्य स्कुल स्थापना भयो, त्यतिबेला काठमाडौंमा औंलामा गनिने विद्यालय थिए तापनि यहाँका हुनेखाने उच्चवर्गका लागि भने दरबार हाई स्कुल, जे.पी. स्कुल वा पद्मोदय स्कुलका अगाडि यो रत्नराज्य स्कुल अभिभावकहरुको आँखामा पर्न सक्दैनथ्यो । तैपनि वानेश्वरवासीको गौरव गर्ने विषय भने पक्कै पनि आफ्नै आँगनमा जन्मेको बाणेश्वर महादेवको प्रसाद रुपी यही विद्यालय नै थियो र आज पनि बानेश्वरका उच्च वर्ग ६१ वर्ष पुरानो शैक्षिक धरोहर आफ्नै घरको झ्यालबाट हेरेर कति गौरव गरिरहेका छन् त्यो त थाहा छैन, तर पनि कम्तिमा रत्नराज्य आफ्ना गृह सहयोगीकै लागि भए पनि भविष्य चिनाउने मन्दिर बनिदिएकोमा भने पक्कै दंग हुनुपर्छ। सुरुका दिनदेखि नै मध्यम, निम्नमध्यम तथा निम्नवर्गीय परिवारको लागि आँखाको नानी बनेर झुल्किएको विद्यालय आज निम्नमध्यम र निम्नवर्गीय परिवारका बालबालिकालाई लक्षित गरेर अघि बढिरहेको यथार्थ हाम्रा सामु छ। तर पनि यसले सम्पूर्ण वानेश्वरवासीहरुको माया, ममता र सद्भाव भने निरन्तर पाई नै रहेको छ।

मेरो विद्यार्थीकाल :

जतिबेला यो विद्यालय वामे सर्दै थियो, सायद निकै कष्टपूर्ण भोगाइबाट गुज्रिरहेको बेला थियो त्यो। पढ्ने कक्षाकोठा भन्नु चुहिने टहरा, शौचालय भन्नु सिस्नुको झ्याङ, पिउने पानीका लागि ढुङ्गेधारामा दौडनु, खरीपाटीमा लेख्नु र सुकुलमा बस्नु- यस्तै थिए थाहा पाएका कुराहरु। मैले पहिलो दिन स्कुलमा पढ्न आउँदा सुकुलमा बसेर कक्षाकोठामा कपुरी 'क" खरायो 'ख" गाईगोडे 'ग" भनेर मेरा कलिला हात समाएर खरीपाटीमा १ कक्षामा लेख्न सिकाउने मोदनाथ न्यौपाने गुरु जसलाई आजसम्म म झल्झली सम्झिरहन्छु। मैले १ देखि १० कक्षासम्म यही विद्यालयमा अध्ययन गरेको हुँ। मलाई पढाउने शिक्षक-शिक्षिकाहरुमा मलाई याद भएसम्म हेडमास्टर श्री लक्ष्मीप्रसाद अधिकारी, शिक्षकहरु श्री प्रार्थ सारथी भट्टराई, श्री चन्द्रीकाप्रसाद भट्टराई, श्री गोपाल गौतम, श्री गोपाल बाँस्कोटा, श्री शशिविक्रम राणा, श्री इन्दिरा भट्टराई , श्री मादवी मिस, श्री शारदा ढुङ्गेल, कमला शर्मा लगायतले अति माया र ममताका साथ हामीलाई पढाउनु हुन्थ्यो। मेरो पालामा लामो समयसम्म स्कुलको पालेको रुपमा रहनुभएकी स्कुल र विद्यार्थीलाई अति माया गर्ने मिस्री दिदीले हामीलाई अनुशासनमा रहनका लागि सधैं सतर्क बनाउनु हुन्थ्यो। यो बिर्सनै नसक्ने क्षण थियो। त्यतिबेला मसँग मेरो कक्षामा पढ्ने साथीहरुमा शिवराम खरेल, अनन्त देवकोटा, सुरेश श्रेष्ठ, गोपी श्रेष्ठ (हलुवाई), बालकृष्ण थापा, बासुदेव थापा, विमल बुढाथोकी, दिव्यदर्शन अधिकारी, कमलप्रसाद तिमिल्सिना, दुर्गा भट्टराई , उर्मिला कार्की, निर्मला कार्की, द्वारिका उपाध्याय, काजु तण्डुकार लगायत २४ जना थियौ। हामीलाई थाहा नहुने कुराहरुमा शिक्षकहरु परिवर्तन भैरहनु मुख्य थियो जस्तो लाग्छ। सायद पूर्णकालीन शिक्षकलाई यथोचित तलब दिन नसक्नुकै कारण थियो होला। कसैको अनुकम्पाले भनौं वा सदासयताले एउटा भवन बन्नसक्नु, गुठी समेतको जग्गा गाउँ विकास समितिले विद्यालयको प्रयोजनार्थ उपलब्ध गराइदिने पहल गरिनु साथै केही जोशिला ऊर्जाशील

युवा शिक्षकहरुको पूर्ण समर्पणभावले यसको जगलाई मजबुत बनाउँदै थियो। त्यतिबेला मैले विद्यालय शिक्षा पूरा गरिसकेको थिए। हुनत, अहिलेको राजधानी जहाँ डिग्री वा पि.एच.डी. प्राप्त गर्नेहरुले समाज छपक्कै ढाकिएको बेला विद्यालय शिक्षाको कखरा वा ल्याप्चे बराबर नै किन नहोस्, तर पनि मेरा लागि भने त्यतिबेला यसै विद्यालयबाट पूरा गरेको विद्यालय-शिक्षा नै भविष्यको मार्गदर्शन गर्न पर्याप्त बन्न पुग्यो। मलाई कलेज पढ्दै गर्दा पनि आफ्नो भविष्य सुनिश्चित गर्ने व्यवसायतर्फ उत्प्रेरित गर्न त्यही पढाई नै महत्त्वपूर्ण थियो। त्यसैले होला मैले यो विद्यालयलाई आफ्नो मन, मस्तिष्कबाट कहिल्यै हटाउन सकिनँ।

मेरो व्यवसायकाल :

जुन समयले मलाई एउटा सफल युवा उद्यमी बनायो, त्यतिबेला म कलेज पढ्दै थिए। कलेजमा प्रशस्त साथीहरु हुन्थे तर पनि बिदाका दिन वा खाली समयमा मेरो भेटघाट र रमाइलोका कार्यक्रम भने विद्यालयमा सँगै पढ्ने साथीहरु बीच नै हुन्थ्यो। त्यस्ता भेटघाटमा विद्यालय जीवनका राम्रा-नराम्रा सबै घटनाहरुको विश्लेषण गरिन्थ्यो, जसबाट विद्यालयप्रतिको निकटता बढ्दै जान्थ्यो। विद्यालयले गरेका प्रगतिमा हामी खुशी मनाउँथ्यौ। विद्यालयले SLC मा बोर्ड प्रथम र तृतीय भएर पूरै देशमा गौरव कमाएको खुशियाली पनि हामी सहपाठीबीचमै साटासाट गरेका थियौं। सहपाठीहरुका बीच वर्ष/वर्षमा गरिने वनभोजका कार्यक्रमले विद्यालय जीवनका सम्झनाहरुमा पुनर्ताजगी ल्याइदिन्थ्यो। त्यतिबेला विद्यालयमा औपचारिक कार्यक्रमहरु थोरै मात्रै हुने, शैक्षिक कार्यक्रममा हामी पूर्व विद्यार्थीहरुको उपस्थितिको अनिवार्यता उतिसारो आवश्यक नहुने भएकोले एउटा लामो कालखण्ड विद्यालयसँगको औपचारिक सम्पर्क बाहिर रहेर नै बित्यो।

भूतपूर्व विद्यार्थी मञ्च र विद्यालयसँगको सहकार्य :

विक्रम सम्वत २०५७/५८ तिर काठमाडौँ प्रजातन्त्रसँगै स्थापना भएका धेरै विद्यालयहरु ५० वर्ष पूरा गरेको अवसरमा स्वर्ण जयन्तीहरु भव्यताका मनाइरहेका र आफूलाई ऐतिहासिक साथसाथै शैक्षिक र भौतिक रुपमा पनि सबल पार्ने अभियानमा जुटिरहेका थिए। शायद तिनै विद्यालयहरुबाट प्राप्त सिकाइ र १० वर्षपछि आफूले पनि पूरा गर्न ५० वर्षे दीर्घ यात्राको अवसरलाई साँच्चि नै स्वर्णमय बनाउने अभियानको शुरुवात विद्यालयलाई भित्री मन देखिने नयाँ पुस्ताबाट गरिनुपर्छ भन्ने सोचका साथ तत्कालीन प्र.अ. श्री गोपालप्रसाद बाँस्कोटाबाट हामी पूर्व विद्यार्थीमध्ये स्थापित भइसकेका व्यवसायी भरतप्रसाद ढकाल, बालकृष्ण थापा तथा स्थापित इञ्जिनियर देवेश भट्टराई, अनल भट्टराई लगायतसँग व्यापक छलफल गरी २/३ वटा मुख्य उद्देश्यसहित भूतपूर्व विद्यार्थी मञ्च गठन गरी विद्यालयका गतिविधिहरुमा यसै विद्यालयका पूर्व विद्यार्थीहरुको सहभागिता र सहयोग सुनिश्चित गराउने गरियो। यसबाट विद्यालयमा मेरो औपचारिक पुनरागमन हुनपुग्यो। भूतपूर्व विद्यार्थी मञ्चमा रहेर जे जति काम गरियो त्यो पर्याप्त थियो वा थिएन त्यो त मूल्याङ्कनको विषय होला। तर पनि विद्यालयको शैक्षिक प्रगतिको लागि छात्रवृत्तिको व्यवस्था, शैक्षिक सामग्रीहरुमा सहयोग गर्नेदेखि सामाजिक सम्बन्ध, वर्ष-वर्षमा गरिने औपचारिक भेला तथा सम्मानका कार्यक्रमहरुबाट बढ्न गएको विद्यालयसँगको सामिप्य विद्यार्थी मञ्चकै देन हो भन्ने लाग्छ। औपचारिक रुपमा भौतिक निर्माणको क्षेत्रमा भूतपूर्व विद्यार्थी मञ्चले प्रयास गरेको देखिँदैन तर पनि अप्रत्यक्ष ढंगबाट अहिलेसम्म भएका धेरै भौतिक प्रगतिहरुमा सहयोग पुगेको छ भने हिच्किचाउनु पर्दैन। तर अहिले आएर निस्क्रिय रहेको पूर्व विद्यार्थी मञ्चलाई एकपटक फेरि जगाएर पूर्व विद्यार्थीहरु जुट्ने हो भने नेपाल राज्यभरमै अधिराज्यकै एक नम्बरको सामुदायिक विद्यालय बन्न सक्नेछ।

व्यवस्थापन समितिको जिम्मेवारी र भूमिका :

२०६२/६३ को राजनैतिक परिवर्तनसँगै शिक्षा क्षेत्रमा पनि परिवर्तन भयो। सम्भवतः त्यसै पृष्ठभूमिमा शिक्षा ऐन तथा नियमावलीले सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिलाई बलियो पार्ने ढंगले व्यावस्थापन समितिको निर्माण संरचनामा केही परिवर्तन भयो। जुन समय विद्यालय विधिसम्मत ढंगको व्यवस्थापन समिति गठनको पर्खाइमा करिब १ वर्ष अस्थायी व्यवस्थापन समितिको मातहतमा रहन पुग्यो। त्यतिबेलाको परिस्थिति मूल्याङ्कन र हाम्रो भूमिका विद्यालयप्रति के रहने भन्ने भूतपूर्व विद्यार्थी मञ्चको अनौपचारिक छलफलले विद्यालय व्यवस्थापन समितिको संक्रमणकालीन नेतृत्व पूर्व विद्यार्थीबाटै हुनुपर्छ भन्ने निर्णय भयो। तत्पश्चात म अध्यक्षको प्रत्यासी बन्ने वातावरण बन्यो र औपचारिक अभिभावक भेलाले मेरै नेतृत्वमा सर्वसम्मत ढंगले व्यवस्थापन समिति गठन गर्यो। म अध्यक्षमा चुनिए। सदस्यहरुमा पार्थ सारथी भट्टराई, सुरेश शाह, मनोरमा मरहठ्ठा रोशन गौतम, नारायण भणडारी र हेडमास्टर गीता खरेल शिवाकोटी हुनु हुनुहुन्थ्यो। यसपछि मेरो काँधमा विद्यालयप्रतिको थप जिम्मेवारी प्राप्त भयो। यो विद्यालय लामो समयदेखि प्रशासनिक संरचनामा परिवर्तनबाट सिर्जित

संक्रमणबाट गुज्रिरहेको थियो। राजनैतिक आग्रह/पूर्वाग्रह अनि कानूनी अधिकारबाट देखिएका द्विविधाहरुबाट आफूलाई बचाएर एउटा स्वच्छ, सामाजिक उत्तरदायित्व बहन गर्नु फलामको चिउरा चपाउनु सरह नै रहेछ। तैपनि व्यवस्थापनमा रहेका स्वार्थरहित, निष्कलंकित र ऊर्जाशील साथीहरुको साथ र सहयोगले यथासम्भव क्षेत्राधिकारको लक्ष्मणरेखाभित्रै रहेर धेरै काम गर्न सफल भएका थियौं। समय र परिस्थिति संस्थाभित्रका विभिन्न खाले समस्याहरुलाई कानूनसम्मत र मानवीय सम्वेदना समेतमा आँच नपुऱ्याउने ढंङ्गले निपटाउँदै विद्यालयको दीर्घकालीन विकासमा योगदान पु-याउन जे-जति प्रयत्नहरु भएका थिए ती शायद उपलब्धि नै हुन् भन्ने लाग्छ।

व्यवस्थापन समितिमा हाम्रो प्रतिनिधित्व आधिकारिक अभिभावकत्वको हिसाबले भन्दा पनि सामाजिक प्रतिनिधित्वको हिसाबले गरिएको यथार्थ हो। सोही कुरालाई ध्यानमा राखेर हामीले विद्यालयमा सामाजिक उत्तरदायित्वलाई पनि गहन रुपमा निर्वाह गर्ने कोसिस गरिरहेका थियौं। विद्यालयले वर्षौंदेखि खेपिरहेको भोगचलन गरिआएको जग्गामाथिको विवादलाई समझदारीमा टुङ्ग्याउने र सो प्रयोजनार्थ यही समाजबाट आर्थिक संकलन सम्पन्न गर्ने कार्य वर्षौंदेखि एउटै छानामुनि चलिआएको दुईप्रकारको शिक्षा प्रणाली अन्त्य गर्ने कार्य, विशेष कक्षा बन्द हुनु तथा विद्यालयमा आएको विद्यार्थी संख्याको कमीले बढ्न गएको विद्यालय स्रोतका शिक्षकहरुको भारलाई कम गर्न स्वेच्छिक अवकाश कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नु, माननीय सभासद श्री राधेश्याम अधिकारीज्यूबाट प्राप्त सांसद कोषको रकम समेतको उपयोग गरी विद्यालयमा सभाहलको निर्माण गरिनु, नारायणस्थान भगवान परिसर मर्मत गर्नु, महादेव मन्दिरको परिसर निर्माण गर्नु, विद्यालयमा प्राङ्णमा रहेको मञ्चमा मेरा सहपाठी साथीहरु समेतको सहयोगमा सरस्वती माताको मूर्ति प्रतिस्थापनसहित मञ्चलाई व्यवस्थित गर्ने जस्ता काम व्यवस्थापन समितिबाट भएका केही उल्लेख्य कार्य हुन्। मेरो कार्यकालमै विद्यालयले ५० वर्ष पूरा गरेको उपलक्ष्यमा स्वर्ण दिवस मनाएको थियो।

हालसम्म विद्यालयको अवस्था र चुनौतीहरू :

- मेरो कार्यकालमा मिति २०६५-०६-१५ गते ३ वर्षको कार्यकालमा यस रत्नराज्य मा.वि.मा उल्लेखनीय कार्य गरेको थियो। जस्तै २० वर्षदेखि स्कुलको भवन खडा भए तापनि जग्गाधनी शान्तिदेवी बस्नेत भई २० वर्ष देखि मुद्दा खेपेको वरिष्ठ अधिवक्ता माननीय राधेश्याम अधिकारी लगायतले रत्नराज्य स्कुलको तर्फबाट मुद्दा लड्दा पनि नसकेर विद्यालयले हारेको अवस्थामा स्कुल भवन भत्काई जग्गा छाड्नुपर्ने विषम परिस्थितिमा व्यवस्थापन समिति र यस क्षेत्रका अभिभावक तथा समाजसेवीहरुले मलाई संयोजक बनाई उक्त जग्गा खरिद गरी लिने जिमेवारी सुम्पेको थियो। यो कार्य कुशलताको साथ मैले सम्पन्न गरेको थिएँ।
- यस कार्यका लागि एक सशक्त कार्यदल बनाई चन्दा संकलन गरी विद्यालयकै नाममा उक्त २० आना जग्गा म आफैले अध्यक्षको तर्फबाट मालपोत कार्यलयमा गई लालपुर्जा प्राप्त गरी खरिद गरी लिएर स्कुलाई हस्तारण गरेको थिएँ। यस महान् कार्यको लागि चन्दा संकलन गर्न सहयोग गर्नुहुने महानुभावहरुमा मलाई साथ दिनुहुने श्री गीता खरेल शिवाकोटी, श्री राजेन्द्र मरहठ्ठा, श्री सुरेश शाह , श्री प्रकाश के.सी., श्री सूर्य बराल, श्री जीवनप्रकाश रेग्मीहरुले ठूलो मेहेनतका साथ सहयोग गर्नुभएको थियो ।
- २० औं वर्षदेखि यस विद्यालयलाई अत्यधिक भार हुने गरी विभिन्न प्रशासकहरुले निजी स्रोतमा भर्ना गरिएका शिक्षकहरुलाई सम्झाइ-बुझाई मेरै कार्यकालमा मैले एक समिति गठन गरी सदस्य सुरेश शाहको संयोजकत्वमा १६ जना शिक्षक-शिक्षिकाहरुलाई स्वेच्छिक अवकाश दिन सफल भएको थियो। जसले गर्दा उक्त समयबाट यस विद्यालयलका लगभग ३२ लाख रुपैयाँ वार्षिक बचत हुने अवस्था सिर्जना भएको थियो ।
- माओवादी द्वन्द्वकालमा देशैभरि धेरै विद्यालयहरु ध्वस्त पारेको अवस्थामा हाम्रो यस रत्नराज्य विद्यालयमा पनि केही उच्छृङ्खल समूहहरु आई श्री ५ रत्न राज्यको शालिक भत्काई शिक्षाकी देवी सरस्वीमाताको मूर्ति पनि फुटाएका थिए। उक्त मञ्चमा मेरो कार्यकालमै सहपाठीहरु समेतको सहयोगमा मैले सस्वतीको मूर्ति पुनः बनाउन लगाई स्थापना गरी तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालज्युको बाहुलिबाट अनावरण गराएको थिएँ।
- विद्यालयको नाममा लालपुर्जा भएको अवस्थामा मात्र ADB ले भवन निमार्णमा सहयोग गर्ने भएकोले मेरो कार्यकालमा प्राप्त गरेको स्कुलको लालपुर्जा अनुसार विद्यालयको जग्गामा हाल भव्य भवन निर्माण भएको छ। पुरानो भवन सम्पूर्ण भत्काएर नयाँ भवनहरु निर्माण भइसकेको अवस्था छ। गुणस्तरीय कक्षाकोठाहरु पर्याप्त बनेका छन्। शौचालय, क्यान्टिनहरु सफा र सुचारु छन

। विद्यार्थीहरुलाई हरेक दिन खाजाको व्यवस्था गरिएको छ । यस रत्नराज्य स्कुललाई अब शिक्षाको मन्दिर सम्झेर सबै शिक्षक-शिक्षिकाहरुले छातिमा हात राखी इमान्दारिका साथ गुणस्तरीय शिक्षा विद्यार्थीहरुलाई प्रदान गर्दै आउनुभएको हुँदा छिट्टै यस रत्नराज्य स्कुल गुणस्तरमा नं. १ विद्यालय स्थापित हुनसक्ने मैले अनुमान गरेको छु।

- धेरै विवादमा फसेको यस रत्नराज्य स्कुलले निकै समय पछि एउटा सबल नेतृत्व सहितको विद्यालय व्यवस्थापन समिति गठन भइसकेको छ । जसमा समाजसेवी, शिक्षाप्रेमी, पुस्तकालय मन्दिरलाई अति नै माया गर्ने उद्योगी व्यवसायी श्री सकुन्दराज अर्याल अध्यक्ष हुनुभएको छ। सदस्यहरुमा यसै बानेश्वर महादेवस्थान मन्दिरका अध्यक्ष शंकर पौड्याल, रत्नराज्य स्कुलका पूर्वशिक्षक तथा श्री रत्न पुस्तकालयका अध्यक्ष समाजसेवी शशिविक्रम राणा, यसै विद्यालयका भूतपूर्व विद्यार्थी समाजसेवी रीता थापा मगर, पूर्व विद्यार्थी एवंओ यसै वडा नं. १० का वडाध्यक्ष रामकुमार के.सी. र हेडमास्टर रहनुभएका र विद्यालयमा लामै समयदेखि अध्यापन गराउँदै आउनुभएका वरिष्ठ शिक्षक, ईमान्दार कर्मठ शिक्षाप्रेमी रामाशिष यादव रहनुभएको छ।
- वहाँहरुको सबल नेतृत्वबाट अब यस विद्यालयहरूमा गुणस्तरीय शिक्षा, चुस्त दुरुस्त प्रशासिनक व्यवस्था, अनुशासन, शिक्षकहरुमा मेलमिलाप कायम गरी यस महादेव मन्दिर परिसरमा रहेको श्री रत्नराज्य स्कुल रत्न पुस्तकालय, वानेश्वर महादेव मन्दिरलाई बानेश्वरवासीहरुको गहनाको रूपमा संरक्षण गरी ३ वटै संस्थाहरुको हित हुने गरी रत्नराज्य माध्यामिक विद्यालयलाई उच्च बिन्दुमा पु-याउन सफल हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु।
- अब यस रत्न राज्य स्कुलमा नयाँ पाठयक्रम सुरुवात गरी स्वावलम्बी शिक्षाको कार्य थालनी गर्नुपर्छ। जस्तै बिजुली बनाउने, मिस्त्री उत्पादन गर्ने, काष्ठ उद्योग मिस्त्री, धारा बाथरुम बनाउने मिस्त्री, लुगा सिउने सिप, डकर्मी घर बनाउने सिप, जस्ता कार्यहरुका साथै इन्जिनियरिङ डिप्लोमा, साईन्स डिप्लोमा, नर्सिङ आदिको पढाइ सुरुआत गर्ने।
- प्राइभेट स्कुल, कलेजमा पढ्ने विद्यार्थीहरु प्रायःजसो यो देशमै नबस्ने, विदेशमा गइहाल्ने सोचका साथ अगाडि बढेको पर्याप्त देखिन थालेको छ। तर सरकारी स्कुलमा कलेजमा पढेका विद्यार्थीहरु देश छाड्न नपरोस् भन्ने सोचमा मैले धेरै पाएको छु। त्यसैले विद्यालयको पढाइ सँगसँगै शिक्षक शिक्षिकाहरुले यो देशको माटोलाई माया गर्ने, माटोको महत्त्व बारे सिकाउने, यही देशमा बसेर कैयौं कार्य गरी व्यवसायहरु गर्ने, कृषि, उद्योग गरेर जीवनयापन गर्ने , कलकारखाना खोलेर उन्नति प्रगति गर्न सकिन्छ भन्ने ज्ञान दिनुपर्छ भन्ने अति आवश्यक देखेको छु। साथै राज्यले पनि आजका युवाहरुलाई यो देशमै बसेर गरिखान सक्ने खालको उचित नीति ल्याएर युवाहरुलाई सक्षम बनाउन सक्ने योजना बनाउन अति जरुरी छ। शिक्षामा भएको चरम बेथितिहरुलाई बेलैमा पहिचान गरी राज्यको अर्बौंको लगानीलाई पानीमा नबगाई उचित शिक्षामा मात्र लगानी गर्ने र बेथिति गर्ने कर्मचारीहरुलाई दण्डित गर्ने र उत्कृट काम गर्नेलाई पुरस्कृत गर्ने योजना ल्याउन पनि जरुरी छ।

साथै यस सामुदायिक विद्यालय परिसरमा रहेका समाजसेवी, शिक्षाप्रेमी अभिभावकहरु र ऊर्जाशील युवाहरुले पनि शिक्षामा भएको बेथितिलाई खबरदारी गरी आफ्नो अमूल्य केही समय विद्यालयको हितमा लगाउने हो भने यस रत्नराज्य स्कुल लगायत देशमा रहेका कैयौं सामुदायिक विद्यालयहरुको गुणस्तरीय शिक्षामा कायापलट हुने निश्चित छ भन्ने मेरो विश्वास छ।

अन्तमा, मेरो दैनिकी रत्नराज्य स्कुलमा, श्री रत्न पुस्तकालयमा बानेश्वर माहादेवस्थान मन्दिरमा हरेक दिन बिहान आउने, मन्दिर दर्शन गर्ने, स्कुलको गुरणस्तरबारे जानकारी लिने, बेलुकी पुस्तकालयमा पस्ने र फुर्सद निकालेर साथीभाइ र स्कुलका गुरुजनहरुसँग चियागफ गर्दै जिन्दगी खुसीका साथ बिताइरहेको छु। यस विद्यालयलाई अहिलेसम्म सहयोग गर्ने जे जति प्रयत्नहरु भए ती कार्यहरुमा सहयोग पुर्याउने सबैमा आभार प्रकट गर्दै विद्यालयरुपी रुखमा हरेक वर्ष वसन्तमा पलाउने **"पालुवा"** ले निरन्तरता पाओस् भन्ने कामना गर्दछु। साथै विद्यालयको २०८० साल वैशाख ११ गते हुने भव्य वार्षिकोत्सव कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

जय श्री रत्न राज्य स्कुल.....

जय श्री रत्न पुस्तकालय.....

जय श्री बानेश्वर महादेव.....

विद्यार्थी : मैले पढिरहने खुल्ला किताबहरू


पवित्रा सुवेदी
सहायक प्रधानाध्यापक



चम्किला घामका किरणहरूजस्तै
जब भित्रिन्छन् यो प्राङ्गणमा उनीहरू
म उज्यालिन्छु उनीहरूकै चमकमा
अथाहा कथाहरू छन् जीवनका उनीहरूभित्र
अथाह कविताहरू छन्
अनगिन्ती खण्डकाव्यहरू छन्
महाकाव्यहरू छन्
ठूला-ठूला आख्यानका ग्रन्थहरू छन्
दर्शन र विज्ञानका ठेलीहरू छन्
खै कति पढ्नु, खै कति सिक्नु
उनीहरूभित्र ज्ञानका अग्ला अग्ला चुलीहरू छन्।

गाउँका निर्दोष आनीबानीहरू,
सरल बोलीचालीहरू उनीहरूमै देखिन्छन्
सहर बजारका असजिला भावभंगीहरू
अलिअलि बढ्दै गरेका उनीहरूमै भेटिन्छन्
भोक, अभाव, दु:ख, पीडा र दर्दहरू
अनुहारमा छछल्किएका हुन्छन्
सहहृदयता, प्रेम, सद्भाव र सहयोगीपन
भावनामा भरिएका हुन्छन्
उत्साह, उमङ्ग, जाँगर र रहरहरू
आँखाभरि चम्किएका हुन्छन्
जे जे जान्न चाहे पनि उनीहरूसँगै छन्
जे जे सिक्न चाहे पनि उनीहरूसँगै छन्
उनीहरू खुल्ला किताबहरू हुन्
म पढिरहेकी छु यी खुल्ला किताबहरू।

अनुमान नै गर्न सक्दिन
कति गहन छन्
यिनीहरूभित्रका अक्षरहरू, शब्दहरू, हरफहरू, अनुच्छेदहरू
र सिङ्गै पाठहरू
जीवनलाई सच्याउने मोडमा उभिएका
बदमासी, दुर्व्यवहार, निराशा र विरक्तीका
अक्षरहरू छन् त्यहाँ
उत्साह, उत्प्रेरणा र सिर्जनाका



कर्मसहयोगी शब्दहरू छन् त्यहाँ
त्यहाँ उद्देश्य, लक्ष्य र गन्तव्यका
जीवन उपयोगी हरफहरू छन्
त्यहाँ कर्तव्य र दायित्वका गम्भीर अनुच्छेदहरू छन्
जीवनका सबै पक्ष समेटिएका अलौकिक पाठहरू छन्
ती राम्रा पनि छन्
कति ती नराम्रा पनि छन्
म पढिरहेछु यिनै पाठहरू
राम्रो के हो, नराम्रो के हो
म सिकिरहेछु यिनै पाठहरू पढेर

अहा ! कति आनन्द
यिनीहरू राम्रो भएर
राम्रोबाट अझ राम्रो हुन सिकाउँछन्
यिनीहरू कहिलेकाहीँ नजानेरै नराम्रो हुन्छन्
निर्दोष यिनीहरू
नराम्रो भएर राम्रो हुन पनि सिकाउँछन्।

आफैभित्र छिरेर कहिलेकाहीँ आफैलाई खोज्दा
आफ्नै समाजलाई खोज्दा र आफ्नै देशलाई खोज्दा
कताकता विश्वास डग्मगाउन खोज्छ मेरो
र यिनै खुल्ला किताबहरू हेर्छु
यिनैमा मेरो गाउँ देख्छुँ
भिर, पाखा, पहरा, देउराली, भञ्ज्याङ
र सम्म मैदानहरू देख्छुँ
शहरबजार देख्छुँ
यिनैमा आफ्नो समाज देख्छुँ
कतै मिलेका कतै नमिलेका
सामाजिक परिपाटीहरू देख्छुँ
त्यहाँका दुःख पीडाहरू देख्छुँ
त्यहाँका खुसी जाँगर र उत्साहहरू देख्छुँ
यिनै किताबहरूका पानाहरूमा
थुप्रै आमाबुबाहरू
आफ्ना नानीहरूका सपना बोकेर बाँचिरहेका देख्छुँ
यिनै किताबहरूमा म साँच्चै मेरो सिङ्गै देश देख्छुँ
अहा ! यी किताबहरू साह्रै प्रिय छन्
साह्रै पठनीय छन्
साह्रै आत्मीय छन्
म यिनीहरूलाई नै पढिरहेकी छु
म यिनीहरूबाट जीवनका सरगमहरू सिकिरहेकी छु
मेरा प्रिय किताबहरू तिमीहरू कहिल्यै नफाट्नू
कहिल्यै नच्यातिनू
कहिल्यै पुराना नहुनू
कहिल्यै बन्द नहुनू
मैले सधैँ पढिरहनुपर्छ तिमीहरूलाई
मेरा प्रिय किताबहरू
मेरा आत्मीय किताबहरू
तिमीहरू सधैँ सधैँ खुल्ला भइरहनू।

■

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौं।
शुभकामना
अमर ट्रेड
काठमाडौं

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौं।
शुभकामना
गुरूकुल बुक्स एण्ड स्टेशनरी
वानेश्वर, काठमाडौं

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौं।
शुभकामना
अभिशेष बुक्स एण्ड स्टेशनरी
काठमाडौं

श्री रत्नराज्य मा.वि.सँग जोडिएका अतीतहरू

कृपाश्वर खड्का
पूर्व प्रधानाध्यापक



शिक्षक पेशामा २०३६।०६। २३ बाट प्रवेश गरी २०७९।९।२९ सम्म ४० वर्ष ३ महिना ०६ दिन अर्थात १४,६९६ दिन मध्य यस श्री रत्न राज्य मा.वि.मा १४ वर्ष ६ महिना १० दिन अर्थात ५,३०३ दिन कार्य सम्पादन गर्दै गर्दा शिक्षा क्षेत्रमा दिएको योगदान र भोगाइलाई विद्यालयको पालुवामा संक्षिप्त रूपमा राख्ने जमर्को रहेको छ ।

राजधानीको केन्द्रमा रहेको यस सार्वजनिक विद्यालय निम्न तथा मध्यम वर्गीय समाजका बालबालिकाको ज्ञान आर्जनको थलो पछिल्लो समय सम्म पुगेको पाइन्छ । देश भरिको प्राय सबै जिल्लाका र विशेषत तराई तथा पश्चिम, मध्य पश्चिम र सुदुर पश्चिम सम्मका यस विद्यालयमा विद्यार्थी रहनुले विद्यार्थी सेवा क्षेत्र हेर्दा सिङ्गो देशको तस्विर देख्न सकिने यस विद्यालयमा विद्यार्थी चाप समेत विद्यालयले धान्न धौ धौ पर्ने खालको छ । विद्यार्थी शिक्षक अनुपात शिक्षाबाट स्वीकृत दरबन्दीले धान्न नसकी निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्नु पर्ने अवस्था श्रृजना भएको लामो समय वितिसकेको छ ।

विगतमा अङ्ग्रेजी माध्यमको माग भए अनुरूप निजी श्रोतबाट प्राथमिक तह (नर्सरी-५) सम्म अंग्रेजी माध्यमबाट सञ्चालन हुँदै आएकोमा एउटै छातामुनी अंग्रेजी र नेपाली माध्यमको विद्यालय सञ्चालन गर्न नपाइने दवावले अंग्रेजी माध्यमका नीजि स्रोतको कक्षा सञ्चालनमा रोक लागी शिक्षकलाई सेवा सुविधा वापतको रकम समेत भुक्तानी गरी शिक्षक विदाइ गरिएको थियो । समयको माग र प्रतिस्पर्धी बजारको कारण पुनः अंग्रेजी माध्यमतर्फ विद्यालय अग्रसर हुनुपर्ने कारणले विद्यालयमा अंग्रेजी नेपाली दुवै माध्यमबाट कक्षा १२ सम्म सञ्चालनमा रहेको अवस्था छ ।

देशमा रोजगार सिर्जना गर्न सक्ने सीपमूलक शिक्षा आर्जनमा उल्लेख्य योगदान समयानुकुल दिन नसके पनि सैद्धान्तिक शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयका अग्रज प्रधानाध्यापक शिक्षक, संचालक समिति सहयोग समिति व्यवस्थापन समिति, राष्ट्रिय, महानगरीय स्थानीय, जनप्रतिनिधिको योगदान विद्यालयमा अविस्मरणीय रहेको पाइन्छ । विद्यालयले उत्पादन गरेका शैक्षिक जनशक्तिको बजारको सर्वेक्षण विद्यालयबाट गर्न नसकिए पनि यस विद्यालयबाट उत्पादित जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत स्थान लिन सक्षम भएका धेरै उदाहरणहरू पाउन सकिन्छ ।

सुरूवाती समयमा उचित भौतिक व्यवस्थानको अभावमा स्थानीय समाजसेवी शिक्षाप्रेमीले गर्नु भएको योगदान नै अहिलेको श्री रत्नराज्य मा.वि. को आधार रहेको कुरा विद्यालयले भुल्न मिल्दैन । हाल विद्यालयको भौतिक व्यवस्थापन भूकम्पको पुनः निर्माणको कारण स्तरीय बनेको छ तथापि विद्यालय, मन्दिर परिसर ऐतिहासिक पुस्तकालय समेत एउटै क्षेत्रमा रहेको कारण यी तिनवटै संस्था समाजको अभिन्न अंगको रूपमा रहेको तथ्यलाई सबैले नकार्न मिल्दैन । यस तथ्यलाई हृदयङ्गम गरी स्थानीय वानेश्वरवासी, स्थानीय निकाय, महानगरपालिका लगायत सरोकारवाला सबै तह र तप्काबाट सकारात्मक परिवर्तनका लागि ३ वटै संस्थालाई समन्वयात्मक ढंगबाट अघि बढाउन उचित हुने मेरो बुझाइ रहेको ।

विद्यालयप्रतिको सकारात्मक दृष्टिकोण स्थानीय शिक्षाप्रेमीको अथाहा रूपमा पाउन सकिन्छ । विद्यालयमा अध्ययन गर्ने आउने निम्न वर्गीय समुदायका बालबलिकाहरूको विद्यार्थीवृत्तिको लागि अक्षय कोषको स्थापना जुन ढंगले रत्न राज्यमा भएको छ यसलाई व्यवस्थित गर्नको लागि विद्यार्थी वृतिकोष सञ्चालनको लागि कोष सिर्जना समूहको नेतृत्वमा प्रभावकारी व्यवस्थापन गरी दाताहरूको लिस्ट हुने वातावरण सिर्जना गरी थप दाताहरूको आह्वान सहित विद्यालय



शिक्षा र उच्च शिक्षा विद्यार्थीवृत्तिको व्यवस्थापनको पहल विद्यालय व्यवस्थापन समितिबाट होस भन्ने मेरो चाहाना रहेको छ ।

यस श्री रत्नराज्य मा.वि.का गुरू गुरूआमाहरू साँच्चिकै गुरू ब्रम्हा गुरू विष्णु गुरू देवो महेश्वर.....। सम्बोधन लायक हुनुहुन्छ । विद्यालयमा सिर्जित विविध परिवेशबाट विचलित नभई विद्यार्थीको शिक्षा प्राप्त गर्ने नैसर्गिक हकप्रति कति पनि विचलित नभै अनवरत शिक्षा प्राप्त गर्न सघाउनु हुने गुरू गुरूआमाप्रति आभार व्यक्त गर्दछु । विद्यालयबाट तथा विद्यालय व्यवस्थापन समितिबाट उचित कदर हुनु पर्दछ भन्ने मान्यतालाई नभुलिदिनहुन सरोकारवाला सबैप्रति आग्रह गर्न चाहान्छु ।

"विद्या दधाती विनयम" भने झै विद्यार्थी भाइबहिनीहरूको अनुशासनलाई केन्द्र विन्दुमा राखेर समय सापेक्ष विश्व बजारमा विकाउ र टिकाउपन भएको गुणस्तरीय शिक्षा हासिल गर्नको लागि विद्यालयमा "उचित शैक्षिक वातावरण" सिर्जना गर्ने कार्यमा पूर्ण प्रतिवद्ध भै दिनु पर्दछ । शैक्षिक वातावरण सिर्जना गर्ने पहिलो हात नै विद्यार्थी भाइबहिनीको हुने गर्दछ । जुन विद्यालयका बालबालिकाहरू अनुशासित हुन्छन् त्यो विद्यालयको शिक्षाको गुणस्तर कहिल्यै खस्किदैन तसर्थ विद्यार्थी अनुशासित हुन स्वयम् विद्यार्थी, शिक्षक, अभिभावक सबैको महत्त्वपूर्ण भूमिका आ-आफ्नो क्षेत्रबाट पूरा हुनु पर्दछ । तब मात्र विद्यालयमा शैक्षिक वातावरण सिर्जना हुन पुग्दछ । स्वः अनुशासन नै विद्यालय शैक्षिक वातावरणको कडी हो । यसप्रति कटिवद्ध रहन कक्षा १२ सम्म अध्ययन गर्नु हुने विद्यार्थी भाइवहिनीहरूलाई आह्वान गर्न चाहान्छु ।

विद्यालयमा शिक्षकको व्यक्तिगत तथा संस्थागत उन्नयनका लागि विद्यालयमा समुचित वातावरण सिर्जना हुनु पर्दछ । सबैले समान अवसर पाउनु पर्दछ । शिक्षाको मनोबल कहिले पनि खस्कन दिनु हुन्न भन्ने मान्यता राख्नु पर्दछ । सबैको इज्जत सम्मान स्वभाविक रूपमा हुनु पर्दछ । मैले मा.शि.प्रथम श्रेणीमा बढुवा हुनुपर्ने क्रममा सर्वोच्च अदालत सम्म मुद्दा खेप्नु पऱ्यो, सामान्य प्र.अ. को जिम्मेवारी पाउन उच्च अदालत सम्म मुद्धा खेप्नु परेको दृष्टान्त छ । यो मलाई मात्र नभै देशभरिका कपितय स्वाभिमानी शिक्षकमा परेको पीडा हो । यस्ता खालका पीडामा शिक्षकलाई पारिनु हुन्न, कसैको पनि मान मर्दन हुनु हुँदैन भन्ने मेरो मान्यता हो । संस्थाले व्यक्तिको व्यक्तिले संस्थाको इज्जत बचाउने हो । संस्था निर्जीव चिज हो यसलाई जीवन्त रूप दिने त संस्थाका सञ्चालकले नै हो तसर्थ विद्यालय-शिक्षक अभिभवक, विद्यार्थी र आवद्ध सरोकारवाला निकायहरूको विचको सम्बन्धमा दरार आउनुहुन्न यदि दरार छ भने यसलाई न्यूनीकरणका लागि वि.व्य.स. र विद्यालय प्रशासनको सकारात्मक भूमिका जरूरी छ । "अभागी मर्छ चेतेर भाग्यमानी मर्छ देखेर" भने झैं मैले भोगे जस्ता नकारात्मक पक्ष रत्नराज्य मा.वि.का साथीहरूले भोग्नु नपरोस् मेरो कामना र सुभेच्छा । विद्यालयमा अनवरत खटिनु हुने कार्यालय सहयोगीहरूको भूमिकालाई अन्तस्करण देखि सम्झन चाहान्छु ।

अन्तमा विद्यालयमा रहँदा सहकार्यमा मबाट कोही कसैलाई केही त्रुटी महसुस गर्नु भएकोछ भने क्षमा गरिदिनु हुने नै छ । म जहाँ रहे पनि मेरो कर्मभूमि रत्न राज्य सधै अगाडि बढीरहोस् सधै म रत्न राज्यको शिक्षक विद्यार्थी, अभिभावक, संरक्षक .....हुँ भनी गर्व गर्ने अवसर हामी सबैलाई प्राप्त होस् । बानेश्वर महादेवले सबैको कल्याण गरून् ।

२०७९ चैत्र ९

रत्नराज्य मा.वि.सँगको मेरो आत्मिक सम्बन्ध

बल्दैछन् दीप नौला नवरस छ जहाँ गीतमा प्रीत हुन्छ
प्यारो माटो धराको जगमग छ जहाँ दीपले ज्योति छर्छ
फाली सारा अँध्यारो झलमल छ जहाँ खुल्छ मेरो प्रभात
हाम्रा आशा र आस्था नयन हृदयका हेर्दछन् दूरबाट ॥

डा. गीता शिवाकोटी (खरेल)
पूर्व प्राचार्य



(१) विषयप्रवेश

संसारमै शिक्षा र शिक्षक यी दुई शब्द गरिमामय र महिमामय बनेका छन् । यिनै दुई शब्दको प्रभावबाट राष्ट्रको चातुर्दिक उन्नति भएको देखिन्छ । शिक्षा भन्नाले विद्यालय तथा महाविद्यालयमा नियमित रूपले अध्ययन गर्ने, गराउने वा पढाइको व्यवस्था मिलाउने कार्य, वा ज्ञान दिने र लिने कार्य भन्ने बोध हुन्छ । श्रवण, मनन, दर्शन, पठन, प्रयोग वा अन्य प्रकारले समाज वा प्रकृतिबाट ग्रहण गरिने सैद्धान्तिक वा व्यावहारिक विषयको बोधलाई नै शिक्षाको संज्ञा दिइन्छ । त्यस्तै विद्यालयमा शिक्षा दिने व्यक्ति, गुरू, मास्टर वा अध्यापकलाई शिक्षक वा गुरू भन्ने गरिन्छ । यहाँ 'गु' को अर्थ मानिसको अन्तस्करणमा रहेको अशिक्षारूपी अन्धकार हो । 'रू' को अर्थ प्रकाश हो । अज्ञानरूपी अन्धकारलाई समाप्त पारेर ज्ञानरूपी उज्यालो प्रबाह गरी उनीहरूको उज्ज्वल भविष्य निर्माण गरिदिने व्यक्ति नै गुरू हुन् ।

(२) मानव जीवनमा शिक्षाको महत्त्व :

वैदिककलदेखि आरम्भ भएको गुरूशिष्य परम्परा वर्तमान समयसम्म अविरलगतिमा अगाडि बढ्दै आएको छ । गुरूको आश्रममा गएर तन, मन, धन र समर्पणका भावले गुरूकै सेवा गरी शिक्षा आर्जन गर्ने परिपाटीबाट आरम्भ भएको शिक्षा आर्जन गर्ने पद्धति अहिले ज्ञान विज्ञानको युगमा आइपुग्दा शैक्षिक क्षेत्रमा अनेकौं परिवर्तन भइसकेको पाइन्छ । कलिला बालबालिकाको सुन्दर बालमस्तिष्कमा शिक्षारूपि उज्याला धामका किरणहरू प्रवेश गराई उनीहरूको जीवनलाई नै सार्थक बनाइदिने कार्य सामान्य मानिदैन । उचित समयमा उचित शिक्षा प्रदान गरी देशलाई चाहिने विविध क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने व्यक्ति नै शिक्षक वा गुरू हुन् । उनीहरूकै शैक्षिक लगानीले परिवार, समाज र राष्ट्र समुन्नत हुन्छ । भनिन्छ जुन राष्ट्रको शिक्षा प्रणाली सुन्दर छ त्यो राष्ट्र समुन्नत र विकशित छ । *प्रछन्न गुप्ति धनं* भनी संस्कृतमा शिक्षालाई गुप्त धनका रूपमा लिइएको छ । *व्यये कृते वर्धत एव नित्यं* अर्थात् जति बाँड्यो उति वृद्धि हुने धन नै विद्या हो भनी शिक्षाको महत्त्वलाई चर्चामा ल्याइएको छ । उता *विद्या विहिनाम् पशु* भनी शिक्षा आर्जन नगर्ने मानिसको जीवनलाई पशुसँग तुलना गरिएका उदाहरणहरू पनि यत्रतत्र देखा पर्दछन् । *स्वदेशे पूज्येते राजा विद्वान् सर्वत्र पूज्यते* भनी विश्वभरि नै विद्वान्को कदर हुन्छ भनी विद्याको महिमागान गरिएको छ ।

(३) रत्नराज्यको शैक्षिक इतिहास :

राणाशासनको अन्त्यसँगै नेपालमा औपचारिक रूपमा अनेकौं विद्यालयहरू खुलेका थिए । साधारण मानिसका छोराछोरीले पनि शिक्षा आर्जन गर्न पाऊन् भनी विभिन्न ठाउँमा विद्यालय खुल्ने र खोल्ने सन्दर्भमा २०१८ मा काठमाडौंको मध्य बानेश्वरमा रत्नराज्य माध्यमिक विद्यालय स्थापना भयो । तात्कालिक शिक्षाप्रेमी व्यक्तिहरूको सक्रियतामा तात्कालिक प्र.अ. हेम हमाल र रात्री प्रौढ शिक्षालयका प्र.अ. दिनेश राज भट्टराई र अन्य शिक्षाप्रेमी, समाजसेवी व्यक्तिहरूको सक्रियतामा स्थापित यो विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक विकास निरन्तर रूपमा हुँदै आएको छ ।

विद्यालयको चातुर्दिक उन्नयनमा सबैको उत्तिकै भूमिका हुने भए पनि प्रधानाध्यापकको अहं भूमिका रहेको हुन्छ । म अहिले रत्नराज्यको शैक्षिक

इतिहासमा विद्यालयको उन्नयनमा सदा समर्पित भएर लागेका प्रधानाध्यापकहरूलाई सम्झन पुग्दछु । हेम हमाल, दिनेशराज भट्टराई, उत्तमप्रसाद बास्कोटा, प्रदिपसिंह थापा, विमलराज नेपाल, गोपाल गौतम, इन्दिरा भट्टराई (निमित्त), ध्रुवराज खनाल, हरिबोल भट्टराई, खगेन्द्रबहादुर बस्नेत, पद्मसिंह कार्की, षडानन्द गिरी, लक्ष्मीप्रसाद अधिकारी, गोपालप्रसाद बास्कोटा, शिवबहादुर महत (निमित्त) स्वयं म गीता खरेख (शिवाकोटी) को योगदान उत्तिकै रहेको जस्तो लाग्दछ । मेरो सेवानिवृत्तपछि निमित्त प्र.अ. जीवनप्रकाश रेग्मी, निमित्त प्र.अ. कृपाश्वर खड्काका साथै वर्तमान समयमा रामाशिष यादव सरले निमित्त प्रधानाध्यापकको रूपमा काम गर्दै आउनु भएको छ ।

(४) रत्नराज्य माध्यमिक विद्यालयमा मेरो प्रवेश :

वि.सं २०३८ साल भाद्र ४ गतेका दिन मेरो बीस/एक्काइस वर्षको ऊर्जावान् मस्तिष्क यस रत्नराज्य माध्यमिक विद्यालयमा प्राथमिक शिक्षकका रूपमा प्रवेश भयो । म आफूलाई भाग्यमानी ठान्छु किनकी मैले काठमाडौँको मुटुमा रहेको यस विद्यालयको शैक्षिक वातारणमा ज्ञान प्रवाह गर्ने अवसर पाएँ । यो अवसर मिलाइदिने तात्कालिक व्यवस्थापन समितिका अध्यक्ष स्वर्गीय कुवेर शर्मा, तात्कालिक प्र.अ. स्वर्गीय लक्ष्मीप्रसाद अधिकारीको सहयोग अविस्मरणीय रहेको छ । मलाई यस विद्यालयमा आएपछि शैक्षिक क्रियाकलापमा सदैव उत्साहित तथा उत्प्रेरित गराउने कार्य करिव दुई दशकसम्म विद्यालयको अध्यक्ष जस्तो गरिमामय पदमा रहेर विद्यायको उन्नतिमा सदैव समर्पित भएको व्यक्तित्व दिनेश राज भट्टराई रहेकोले उहाँलाई हृदयदेखि नै नमन गर्दछु । मलाई एकातिर औपचारिक शैक्षिक तहहरूका उपाधिहरू प्राप्त गर्नुथियो भने अर्कोतिर उपाधि अनुसारको शैक्षिक पदहरू प्राप्त गर्नु पनि त्यतिकै महत्त्वपूर्ण पक्ष थियो । विद्यायलमा कर्मठ शिक्षकका रूपमा रहेर, परिवारमा असल र सफल गृहणीका रूपमा रहेर, सन्तानलाई उचित शिक्षा दीक्षा दिंदै शैक्षिक उपाधिहरू बढाउनु त्यति सजिलो थिएन । तर मेरा श्रीमान् केशवराज खरेलको हरेक कार्यमा आत्मिक सहयोग र समाजमा नारीले अग्रगति लिनुपर्छ भन्ने धारणाको कारणले मेरा सबै परिस्थिति सहज बन्दै गए । कार्यारम्भ गरेपछि अवस्य पनि सफलताको शिखरमा पुग्न सकिन्छ भन्ने गीताको कर्मयोगलाई आत्मासाथ गरी म अगाडि बढ्दै गएँ । कवि दैवज्ञराज न्यौपानेले *केही दुःख भने हुन्छ काम गर्दा रमाइलो* भन्नु भएको छ । यो भनाइलाई मस्तिष्कमा राखी म कर्मयोगको मैदानमा रमाउन थालैं । यसरी रमाउनु नै मेरो खुसी थियो ।

(५) रत्नराज्य मा.वि.मा प्रा.वि देखि प्राचार्यसम्मको यात्रा

प्राथमिक शिक्षकको पदबाट यही रत्नराज्य माध्यामिक विद्यालयले नै मलाई निम्नमाध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा तात्कालिक रत्नराज्य माध्यमिक विद्यालयमा सञ्चालित बानेश्वर बहुमुखी क्याम्पसको उप प्राध्यापक जस्तो पदमा रहेर शिक्षण गर्ने मौका दियो । मलाई अहिले यति आनन्द आउँछ कि भानुभक्तले *जता हेर्‍यो उतै मेरा राम प्यारा* भनेझैं मैले जता हेर्छु उतै मेरा आँखाका नानी, मुटुका धट्कन, तात्कालिक समयका रत्नराज्यका गौरव र गहनालाई भेट्छु । अन्य सेवाबाट सेवा निवृत्त भएपछि यो आनन्दको अनुभूति हुन्छ कि हुँदैन म जान्दिन । मलाई मेरो ऊर्जाशील समयले शैक्षिक लगानी गरेका मेरा मानस सन्ततिलाई (मैले विद्यार्थीलाई मानस सन्तति भन्ने गरेकी छु) देख्दा आनन्दको अनुभूति हुन्छ ।

समयको गतिसँगसँगै स्वकर्ममा समर्पित भई सङ्घर्ष गर्दै जाँदा अनेकौं अवसरहरू पनि आउँदा रहेछन् । रत्नराज्य माध्यमिक विद्यालयमा बिहानी सत्रमा मानविकी, व्यवस्थापन र शिक्षा संकायमा +२ आरम्भ भएपछि मैले कोर्डिनेटरका रूपमा रहेर काम गर्ने मौका पाएँ । तात्कालिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद कोइरालाको सक्रियतामा मैले रत्नराज्य उच्च माध्यामिक विद्यालयको प्राचार्य जस्तो गरिमामय पदमा रहेर काम गर्ने अवसर प्राप्त गरैं । यी जिम्मेवारी पदहरू मेरो कर्मप्रतिको समर्पण, आँट र आत्माविश्वासका परिणाम हुन् ।

(६) रत्नराज्य मा.वि.मा शिक्षक विद्यार्थी, अभिभावक तथा समुदायसँगको मेरो आत्मिक सम्बन्ध :

हरेक मानिसलाई अवसरमात्र आउँदैनन् ती अवसरसँग चुनौति पनि आइरहेका हुन्छन् । मेरो विचारमा जीवन नै सङ्घर्ष, सङ्घर्ष नै जीवन हो । अतः ती चुनौतिहरूलाई सामना गर्न त्यति सजिलो पनि हुँदैन । समाज भनेकै विविधतामा एकता हो । एकतामा विविधता हो । समाजमा सबै प्रकारका मानिसहरू रहेका हुन्छन् । सबैको सोच एकै प्रकारको नहुन पनि सक्छ । कसैलाई उही काम आनन्ददायक हुन्छ भने कसैलाई त्यही काम पीडादायक हुन्छ । कवि रामप्रसाद ज्ञवालीले महाकाव्य *अन्तर्दृष्टि* मा भनेका छन् :

एउटै तथ्यमा हुन्छन् अनुभूति थरी थरी
एउटै घटनाबाट कुनै सुखी कुनै दुःखी ।।

एउटै घटना वा कार्य कसैलाई मन पर्छ र कसैलाई मन पर्दैन । मन नपराउन पनि पाइन्छ । यो मानिसको नैसर्गिक अधिकार हो । तर आफ्नो आत्मिक निर्णयलाई अगाडि बढाएर गरिएको उचित कार्यलाई साथसहयोग दिई हौसला प्रदान गर्ने मानिसको सङ्ख्या पनि कम नभएको महसुस भएकोले नै म विद्यालयको उन्नतिका लागि अगाडि बढिरहैं । मेरा सत्कर्मलाई विद्यालयमा अध्ययनरत विद्यार्थीहरू, तिनका अभिभावकहरू, शिक्षक साथीहरू, कर्मचारी मित्रहरू र शिक्षाप्रेमी, समाजसेवी व्यक्तित्वहरूसँगको सुसम्बन्धबाट शैक्षिक उन्नयनका लागि हामी अगाडि बढ्दै गयौं । जीवनमा अनेकौं उकाली, ओराली, आरोह अवरोह, सफलता, असफलताका बाबजुद पनि गुणरत्नमालामा उल्लेख गरिएको एक पद्यले मलाई झन उत्प्रेरित गर्दछ । जो यस्तो छ :

ऐले मर्नु परोस् वा युगपछि मरियोस् भुइँ फुटोस् वा पटक्क
थालेको काम पार नगरिकन त्यसै वीर बस्दैन ढुक्क ।।

यस कवितांशलाई आत्मासाथ गर्दै हामी विद्यालयको उन्नति तर्फ लागिरह्यौं । यस कार्यमा आफ्नो घर परिवारलाई भन्दा पनि बढी प्राथमिकतामा राखेर काम गर्ने परिपाटीमा विद्यालयका सहकर्मी शिक्षकसाथीहरूको आत्मिक सहयोग अविस्मरणीय रहेको छ । हामी रत्नराज्य माध्यमिक विद्यालयको त्रिपक्षीय उन्नयनमा सधैं समर्पित भयौं । केही कार्यहरू अविस्मरणीय छन् ।

(७) विद्यालयको जग्गा प्राप्तिका लागि गरिएका प्रयासहरू :

२०१८ सालमा स्थापना भएको रत्नराज्य माध्यमिक विद्यालय २०६६ भाद्र २३ गतेसम्म तात्कालिक व्यवस्थापन समिति, प्रधानाध्यापकहरूले प्रयत्न गर्दागर्दै पनि विद्यालय आफ्नो नाममा उभिन नसकेको अवस्थामा २०६६ साल श्रावण १७ गते यस विद्यालयमा उपस्थित बुद्धिजीवी तथा दाता महानुभावहरूको भेलाले यस विद्यालयको नाममा जग्गा खरिद गर्ने सुझाव व्यक्त भएअनुसार जग्गावाला तुलसी थापा र शान्ति बस्नेतसँग आपसी कुराकानी गरी सबैको सहयोग र सद्भावबाट अर्थसङ्कलनको कार्य आरम्भ भयो । विद्यालयका पूर्व अध्यक्ष कुबेर शर्माज्यूले रू १,००००। (एक लाख) चन्दा दिएर आरम्भ गरिएको चन्दा सङ्कलन कार्य निरन्तरता दिएर ५४,१०,७५२ (चवान्न लाख दश हजार सातसय बहत्तर) रूपियाँ सङ्कलन हुन गयो । विद्यालयको जग्गा खरिद गर्न रू ५२,५०००। (बाउन्न लाख पचास हजार) आवश्यक भएकोमा उक्त रकम सङ्कलन हुन सक्नुमा दाताहरूको यस विद्यालयप्रतिको सद्भाव, नेतृत्वप्रतिको विश्वास नै हो । हामी सबैको सतत् प्रयासबाट २०६६ भाद्र २४ गतेका दिन हाम्रो यस रत्नराज्य माध्यामिक विद्यालय सगौरव आफ्नो भूमिमा उभिन पायो । रू १० हजार वा सोभन्दा माथिका २४० दाताहरूको नाम विद्यालयको शिलालेखमा कुँदिएको छ र सो भन्दा कम रकम सहयोग गर्ने ११५ जनाको नाम विद्यालयबाट प्रकाशित पालुवा स्वर्ण महोत्सव विशेषाङ्कमा छापिएको छ । जस अनुसार २२१ जना स्थानीय व्यक्तिहरू, ९३ जना शिक्षक तथा कर्मचारीहरू, ४१ विद्यालय तथा सङ्घसंस्थाहरू र यस विद्यालयमा पठनपाठन गर्ने २४० जना भाइबहिनीहरूको पनि यस अर्थरूपि महायज्ञमा सहभागिता रहेको छ । उहाँहरू सबैलाई हृदयदेखि नै नमन गर्छु । जग्गावाला तुलसी थापा र शान्ति बस्नेतहरूले रू ५७,००००। मा १-६-३-०- रैकर जग्जा तथा ३-९-०-० गुठी जग्गा समेत गरी झन्डै ५ रोपनी जग्गा विद्यालयको नाममा लिखित पारित गरिदिने र महादेव स्थानको गुठीको हक पनि विद्यालयलाई छोडिदिने एवं महादेव लगायतका मन्दिरहरूमा नित्य पूजाआजाको व्यवस्था विद्यालयले नै गर्ने सर्तमा २०६६ साल भाद्र २४ गतेका

दिन निजहरूले रू ५२,५०००० (बाउन्न लाख पचास हजार) लिई २,५०००० (दुईलाख पचास हजार) विद्यालयलाई सहयोग स्वरूप शिलापत्रमा उल्लेख गरी जग्गाको हक विद्यालयको नाममा पारित गरिदिएको र सो मितिदेखि सो रत्नराज्य माध्यमिक विद्यालय विद्यालय आफ्नो भुमिमा उभिन पाएको छ । (स्वर्ण महोत्सव विशेषाङ्क, राजेन्द्र मराठा,रत्नराज्य उच्च माध्यमिक विद्यालय र आर्थिक सहयोग कर्ताहरू, पृष्ठ ३८)

यो विद्यालयका लागि यति गरिमामय र महिमामय ऐतिहासिक कार्य सम्पन्न भएकोमा हामी सबैले गौरवको अनुभूति गरेका छौं ।

(८) रत्नराज्य माध्यमिक विद्यालयमा समय सापेक्ष शिक्षण पद्धति :

२०६६ सालदेखि समयको मागअनुसार सरकारी विद्यालयमा पनि निजी विद्यालयका राम्रा पक्षहरूलाई अनुशरण गर्दै अगाडि बढेमा सरकारी विद्यालयहरू पनि निजिसरह वा सोभन्दा बढी उपलब्धि हासिल गर्न सक्छन् भन्ने मान्यतालाई आत्मासाथ गरेर हामीले पढ्न चाहने र क्षमता भएका विद्यार्थीहरूलाई पनि अङ्ग्रेजी माध्यमबाट शिक्षा आर्जन गर्ने कार्यको थालनी गर्नुका साथै समय सापेक्ष कक्षा ३ देखि ८ सम्म अनिवार्य अनि कक्षा ९ र १० ऐच्छिक विषयका रूपमा कम्प्युटर विषयको आरम्भ गरियो । यसको प्रभावका कारण रत्नराज्यमा निजि विद्यालयका विद्यार्थीहरूको ध्यानाकर्षण भयो । विद्यालयमा नयाँ भर्नामा चाप बढ्नुका साथै सिकाइ उपलब्धिमा वृद्धि भयो । यस कार्यमा ऊर्जा थप्ने कार्य सञ्चार जगत्ले पनि गरेका थुप्रै उदाहरणहरू पनि छन् । कान्तिपुर दैनिक, शिक्षा पत्रिका, हि.टा. लगायत साझा सवालको कार्यक्रमलाई बिर्सनै सकिँदैन ।

(९) भूकम्पपछिको विद्यालयको अवस्था :

रत्नराज्य माध्यमिक विद्यालयको भौतिक, आर्थिक र शैक्षिक अवस्थामा आशातीत परिणाम प्राप्त भइरहेको अवस्थामा २०७२ साल बैशाख १२ गते गएको विनाशकारी महाभूकम्पका कारण विद्यालयको पुरानो भवन चर्किन गएको र जिल्ला शिक्षा कार्यालयले विद्यार्थीहरू राख्न नमिल्ने भनी रातो स्टिकर समेत टाँस गरिदिएपछि तात्कालिक करिव २,२०० विद्यार्थीहरूको पठनपाठनमा निकै असर पर्न गयो । कारूणिक र जतातै तहसनहस भएको अवस्थामा राज्य पनि मुकदर्शक भएर बस्नुबाहेक केही थिएन । केही समयपछि वातावरण सहज त भयो । विद्यालयहरू खुल्न थाले । विद्याथीहरूको विद्यालय आउने क्रम बढ्न थाल्यो । जिल्ला शिक्षा कार्यालय र केही आन्तरिक स्रोतबाट विद्यालयको प्राङ्गणभरि मान्द्रे टहरा निर्माण गरी कक्षा आरम्भ गरियो । गृष्म ऋतुको असैह्य गर्मी र वर्षा ऋतुको असिना पानीका कारण शिक्षणसिकाइ क्रियाकलापमा निकै गाह्रो भएको महसुस भयो । विचरा कलिला नानीहरूको अनुहार सम्झँदै भवन निर्माण कसरी गर्नेहोला भन्ने चिन्ता रात दिन मस्तिष्कमा कुदिरहन्थ्यो । *एक व्यक्ति एक इँटा*को नारा लिई हामी घरघरमा पुग्यौं । यस क्षेत्रका सांसद्, विद्यालयका शिक्षक साथीहरू, शिक्षाप्रेमी व्यक्तित्वहरू, अभिभावकहरू, बानेश्वरवासीहरूको सद्भाव, विश्वास र हामीभित्रको समर्पणको भावलाई देखेर होला सबैबाट १,०८,८५,७२२ । (एक करोड, आठ लाख, पचासी हजार सातसय बाइस) नगद उठेकै कारण हामीले जीर्ण भवनलाई भत्काई ८ कोठे पक्की भवन निर्माण गऱ्यौं । तात्कालिक सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको करकमलबाट सो भवन उद्घाटन गर्नुको साथै समस्त दाताहरूलाई सम्मानपत्रद्वारा सम्मान गर्ने कार्य सम्पन्न भएको थियो । यो कार्य पनि रत्नराज्यको इतिहासमा प्रशंसनीय कार्य हो जस्तो हामीले अनुभूति गरेका छौं ।

विद्यार्थी संङ्ख्या अधिक भएका कारण अझै भवन निर्माण गर्नु पर्ने बाध्यात्मक परिस्थिति थियो । अतः जिल्ला शिक्षा कार्यालयदेखि शिक्षामन्त्रालयको सहयोगबाट एसियाली विकास बैङ्कको ऋण सहयोगमा बाँकि रहेको खाली ठाउँमा अर्को नयाँ भवन निर्माण गर्ने कार्य आरम्भ भयो । त्यसका बिचमा केही बाधा व्यवधानहरू आए पनि सो भवन निर्माण कार्य सम्पन्न भई ए.डि.वि.द्वारा विद्यालय हस्तान्तरणको कार्य समेत सम्पन्न भयो । चमेनागृह निर्माण भइरहेको अवस्थामा पत्तै नपाइकन मेरो सेवा निवृत्त हुने समय पो आइपुगेछ । उक्त बाँकी कामलाई वर्तमान समयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिबाट सम्पन्न हुनेछ भन्ने विश्वास लिएका छौं ।

विद्यालयको चातुर्दिक उन्नतिका लागि स्थायी प्रधानाध्यापक भएमा अझ विद्यालयको द्रुततर गतिमा विकाश हुने भएकोले विद्यालय व्यवस्थापन समितिको ध्यान त्यतातिर गइरहेको अनुभूत गरेकी छु । विद्यालय समुदायको स्थायी सम्पत्ति हो । शिशिर ऋतुमा पुराना पातहरू झर्नु र वसन्तमा पलाउनु जस्तो विद्यालयमा पनि प्रत्येक वर्ष नयाँ विद्यार्थीहरू भर्ना हुने र उमेरका कारण सेवानिवृत्त भएर पुराना शिक्षकहरूको विदाई भई नयाँ शिक्षकहरूको आगमन हुने पद्धति निरन्तर चलिरहने प्रक्रिया हो, सदैव चल्छ र चल्दै जान्छ । अतः स्वार्थभन्दा माथि उठेर सदैव विद्यालयको हितमा लाग्नु, विद्यालयमा अध्ययनरत समस्त बालबालिकाको सुन्दर तथा उज्ज्वल भविष्य निर्माणमा दत्तचित्त हुनु विद्यालयमा कार्यरत सबैको परम कर्तव्य हो । यस्तो कार्यमा सबै समर्पित भएको देख्न पाइरहूँ । यही मेरो आभ्यान्तरिक इच्छा छ ।

चैत्र १७, २०७९, का.म.पा.१०, मध्यबानेश्वर ।

■

नयाँ वर्षको शुभकामना !



खगराज जोशी
शिक्षक



आयो वर्ष नयाँ बनेर सुकिलो आसा सुनौला धरी ।
खेल्छन् भाव नयाँ उमङ्ग मनमा होला कि नौलो भनी ॥
पीडा छन् अनजान यी विगतका धोकाघडीका कुरा ।
वाचा कर्म भुलेर जसले हान्यो दिलैमा छुरा ॥१॥

कोरोना कहरै बनेर दुनियाँ ठप्पै भएको थियो ।
बाढीसाथ पहिरो गएर घरमा पीडा अनेकौं दियो ॥
डेङ्गी रोग बनेर काल जसले ज्यानै हजारौं लियो ।
नेता भ्रष्ट हुँदा सबैतिर यहाँ दुर्भाग्य कस्तो भयो ॥२॥

मेरा मित्रहरू सबैतिर सधैं उल्लास आसा छरोस् ।
त्यस्ता दुःख नहून्न कुनै पनि यहाँ नोलो सुनौलो बनोस् ॥
बाली अन्न फलून खेतहरूमा वर्षा बनोस् शान्तिको ।
छाओस् शान्ति सालभरमा दङ्गा नहोस् कालको ॥३॥

विद्यार्थी जनले सिकून् गतिलो नौलो कुनै सिर्जना ।
शिक्षा स्वास्थ्य यहाँ बनेर खदिलो बास्ना छरोस् विश्वमा ॥
धन्दाकाम मिलोस् बनेर इलमी स्वदेश हाम्रो बनोस् ।
खाना खोज्न कतै विदेशतिरमा उड्नै नपर्ने बनोस् ॥४॥

मिल्ला मार्ग कुनै निकास मनको होलान् सबै यी पुरा ।
यस्ता छन् मनका अनेक सुविधा आसा बनेका कुरा ॥
बन्ला यो नव वर्ष काल रसिलो बुझ्ने गरौ भावना ।
हामीले शुभकर्म गर्छु म भनी गर्ने गरौ कामना ।५॥

नेपालमा कानूनी शिक्षा

डा. अर्जुन कुमार खड्का
सहसचिव, नेपाल सरकार



शिक्षालाई मौलिक हकमा राख्ने थोरै मुलुकहरुको सूचीमा नेपाल पनि पर्छ। यसैले नेपालको संविधानमा मौलिक हकको ग्यारेण्टी गर्ने कार्यहरु अन्तर्गत शिक्षा सम्वन्धी हकलाई नागरिकको मौलिक हकका रुपमा सुनिश्चित गरेको अवस्था छ। शिक्षाको हकलाई मात्रै संविधानमा उल्लेख नगरेर संविधानले आधारभूत शिक्षामा नागरिकको पहुँचलाई समेत मौलिक हकका रुपमा परिभाषित गरेको अवस्था पाइन्छ। उदाहरणको लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निः शुल्क बनाउने कुरा समेत मौलिक हक कै रुपमा राखिएको छ। यसैले नेपालमा शिक्षा सम्बन्धी हकको दायरालाई फराकिलो पार्दै मौलिक हकका रुपमा आत्मसात गरिएको छ। जुन कार्यलाई नेपालको संविधानको धारा ३१ तथा बालबालिकाको सम्बन्धमा धारा ३९ लगायतका संवैधानिक व्यवस्थाबाट स्पष्ट हुन आउँछ। तर कानूनी शिक्षाको सन्दर्भमा उक्त संविधान मौन रहेको अवस्था देखिन्छ। केवल उक्त संविधानको धारा २० को उपधारा (१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ भन्ने व्यवस्था उल्लेख भए तापनि त्यस्तो कानूनी सहायता मुद्दा मामिलाको सन्दर्भलाई लिएर भन्न खोजिएको हो। तर विश्वविद्यालय स्तरको कानूनी शिक्षालाई भन्न खोजिएको होइन।

यसैले यस लेखमा कानूनी शिक्षाको विकास, नेपालमा शिक्षा सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था शिक्षा र कानूनी शिक्षामा अन्तर सम्बन्ध तथा कानूनी शिक्षाको भावी कार्य दिशा लगायतका विषयमा उल्लेख गर्ने प्रयास गरिएको अवस्था छ।

२. कानूनी शिक्षाको विकास

शिक्षा सम्बन्धी मौलिक हकको सन्दर्भमा कुरा गर्दा कानूनी शिक्षा कुनै पनि व्यवस्थित अर्थमा अधिकांश न्याय क्षेत्रमा अपेक्षाकृत कार्य हो। यस्तो शिक्षाले पुरातन ग्रिस र रोममा कानूनी विशेषज्ञता भएका व्यक्तिहरुको व्यवसायिक वर्गको स्थापनालाई समर्थन गर्ने कार्यमा वकालत गरी नैतिक र कानूनी विषय जस्ता औपचारिक प्रशिक्षण दिने कार्यमा बढावा दिन्छ। तथापि कानूनी शिक्षाको प्रारम्भिक रुपहरु मुख्य रुपमा अवलोकन मार्फत प्रदान गरिने कार्यबाट सूत्रपात भएको थियो।

कानूनी शिक्षाको सन्दर्भमा पुरातन समयमा औपचारिक शैक्षिक अध्ययनको सट्टा कानूनी सल्लाहकारको लागि प्रशिक्षकको रुपमा सेवा गरेर प्रशिक्षण प्राप्त गर्ने कार्यमा केन्द्रित गरियो। यसै कारणले गर्दा कानूनी शिक्षाका पाठयक्रम धेरै शताब्दीसम्म दुर्लभ हुन गए। तर विस्तारै कानून तथा परम्परागत प्रथा दुवै सामान्य हुन थाले। साथै, अदालतको निर्णयको अभिलेख राख्ने प्रचलनसँगै कानूनका शिक्षक वा जानकारले परम्परागत कार्यलाई प्रतिस्थापित गर्ने गरे। यसै हुनाले कानूनी शिक्षाको सुरुवात प्राचीन कालमा कानूनी नियम, नैतिकता र न्यायलाई जोड्ने पाटोको रुपमा विकासित हुदै आएको अवस्था हो। जुन कुरा अहिले सर्व व्यापी रुपमा स्वीकार गरिएको छ।

मध्ययुगीन बेलायतमा कानूनी शिक्षा अदालतको विषयमा प्रयोग हुने गरेको थियो। जसले उच्च व्यावसायिक प्रशिक्षण संगठित गरेको थियो। जसमा यसलाई लिपिबद्ध गर्ने चिकित्सकहरु र अभ्यासात्मक अभ्यास र बन्द तथा विशेष प्रकृतिका समुदायमा खाना खाने पाठयक्रममा समावेश गरिएको थियो। हुन त कानूनी शिक्षाको लागि ऐतिहासिक प्रेरणा नै प्रमुख थियो। जसले अंग्रेजी कानूनी शिक्षालाई अन्यत्र पाइने विश्वविद्यालयमा आधारित कानूनी शिक्षाबाट फरक पार्दै निरन्तर विरासत प्रदान गरेको पाइन्छ। जोन

यस लेखमा उल्लेख भएका कुराहरु व्यक्तिगत हैसियतमा अनुभवको आधारमा उल्लेख गरिएको विचार भएको हुनाले नेपाल सरकारको धारणालाई प्रतिनिधित्व नगर्ने व्यहोरा अनुरोध गर्दछु। Email: khadka.arjun@gmail.com

अस्टिन जेरेमी बेन्थम र सर हेनरी माइन जस्ता अंग्रगामीहरुको साथमा उन्नाइसौ शताब्दीसम्म त्यस्तो व्यवस्था थिएन जुन विश्वविद्यालय लन्डन र त्यस भन्दा बाहिरको शिक्षा परिषद सहित सन् १८५२ मा स्थापित भएको थियो। कानूनी विद्वानहरुको समाज र अन्य निकायहरुसँग संयुक्त अधिराज्य र आयरल्याण्डमा बिसौ शताब्दीभर कानून शिक्षण र कानून शिक्षकको स्रोत तथा स्थितिको बढावा दिएको अवस्था रह्यो। संयुक्त राज्य अमेरिकामा कानूनी शिक्षा सामान्यतया सन् १८१७ मा हार्वड कानून स्कूलको जगबाट सुरु भएको पाइन्छ। त्यस पछिको विकासलाई अमेरिकी कानूनले सहयोग पुर्याउँदै आएको अवस्था रह्यो। साथै, रोमन कानून, कमन ल कानून र अन्तराष्ट्रिय कानून तथा जुस कम्युन युरोप महदीपमा मध्ययुगीन विश्वविद्यालयहरुमा कानून अध्ययनको केन्द्रबिन्दु थियो। यी कानूनी स्रोतहरुले व्यावसायिक वर्गहरु बिचको व्यापारलाई सहज बनाउने एक साझा अन्तराष्ट्रिय कानूनी भाषाको आधार बनाउन सक्ने अवस्था रहयो।

यसै गरी मौलिक मूल्यहरुको सट्टा प्राविधिक अल्पकालिक नियमको साथ आवेशोषित रोमन कानून क्यानन कानून र अन्तराष्ट्रिय कानून शिक्षा कम्युन युरोप महाद्वीपमा मध्ययुगीन विश्वविद्यालयहरुमा कानूनी अध्ययनको केन्द्र बिन्दु थियो। यी कानूनी स्रोतहरुले साझा अन्तराष्ट्रिय कानूनी भाषाको आधार बनाएको पाइन्छ। यिनमा मुख्य गरेर वाणिज्य तथा व्यापारमा बढी जोड दिएको अवस्था थियो। कमन ल प्रणालीमा यस प्रवृत्तिको अपवादको रुपमा र केही हदसम्म यस कम्युनबाट प्रभावित भए तापनि रोमन कानूनबाट अपेक्षाकृति अछुतो स्वदेशी र परिस्कृत कानूनी संस्कृतिको प्रारम्भिक विकासले बेलायतमा यसको प्रभाव धेरै कम भयो। राष्ट्रिय कानूनी प्रणालीहरुमा पछिको ध्यान राष्ट्र राज्य र उदार कानूनी पेसाहरुको उदयसँग सम्बन्धित रहेको थियो।

नेपालको सन्दर्भमा सन् १९१८ मा त्रिचन्द्र कलेजको स्थापना हुनु अघि उच्च शिक्षाको प्रचलन थिएन। साथै, विक्रम सम्वत् १९६० (सन् १९१३) मा *श्रेष्ठ पाठशाला* नामक प्राथमिक विद्यालयको स्थापनासँगै सुरु भएको कानूनी शिक्षाले देशमा न्याय प्रशासनको लागि प्रशिक्षित कनिष्ठस्तरको जनशक्ति उत्पादन गर्ने प्राथमिक विद्यालयको रुपमा विकास भयो। तर उक्त विद्यालयले सैद्धान्तिक र उच्च स्तरीय कानूनी ज्ञान दिने कार्यमा भनी सफलता प्राप्त गर्न सकेन। यसैले कानून शिक्षाको सन्दर्भमा विक्रम सम्वत् २०११ सालमा उच्च शिक्षाको रुपमा कानून कलेजको स्थापना भएपछि स्नातक तहको एल.एल.बी. कार्यक्रम सञ्चालन पश्चात नेपालमा विधिवत कानूनी शिक्षाको सुरुवात हुन गयो। उक्त कानूनी शिक्षामा मुलत भारतीय मोडेल र भारतीय कानूनी सामग्रीहरु अपनाइएको थियो। जुन राष्ट्रिय आवश्यकता र राष्ट्रिय कानून प्रणालीसँग मेल खाँदैनन्, किन भने त्यस बेलाका अन्य पाठयक्रमहरु जस्तै ल कलेज पनि भारतको पटना विश्वविद्यालयको सम्बन्धमा स्थापना भएको थियो। हुन त ल कलेजको स्थापनाले नेपालमा उच्च स्तरको कानूनी शिक्षाको नेतृत्व गरेको कुरा प्रशंसानीय नै रहन गयो।

तथापि विदेशी विश्वविद्यालयको पाठयक्रम नेपाली समाजको आवश्यकतासँग मिल्दोजुल्दो नभएको कारणबाट यसको प्रभावकारी देखिएन। यसैले नेपालमा विक्रम सम्वत् २०२८ सालमा सुरु गरिएको राष्ट्रिय शिक्षा योजना मार्फत कानूनको विषयमा पनि थप परिमार्जन गरियो। जसको फलस्वरुप २०३० सालमा कानून संकाय अन्तर्गत दुई वर्षे इन्टर मिडिएट (आई एल)तथा तीन वर्ष स्नातक तहको (बि एल) को कार्यक्रम सुरु गरियो। उक्त कार्यक्रममा मुख्य गरेर दुई वर्षे आइ एलमा मुटकोड, सेमिनर जस्ता कानूनका व्यावहारिक ज्ञान दिने विषयलाई पाठयक्रममा समावेश गरिए पछि कानूनी शिक्षाको विकास तथा व्यवस्थापन हुँदै गयो।

विकासको सूचकका रुपमा गुणात्मक शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था रहन्छ। कानून प्राविधिक प्रकृतिको शिक्षा भएकोले मुलुकको विकास र प्रवर्द्धनका लागि विशेष महत्त्व रहेको छ। देशमा जनताले प्राप्त गरेको गुणात्मक कानूनी शिक्षाले अन्तराष्ट्रिय क्षेत्रमा समेत महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था रहन्छ। जसले न्यायपूर्ण तथा समतामूलक समाजको स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्छ। यसले उपयुक्त कानूनी शिक्षा र कानूनी ज्ञानका साथै कानूनी क्षेत्रको तालिमले देशको न्याय प्रशासनको विकासलाई अघि बढाउन मद्दत गर्छ। यसै कारणले कानूनी ज्ञान र तालिम दिने कार्यक्रम सञ्चालन गर्ने सुदृढ संस्थाको आवश्यकता पनि रहन्छ।

हुन त विगत केही वर्षदेखि कानून विषयको पठन पाठन त्रिभुवन विश्वविद्यालयमा स्नातक तथा स्नातकोत्तर (एल.एल.बी तथा एल.एल.एम)को अलावा अन्य विश्वविद्यालयमा पनि हुँदै आएको छ। जस्तै पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयमा पनि हुदै आएको अवस्था रहेको छ। साथै, विश्वविद्यालयबाट कानून विषयमा ज्ञान हासिल गरेका

जनशक्तिले अन्य विषयको भन्दा सहज रुपमा नै पेसागत व्यवसाय गर्न पाएको अवस्था पनि रहेको छ।तर विश्वविद्यालयमा दुई वर्षे इन्टर मिडिएट (आइ.एल.) स्तरको पठन पाठन चाहि बन्द गरिएको अवस्था छ। जसले गर्दा मध्यस्तरको कानूनी शिक्षाको ज्ञानमा कमी रहेको पाइन्छ।

३. नेपालमा शिक्षा सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

कानूनी शिक्षा कानूनी नियम, नैतिक र न्यायलाई जोडने विश्वव्यापी प्रश्नहरु सोधेर शास्त्रीय समयमा सुरु भएको हुन सक्छ र धेरै पछि यी तत्वहरुलाई पूर्ण रुपमा खारेज गरेर अलग गरिएको थियो। पुरातन संसारका धेरै प्रारम्भिक कानूनविद्हरु पक्कै पनि आफ्नो दृष्टिकोणमा संकुचित थिएनन र कानून तथा नैतिकताको बीचमा तिव्र भिन्नताहरु राख्दैन थिए। यसैले उक्त समयमा कानूनी तथा नीतिगतभन्दा पनि नैतिक बन्धन मार्फत कानूनी शिक्षालाई व्यवस्थित गरियो। तर बदलिँदो सोच र विचारभन्दा कानूनी तथा नीतिगत संरचना मार्फत शिक्षा सम्बन्धी व्यवस्था गर्ने कार्यमा बढावा दिनुपर्ने अवस्था आएको हुँदा हरेक मुलुकले कानूनी संरचनाको स्थापन गरेको पाइन्छ। यसै सन्दर्भमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएसँगै नेपाल राज्यको संरचना संघ प्रदेश र स्थानीय तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नेछन् भन्ने व्यहोरा संविधानको भाग ५ धारा ५६ मा राज्य संरचनाका वारेमा उल्लेख गरिएको छ। राज्य शक्तिको बाँडफाँडका बारेमा धारा ५७ मा उल्लेख गरिएको छ जस अनुसार संघको अधिकार अनुसूची ५, प्रदेशको अधिकार अनुसूची ६ संघ प्रदेशको साझा अधिकार अनुसुची ७ स्थानीय तहको अधिकार अनुसूची ८ र संघ प्रदेश तथा स्थानीय तहको साझा अधिकार अनुसुची ९ बमोजिम हुनेछ। यसका अतिरिक्त संघ प्रदेश र स्थानीय तहको कार्यकारिणी तथा व्यवस्थापकीय अधिकारका बारेमा पनि संविधानले प्रष्ट उल्लेख गरेको अवस्था छ।

संवैधानिक प्रावधान अनुरुप नै तिनै तहका सरकारलाई शिक्षा सम्बन्धी कार्य गर्न सक्ने अधिकार प्राप्त भएको छ। यसमा पनि संविधानको अनुसूची ८ को क्रम संख्या ८ ले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार दिएको अवस्था छ। यसले गर्दा शिक्षाको व्यवस्थापन गर्ने अधिकारलाई तल्लो तहसम्म पुन्याएको भए तापनि कानूनी शिक्षाको बारेमा उल्लेख भएको पाइँदैन। जुन बदलिदो समाजको लागि आवश्यकता रहेको छ। यसैले माध्यमिक शिक्षा अन्तर्गत कानून विषयको पठन पाठनको आवश्यकता रहेको देखिन्छ। सोको लागि सम्बद्ध स्थानीय तहले ध्यान दिनु पर्ने अवस्था छ।

शिक्षा सम्बन्धी विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मुलुकभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्ने सम्बन्धमा थुप्रै ऐनको व्यवस्था भएको अवस्था छ। यस्ता ऐनहरुमा मुख्य गरेर **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१**, शिक्षा ऐन, २०२८, प्राविधिक शिक्षा तथा व्यावसायिक, तालिम परिषद् ऐन, २०४५ त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ लगायत अन्य विश्वविद्यालय एवं नेपाल खुला विश्वविद्यालय ऐन, २०७३, विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० तथा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ एकतर्फ रहेको अवस्था छ। यसै गरी शिक्षा सम्बन्धमा व्यवस्था गर्न विभिन्न नियमावलीको पनि व्यवस्था गरिएको अवस्था छ। उदाहरणको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नियमावली, २०५१, उच्च माध्यमिक शिक्षा नियमावली,२०५३, उच्च माध्यमिक शिक्षा नियमावली,२०५३ तथा शिक्षा नियमावली, २०५९ रहेका छन्।यसर्थ, शिक्षा सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था गरिएको भए तापनि कानूनी शिक्षा सम्बन्धी भनी सामान्य व्यवस्था पनि भएको पाइँदैन।

४. शिक्षा र कानूनी शिक्षामा अन्तर सम्बन्ध

(क) शिक्षा

शिक्षा जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा हो। यसले अर्थ दिन्छ, मानसपटलमा प्रभाव पार्छ चरित्र परिवर्तन गर्दछ। शिक्षाको अधिकार जन्मजात अधिकार हो। शिक्षाको अधिकार भनेको जान्न पाउने अधिकार र आफ्नो जीवन र जीवनशैलीमा परिवर्तन गर्ने अधिकारसँग सम्बन्धित अधिकार हो। शिक्षाको अधिकारका विभिन्न प्रकारहरु रहेका छन्। उदाहरणको लागि प्राथमिक शिक्षा, माध्यामिक शिक्षा, व्यवसायिक शिक्षा र उच्च शिक्षा रहेको पाइन्छ। यसैले भन्ने

गरिन्छ, शिक्षाको अधिकार सबैलाई छ। कम्तीमा प्रारम्भिक र आधारभूत तहमा शिक्षा निःशुल्क हुने कानूनी व्यवस्था धेरै देशमा पाइन्छ। यस्तो व्यवस्था नेपालमा समेत रहेको पाइन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई सामान्य रुपमा उपलब्ध गराउने र योग्यताका आधारमा उच्च शिक्षा सबैका लागि समान रुपमा उपलब्ध गराइने प्रचलन समेत रहेको छ। वास्तवमा व्यक्तिको विकासको लागि शिक्षा निःशुल्क हुनु पर्छ। जसले गर्दा सबै मुलुकहरु बिचको समझदारी लैङ्गिक गुणस्तर र मित्रताको विकासमा समेत यसले बढाव दिन सक्ने अवस्था रहन्छ।

शिक्षा सबैका लागि निःशुल्क, न्यूनतम, प्राथमिक र आधारभूत तहको लागि उपलब्ध हुनु पर्नेछ। प्रत्येक व्यक्तिले आफ्नो आधारभूत सिकाई ज्ञान प्राप्त गर्नको लागि शैक्षिक ज्ञानबाट लाभ लिन सक्ने हुनु पर्नेछ। त्यसको लागि शिक्षाको अर्थपूर्ण अधिकार रहने गर्छ। सामान्यत शिक्षामा मुख्यत *चार* ए ले महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ। यी हुन उपलब्धता (Availability), पहुँच (Accessibility), स्वीकार्यता (Acceptability), तथा अनुकूलता क्षमता (Adaptability), रहन्छ। यी चार कुराको उल्लेख संक्षिप्तमा देहाय बमोजिम गर्न सकिन्छ :-

उपलब्धता (Availability)

यसमा मुख्य गरेर शिक्षाको लागि राज्यले विद्यालयको उपलब्धतालाई सुनिश्चित गर्नु पर्ने मान्यता रहन्छ। त्यस्तो सुनिश्चिता मुख्य गरेर बालबालिकाको शिक्षा प्राप्त गर्न सक्ने अधिकारलाई निश्चितता गर्नु पर्नेछ। यसको लागि प्राथमिक शिक्षालाई अनिवार्य र सबैका लागि निःशुल्क उपलब्ध हुनु पर्ने मान्यता रहेको छ। यसैले प्राथमिक शिक्षा, उच्च शिक्षा तथा आधारभूत शिक्षा सबैका लागि उपलब्ध हुनु पर्ने कुरालाई आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धको धारा १३.२ (क) ले समेत उल्लेख गरेको पाइन्छ।

पहुँच योग्य (Accessibility)

सबै शैक्षिक संस्थाहरु सबैको पहँच योग्य हुनु पर्छ। यसमा मुख्यतया जात, लिंग, वर्ण, धार्मिक, आर्थिक हैसियत, भाषा र आप्रवासी स्थिति वा अपाङ्गताको आधारमा कसैलाई भेदभाव गर्न पाइँदैन भन्ने कुरा नै हो। विद्यालय सबैका लागि सुरक्षित हुनु पर्ने कुरामा यस कार्यले जोड दिन्छ। साथै, विद्यालय समुदायबाट उचित दुरीमा हुनु पर्नेछ। शिक्षाको लागि सस्तो र पाठयपुस्तकको पहुँच योग्य रहनु पर्दछ। उच्च शिक्षा सबैका लागि पहुँचयोग्य र सबैका लागि समान हुनु पर्छ। अपांगता भएका व्यक्तिहरुले समावेशी, गुणस्तरीय र निःशुल्क प्राथमिक शिक्षा र माध्यामिक शिक्षा आफू बसोवास गर्ने समुदायमा समान रुपमा पहुँच हुनु पर्ने कुरा जोड दिइएको छ।

स्वीकार्यता (Acceptability)

यसमा मुख्य गरेर विद्यालयको शिक्षा सिकाई विधि अभिभावकलाई आफ्ना बालबालिकाका लागि शिक्षा स्वीकार्य हुनु पर्छ। यसको लागि सरकारले तोकेको राष्ट्रिय मापदण्ड पूरा गर्दै पनि समानताको शिक्षा दिनु पर्छ। शिक्षा पद्धति पनि सबैलाई सहज र स्वीकार्य रहनु पर्छ। साथै सिकाई विधि र जीवन शैलीमा निर्भरता तथा अनुकूल हुनु पर्दछ।

अनुकूलता क्षमता (Adaptability)

अनुकूलता भन्नाले शिक्षा लचिलो र सजिलो हुनु पर्दछ। जसले गर्दा विद्यार्थीहरुको लागि समान परिणामहरुलाई बढावा दिन सकियोस्। शिक्षा बालबालिका, युवा र उच्च विद्यार्थीका लागि अनुकूल हुनु पर्ने मान्यता राखेको पाइन्छ।

(ख) कानूनी शिक्षा

कानूनी शिक्षा एक पद्धतिप्रति लक्ष्य हुने शिक्षा हो। यो प्राचिन ग्रीक र रोमन सभ्यतादेखि नै नैतिक तथा कतिपय अवस्थामा कानूनी हैसियतमा विकासित हुदै आएको अवस्था रहेको पाइन्छ। सुरुका अवस्थामा यो शिक्षा अवलोकन तथा तालिम मार्फत प्राप्त हुदै आएको अवस्था रहेको देखिन्छ।हुनत धेरै लामो समयसम्म कानूनी शिक्षाको लिखित पुस्तिकाहरु प्राप्त हुन नसकेको अवस्था देखिन्छ।तथापि प्रथा तथा परम्पराको आधारमा भएका कतिपय निर्णयलाई कार्यान्वयन गर्ने पाटोमा अदालती फैसला, सामाजिक परम्परा थीति सम्बन्धी व्यवसायमा लागेका जानकारीको योगदानको माध्यम मार्फत कानूनी शिक्षालाई बढावा दिने कार्यलाई विगतमा जोड दिने प्रचलन रहेको पाइन्छ।जसको फलस्वरुप कानूनी शिक्षामा आज यो परिस्थिति विकासित हुदै आएको अवस्था छ।

कानूनी शिक्षाको सुरुवातीको अवस्थामा कानून, नियम, नैतिकता तथा न्यायिक विधा मार्फत यसलाई अगाडि बढाइएको अवस्था रहेको पाइन्छ। तर पछि यी सबै विदाहरु छुटा छुटटै रुपमा विकासित हुन थालेको पाइन्छ। हुनत मानव सभ्यताको सुरुवातीको समयमा नैतिक तथा कानूनी शिक्षालाई समानताको आधारमा नै व्यवहार दिने प्रचलन रहेको पाइन्छ। वास्तवमा मुलुकको कानूनी शिक्षालाई विश्व

बजारमा बिक्री योग्य बनाउने आजको चुनौती पूर्ण कार्य हो। विश्व व्यापार संगठन (WTO) मा नेपालको संलग्नतासँग देशबाट उत्पादन हुने जनशक्ति राष्ट्रिय स्तरमा मात्रै नभई विदेशी विश्वविद्यालयबाट आएका जनशक्तिसँग पनि उभिन र प्रतिस्पर्धा गर्न सक्षम हुनु पर्छ। यसका लागि देशको विकासोन्मुख अवस्थाका लागि आर्दश र उचित कानूनी शिक्षा हुनु पर्छ। किनभने अनैतिक कार्यलाई प्राथमिकता दिने, निहित स्वार्थका साथ अन्यायपूर्ण काम गर्ने जस्ता अप्रत्याशित सामाजिक विकृतिहरुबाट बच्न आर्दश र उचित कानूनी शिक्षा हुने पर्ने अवस्था रहन्छ। यसै कारणले गर्दा सम्बद्ध विश्वविद्यालयले देशमा आदर्श कानूनी शैक्षिक कार्यक्रम ल्याउन सकेमा अनावश्यक सामाजिक विकृतिको अन्त्य सम्भव हुनेछ।

व्यवहारमा नेपालको कानूनी शिक्षालाई विश्व बजारमा बिक्री योग्य बनाउने आजको चुनौतीपूर्ण कार्य रहदै आएको छ। किन कि विश्व व्यापार संगठनमा नेपालको संलग्नतासँगै नेपाली जनशक्तिको दायरा एक तर्फ बढेको छ भने अर्कोतर्फ अन्य देशबाट उत्पादन भएका जनशक्तिले समेत नेपाली बजारमा सहजताका साथ पहुँच पाउन सक्ने कानूनी प्रावधान रहन्छ। मुलुकको विकासको सूचकका रुपमा गुणात्मक कानूनी शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।विशेष गरी कानूनी शिक्षा प्राविधिक प्रकृतिको भएको हुनाले देश विकास र प्रवर्धनका लागि कानूनी शिक्षाले महत्त्व राख्ने गरेको पाइन्छ। देशमा जनताले प्राप्त गर्ने गुणात्मक कानूनी शिक्षाले अन्तराष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था रहन्छ। कानूनी शिक्षा जसले न्यायपूर्ण र समतामूलक समाजको स्थापनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था रहन्छ। कानूनी शिक्षाले न्याय प्रशासन तथा सुशासनको लागि मद्वत पुन्याउन सक्ने अवस्था रहन्छ। यसका लागि कानूनी ज्ञान तथा तालिम दिने क्षेत्रको आवश्यकता पर्छ। यसै गरी कानूनी शिक्षा र तालिममा भिन्नता छुटायाएमा यो भन्न सकिन्छ कि समय बित्दै जाँदा पछिल्लोले पहिलेको कुरालाई निरन्तर रुपमा विस्थापित गरेको छ र नतिजा हालसम्म कानूनी सोचका सिमानाहरु संकुचित हुँदै गएको छ र कानूनी आधारमा थप अन्तर्मुखी भएको छ।

५. मानव अधिकार र कानूनी शिक्षा

मानव अधिकार शिक्षा आधुनिक मानव अधिकार र सबैका लागि मानव अधिकार शिक्षाको सबैभन्दा गहिरो आधार हो। मानव अधिकार शिक्षाको अधिकारले सामान्यतया आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरुमा प्रभाव पार्छ। शिक्षाको अधिकारको अवधारणालाई अन्तराष्ट्रिय मानव अधिकार संगठनहरुको पहलबाट परिभाषित गरिएको छ। शिक्षाको अधिकारको परिपूर्तिका लागि चार "क" उपलब्धता, पहुँच, स्वीकार्यता र अनुकूलताको विधि चार "क" को रुपमा पूरा गर्नु पर्छ। विद्यालयमा शिक्षक र शिक्षण सामग्री उपलब्ध हुनु पर्छ र सबैका लागि समान पहुँच हुनु पर्छ। साथै, शिक्षा जनताका लागि अनुकूलनीय र लचिलो हुनु पर्छ। सबैका लागि समान पहुँच हुनु पर्छ। शिक्षा जनताका लागि अनुकूलनीय र लचिलो हुनु पर्छ। शिक्षा र मानव अधिकार शिक्षाको अधिकार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसँग मिलेर सम्बन्धित छ त्यसका लागि राज्यले अन्य राज्यसँग राम्रो सम्बन्ध राख्नुपर्छ। मानवअधिकार शिक्षामा सरकारको मानव अधिकारको सम्मानको रुपमा केही दायित्वहरु छन्। मानव अधिकार शिक्षाको अधिकारले मानव अधिकारका लागि उत्तम बुझाईलाई सशक्त बनाउँछ।

६. चुनौती

शिक्षा आधुनिक समाजको प्रमुख कारक हो। उत्कृष्ट शिक्षा भनेको त्यो हो जसबाट मानिस आफ्नो जीवनमा पूर्णतया सिद्व गर्न सक्छ। राष्ट्रको सर्वाङ्गिण विकासका लागि शिक्षालाई प्रमुख कारक मानिन्छ। यो शिक्षा हो जसले समाजलाई ज्ञान र प्रविधिको संगठनमा रुपान्तरण गर्दछ। विकसित र अल्पविकसित राष्ट्रहरु आफनो समाजको विकासको प्रक्रियामा कानून र कानूनी शिक्षाको महत्त्व र भूमिकाबारे सचेत छन्। कानूनी शिक्षा, सामाजिक परिवर्तनको गतिशील माध्यम भएकोले समाजको आवश्यकता पूरा गर्न उपलब्ध गराउनु पर्छ। त्यसैले यस क्षेत्रमा नयाँ कार्यक्रमहरु र गतिविधिहरुलाई विश्वव्यापी परिर्वतनको परिदृश्यको सन्दर्भमा राष्ट्रिय आवश्यकतालाई समर्थन गर्नु पर्दछ।

यसै हुनाले संविधानमा शिक्षा सम्बन्धी हकको व्यवस्था गरेर मात्रै पुगेन। आम नागरिकका लागि गरिएको वन्दोवस्तले बालबालिकाका हकमा विशेष अवस्थाका कारणले विशेष व्यवस्था माग गर्दछ भनेर भिन्न र विशिष्ठ व्यवस्था गरे जस्तै समाजमा सदियौं देखि विद्यामान सामाजिक कुरीतिका रुपमा रहेको अछुत वा दलित समुदायका



लागि पनि विशिष्ठ अवस्था भएका कारणले सोही बमोजिम विशिष्ठ व्यवस्थाको माग गर्दछ भन्ने कुरालाई स्थापित गर्दै संविधानको धारा ४० मा छुटटै मौलिक हकका रुपमा दलितको हक राखिएको छ भने दलित समुदायका लागि शिक्षा सम्बन्धी अझै विशिष्ठ व्यवस्थाको खाँचो पर्ने कुरालाई आत्मसात गरेर नै छात्रवृत्ति सहितको निशुल्क शिक्षाको सुनिश्चितता गर्दै उच्च शिक्षाका हकमा विशेष व्यवस्था समेत गरिएको छ। जसमा मुख्य गरेर संविधानमा उल्लेख भएको शिक्षा सम्बन्धी हकमा दलित समुदायका बारेमा गरिएको विशिष्ठ व्यवस्थालाई उक्त वर्गलाई बढी महत्त्व दिएको अवस्था समेत देख्न सकिन्छ।

देशको विकासको सूचकका रुपमा गुणात्मक शिक्षाले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ। प्राविधिक प्रकृतिका भएकोले देशको विकास तथा प्रवर्धनका लागि कानूनी शिक्षाको विशेष महत्त्व रहेको हुन्छ। देशमा सम्बन्धित देशका जनताले प्राप्त गरेको गुणात्मक कानूनी शिक्षाले अन्तराष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्छ। यो कानून र कानूनी शिक्षाले अन्तराष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ। कानूनको विषयमा लिइने शिक्षा कानूनी शिक्षा हो। जसले न्यायपूर्ण र समतामूलक समाजको स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था रहन्छ। देशमा न्यायपूर्ण विकास तथा पद्धतिलाई कायम राख्नको लागि कानूनी शिक्षाले अहम भूमिका खेलेको हुन्छ। जसले गर्दा यस्तो शिक्षाको विकासको लागि सबल कानूनी ज्ञान तथा तालिम दिने कार्यक्रम सञ्चालन गर्ने सुदृढ संस्थाको आवश्यकता छ।

७. भावी कार्य दिशा

कानूनी शिक्षामा गतिशिल सामाजिक आवश्यकताहरु पुरा गरी समस्याको समाधान गर्न तथा WTO मा नेपालको सदस्यता प्राप्त भएको लामो समय व्यतित भएको अवस्थालाई समेत मध्यनजर गर्दा कानून र कानूनी शिक्षाका लागि आगामी दिन बढी अवसर तथा चुनौतीका रुपमा लिन सकिन्छ। यद्यपि यो नयाँ परिदृश्यले अवसर तथा चुनौती दुवै ल्याउन सक्ने अवस्था रहन्छ। यसैको कारणबाट नेपालको कानूनी ज्ञान र सिप अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था देखिन्छ। त्यसका लागि पर्याप्त सिप र स्रोत साधनको आवश्यकता छ। अन्यथा प्रचुर स्रोत र ज्ञान भएका विदेशी लगानीकर्ताको प्रवेशले स्वदेशी संस्थाको अस्तित्वमा बढी चुनौती थपिन सक्ने अवस्था रहन जान्छ।

यसर्थ, यस्ता कार्यको व्यवस्थापनको लागि देहायका कुराहरुमा ध्यान दिनु पर्ने देखिन्छ

- कानूनी पाठयक्रमलाई परिमाणमुखी बनाई नयाँ विकास र आविष्कारहरुसँग मिश्रण गर्ने,
- राष्ट्रिय आवश्यकता र अन्तराष्ट्रिय मापदण्डहरु पुरा गर्न प्रकृतिको कानूनी शिक्षाको व्यवस्थापन गर्ने,
- माग अनुसार पाठयक्रमको समयानुकूल परिमार्जन र अद्यावधिक गर्ने,
- कानूनी अनुसन्धान गतिविधिहरु प्रवर्धन गर्न र अनुसन्धानलाई शिक्षण सिकाई प्रक्रियासँग जोडने

  सन्दर्भमा कर्पोरेट जगतसँग राम्रो सम्बन्ध बढाउने कार्य गर्छ,
- कानूनी संकाय विकास कार्यक्रमहरुलाई बढाव दिने

कार्यमा ध्यान दिनुपर्ने,

- प्रविधि र अनलाइन कानूनी स्रोतहरु कानूनका विधार्थीहरुमा मात्र सीमित नगरी फराकिलो दायरा बनाउनुपर्ने,
- सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, कानून मन्त्रालय, नेपाल कानून आयोग लगायत नेपाल बार काउन्सिल र बार एसोसिएसन, विभिन्न विश्वविद्यालय तथा अन्य कानूनसँग सम्बद्ध संस्थाहरुसँग घनिष्ट सम्बन्ध स्थापना गरी वास्तविक नीतिगत व्यवस्था गर्ने,
- अन्य मुलुकमा रहेका कानूनका विश्वविद्यालयसँग सम्पर्क र समन्वय गरी कानूनका विद्यार्थी बीच शैक्षिक आदान प्रदान गर्ने ,
- शैक्षिक कार्यक्रमहरु र शिक्षण शिक्षाका लागि नयाँ र उदीयमान क्षेत्रहरु अन्वेषण गर्ने कार्यमा जोड दिनुपर्ने,
- योग्य संकायहरुलाई आकर्षित गर्ने, कायम गर्ने र सुनिश्चित गर्ने कार्य गर्ने,
- विभिन्न क्षेत्रहरुको मानव संशाधनको आवश्यकताहरु पूरा गर्न छोटो अवधि तर व्यवहारिक पाठयक्रमहरुको विकास र कार्यान्वयनमा ध्यान दिने कार्य गर्ने,
- कार्यक्रम र फयाकल्टी आदान प्रदान जुम्ल्याउन प्रतिष्ठित संस्थाहरुसँग सहकार्य खोज्ने कार्यमा बढावा दिन सक्ने अवस्था रहन्छ,
- राजनीति लगायतका सबै बाधा अवरोधबाट मुक्त कार्यक्रम प्रवर्धन गर्ने कार्यमा पनि जोड दिनुपर्ने अवस्था रहन्छ,
- शैक्षिक पाठ्यक्रमहरुको प्रतिस्पर्धात्मक शक्तिहरुको निरन्तर वृद्धि,
- गतिशील विश्वव्यापी वातावरणको आवश्यकतालाई सम्बोधन गर्ने कार्यलाई ध्यान दिनुपर्ने,
- कठोर अनुसन्धान र संकाय विकास कार्यक्रमहरुको सुरुवात गर्नुपर्ने,
- विदेशका अग्रणी विश्वविद्यालयहरु र कानूनी तालिम संस्थानहरुसँग सम्बन्ध र स्थापना गर्ने तथा विश्वस्तरीय कार्यक्रमहरु डिजाइन र कार्यान्वयन गर्न सहकार्य गर्नुपर्ने।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको सातौ वर्ष पार गर्न लागेकोछ। नयाँ संविधान राजनैतिक हिसावले राजनैतिक प्रणालीका हिसावले त आमुल परिवर्तनको दस्तावेज हुदै हो शिक्षाका क्षेत्रमा पनि यसले त्यही स्तरको आमुल परिवर्तनको अपेक्षा गरेको छ। शिक्षालाई मौलिक हकका रुपमा परिभाषित गर्ने कुरा अनिवार्य र निशुल्क शिक्षाको सुनिश्चितताको कुरा, उच्च शिक्षा क्रमश निशुल्क बनाउँदै लैजाने कुरा अत्यन्तै महत्त्वका विषय हुन। यसरी नै तीन तहको राज्यको संरचना र तिनै तहमा राज्य शक्तिको वाँडफाँड संविधानले नै गरेर आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहमा तोकिएको कुरा **अर्को** महत्त्वको कुरा मात्रै हैन प्रणालीमा नै आमूल परिवर्तनको कुरा पनि हो। त्यसैले संविधानले परिकल्पना गरेका अधिकारको प्रत्याभूति, संविधानले नै गरेको अधिकारको वाँडफाँडको समुचित तालमेल मिलाउने कुरा नै यतिवेलाको महत्त्वको विषय हो। यसैलाई केन्द्रमा राखेर संविधानका व्यवस्थाहरुका मापदण्डका आधारमा नीतिहरुको परिमार्जन र बन्न बाँकी ऐन बाँकी नीतिहरुको निर्माण संविधानकै मर्म र भावना हुनु पर्ने कुरामा बढी ध्यान केन्द्रीत गर्नु पर्ने अवस्था रहेको छ। किन भने नीति निर्माणमा सरोकारवालाहरुलाई सहयोग गर्न सके र नीति असल बन्यो भने सो को लाभग्राही आम जनता नै हुने भएकोले यस कदमलाई एक महत्त्वपूर्ण रुपमा लिने गरेको पाइन्छ। यसर्थ, यस्तो अवस्थामा कानूनी शिक्षाको लागि समेत ध्यान दिनु पर्ने आवश्यकता रहेको हुदाँ अन्य शिक्षाका अन्य विधा जस्तै कानूनी शिक्षामा पनि जोड दिनु पर्ने जरुरी छ।

सन्दर्भ सामग्री

- नेपालको संविधान,
- कानून किताब व्यवस्था समितिबाट प्रकाशन भएका कानूनका पुस्तकहरु,
- विभिन्न विश्वविद्यालयका बुलेटिन तथा वेवसाइट,
- कानूनी शिक्षा सम्बन्धी आलेख,
- शिक्षा प्रशासन सम्बन्धी विभिन्न आलेकहरु,
- शिक्षा मन्त्रालय तथा सम्बन्धित विभागका बेबसाइड,
- संघीय संसदमा प्रस्तुत विभिन्न आर्थिक बर्षका बजेट वक्तब्य,
- विविध सामाग्री।

नेपाली अक्षर संरचनामा देखिएका समस्या

सीता पन्थी
शिक्षक



भाषालाई शुद्ध रूपमा लेख्न, बोल्न र पढ्न भाषाको नियम जान्नु आवश्यक हुन्छ । यो नियम जेमा लेखिएको हुन्छ त्यो व्याकरण हो । वर्ण, पद, वाक्यको यथार्थ संश्लेषण र विश्लेषण पद्धतिद्वारा कुनै भाषालाई शुद्ध रूपमा बोल्न, लेख्न र पढ्न सिकाउने शास्त्रलाई व्याकरण भनिन्छ । आवाजहरूद्वारा भाषा बन्दछ । यी आवाज वा ध्वनिहरू कतिपय सङ्केत चिन्हद्वारा अभिव्यक्त हुन्छन् । आवाज वा ध्वनिहरूलाई अभिव्यक्त गर्ने सङ्केत चिन्हलाई वर्ण वा अक्षर भनिन्छ ।

वर्णभन्दा ठूलो र शब्दभन्दा सानो भाषिक संरचनागत एकाइलाई अक्षर भनिन्छ । व्यवस्थापरक व्याकरणले व्याख्या गरेको सोपानक्रममा यो उच्चारण व्यवस्थाको उपव्यस्थाभित्र पर्दछ । 'अक्षर' नम तत्पुरूष समास अन्तर्गत पर्ने शब्द हो । यसलाई संस्कृत व्याकरणले 'नक्षर इति अक्षरम् भनी व्याख्या गरेको छ । संस्कृत भाषामा यस शब्दको सम्बन्ध ज्यादाजसो धार्मिक, आध्यात्मिक वा दार्शनिक विषयसँग रहे पनि भाषिक तात्पर्यमा लेख्य अभिव्यक्तिसँग पनि नजिक मान्न सकिन्छ । नेपाली व्याकरणमा प्रयोग भएको अक्षर चाहिँ Syllable को नेपाली उल्था हो । यद्यपि खास व्याख्येय विधाका रूपमा यसलाई महत्त्व दिइएको पाइँदैन । सबै व्याकरणकार, प्राध्यापक, शिक्षक, भाषा चिन्तकमा अक्षरबारे कुनै बेमेल नहोला तर विभिन्न प्रकाशन संस्थाले शैक्षिक बजारमा ल्याएका अनिवार्य नेपाली पुस्तकहरूमा विविधता देखा परेको हुनाले विद्यार्थीहरूलाई पठनपाठनका सिलसिलामा समस्या देखा परेको छ । यसमा देखिएका समस्या औल्याएर वास्तविकताको खोजी होस् भन्ने यस लेखको उद्देश्य हो ।

'अक्षर भाषाको उच्चारण व्यवस्था अन्तर्गतको उपव्यवस्था हो यसको संरचकको रूपमा भाषिक ध्वनि र वर्णहरू रहन्छन् । भाषिक ध्वनि, वर्णका सामग्री भएजस्तै वर्ण पनि अक्षरका सामग्री हुन् । अमूर्त, अव्यवस्थित, असंख्य भाषिक ध्वनिलाई वर्णसिद्धान्तले विभिन्न प्रकारले निश्चित र व्यवस्थित गर्दछ । कार्यगत दृष्टिले एउटै वर्ण पनि अक्षरको संचरनामा आउँछ भने कहिलेकाहीँ दुई वा सो भन्दा बढी वर्ण पनि एकाक्षरी संरचनामा आउँछन् । स्वरवर्णहरू आक्षरिक संरचनामा आउँछन् भने व्यञ्जन वर्णहरू अनाक्षरिक संरचनामा आउँछन् । पतञ्जलीले "स्वरविना व्यञ्जनको उच्चारण हुँदैन" भनेका छन् । यो भनाइ संसारका सबै भाषामा लागू नभए पनि नेपाली भाषामा लागू हुने देखिन्छ । स्वरवर्ण 'अक्षर'को केन्द्रीय तत्व हो । स्वरवर्ण विना व्यञ्जन वर्ण अक्षर बन्न सक्दैन ।

भाषिक व्यवस्थामा संरचना पक्षलाई मात्र ध्यान दिने हो भने वर्ण, अक्षर र रूप (मुक्त र बद्ध दुवै) को स्थिति एउटै एकाइमा पनि देखिन्छ । कार्यगत आधारमा मात्र यी तिनै पृथक देखिन्छन् । 'अज्ञानी' शब्दमा यस कुरालाई स्पष्ट पार्न सकिन्छ ।

अक्षर संरचनागत विभाजन : अ+ग्य्आ++नु इ
शब्द उच्चारणगत विभाजन : अ- ज्ञान-ई

यहाँ 'अ' अक्षर र रूप (बद्ध रूप) दुवै हो । यसलाई संरचनागत आधारमा वर्ण, अक्षर र रूप तिनै मान्न सकिए तापनि कार्य समान छैन । यो उदाहरणबाट के स्पष्ट हुन्छ भने अक्षरको कार्यगत सम्बन्ध वर्णभन्दा माथिल्लो र शब्दभन्दा तल्लो एकाइका साथ हुन्छ ।

अक्षर पहिचानको अर्को आधार यसको सुश्राव्यता र सासको प्रवाह हो । भाषिक ध्वानिको समग्रताबाट शब्द बोलिन्छन् । शब्दको उच्चारण गर्दा कतिवटा श्रव्य एकाइ सुनिन्छन् ? यसलाई उच्चारण गर्ने व्यक्ति स्वयं वा श्रोताले थाहा पाउन सक्दछ । विस्तारै बोलेको बेलामा यसलाई अझ राम्ररी सुन्न-बुझ्न सकिन्छ । जहाँसम्म सुश्रव्यताको आधार छ यसमा व्यक्ति बोली, भाषिका, द्विभाषिका, विषयगत प्रभाव जस्ता विषयले भिन्नताको भूमिका खेल्न सक्छन् । जस्तैः

भातः 'नेपाली' पहिलो भाषाको रूपमा सिकेको वक्ताले एकाक्षरी र 'बंगाली' र 'गुजराती' मातृभाषा

भएकोले द्वयाक्षरी ।

स्कुल- नेपाली वक्ताले द्वयाक्षरी र अङ्ग्रेजी भाषीले एकाक्षरी प्रा.डा. माधवप्रसाद पोखरेल "एक मुल्को सासमा उच्चारण गर्न सकिने वर्णहरूको मालालाई अक्षर भनिन्छ । "भन्दछन् । शब्द उच्चारण गर्दा कागज वा पात मुखनेर राख्ने र कतिवटा सासका लहरले सो कागज वा पातलाई हल्लाउँछ सो गनेर पनि अक्षरसंख्या छुट्याउने विधि अपनाउन सकिन्छ ।

अक्षरसम्बन्धी उपर्युक्त विशेषताहरू प्राय सबै भाषामा समान रहने कुरा भाषाविद्हरू बताउँछन् । यही आधारमा नेपाली भाषाका अक्षर सम्बन्धी कुराहरू अगाडि सार्नुपर्दछ । यो नितान्त कथ्य भाषासित सम्बन्धित विषय भएकोले उच्चारणगत मौलिकता ख्याल गर्नुपर्दछ । यद्यपि माथि बताइए अनुसारका जटिलता पनि देखिन्छन् । यति हुँदाहुँदै पनि अक्षरमा रहेका वर्णहरू छुट्याउने क्रममा र अक्षरसीमा निर्धारण गर्ने विषयमा प्रायः सबै किताबमा एक रूपता पाइँदैन । नेपाली भाषा व्याकरणमा रूची राख्ने बौद्धिक वर्ग, भाषाव्याकरणका शिक्षक, प्राध्यापक र विद्यार्थीमा यसको नकारात्मक असर पर्ने सम्भावना देखिन्छ । विश्वविद्यालय वा सो अन्तर्गतका संस्था, सरकारी वा गैरसरकारी प्रकाशन संस्था वा निजी प्रयासमा यस सम्बन्धी भाषिक एक रूपताका निम्ति पहल गरेको देखिँदैन ।

कक्षा १२ को अनिवार्य नेपालीको पाठ्यक्रम व्याकरणमा अक्षर संरचना र त्यसको संख्या निर्धारण राखिएको छ । शब्दगत उच्चारणलाई आधार मानेर अक्षर संरचना गर्नुपर्ने देखिन्छ तर विभिन्न लेखकका पुस्तकमा यसको संरचनागत विभिन्नता भएकोले यसले सिकाइमा समस्या ल्याएको छ । कतिपय लेखकले उच्चारणलाई आधार मानेर पटकको आधारमा संख्या निर्धारण गर्ने गरेको पाइएको छ भने कसैले अक्षरको संरचना गरेर त्यसको संख्या निर्धारण गरेको पाइन्छ । यसरी नेपाली भाषाको व्याकरण जस्तो गम्भीर विषयमा एकरूपता नहुँदा सिकाइमा समस्या आउने गरेको छ ।

अक्षर संरचनाका एकाइहरू प्रस्तुत गर्दा लेखकपिच्छे देखापर्ने वर्णहरूको प्रस्तुति र अक्षरसीमाको कारणले पढाइमा कुन लेखकको किताबलाई आधार मान्ने फरक-फरक किताबी सूचनालाई विद्यार्थीले उठाउँदा के कस्तो जवाफ दिने यो समस्या प्रायः देखिन्छ । अहिलेका विद्यार्थीमा नेपाली भाषा व्याकरणप्रति त्यति चासो पनि छैन र जस्तो लेखे पनि नेपालीमा असफल भइँदैन भन्ने मान्यता छ तर पनि आधिकारिकता हरेक विषयमा हुनु पर्दछ । यहाँ केही उदाहरणबाट विषयगत विविधतालाई देखाउन सकिन्छः

शब्द	अक्षर संरचना
मन्त्र	मन्+त्र -२
विचित्र	बि+चित्+त्र-३
आधुनिकीकरण	आ.धउ.न्इ.क्अ.र्अ.अण-७
मनोवैज्ञानिकहरूबाट	म्अ.न्ओ.ब्अइ.ज्ञआ.न्इक्.ह्अ.रउ.ब्आ.ट्अ.-९
पत्र	प्.अत्.+तर्अ.-२
वृक्षरोपण	व्+र्+इ+क्+छ्+य्+अ+र्+ओ+प्+अन्-५
समानाधीकरण	स्+अ+म्+आ+न्+आ+ध्+इ+क्+अ+र्+अ+ण्-७

माथिको उदाहरणमा अक्षरसीमा र वर्ण लेखनमा विविधता छ । प्रा.मोहनराज शर्मा, खगेन्द्र लुइँटेलका किताबमा र प्रा.डा. माधव प्रसाद पोखरेल र अन्य लेखकका किताबमा अक्षर सीमाङ्कन विधि समान भए पनि अक्षरको संरचना समान छैन । कतिपय किताबमा अक्षर संख्या तोकिएकै छैन र वर्ण विभाजन पनि फरक छ ।

भाषाको गतिशीलताले प्रभाव पार्ने मुख्य पक्ष उच्चारण व्यवस्था हो । अर्थात् उच्चारण व्यवस्था नै भाषा परिवर्तनका सिलसिलामा सबैभन्दा बढी प्रभावित रहन्छ । यस्तो अवस्थामा अक्षर संचरना पहिल्याउनु र अक्षरसीमा तोक्नु आफैंमा जटिल कार्य हुन्छ । तुलनात्मक रूपमा पुराना पुस्ताले पुरानो उच्चारण व्यवस्था स्थिर राखेका हुन्छन् भने युवा पुस्ताले समकालीन गुणलाई अपनाएका हुन्छन् । यस्तो स्थितिमा मानकीकरण र आफ्नो भाषामा स्वीकृत वर्ण व्यवस्थापनलाई ख्याल गर्नुपर्दछ । नेपाली भाषा-व्याकरणमा संयुक्त वर्ण (क्ष,त्र,ज्ञ) र एकल (ञ,ण,श,ष) वर्णलाई संरचना र उच्चारणमा हेरिएको छ । संयुक्त वर्णलाई संस्कृत व्याकरणका आधारमा व्याख्यागर्ने र ञ, ण, श, ष एकल वर्ण नेपालीमा उच्चारण हुँदैनन् भनी व्याख्या गरिसकेपछि अक्षर संरचनामा किन समस्या

देखिएको छ त ?

यस्तो समस्या र अनेकतालाई अन्त्य गर्नको लागि अक्षर संरचनामा अक्षर संख्या तोक्नु उपयुक्त देखिन्छ । विभिन्न लेखकका पुस्तकमा देखिएका संरचनागत विभिन्नतालाई पूर्ण उच्चारणगत आधार लिएर वर्ण विभाजन गर्नु जायज देखिन्छ । यस्तो नगरी व्याकरण जस्तो गम्भीर र महत्त्वपूर्ण विषयमा आफ्नो जिब्रोले उच्चारण गरे अनुसार वर्ण सीमाङ्कन गर्ने हो भने भाषामा अराजक स्थिति सिर्जना हुन्छ । तसर्थ यो कुरा स्थिर नहुँदासम्म यो शीर्षकलाई भाषा व्याकरणको पाठ्यक्रमबाट हटाई विद्यार्थीको भाग्य निर्णय गर्ने कामबाट पछि हट्नुपर्दछ । जुन बेला यो स्थिर मान्यताको रूपमा स्थापित हुन्छ त्यही समयदेखि यसलाई पाठ्यक्रममा समावेश गर्नु उचित हुनेछ ।

सन्दर्भ सामग्री

विद्वत्केशरी जगन्नाथ शर्मा त्रिपाठी, नेपाली व्याकरण, बोध, शैली र रचना भृकुटी एकेडेमिक पब्लिकेशन २०७५

रमाकान्त पौड्याल १७ औं विशेषाङ्क "विद्या" वि.सं. २०६४

हेमाङ्गराज अधिकारी, समसामयिक व्याकरण-वि.सं. २०४९, ठाकुर शर्मा र राम प्रसाद दाहाल-'अनिवार्य नेपाली' वि.सं. २०६०

मोहनराज शर्मा र खगेन्द्र लुइँटेल- आधुनिक भाषा सिद्धान्त-वि.सं. २०६०

देवी नेपाल र लावण्य ढुङ्गाना-अनिवार्य नेपाली, वि.सं. २०६३

अङ्गद गौतम र कृष्णविलास पौड्याल- अनिवार्य नेपाली वि.सं. २०५५



सामाजिक अध्ययनको महत्त्व, आवश्यकता र चुनौतीहरू

चेतनाथ धमला
शिक्षक



सामाजिक अध्ययनको परिभाषा

सामाजिक अध्ययन केलाई भनिन्छ ? यसमा कस्ताकस्ता विषयवस्तुहरू समावेश हुन्छन् र यसले कसका बारेमा अध्ययन गर्दछ भन्ने बारेमा विभिन्न विद्वानहरूको विचार, धारणामा एकमत पाइदैन तथापि केही विद्वान र समाजशास्त्रीहरूले यस विषयमा दिएका विचारहरूलाई अध्ययन गर्नु बढी सान्दर्भिक देखिन्छ । डब्लु एच गिफिन

"सामाजिक अध्ययन मानिस र वातावरण बीचको सम्बन्धमा अध्ययन गर्ने विषय हो । यसले सामाजिक विज्ञानबाट विषयवस्तु ग्रहण गर्दछ तर एउटै सामाजिक विज्ञानले यसको प्रकृति निर्धारण गर्न सक्दैन । यसमा सामाजिक विज्ञानबाट प्राप्त विषयवस्तु विभिन्न तरिकाले संगठित गरिन्छ ।"

– शैक्षिक अनुसन्धान विश्वकोष

"सामाजिक अध्ययन यस्तो विषय हो जसमा मानव जीवनको रहनसहन मूल्य मान्यता र विभिन्न क्रियाकलापको बारेमा अध्ययन गरिन्छ ।"

– समाजशास्त्री जोन डी.वी.

"सामाजिक अध्ययन यस्तो विषय हो; जसले व्यक्तिलाई आर्थिक, सामाजिक, राजनीतिक, ऐतिहासिक, भौगोलिक आदि पक्षसँग समायोजन गराउँछ ।"

– समाजशास्त्री जोन यु. मिखालिस

"सामाजिक अध्ययन मानव र उसको सामाजिक तथा भौतिक वातावरणसँगको अन्तरक्रिया तथा मानवीय सम्बन्धको व्याख्या गर्ने विषय हो ।"

माथि उल्लेखित परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने मानिस जुन समाजमा जन्मन्छ, त्यही समाज र त्यहाँका सबैखाले वातावरणसँग समायोजन गराउने विषय नै सामाजिक अध्ययन हो । सामाजिक अध्ययनले मानिस मानिसबीच, मानिस र समुदायबीच तथा मानिस र आत्मबीच अन्तरक्रिया गराउँछ । परिवार समाजको प्रारम्भिक स्वरूप हो भने परिवारको वृहत र संगठित रूप समाज हो । समाजमा बस्ने हरेक मानिसलाई आफ्नो समाजको सामाजिक, सांस्कृतिक र भौतिक वातावरणले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट प्रभावित गर्दछ । घर, परिवार र समाज नै मानिसको पहिलो पाठशाला हो किनकि समाजबाट मानिसले जीवनोपयोगी ज्ञान, सीप र अनुभवहरू प्राप्त गर्दछ । मानिस मानिसबीचको सम्बन्ध विना कुनै पनि मानिसले प्रगतिको मार्गमा अगाडि बढ्न सक्दैन त्यसको लागि आवश्यक ज्ञान प्रदान गर्ने विषय सामाजिक अध्ययन हो । त्यसैले फ्रान्सिस वेकनले भनेका छन् कि अध्ययनले मानिसलाई एउटा पूर्ण मानिस बनाउँछ, छलफलले व्यक्तिमा तत्परता ल्याउँछ र लेखाइले ठीक जस्तो हुनुपर्छ त्यस्तै बनाउँछ ।

सामाजिक अध्ययनको आवश्यकता र महत्त्व

सामाजिक विज्ञानका विभिन्न विषयवस्तु तथा अवधारणाहरूलाई एकीकृत गरी तयार गरिएको विषय सामाजिक अध्ययन भएकोले यसको महत्त्व र आवश्यकता क्रमशः बढ्दै गइरहेको छ । सामाजिक अध्ययन हरेक मानिस र समाजको सकारात्मक परितर्वनको लागि अनिवार्य र महत्त्वपूर्ण विषयको रूपमा स्थापित भएको छ । यसै तथ्यलाई मध्यनजर राखेर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह र माध्यमिक तहमा सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षालाई अनिवार्य विषयको रूपमा र कक्षा ११ र १२ मा सामाजिक अध्ययनसँग जीवनोपयोगी शिक्षालाई अनिवार्य विषयको रूपमा शिक्षण गर्ने व्यवस्था गरेको देखिन्छ ।

जोन डिवेका अनुसार दुई वा दुई भन्दा बढी व्यक्तिहरूबीचको सञ्चार शिक्षण हो । जसमा एकले अर्कालाई आफ्नो विचारहरूले प्रभावित पार्दछ र अन्तरक्रियाको प्रक्रियाबाट केही सिक्दछ । व्यक्तिमा सामाजिकीकरण, सामाजिक समस्या समाधान गर्ने सीप र नेतृत्व सीपको माध्यमबाट आत्मनिर्भरतातर्फ उन्मुख गराइ सहयोगी र उत्तरदायी भावनाको विकास गराउनु

सामाजिक अध्ययन शिक्षणको महत्त्वपूर्ण पक्ष हो । यसको मूख्य उद्देश्य राष्ट्रको लागि माया गर्ने आदर्श तथा लोकतान्त्रिक सोच भएका नागरिकहरू उत्पादन गर्नु हो ।

समाजको परिवर्तन राम्रो शिक्षा, ज्ञान र सकारात्मक सोच भएका नागरिकहरूको उत्पादनबाट मात्र सम्भव हुन्छ । सामाजिक अधययनको शिक्षण मार्फत देशका नागरिकहरूलाई सामाजिक दायित्व, कर्तव्य र अधिकारप्रति सचेत बनाइएको छ । व्यक्तिमा भाइचारा र विश्ववन्धुत्वको भावना बृद्धि हुन्छ । सामाजिक अन्तरसम्बन्ध र मानवीय भावनाको विकासमा मद्दत पुग्छ ।

सामाजिक अध्ययनको क्षेत्र

सामाजिक अध्ययनको क्षेत्र बिस्तृत रहेको छ । किनकि समाजिक विज्ञानका विषयहरूबाट सामाजिक अध्ययनको विषयवस्तु छनोट र निर्माण गरिएको हुन्छ । सामाजिक विज्ञानको क्षेत्रभन्दा सामाजिक अध्ययनको क्षेत्र सिमाङ्कन गर्न कठिन हुन्छ । परिवर्तनशील समाजको कारण सामाजिक अध्ययनको विषयवस्तुहरूमा पनि स्वभाविक रूपले परिवर्तन आउँछन् । मानवीय सम्बन्ध, मानिस र वातावरणबीचको सम्बन्ध, मानिसको आत्म सम्बन्ध, सामाजिक सम्बन्ध र समकालीन समाज नै सामाजिक अध्ययनको मूख्य क्षेत्रहरू पर्दछन् । सामाजिक अध्ययनले कुनै एक क्षेत्र, पक्ष वा विषयलाई प्रतिनिधित्व नगरी समाजको सर्वाङ्गिण पक्षलाई समेटेको हुन्छ । विशेष गरेर मानिसको जीवनसँग सम्बन्धित आर्थिक, सामाजिक, राजनैतिक सांस्कृतिक, ऐतिहासिक लगायत विविध पक्षलाई सामाजिक अध्ययनले समेटेको हुन्छ । एउटा मानिस प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट घरपरिवार, समुदायदेखि विश्वमा घट्ने घटनाहरूबाट समेत प्रभावित हुन्छ । यो विषय व्यक्तिको चरित्र निर्माणसँग छ । मानिसको चरित्र निर्माण तथा लोकतान्त्रिक आचरण भएको नागरिक उत्पादन गर्न समाजसँग सम्बन्धित सम्पूर्ण पक्षहरूको ज्ञान र जानकारी हुनु जरूरी हुन्छ । दार्शनिक प्लेटोले भनेका छन् "आफूले पाएको ज्ञानलाई व्यवहारमा उतार्ने व्यक्तिलाई नै पुरा शिक्षा पाएको मानिन्छ । व्यक्तिमा समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक लगायत अन्य पक्षहरूको जानकारी दिनका लागि सामाजिक अध्ययन र त्यसको उचित पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण प्रक्रियामा समयअनुकूल सुधारको आवश्यकता पर्दछ ।"

सामाजिक अध्ययन विविध विषयहरूलाई एकीकृत गरिएको विषय हो । एकीकृत पाठ्यक्रम कार्यान्वयन पनि एक जटिल कार्य हो । सामाजिक अध्ययनको विषयवस्तु छनौट गर्दा बालबालिकाको क्षमतालाई ख्याल गर्नु पर्छ । जुन विषयवस्तुको अध्ययनले देशलाई माया गर्न र नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउँछ । त्यसैले अन्य विषयको तुलनामा सामाजिक अध्ययनको महत्त्व विकसित तथा विकासोन्मुख दुवै प्रकारका देशहरूमा रहेको छ । सामाजिक अध्ययनले मानिसलाई जीवनोपयोगी सीप सिक्न प्रोत्साहन गर्दछ । मानव समाज र समुदायलाई केन्द्रमा राखेर शिक्षण गर्नुपर्ने यस विषयको शिक्षणमा शिक्षकको मात्र भर नपरी आवश्यकीय स्रोत साधन भौतिक तथा शैक्षिक पूर्वाधारको सहयोग लिनु पर्दछ ।

सामाजिक अध्ययनका समस्याहरू

सामाजिक अध्ययन विषयवस्तु शिक्षण सिकाइका क्रममा विद्यार्थी र शिक्षकले व्यहोर्नु परेको यावत समस्याहरू नै सामाजिक अध्ययन शिक्षणका साझा समस्याहरू हुन् । पर्याप्त, दक्ष र योग्य विषयगत शिक्षकको अभाव, सामाजिक अध्ययन शिक्षणका साझा समस्याहरू हुन् । पर्याप्त, दक्ष र योग्य विषयगत शिक्षकको अभाव, सामाजिक विविधता, भौतिक सुविधा र शैक्षिक सामग्रीको अभाव, विषयगत ज्ञानको अभाव, समय अनुकुल पाठ्यक्रम परिवर्तन र परिमार्जन नहुनु, शिक्षण सिकाइमा प्रविधिको प्रयोग र पहुँचमा कमी, विपद व्यवस्थापन सम्बन्धी सीपको अभाव र सहभागितामूलक संस्कारको अभावलाई मुख्य समस्याको रूपमा लिन सकिन्छ । सामाजिक अध्ययनमा माथि उल्लेख गरेका बाहेक पनि धेरै समस्याहरू छन् र हुन सक्छन् । हरेक समस्याको समाधान गर्न सकिन्छ । पहिचान भएका समस्याहरू समाधान गर्न सम्बद्ध पक्षहरूको सामुहिक जिम्मेवारी पनि हो । केही समस्याहरू स्थानीय प्रविधि र स्रोत साधन मार्फत समाधान गर्न सकिन्छ भने केही समस्याहरू समाधान गर्न विशेषज्ञको जरूरत पनि पर्दछ । केही समस्याहरू विना स्रोत साधन पनि समाधान गर्न सकिन्छ भने कुनै समस्या समाधान गर्न केही आर्थिक व्यवस्थापन गर्नुपर्ने पनि हुन्छ । सामाजिक अध्ययनमा देखिएका केही समस्याहरू अन्य विषयहरूसँग मिल्दोजुल्दो पनि हुन्छन् । एउटा विषयमा सिर्जित समस्या समाधान हुँदा अन्य विषयका समस्याहरू पनि समाधान हुन्छन् । कुनै समस्या समाधान गर्न सामुहिक प्रयत्न जरूरी हुन्छ भने कुनै

समस्याको समाधान व्यक्तिगत प्रयासबाट हुन्छ । सामाजिक अध्ययनमा रहेका समस्याहरूलाई पनि समस्याको प्रकृति हेरेर समाधान खोज्नु पर्छ र अलि जटिल समस्याहरूको चरणबद्ध रूपमा समस्याको समाधान खोज्नुपर्छ ।

निष्कर्ष

विश्व परिवेशमा सामाजिक अध्ययनको महत्त्व दिनानुदिन बढ्दो रहेको छ । आजको विश्व परिवेशमा सामाजिक अध्ययन अति जरूरी विषय हो र यसलाई निरन्तर समसामयिक बनाउन जरूरी छ । पाठ्यक्रम समयानुसार सुधार तथा परिमार्जन गर्नु जरूरी छ । त्यसै गरी शिक्षण गर्ने शिक्षकहरू पनि तालिम प्राप्त र प्रशिक्षित हुनु पर्दछ । सामाजिक अध्ययनसँग सम्बन्धित उच्च ज्ञान भएका मानिसले मात्र समाजको नेतृत्व गरी परिवर्तन गर्न सक्छ । विषयको महत्त्वलाई मध्यनजर गर्दै यसको पाठ्यक्रममा यथोचित परिमार्जन एवं समसामयिक विषयवस्तु समावेश गर्दै लैजानु आजको आवश्यकता हो । मानिस सामाजिक प्राणी हो । सामाजिक अध्ययन मार्फत मानिसलाई सामाजिकीकरण गर्दै लोकतान्त्रिक व्यवहार सिकाउनु यस विषयको मुख्य उद्देश्य हो । यसका लागि अन्य विषयहरूसँग सामाजिक अध्ययन विषयको सम्बन्ध बढाउनु आवश्यक हुन्छ । बालबालिकाहरूलाई पनि परियोजना कार्य, कक्षा कार्य, निरन्तर अभ्यास, क्षेत्र भ्रमण र सामुदायिक क्रियाकलापको माध्यमबाट पनि विषयवस्तु केन्द्रित बनाइ सहभागिता बढाउन सकिन्छ । यसका लागि सामाजिक अध्ययन शिक्षक एवं रचनात्मक र जिम्मेवार हुनुपर्छ । सामाजिक अध्ययनको शिक्षणमा आउन सक्ने सम्भावित समस्याहरूको निराकरणका लागि सचेत र सजग रहनुपर्छ । शिक्षण सिकाइका क्रममा सिर्जित समस्याहरूलाई छलफल, अन्तरक्रियाद्वारा समाधान खोज्नु पर्दछ । यसका लागि सम्बद्ध सरोकारवाला व्यक्ति र निकायहरूको सक्रिय र सकारात्मक भूमिका आवश्यक हुन्छ । यसो भएमा सामाजिक समस्याहरूलाई न्यूनीकरण गरी देशलाई माया गर्ने आदर्श, लोकतान्त्रिक, चरित्रवान र उत्तरदायित्व वहन गर्न सक्ने नागरिक तयार गर्न सकिन्छ ।



गणित शिक्षणमा देखा परेका समस्या तथा समाधानका केही उपायहरू

भवानी पाठक
शिक्षक



गणित विषय मानिसको दैनिक जीवनसँग जोडिएको विषय हो । मानिसका हरेक व्यवहार र क्रियाकलापसँग गणितको सम्बन्ध रहेको हुन्छ । अन्य विषयहरूको अध्ययनसँग पनि गणित विषय अन्तरसम्बन्धित छ । अझै विज्ञान र प्रविधि जस्ता विषय त गणित बिना अधुरा नै हुन्छन् । विद्यालय तहको गणितले उच्च शिक्षाको लागि आधार तयार गर्नुको साथै दैनिक जीवनयापनलाई समेत सरल र सहज बनाउँछ । मानिसलाई विभिन्न विषयमा सोच्ने, तर्क गर्न सक्ने तीक्ष्ण क्षमताको विकास गणितले प्रदान गर्दछ । त्यसैले गणित विषयमा तीक्ष्ण विद्यार्थी प्रायः सबै विषयमा सक्षम नै हुन्छन् । अहिले नेपालको सन्दर्भमा गणितको पाठ्यक्रम र यसको अध्यापन शैलीमा निकै समस्याहरू देखिएका छन् र यसमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । गणितलाई व्यवहारसँग जोड्ने धारणात्मक सिकाइको अभाव भएको देखिन्छ । पुरानो पाठ्यक्रमको तुलनामा पाठ्यक्रम विकास केन्द्रले लागू गर्दै गरेको नयाँ पाठ्यक्रममा भने पहिलाको पाठ्यक्रमको तुलनामा केही हदसम्म सुधार गर्न खोजेको देखिन्छ । यो नयाँ पाठ्यक्रम २०७९ सम्म कक्षा १-७ र कक्षा-९ मा पूर्ण रूपमा देशभरि नै लागू भइसकेको छ भने २०८० सालदेखि कक्षा ८ र १० मा पनि लागू हुँदैछ । नयाँ पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारूपको मर्म अनुरूप शिक्षाको राष्ट्रिय उद्देश्यलाई ध्यानमा राखी पुरानो पाठ्यक्रमका कमी कमजोरी हटाउँदै परिमार्जन र सुधार भने गर्न खोजेको देखिन्छ । यद्यपि गणित विषयलाई व्यवहारिक र जीवनोपयोगी बनाउन यसका विषयवस्तु र अध्यापन शैलीलाई समेत व्यापक परिमार्जन गर्नु आवश्यक छ । हाम्रो परिवेशको वर्तमान अवस्थालाई विश्लेषण गर्दा गणित एउटा कठिन विषय हो, गणित सबै विद्यार्थीले सिक्न सक्दैनन्, यो विषय सिक्न र सिकाउन अत्यन्तै कठिन छ भन्ने भाष्य प्रचारित गरिएको छ । यस्ता मान्यताले गर्दा गणित विषयप्रति विद्यार्थीहरूमा नकारात्मक धारणा विकास भएको पाइन्छ । गणित विषय भन्ने बित्तिकै यसलाई अफ्ठेरो विषयको रूपमा परिभाषित गर्ने परम्पराले ठूलो समस्या सिर्जना गरेको छ । के वास्तवमै गणित अफ्ठेरो र कठिन विषय हो त ? कि हामी प्रयोगकर्ताले यसलाई सही प्रयोग र अभ्यास नगरेर, जीवनसँग जोड्न र व्यवहारिक बनाउन नसकेर यो विषयलाई जवरजस्ती कठिन बनाइएको छ त ? भन्ने विषयमा अध्ययन र खोजी गर्नु आवश्यक छ ।

गणित विषयलाई प्रायोगिक बनाइनुको सट्टा यसलाई घोकन्ते विद्याको रूपमा स्थापित गरेका कारण अत्यन्तै ठूलो समस्या सिर्जना भएको छ । जसका कारण विद्यार्थी, शिक्षक, अभिभावक र राष्ट्रको नै ठूलो समस्याको रूपमा विद्यालय तहको गणित शिक्षा रहेको छ । गणित विषयमा अधिकांश विद्यार्थीको कमजोर सिकाइ उपलब्धिले गर्दा SEE परीक्षामा न्यूनतम ग्रेड हासिल गर्न नसकी माथिल्लो तहमा अध्ययन गर्नबाट बञ्चित हुनुपर्ने अवस्था देखिन्छ । कक्षा एकदेखि नै हरेक तहको अध्ययन र अध्यापनलाई व्यावहारिक र दैनिक जीवनसँग जोड्न नसकेका कारण यो समस्या सिर्जना भएको हो । विद्यार्थीहरू जोड, घटाउ, गुणन र भाग जस्ता गणितका सामान्य क्रियाहरूमा नै अलमलमा परेको देखिन्छ । जसको प्रत्यक्ष प्रभाव माथिल्ला कक्षाहरूमा देखिन्छ । आधारभूत तहमा लागु भएको उदार कक्षोन्नति र निरन्तर विद्यार्थी मूल्याङ्कनका कार्य पाठ्यक्रमको मर्मअनुरूपको प्रभावकारी हुन नसकेकाले माध्यामिक तहसम्म पुग्दा विद्यार्थीहरूको उपलब्धि

* *यो एक शिक्षकका रूपमा गणित विषय शिक्षण गर्दा आफूले गरेका अनुभव, सहकर्मी तथा अग्रजहरूसँग समयसमयमा हुने गरेका गणित विषय शिक्षण सिकाइसँग सम्बन्धित सम्वादहरूमा आधारित भई तयार पारिएको साधारण लेख हो ।*



कमजोर रहेको देखिन्छ । तल्ला कक्षाहरूमा विद्यार्थीहरूले न्यूनतम गणितीय धारणा र ज्ञान हासिल नगर्दा पनि एउटा कक्षामा एक वर्ष अध्ययन गरेपछि माथिल्लो कक्षामा कक्षोन्नति गर्ने गर्दा विद्यार्थीहरू न्यूनतम ज्ञान र धारणा बिना नै SEE परीक्षा दिने तहसम्म पुग्ने अवस्था बन्न पुगेको देखिन्छ । अब कक्षा दश अध्ययन गरेपछि राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको SEE परीक्षा पास गर्नुपर्ने बाध्यता आइ पर्दछ, जसले गर्दा विद्यार्थीहरूले न्यूनतम ग्रेड प्राप्त गर्न नसकेर असक्षम भएर बस्नुपर्ने बाध्यता छ । पाठ्यक्रम विकास केन्द्रले लागू गरेको लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुरूप हरेक विषयमा उत्तीर्ण हुनका लागि न्यूनतम ३५ प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । हाम्रो देशको परम्पराअनुसार कक्षा एकदेखि नौसम्म चाहिँ विद्यार्थीहरूको सिकाइ उपलब्धि कस्तो छ ? उपलब्धि बढाउन के गर्न सकिन्छ ? विद्यार्थीहरू किन कमजोर भए ? अति नै कमजोर विद्यार्थीलाई कसरी न्यूनतम सिकाइ उपलब्धि प्रदान गर्न सकिन्छ भनेर सम्बन्धित निकायहरूबाट खासै चासो राखिएको अवस्था देखिन्न । बरू न्यूनतम सिकाइ उपलब्धि बिना नै कक्षोन्नति गर्ने अनि SEE को नतिजाको विषयमा भने सर्वत्र चासो र चिन्ताको विषय बनाउने चलनले विद्यार्थीहरूको भविष्यमा नै धोका भएको महसुस गर्न सकिन्छ । अधिकांश अभिभावकले पनि विद्यालय शिक्षाको अन्तिमअन्तिम वर्षहरूमा मात्र आफ्ना छोराछोरीको पढाइका विषयमा केही चासो र चिन्ता व्यक्त गर्ने गरेको देखिन्छ । यसो हुनाले पनि आधारभूत तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि बढ्न कठिन भएको छ । समय समयमा विद्यालयमा आउने, आफ्ना बालबच्चाको पढाइ र बानी व्यवहारको बारेमा जिज्ञासा राख्ने, विद्यालय प्रशासन र शिक्षकलाई घच्चच्याउने दायित्व अभिभावकको हो । हरेक तल्ला कक्षाहरू माथिल्लो कक्षाका लागि जग हुन् । अझै गणित विषयमा त अघिल्लो कक्षामा सिकेका कुराहरूको आधारमा नै माथिल्लो कक्षाको विषयवस्तु राखिएको हुन्छ । जसले गर्दा साना कक्षामा कमजोर विद्यार्थी माथिल्ला कक्षामा पनि सुधार गर्न कठिन हुन्छ । यदि न्यूनतम उपलब्धि हासिल गरेपछि मात्र कक्षा चढाउने हो भने गणित विषयको नतिजामा हालजस्तो विकराल समस्या आउन्नथ्यो कि । तसर्थ विद्यार्थीहरूको गणित विषयप्रतिको चिन्ता हटाउन शिक्षाका नीति निर्माता देखि पाठ्यक्रम निर्माता, शिक्षक, विद्यार्थी र अभिभावक लगायत सम्पूर्ण सरोकारवालाहरूको चासो र चिन्ता हुनुपर्दछ ।

गणित विषय अत्यन्तै महत्त्वपूर्ण र आवश्यक विषय हुँदाहुँदै पनि यस विषयप्रति सरोकारवालाहरूको सकारात्मक धारणा विकास हुन सकेको छैन । अन्य विषयहरूको तुलनामा गणित विषयको सिकाइ उपलब्धि अत्यन्तै कमजोर पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको गणित सिकाइ उपलब्धि अझै कमजोर देखिन्छ । राष्ट्रको शिक्षा नीति, विद्यार्थीहरूको पारिवारिक अवस्था, विद्यार्थी तथा शिक्षकको मिहिनेत र लगाव, विद्यालयको कार्यकुशलता, कक्षाकोठाको व्यवस्थापन, शिक्षण सिकाइको विधि तथा प्रक्रिया आदि विविध पक्षले गणितको सिकाइ उपलब्धिमा प्रभाव पारेको हुन्छ । गणित आफैंमा अफ्ठेरो विषय भने होइन, सिक्ने र सिकाउने तौरतरिका र विद्यार्थीको निरन्तर अभ्यासले यसलाई प्रभाव पारेको हुन्छ । जो विद्यार्थीहरूले गणितको धारणा बुझ्न सक्छन् र निरन्तर अभ्यास गर्छन्, उनीहरूको लागि यो विषय सधैं सरल र सहज हुन्छ । शिक्षकहरूले धारणात्मक ज्ञान दिने र विद्यार्थीले निरन्तर अभ्यास गर्ने हो भने यो विषय सबै विद्यार्थीको लागि सहज हुनसक्छ । तल्लो कक्षा देखि नै निरन्तर अभ्यास र मिहेनत गर्ने विद्यार्थीले मात्र माथिल्लो कक्षासम्म राम्रो गर्न सक्ने भएकोले तल्ला कक्षामा निर्दिष्ट न्यूनतम सिकाइ उपलब्धि हासिल नगरी माथिल्ला कक्षामा पुगेका विद्यार्थीहरूका लागि यो विषय कठिन बन्न पुगेको हो । तसर्थ गणित विषयमा राम्रो गर्न धेरै अभ्यासको आवश्यकता पर्दछ, अभ्यास र मिहिनेत नगरेपछि विद्यार्थीले राम्रो नतिजा ल्याउन सक्दैनन् । आफ्नो सिर्जनात्मक शैलीमा लेखेर नहुने, बरू धारणा बुझेर समस्याको समाधान गर्नुपर्ने

भएकोले अभ्यास नगर्ने विद्यार्थीले गणित विषयमा राम्रो नतिजा ल्याउन सम्भव नभएको हो ।

विद्यालय तहमा दैनिक जीवनसँग सम्बन्धित गणितका साथै उच्च तहसँग सम्वन्धित गणित पनि अध्यापन गराउनुपर्ने हुन्छ । तल्लो तहको गणितले उच्च तहको गणितमा आधार तयार गर्नुपर्ने हुन्छ । तसर्थ विद्यालय तहमा पढाइ हुने सम्पूर्ण विषयवस्तुलाई दैनिक जीवनको सन्दर्भसँग जोड्न पनि कठिन छ । अङ्क गणितका विषयवस्तुहरूलाई सहजै व्यावहारसँग जोडेर शिक्षण गर्न सकिन्छ भने विजगणितका विषयवस्तुलाई व्यवहारसँग जोडेर शिक्षण गर्न शिक्षकहरूमा नै अलमल रहेको छ । तसर्थ यस्ता विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सूत्र घोकाउने र समस्या समाधान गर्न लगाउने गरेको पाइन्छ । विद्यार्थीहरूको धारणा स्पष्ट हुने गरी सिकाइ गर्न हामी शिक्षकमा पनि केही कमिकमजोरी रहेको पाइन्छ । यसलाई शिक्षकका विभिन्न पेसागत तालिममार्फत सम्बोधन गरिनु आवश्यक छ ।

यसरी गणित शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरूको चर्चा गरेपछि, यस्ता समस्या समाधानका लागि के गर्न सकिएला त भन्ने सम्बन्धमा पनि छोटो चर्चा गरौं । गणित विषयको सिकाइ उपलब्धिमा प्रभावकारी सुधार, ल्याउन शिक्षक आफैले प्रभावकारी कक्षा व्यवस्थापनमा ध्यान दिनुपर्छ । कक्षाकोठाको भौतिक तथा शैक्षणिक दुवै अवस्थितिले शिक्षण सिकाइलाई प्रभाव पारिरहेको हुन्छ । कक्षा कोठाको आकार, प्रकाशनको व्यवस्था, संवातन, फर्निचरजस्ता पक्ष कक्षाको भौतिक व्यवस्थापनमा पर्दछन् । यस्ता पक्षहरू एउटा शिक्षकका हैसियतले मिलाउन सकिने विषय होइनन् । शैक्षणिक सामग्रीको निर्माण, प्रयोग, तिनको सुरक्षा र व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्था, नवीन प्रविधि अनुरूप विद्युतीय सामग्रीको निर्माण प्रयोगजस्ता शैक्षणिक पक्षको प्रभावकारी व्यवस्थापन गर्दै कक्षालाई विविधतामय र रूचिपूर्ण बनाउने काम भने शिक्षक स्वयमको हो । कक्षामा विद्यार्थीको सिकाइ उपलब्धिको मापन गर्दै न्यून उपलब्धि हुनेहरूका स्थितिमा सुधार ल्याउन गणित विषयको उपचारात्मक शिक्षणका लागि आवश्यक पहल लिने जिम्मेवारीतर्फ पनि शिक्षक सचेत हुनुपर्छ । सिकाइ उपलब्धि बढाउन प्रारम्भिक तहदेखि नै मूलतः शिक्षककै प्रमुख भूमिका हुन्छ । यद्यपि पाठ्यक्रम, त्यसको कार्यान्वयन, प्रभावकारी शिक्षण, मूल्याङ्कनका लागि आधुनिक प्रविधिको प्रयोग, उपचारात्मक शिक्षण विधि तथा प्रविधि उपलब्धताको वातावरण निर्माण र अभिप्रेरणाका लागि भने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन, अभिभावक, तालिम केन्द्र तथा सरोकारवालाहरूको यथोचित सहयोग हुनु अपरिहार्य छ ।

"सबैका लागि गुणस्तरीय तथा व्यावहारिक शिक्षा"

QAA Awarded by UGC

बानेश्वर बहुमुखी क्याम्पस

शान्तिनगर, बानेश्वर, काठमाडौं

नववर्ष २०८० को उपक्ष्यमा यहाँ र यहाँको संस्थाको समुन्नति स्वं प्रगतिको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

हाम्रा शैक्षिक कार्यक्रमहरु

बिहानी समूहमा : **BBS, BA, BSW, B.Ed. M.Ed. M.A., M.B.S**

डा. घमानसिंह खड्का

क्याम्पस प्रमुख तथा, क्याम्पस परिवार

सम्पर्क नं. : ०१-४६२०३३२

उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान' उपन्यास

कमला उप्रेती
शिक्षक



विषयप्रवेश

नेपाली साहित्याकाशमा योगदान पुऱ्याउने थुप्रै साहित्यकारमध्ये वि.सं. १९७२ माघ १९ गते काठमाडौँको ढोकाटोलमा जन्मिएका उपन्यासकार हृदयचन्द्रसिंह प्रधान पनि एक प्रतिभाशाली व्यक्तित्व हुन् । नेपाली साहित्यका निबन्ध, कथा, कविता, नाटक, उपन्यास जस्ता विविध विधामा कलम चलाउने हृदयचन्द्रसिंहको लेखनीको महत्त्वपूर्ण पाटो उपन्यास विधा पनि हो । नेपाली साहित्य क्षेत्रको उपन्यास विधामा उनले 'स्वास्नीमान्छे' (२०११) र 'एक चिहान' (२०१७) उपन्यास लेखेर अर्पण गरी महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली उपन्यासको विकासक्रममा प्रगतिवादी र नारीवादी चिन्तनको प्रारम्भ गर्न उनका उपन्यासहरूले अग्रणी भूमिका निर्वाह गरेका छन् । यसरी नेपाली साहित्यमा दुईवटा उपन्यास रचना गरेर महत्त्वपूर्ण योगदान पुऱ्याउने हृदयचन्द्र सिंह प्रधानका औपन्यासिक प्रवृत्तिहरूको परिचय दिँदै 'एक चिहान' उपन्यासको समीक्षा उपन्यासका तत्वकै आधारमा गर्ने प्रयत्न यस लेखमा गरिएको छ ।

१. हृदयचन्द्र सिंह प्रधानका औपन्यासिक प्रवृत्तिहरू

वि.सं. १९९३ सालमा 'शारदा' पत्रिकामा प्रकाशित भएको 'मातृस्नेह' शीर्षकको निबन्धबाट साहित्य यात्राको सुरूवात गरेका हृदयचन्द्रसिंह प्रधानले निवन्ध, कथा, नाटक, एकाङ्की हुँदै वि.सं.२०११ सालमा 'स्वास्नी मान्छे' उपन्यास लेखेर उपन्यास लेखनको यात्रामा प्रवेश गरेको देखिन्छ । नेपाली समाजका उत्पीडित वर्ग महिला र गरिबीका विषयलाई समेटेर उपन्यास रचना गर्ने प्रधानका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. सामाजिक यथार्थलाई देखाउनु,
२. समस्यामा केन्द्रीत भएर उपन्यास लेख्नु,
३. सुधारवादी चाहना राख्नु,
४. नारीवादी चिन्तनलाई प्रस्तुत गर्नु,
५. गरिवीका समस्यालाई चित्रण गर्नु,
६. प्रगतिवादी चिन्तनलाई देखाउनु,
७. समाजका वर्गीय विभेदलाई प्रस्तुत गर्नु,
८. समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषणको पर्दाफास गर्नु,
९. सरल, सरस र सुवोध भाषाशैलीको प्रयोग गरी उपन्यास लेख्नु ।

२. 'एक चिहान' उपन्यासको समीक्षा

२. क. कथावस्तु

वि.सं. २०१७ सालमा प्रकाशन भएको 'एक चिहान' उपन्यासको कथावस्तु काठमाडौँको थापाथली नजिकको कुरिया गाउँमा खेतीपाती गर्ने ६५ वर्षे किसान अष्टनारां रोगले ग्रस्त भई बिरामी परेको प्रसङ्गबाट सुरू भएको छ । उनका वरिपरि शिवनारां, पुननारां र हर्षनारां नामका छोराहरू, छोरी नानीथँकु अनि श्रीमती लतमाया छन् । अष्टनारां सकिनसकी आफू मरेपछि आफ्नो काजक्रियामा वित्थाको खर्च नगर्नु र औषधोपचारमा पैसा नफाल्ने उपदेश आफ्नो परिवारलाई दिन्छन् । आफूले गाडेर राखेको २५ रूपैयाँ पैसामा आफ्नो काजक्रिया पूरा गर्न छोराहरूलाई अराउछन् । बाबुको इच्छा विरूद्ध छोराहरूले वैद्य कविराजलाई देखाउँदै अन्त्यमा डा. गोदत्तप्रसादलाई ल्याएर औषधोपचार गराउँछन् । तर ऊ बाँच्दैन । दाहसंस्कारका लागि राखेको २५ रूपियाँ समेत औषधोपचारमा खर्च भएकोले उनीहरूलाई बाबुको मृत्यु संस्कार गर्न धौ धौ पर्छ । डा. गोदत्तप्रसादसँग ऋण लिएर अन्तिम संस्कार सम्पन्न गर्छन् ।

बाबुको मृत्युपछि घर व्यवहार जिम्मा पाएका शिवनारां आमा र बहिनीलाई घरमा छाडेर आफू खेतमा काम गर्न जान्छन् । अष्टनारांलाई उपचार गर्न आउँदा नानीथँकुको जवानीबाट आकर्षित बनेको गोदत्तप्रसाद तीन छोराछोरीको बाबु भएर पनि नानीथँकुलाई आफ्नो

नक्कली प्रेमजालमा फसाउने जाल बुन्न थाल्छ । सोझी ग्रामीण नानीथँकु उसका प्रेमजालमा फस्दै जान्छे । अर्कातिर गाउँको साहु सुब्बा सुरमान पनि नानीथँकुलाई हात पार्ने दाउमा लाग्छ । उसले आफ्नो दलाल राम बहादुर कार्कीमार्फत लतमायालाई विदेशी तान दिएर फकाउने, विगतको बाकी कुत मिनाहा गरिदिने जस्तो प्रलोभन देखाएर नानीथँकुलाई सुब्बा सुरमानसँग फसाएर बिहे गरिदिने जाल सुरमानको तल्सिङ रामबहादुरले बुन्न थाल्छ । अष्टनारांले सुब्बा सुरमानलाई छोरीको वाग्दान गरेको छ भन्ने षड्यन्त्र झिकी झमेला गर्छ । त्यसमा लतमायाको मन्जुरी भए पनि शिवनारांको असहमतिका कारणले सुब्बा सुरमानको षड्यन्त्र विफल हुन्छ । सोझी, भावुक र अशिक्षित नानीथँकु डा. गोदत्तप्रसादको नक्कली प्रेममा फस्दै जान्छे । यी दुईको प्रेमको चर्चा गाउँभरि फिँजिदै जान्छ । शिवनारां र गोदतप्रसादको श्रीमती रञ्जनादेवीले पनि थाहा पाउँछन् । उनीहरू यिनको प्रेम सम्बन्धलाई छुटाउने प्रयास गर्छन् । यसै बीचमा हर्षनारांको विवाह माहिला तामाङको छोरी पुतलीसँग हुन्छ । एक दिन साँझमा आफूलाई लिन आएको गोदत्तप्रसादलाई अस्वीकार गरी नानीथँकुले उसको प्रेमलाई वापस गरिदिएको कुरा गरेर गोदत्तप्रसादलाई फर्काइ दिन्छे । शिवनारांले तराई मूलको राम खेलावन नाम गरेको केटो खोजेर नानीथँकुको बिहे गरिदिन्छन् । नानीथँकुको बिहेपछि शिवनारांको परिवार खेतीपातीको काममा व्यस्त हुन्छन् । बालीनाली जोगाउन शिवनारांको परिवार खेतैमा छाप्रो बनाएर बस्न थाल्छन् भने बाँकी परिवारका सदस्य पुरानै जीर्ण घरमा बस्छन् । वि.सं. २०११ सालमा तीन दिन लगातार परेको घनघोर वर्षाले शिवनारांका परिवारलाई बगायो भने उसका भाइहरूका परिवार र आमालाई घरले थिचेर विष्णुमती खोलामा एकै चिहान भएपछि उपन्यासको कथावस्तु समाप्त भएको छ ।

२. ख. चरित्रचित्रणः

एकतिस परिच्छेदमा संरचित यस उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति रहेको छ । यसमा अष्टनारां, लतमाया, शिवनारां, पुननारां, हर्षनारां, नानीथँकु, हाकुमाया, डा. गोदत्तप्रसाद, सुब्बा सुरमान, राम बहादुर, सिन्तली, पुतली, रञ्जनादेवी, कविराज, तुयु गुभाजु, माइला तामाङ तामाङ्नी, पुनाचाकी स्वास्नी, नोकर्नी, छिमेकीहरू आदि जस्ता पात्रहरूको उपस्थिति रहेको छ । यी पात्रमध्ये कोही पात्रहरू वर्गीय र कोही व्यक्तिगत चरित्रका देखिन्छन् । कार्यभूमिकाका दृष्टिले कुनै प्रमुख, सहायक र गौण तीनै किसिमका पात्रहरू छन् । यी विभिन्न किसिमका पात्र उपन्यासमा भए पनि कार्य भूमिकाका आधारमा उपन्यासका प्रमुख पात्रहरूमा अष्टनारां, शिवनारां, नानीथँकु, डा. गोदत्त प्रसाद र रञ्जनादेवी देखा पर्दछन् । यहाँ यिनै प्रमुख पात्रहरूको चरित्र चित्रण बुँदागत रूपमा प्रस्तुत गरिन्छ ।

२. ख. अ. 'अष्टनारां'

घरको मूली

- नेवार समुदायका गरिब किसानको प्रतिनिधित्व गर्ने वर्गीय पात्र
- निरक्षर पात्र
- रोगी पात्र
- विद्रोही र क्रान्तिकारी पात्र
- अर्न्तजातीय विवाहलाई प्रोत्साहन गर्ने पात्र
- सकारात्मक चरित्र
- उपन्यासकारको मुखपात्र
- श्रमलाई पूजा गर्ने पात्र
- छोटो भूमिका भएको पात्र

२. ख. आ. 'शिवनाशं'

- प्रमुख पुरूष पात्र
- स्थिर तथा सत्पात्र
- अन्यायको विरोधी पात्र
- प्रगतिवादी पात्र
- नक्कली प्रेमका विरोधी पात्र
- नारी स्वतन्त्रताका पक्षपाती पात्र
- सशक्त, जीवन्त र प्रभावशाली पात्र
- वर्गीय पात्र

२. ख. इ.डा. गोदत्तप्रसाद

- खलपात्र
- द्रव्यपिसाच प्रवृतिका पात्र
- कामुक र कपटी पात्र
- स्त्रीलम्पट पात्र
- नराकारात्मक चरित्रका पात्र
- व्यक्तिगत पात्र
- स्वार्थी र धोकेवाज पात्र

२. ख.ई. नानीथँकु

- प्रमुख नारीपात्र
- सुन्दर युवती

– सरल ग्रामीण र अशिक्षित पात्र
– गतिशील एवम् सकारात्मक चरित्रकी पात्र
– अर्न्तजातीय विवाह स्वीकार्ने पात्र
– नारी अस्मिताप्रति सचेत बन्न पुगेकी पात्र
– सोझा किसानकी छोरीको प्रतिनिधत्व गर्ने वर्गीय पात्र

२. ख.उ. रञ्जनादेवी

– शिक्षित नारी पात्र
– असल चरित्रकी पात्र
– निर्भिक र सचेत पात्र
– तार्किक पात्र
– स्थिर र व्यक्तिगत चरित्रकी पात्र
– आदर्श स्वभावकी पात्र
– वाक्चातुर्थकला भएकी पात्र
– व्यवहारिक रूपमा कुशल पात्र
– नारी चेतना र अस्मितालाई बुझेकी पात्र

२. ग. परिवेश

यस उपन्यासको परिवेशभित्र रहेर उपन्यासको घटना घटेको स्थान, समय, समाज, संस्कृति आदिको वर्णन गर्न सकिन्छ । उपन्यासका पात्र अष्टनारां चैत्र महिनाबाट बिरामी भएका छन् । जेठको दोस्रो हप्ताभित्र शिवनारांको खेतीपाती सिद्धिएको छ । वर्षा ऋतुमा अनवरत रूपमा तीन दिनसम्म परेको पानीले शिवनारांको छाप्रो सहित परिवारलाई बगाउनु, उसका भाइका परिवार तथा आमालाई घरले थिचेर एकै चिहान बनाउनु जस्ता घटनाहरू लगभग ६ महिनाभित्र घटिसकेका देखिएबाट उपन्यासले लिएको समयगत परिवेश यही छ महिना जतिको रहेको छ । त्यसरी नै उपन्यासका घटनाहरू घटेका स्थानहरूमा शिवनारांको घर र खेत रहेको कुरिया गाउँ, असन, पुतलीसडक, डिल्लीबजार, शिवनारांको घर खेतबारी लगायतका ठाउँहरूमा रहेकाले यस उपन्यासले यिनै ठाउँहरूलाई स्थानगत परिवेशका रूपमा लिएको छ ।

त्यसरी नै काठमाडौँ उपत्यकाका नेवार समुदायको गरिबी र त्यही समुदायको समाजलाई उपन्यासले देखाउन खोजेको छ । निम्न वर्गीय किसान परिवारलाई उच्च वर्गीय (समान्ती वर्ग) ले शोषण गरेको सामन्ती परिवेश पनि उपन्यासमा देखिन्छ । गरिव किसानहरूले रातदिन परिश्रम गर्दा पनि साहुहरूको ऋण तिर्न नसकेको दयनीय परिवेश उपन्यासमा उल्लेख छ । गरिब, धनी, धेरै अशिक्षित, कोही कोही शिक्षित लगायत विविध जातजातिका मानिसले भरिएको नेपाली समाजको सामाजिक परिवेश उपन्यासमा आएको छ । त्यसरी नै काठमाडौँ उपत्यकामा नेवार समुदायका रीति रिवाज, चालचलन, परम्परा, भोज, भतेर जस्ता कुराहरूले यहाँको सांस्कृतिक परिवेशलाई झल्काएका छन् । उपन्यासको अन्त्यमा पात्रहरूको मृत्युको घटनाले पाठकका मानसपटलमा कारूणिक परिवेश निकै सशक्त र प्रभावकारी बन्न पुगेको देखिन्छ । उपनयासका पात्रहरू अष्टनारां, शिवनारां, नानीथँकु, रञ्जनादेवी जस्ता पात्रका माध्यमबाट समाजमा आधुनिक चेतनाको प्रवेश भएको कुरा देखिएको छ । यसरी समग्रमा हेर्दा यस उपन्यासको परिवेश निकै सशक्त, प्रभावकारी र जीवन्त रहेको छ ।

२. घ. उद्देश्य/सन्देश/मुख्य विचार

वैचारिक चिन्तनमा आधारित भएर लेखिएको 'एक चिहान' उपन्यासमा उपन्यासकारको सामाजिक सुधारसँग सम्बन्धित वैचारिकता छताछुल्ल भएको छ । यसका साथसाथै यस उपन्यासका उद्देश्य वा सन्देशहरू निम्नानुसार रहेका छन् ।

- तत्कालीन अवस्थाको सामाजिक यथार्थतालाई देखाउनु,
- प्रगतिवादी चिन्तनलाई प्रस्तुत गर्नु,
- नारीवादी दृष्टिकोणलाई देखाउनु,
- रूढीवादी चिन्तनको विरोध गर्दै क्रान्तिकारी स्वरको उदेघोष गर्नु,
- सामान्ती शोषणका विरूद्धमा आवाज उठाउनु,
- साम्प्रदायिकतालाई हटाउन अन्तर्जातीय सम्बन्धलाई अगाडि बढाउने सुझाव दिनु,
- शोषक वर्गका जालझेल, षड्यन्त्रबाट बच्न सचेत हुनुपर्छ भन्ने सन्देश दिनु,
- कर्मलाई पूजा गर्नुपर्छ भन्ने शिक्षा दिनु,
- किसान परिवारका आर्थिक समस्याको उद्घाटन गर्नु,
- त्रासदीय विषयलाई समेटी उपन्यास लेख्नु,
- अन्तर्जातीय विवाहलाई प्रोत्साहन गर्नु,

२.ङ. भाषाशैली

'एक चिहान' उपन्यास गाउँले निरक्षर पात्रहरूका

सेरोफेरोमा घुमेर तयार भएको भए पनि पात्रहरूले प्रयोग गरेको भाषा निकै स्तरीय किसिमको छ । अशिक्षित पात्रहरूले प्रयोग गरेको भाषा स्तरीय र आलङ्कारिक किसिमको भएकोले कताकता अस्वभाविकताको महसुस भए पनि स्तरहीन जस्तो देखिँदैन । यस उपन्यासमा हिन्दी र नेवारी भाषाका शब्दहरूको प्रयोग गरिएको देखिन्छ तापनि पात्र अनुकूलको भाषाको प्रयोगका साथै विम्ब, प्रतीक र उखान टुक्काको प्रयोगले उपन्यासको भाषाको विशिष्टतालाई झल्काएको छ । समग्रमा उपन्यासको भाषा, सरल, सरस र सुबोध्य किसिमको रहेको छ ।

उपन्यासकारले उपन्यासको कथावस्तु पस्कने क्रममा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गरेका छन् । उपन्यासकारले आफ्नो टिप्पणी प्रस्तुत गर्दा भने यसमा व्याख्यात्मक शैली पनि अँगालेका छन् । उपन्यासको कथावस्तु उपन्यासका पात्र शिवनारांका सेरोफेरोमा रहेर तयार भएकाले यस उपन्यासको दृष्टिबिन्दु तृतीय पुरूष रहेको छ ।

२.च. शीर्षक सार्थक

उपन्यासको शीर्षक 'एक चिहान' समस्यामूलक किसिमको छ । 'एक' विशेषण र 'चिहान' नाम दुई वटा शब्द मिलेर 'एक चिहान' शब्दको अर्थ 'मुर्दा जलाउने एउटै ठाउँ वा मसान' भन्ने हुन्छ । यस उपन्यासको विषयवस्तु काठमाडौं उपत्यकाका गरिब किसान शिवनारांको परिवारका आर्थिक समस्यासँग सम्बन्धित छ । आर्थिक समस्याले पिरोलिएका अष्टनारांका परिवारको मृत्युको कारण पनि पैसा नभएर घर बनाउन नसक्नु र अविरल वर्षाका कारण घर लडेर परिवारका सदस्यको एउटै चिहान भएको देखाइएको छ । उपन्यासको शीर्षक उपन्यासको त्रासदीय परिणतिसँग सम्बद्ध छ । बाढीको प्रकोप र त्यसबाट अष्टनारांका परिवारको दुःखद अन्त्य यस उपन्यासको त्रासदीको चरम परिणति बनेर देखापरेको छ । यही दुर्घटनासँग आवद्ध भएर यसको शीर्षक 'एक चिहान' राखिएकाले उपन्यासको शीर्षक सङ्गतिपूर्ण, सार्थक र उपयुक्त नै छ । कृषिप्रधान देश नेपाल भए पनि कृषकहरूको दुर्दशालाई उपन्यासले चित्रण गरेको छ । कृषकहरूले एकातिर साहु महाजनहरूको थिचोमिचो सहेर संघर्षशील जीवन बाँच्नु परेको छ भने



अर्कातिर प्राकृतिक प्रकोप पनि तिनैले भोग्नु परेको छ । उपन्यासका पात्रहरू शोषणका विरूद्ध संघर्षरत देखिन्छन् तर प्रकृतिका विरूद्ध उनीहरू सङ्घर्ष गर्न सक्ने अवस्थामा छैनन् । यसको मुख्य कारण आर्थिक समस्या नै देखिन्छ । उनीहरूले जीर्ण घरलाई समयमै मर्मत गर्न नसक्नु र खेतको छाप्रो पनि बलियो बनाउन नसक्नुकै कारणले उनीहरूको जीवनको समाप्ति त्रासदीय र कारूणिक रूपमा भएको देखिन्छ । शिवनारांको परिवार खेतको कमजोर छाप्रोसँग बगेका छन् भने उसका भाइहरूका परिवार र आमा जीर्ण घर भत्किएर त्यसैले पुरिएर एक चिहान भएका छन् । यही मार्मिक सत्यलाई उपन्यासले पाठकसामु पस्किएकाले यसको शीर्षक 'एक चिहान' एकदमै सुहाउँदो र उपयुक्त छ ।

■

कोरोनाकाल र हामी

तारा घिमिरे
शिक्षक



विशेषगरी विद्यार्थी भाइबहिनीहरूलाई विश्वभरी नै आतंक फैलाएर महामारीको रूप लिएको कोभिड-१९ को बारेमा आफूले भेटेजति जानकारी यो लेखमार्फत दिन गैरहेकी छु । यो संसारको मानिस लगायत हरेक क्षेत्र कोभिडबाट प्रभावित भएको ३ वर्ष भन्दा बढी भैसकेको छ । गत ३ वर्षमा कोही विद्यार्थी भाइबहिनी अलिक सानै हुनुहुन्थ्यो भने कोही कोही केहि बुझ्न सक्ने र कोही अरू बढी ज्ञान हासिल गर्न सक्ने हुनुहुन्थ्यो होला । कसैमा घरमा भएका कोभिडका बिरामी तथा कोभिडको त्रासबारे केही जानकारी तथा अनुभव छ भने साना भाइबहिनीहरू केही अनभिज्ञ नै हुन सक्नुहुन्छ । तपाईंहरू भन्दा मुखमा आएको SEE परीक्षा दिन नपाउने, रोजगारी प्रवेशको लामो समय अध्ययन गरेर परीक्षा दिन नपाउने, रोजगारी प्रवेशको लामो समय अध्ययन गरेर परीक्षा तयारी गरेर बस्नु भएका र उच्च शिक्षा अध्ययनको चाँजोपाँजो मिलाउन लाग्नुभएका दाजुदिदीहरू कोभिडबाट बढी प्रभावित हुनुभएको थियो । हुन त सबै तप्का वर्ग लिंग, क्षेत्रका मानिसलाई नराम्रो असर पारेको थियो कोभिडले । बालबालिकाले स्कुल जान नपाउँदा पढ्न नपाउँदा अभिभावकलाई मात्र हैन, राष्ट्रलाई पनि धेरै चिन्ता परेको थियो । कोभिडबाट ठूलो शैक्षिक क्षति हुन पुगेको थियो ।

सन् २०१९ डिसेम्बर ३१ (२०७६ पुष १६) मा पहिचान भएको कोभिड-१९ को नाम सुरूमा कोरोना भाइरस राखिएको थियो । २०१९ डिसेम्वर २५ मा चीनको वुहानमा अज्ञात रोगले मानिसहरूलाई अस्वस्थ तुल्याएपछि संचार माध्यमले विशेष चर्चासहित देखाइरहेका थिए । विभिन्न क्षेत्रबाट आफ्नो देशमा नयाँ वर्ष मनाउन आएका चाइनिजमा निराशा छाइरहेको थियो । यसैबेला धेरै संख्यामा मानिसहरू हस्पिटल जान थालेको दृश्य भाइरलै बन्दै गरेको बेला भकाभक मानिसहरू मर्न थालेको समाचार पनि आउन थाल्यो । विश्वभरी यसको भय भुवासरी फैलन थाल्यो । हामीमा पनि एक किसिमको त्रास पस्न थालिसकेको थियो । वि.सं. २०७६।१२।५ सम्म हाम्रो विद्यालय रत्नराज्य माध्यमिक विद्यालयमा अन्तिम परीक्षा चलेको थियो । हाम्रो सरकारले विद्यालयको अन्तिम परीक्षा चाँडै गराएर SEE मा भिडभाड कम गराएर संचालन गर्ने निर्णय बमोजिम अन्तिम परीक्षा चैत्र ५ मा सक्नेगरी आदेश आएको थियो । यतिकैमा वुहानबाट आउने १ नेपालीलाई स्वाव हङकङ पठाएर गरिएको परीक्षणमा कोरोना पोजेटिभ आएछ ।

फ्रान्सबाट चैत्र ४ मा नेपाल आएकी एक युवतीमा पनि कोरोना पुष्टि भएको थियो । नेपाल सरकारले चैत्र ५ गते चैत्र ६ मा हुने भनिएको परीक्षा र विश्व विद्यालयका परीक्षा स्थगित गरे र चैत्र मसान्तसम्म शिक्षण संस्था बन्द गर्ने घोषणा गऱ्यो । यसैगरी सरकराले चैत्र ९ देखि सबै अन्तर्राष्ट्रिय उडान रोक्ने एक साताका लागि सीमा नाकामा स्वास्थ्य जाँच गरेर मात्र आवागमन गर्न दिने लगायत चैत्र १० गतेदेखि लामो दूरीका यातायातमा समेत बन्देज लगायो । चैत्र ६ गते दिउँसो ४ बजे इशा ढुंगाना अमेरिकाबाट बेलायत हुँदै आउँदा कोरोना परीक्षणको कागज नहुँदा प्लेनबाट ओरालिएकी उनलाई फेरि नेपालको बेलायत नै फर्काइदिएको घटनाले पनि धेरै चर्चा पायो । २०७६ चैत्र ११ देखि १८ नेपालमा लकडाउन हुने सरकारले घोषणा गऱ्यो । जुन नेपालको पहिलो लकडाउन हो । योभन्दा पहिले नै सरकारले पार्टी प्यालेस र धार्मिक संस्थामा २५ जनामात्र भेला हुन पाइने भन्दै जिमखाना, रंगशाला र पौडी स्थल बन्द गराइसकेको थियो । अब त तोकिएको एक समय (बिहान) किनमेल गर्न बाहेक घरबाट निस्कन नपाइने भएको थियो । चैत्र १२ मा १ जना पुरूषमा कोरोना भएको खुलासा स्वास्थ्य मन्त्रालयले गऱ्यो । उनी एयर अरेबियाबाट १७० जनासँगै दुबइबाट आएका थिए । १ दिन होटल बसी घर धादिङ गएर आइ १० गते टेकुमा परीक्षणका लागि गएका भएपनि ११ गते नै कोरोना पोजेटिभ भएको जानकारी नदिएको भनी डाक्टरले समेत गुनासो गरेका थिए । अब त कन्ट्याक्ट ट्रेसिङ गर्ने कार्य पनि थपिएको थियो ।

कोरोना बिरामी धेरैको सम्पर्कमा आउँदा ।

चाइनाको वुहान शहरमा लकडाउन भएको बेला धेरै नेपाली विद्यार्थीहरू त्यता फसेका थिए । WeChat group बनाएर उनीहरू जोडिँदै उद्धारका लागि पहल गरीदिन सामाजिक सञ्जालमा गुहार मागेका थिए । नेपाल सरकारले सहयोग गरी दिनुपर्ने कुरा धेरैतिरबाट आएपछि चीनमा अवस्थित नेपाली राजदुतावासले नेपालीको स्थिति बुझ्न विशेष सेल बनाइ खटाएको थियो । १२० जना नेपाली वुहानमा छन् भन्ने जानकारी आएको थियो । उद्धारका लागि लगिएको नेपाल वायुसेवा निगमको चार्टर्ड विमानमा २०२० फ्रेब्रुअरी १५मा हुबइ प्रान्तका वुहान सहित विभिन्न शहरबाट भेला गर्न लगाई १७५ जना (जहाँ विद्यार्थी नै १७० जना थिए) त्रिभुवन विमानस्थलमा ल्याइ पुऱ्याएको थियो । उनीहरूलाई घर नपठाई ज्वरो सहित स्वास्थ्य जाँच गरी खरीपाटीमा क्वारेण्टाइनमा राखियो । पछि स्वास्थ्य स्थितिका कारण ६ जना बाहेकलाई घर पठाइयो । नेपालले वुहान पठाएको विमानमा चीनलाई सहयोग स्वरूप १ लाख मास्क पठाएको थियो । पछि नेपालमा नै सबैले मास्क लगाउनुपर्ने हुँदा कृत्रिम रूपमा पनि सुरूमा पछि प्राकृतिक रूपमा नै नेपालमा मास्क र स्यानीटाइजरको अभाव भएको थियो । विश्वका अरू राष्ट्रमा पनि मास्क छैन भनी हाकाकार मच्चिएको थियो । सीमित उत्पादनले भटाभट कोरोना बढ्दा माग थेग्न सक्ने कुरो पनि भएन ।

चीनमा कोरोना कम हुँदै गर्दा फाल्गुण ३० मा भारतमा भने ८१ जना संक्रमित र २ जनाको मृत्यु भएको थियो । रिजल्ट पछि वि.सं. २०७७ को शैक्षिक सत्रको भर्ना वैशाखमा हुन सकेको थिएन कोरोनाको कारणले । असार १६ सम्म हाम्रो देशमा पनि १३५६४ जना संक्रमित भैसकेका थिए र ७७ वटा नै जिल्लामा संक्रमण पुगिसकेको थियो र २९ जनाको मृत्यु पनि भैसकेको थियो । असार १५ को दिन ४७६ जना संक्रमित थपिएको तथ्याङ्क थियो ।

लकडाउनमा पनि दोस्रो २०७६ चैत्र १८ देखि २५ सम्म, तेस्रो चैत्र २५ देखि वैशाख ३ (२०७७) सम्म, चौथो वैशाख ३ देखि वैशाख १५ सम्म पाँचौ वैशाख १५ देखि जेष्ठ १० सम्म, छैटौँ जेष्ठ १० देखि जेष्ठ २५ सम्म भैसकेका थिए । जेष्ठ २५ देखि ६ चरण गरेर खुल्ने र असार १ देखि यातायातका साधनमा जोर विजोर प्रणाली लागु हुने कुरा सरकारले घोषणा गरेको थियो भने जीम, पौडी, रंगशाला, पार्टी प्यालेस आदि सञ्चालन गर्न पाएको थिएन । औपचारिक रूपमा सरकारले साउन ६ गते राती १२ बजेदेखि लकडाउनको अन्त गरे पनि नागरिक चेतनाको सवाल र गर्न नहुने कुरा धेरै पत्रपत्रिकाले सम्पादकीयमा लेखेका हुन्थे । कोरोना बढ्ने स्थिति देखिएकाले मास्क र सामाजिक दुरी आवश्यक भएको कुरा मिडियामा छाउँदै थिए । सार्वजनिक स्थलमा कोरोनाको लक्षण रूघाखोकी नदेखिँदा ज्वरो नापेर मात्र प्रवेश दिइन्थ्यो । कोरोना बढीरहेकोले भदौ तेस्रो साताबाट त्रि.विले परीक्षा लिने भनी तालिका बनाए पनि प्रकाशन नगर्ने भयो । कोरोना बढेको स्थिति हेरेर यसबाट प्रभावित हुने कतिपय कुराको सञ्चालन सम्बन्धी राय सुझाव दिन कोभिड नियन्त्रण र व्यवस्थापन गर्ने जिम्मा CCMC (Covid control management committeee) लाई दिइएको थियो । भाद्र २६ मा त्यसबेला सम्मका सबैभन्दा बढी संक्रमित थपिएका थिए १४९३५ जना काठमाडौँ उपत्यकामा मात्र ६९६ जना थपिएका थिए । कोरोना जित्ने दर ७०.६% थियो । आउने जाने क्रम बढेको पनि हुन्छ । लकडाउनको पूर्ण अन्त सरकारले तीज (भाद्र ५) पञ्चमी पछि नै गरेको हो । तर भाद्र १ २३ को तथ्यांक हेरेर स्वास्थ्य मन्त्रालयले तीज मनाउन माइत समेत नजानु भनिरहेकै थियो । कतिले टेरे, कतिले टेरेनन् । सुरूमा विदेशी प्लेनबाट सँगै आएकाहरूमा कोरोना नदेखिनु र कोरोना भएका २ जनालाई पनि निको भएपछि नेपालीहरू त्यति डराउँन छोडिसकेका थिए । लकडाउनको विरोधमा बोल्नेको संख्या पनि बढिरहेको थियो । यति बेला हुलका हुल मानिस इण्डियाबाट आउने क्रम बढेसँगै पश्चिम नेपालमा भने कोरोना बढेर क्वारेन्टाइनको राम्रो व्यवस्था गर्न नसकेको पनि पाइयो । सुरूमा उपत्यका भित्रलाई कडीकडाउ गरे पनि सोर्स फोर्स लगाएर भए पनि भित्र मानिसको संख्या बढेसँगै काठमाडौँ उपत्यकामा पनि कोरोनाको जोखिम परेको थियो । CCMC को सिफारिस बमोजिम असोज ५ गतेदेखि ५०% यात्री राखेर स्वास्थ्य सावधानीका साथ आन्तरिक उडान गर्न तयारी थियो । अन्तर्राष्ट्रिय उडान भने स्वास्थ्य मापदण्ड अपनाइ पुरै यात्रु राखेर पहिले नै चल्न थालेको थियो । जोर-विजोर प्रणाली थियो, पुरै गाडी गुड्न पाएका थिएनन् । प्रदुषण घटेको थियो

आकाश सफा देखिन्छ । आश्विन १ गते घटस्थापना परेको थियो । दशैं आएको रौस थिएन मानिसहरूमा न पहिलाको जस्तो रौनक थियो शहरतिर । मानिसहरूको त्यति किनमेल पनि थिएन। मानिसमा कन्फ्युजन थियो । कस्तो मनाउने, कत्रो मनाउने, कसरी मनाउने आदि । कतिको घरमा त कोरोनाका कारण विरामी भएर आतेशमा थिए भने कति शोकमा पनि । स्वास्थ्यकर्मीहरू त लामो समय सम्म PPE (Personal protective equipment) लगाएर सेवा र उपचारमा खटिनु पर्दा असिनपसिन हुनुपर्थ्यो चाडवाड विदा त मिल्न नै गाह्रो थियो ।

दशैं पछि हामीले पनि अनलाइन क्लास पढाउन सुरू गऱ्यौ । २०७७ आश्विन ६ गते शिक्षा मन्त्रालयको आकस्मिक योजना आएको थियो । विद्यालयको भर्ना कार्यक्रम गर्ने भनेर । कोरोनाको कारण सरेको कक्षा १२ को परीक्षा मंसिर ९ देखि हुने कार्यतालिका बोर्डले निकालेको थियो । कोभिड १९ नेगेटिभ आउँदा पनि लामो समयसम्म विरामी हुने र विभिन्न अंगमा समस्या देखिनेलाई वेलायती वैज्ञानिकहरूले पोष्टएक्युट काभिड नाम दिएका थिए । नेपालमा लङ कोभिड भनिन्थ्यो, जुन लक्षणसहित भएको कति कोरोना विरामीलाई देखिएको थियो । पहिले पिसिआर र एण्टवडी परीक्षण गर्ने RDT प्रविधि (रगतबाट हेर्ने) प्रचलित थियो कोरोना टेष्ट गर्न । पछि (Swab) च्याल परीक्षण गर्ने (NT Gene) प्रविधि आएकोले RDT विस्थापित भएको थियो । हुन त १०० %परिणाम कसैले पनि दिन सक्दैन रे । विभिन्न देशमा कोरोना विरूद्धको खोप धमाधम बनिरहेको बेला तेस्रो चरणको मेडिकल ट्रायल भन्दा माथि जान लागेको राष्ट्रसँग नेपालको लागि पनि कुरा गरिरहेको स्वास्थ्य मन्त्री भानुभक्त ढकालले जानकारी दिदा धेरै खुसी लागेको थियो । हामीलाई पुष महिना लाग्छ । नेपालमा कोरोना कम हुँदै गए पनि भारतमा तीब्र बढिरहेको थियो । केही महिना अघि नेपालमा बढिरहेको भए पनि भारतमा घट्दै थियो । नेपाल भारतको खुल्ला सिमाना र आवतजावतले गर्दा यताको उता उताको यता सहजै कोरोना ओसार पसार हुन सक्थ्यो । उपत्यका बाहिरका केही जिल्लामा विद्यालयहरू पहिले नै खुलेका थिए । उपत्यकामा पनि विस्तारै खुल्दै थिए । आश्विन १५ मा भेरी अस्पतालमा पहिलो ५९ वर्षीय डाक्टर हाडजोर्नी विशेषज्ञको कोरोनाबाट मृत्य भएको थियो । उनलाई प्लाज्मा थेरापी पनि गराएको थियो । जुनबेला २७ जनालाई एकैचोटी कोरोना भएको थियो । डिसेम्बर २०२० मा खोप लगाउने घोषणा गऱ्यो तर भारमा कोरोना संक्रमित १ करोड नाघेका र युरोप लकडाउनमा रूमल्लिरहेको थियो । हुन त अमेरिका पनि कोरोनाबाट आक्रान्त बनेकै हो । यतिन्जेल अष्ट्रेलिया भने आनन्दले बसिरहेको थियो । प्रत्येक महिना २ वटाका दरले कोरोना भाइरस म्युरेसन (रूप परिवर्तन) भउको बताइन्थ्यो । पुष ११ सम्मको तथ्यांक हेर्दा विश्वभरी संक्रमितको संख्या ८ करोड पुगिसकेको र १७ लाख ५० हजार भन्दा बढी व्यक्तिले ज्यान गुमाइ सकेका थिए । EU मा आवद्ध राष्ट्रले २०७७ पुष १२ देखि फाइजर खोप अमेरिकी र जर्मनी कम्पनीले विकास गरेका लगाउन सुरू गरे । नयाँ भइरस बेलायत हुँदै भारत आएको कुरासँगै पीसीआर पोजेटिभ आएकाहरूको जीन सिक्वेन्सिङ गर्ने कुरा स्वास्थ्य मन्त्रालयका प्रवक्ताले बताएका थिए । बेलायतबाट क्रिसमस मनाउन घर फर्किएकाहरूबाट युरोपका धेरै देशमा नयाँ स्वरूपको भाइरस भित्रिएको जनाइन्थ्यो । अब त अष्ट्रेलियामा पनि नयाँ भाइरस बढ्न थालेछ । स्कुल खोल्ने जिम्मा स्थानीय निकायलाई दिए अनुसार काठमाडौँ महानगरपालिकाले शैक्षिक सत्र ३ महिना मात्र बाँकी हुँदा माघ १ गतेदेखि स्कुल खोल्ने तयारी गरेको थियो । माघ ६ गते बेलायतबाट नेपाल फर्किएको ३ जनामा यूके भेरियण्ट (बी ११७) कोरोना भाइरसबाट संक्रमण भएको पुष्टि भएको थियो । माघ ७ मा एकैदिन बेलायतमा १८२० जना नयाँ भाइरसबाट मृत्यु भएको, ४० हजार भन्दा बढी संक्रमित भएको र एकै दिनमा ४६ हजार भन्दा बढीलाई अस्पताल भर्ना र ICU र भेन्टिलेटरमा चाप बढी भएको समाचारले संसार नै हल्लिएको थियो पछि यो नयाँ भाइरस डेल्टा नामले प्रचलित भयो ।

माघ ८ गते बिहिबार इण्डियाले अनुदानमा दिने भनिएको इण्डियामा नै बनेको १० लाख डोज कोभीसिल्ड (एस्टाजेन) खोप लिएर एयर इण्डियाको विमान बिहान ११ बजेर ५३ मिनेट जाँदा नेपालमा आइपुगेको थियो । इण्डियामा भ्याक्सिन खोप बन्ने गर्दथ्यो । माघ १० गते नै प्राप्त भएको कोरोनाको खोप ७ वटै प्रदेश पठाउन सुरू गरिएको थयो । माघ १४ देखि प्रथम चरणमा अग्रपङ्क्तिमा काम गर्ने स्वास्थ्यकर्मी सुरक्षाकर्मी, सरसफाइकर्मी आदिले पाउने भए । फाल्गुण २३ मा

६० वर्ष भन्दा माथिकालाई दिन थालिएको थियो पछि भारतीय सेनाले नेपाली सेनालाई सहयोग स्वरूप दिएको कोभिशिल्ड र चीनले दिएको आफै उत्पादन गरेको भेरोसिल खोप पनि नेपालमा भित्रिएको थियो । भारतमा कोरोनाको दोस्रो लहर आउन थालेको र विशेष गरी होली आउन आँटेकोले सीमानामा ओहोर दोहोर बढेकोले नेपालमा पनि कोरोना भित्रन थालेको अवस्था थियो । यतिन्जेल शिक्षकहरूले खोप लगाउन पाएका थिएनन् । चैत्र २५ देखि शिक्षकहरूलाई भेरोसिल खोप दिन थालिएको घर बस्ने भन्दा बाहिर निस्कने तथा स्कुल जाने मानिस बढी संक्रमित हुन थालेका थिए । स्वास्थ्य मन्त्रालयले सरकारलाई विद्यालय बन्द गराउन आग्रह गर्दा नभएपछि मिडिया मार्फत विद्यार्थीलाई स्कुल नजान र अभिभावकलाई स्कुल नपठाउन पनि आग्रह गर्न थालेको थियो । स्थानीय निकायले जुनजुन विद्यालयमा संक्रमित छन् त्यो त्यो विद्यालय बन्द गर्नु भन्दथ्यो, प्राइभेट विद्यालयको खोल्नुपर्छ भन्ने मान्यता छ भनी प्याब्सन भन्ने, बाबु आमा रूघेर बस्न भ्याउँदैनन् बालबच्चा खेल्न गै हाल्छन् बरू स्कुलमा स्वास्थ्य मापदण्ड अपनाउँदा स्कुलमा नै सुरक्षित हुन्छन् भन्ने शिक्षा मन्त्रीले भन्ने हल्ला थियो । बल्ल सरकारले स्कुल तथा शैक्षिक संस्थाहरू लगायत भिडभाड सार्वजनिक क्षेत्र तथा व्यवसाय वैशाख मसान्तसम्म बन्द गर्ने निर्णय वैशाख ६ मा गरेको थियो । वैशाख ६ गतेको तथ्याङ्कमा ७००१ पिसीआर र ४४४७ एन्टिजीन परीक्षणमा १२८१ संक्रमित देखिएका थिए । माक्स विना बस चढ्न नपाइने, सिट क्षमताभन्दा बढी यात्रु राख्न नपाइने, बस सहचालकले भाइजर पनि लगाउनुपर्ने आदि जस्ता व्यवस्था गरेको थियो । वैशाख ९ गते विश्वमा नै त्यो बेला सम्ममा १ दिनमा थपिएका संक्रमितको संख्यामा भारत पहिलो नम्बरमा आएको थियो, जुन दिन ३ लाख १४ हजार ८३५ जना संक्रमित भएका र २१०४ को मृत्यु भएको थियो । यस अघि अमेरिकामा एकै दिन जनवरी २ (पुष १८, २०७७) मा ३ लाख ३ सय १० जना संक्रमित भएका थिए । चैत्र ३० देखि वैशाख १८ सम्म भारतको महाराष्ट्रमा पूर्ण लकडाउन भएको थियो । भारतमा माघ बाट नै लगाउन सुरू गरेको खोप वैशाख ९ गते सम्म १३ करोड २३ लाख ३० हजार भन्दा बढीले लगाइ सकेका थिए । वैशाख १० गतेको समाचारमा दिल्लीमा ९९% शैया विरामीले भरिएको र विभिन्न अस्पतालमा अक्सिजनको अभावले विरामीको मृत्यु भइरहेको खबर सुन्दा त म पनि स्तब्ध भएकी थिएँ । यो नयाँ भाइरसले फोक्सोलाई असर पुऱ्याउँदा श्वास फेर्न गाह्रो भइ अक्सिजनको माग धेरै भएको थियो र भेन्टिलेटरबाट श्वास फेराउनुपर्थ्यो । वैशाख १३ गते कोरोना फैलिरहेको बेला नेपालमा १८ वर्ष भन्दा माथि देखि ५९ वर्ष उमेर समूहका व्यक्तिलाई भेरोसिल लगाउन थालिएको थियो । पहिला खोपमा विश्वास नगर्नेहरू समेत लगाउन तम्सदा धेरै भीड बढेर कोरोना झन खोप केन्द्रबाट नै फैलनछ कि भन्ने पनि थियो । वैशाख १२ मा ३१२२ मा कोरोना पुष्टि भएको, २८ को मृत्यु र सक्रिय संक्रमित १९,३८२ पुगिसकेको तथ्याङ्क हेर्दा चाँडै नेपालमा पनि भयावह हुने आंकलन गर्न सकिन्थ्यो । नभन्दै काठमाडौँ, पाल्पा, पर्सा लगायत केही शहरमा वैशाख १६ देखि निषेधाज्ञा (शीर्षक तोकेर लकडाउन) लाग्यो । वी.पी. कोइराला, धरानमा कोरोना संक्रमितबाट ICU, HDU भरिन आँटेको, कास्कीको एकै विद्यालयमा २१ जनामा कोरोना आदि सुनिदै गर्दा उपत्यकाबाट पनि गाउँ जानेको लर्को देखिन थाल्यो । अब त गाउँ गाउँमा कोरोना पुगिसकेको थियो । भारतमा नायक अक्षय कुमार (पत्नी सहित)ले बेलायतबाट अक्सिजन मगाएर, अजय देवगणले २० बेडको Icu व्यवस्था, नायिका प्रियंका चोपडा आदिले कोरोना उपचारका लागि सहयोग गर्नुका साथै सामाजिक संजाल मार्फत विखका सबैलाई भारतको हालत देखि संकटमा सहयोग गर्न अपिल गरेका थिए । नेपालमा संक्रमणमा बृद्धि भएर वैशाख २५ को तथ्याङ्कमा ८४१८ संक्रमित, ५३ को मृत्यु र ३३७० जना संक्रमण मुक्त भएका थिए । परीक्षण पनि व्यापक पारिएको थियो ९८९ एन्टिजेन र १७,३१५ पीसीआरबाट । भारतमा ३ दिन देखि लगातार प्रत्येक दिन ४ लाख भन्दा बढी संक्रमित थपिएको समाचार थियो । मुक्त हुनेको संख्या पनि धेरै थियो । संक्रमित ३ लाख ८६ हजार र मृत्यु हुनेको संख्या ४ हजार जना थियो । अब नेपालमा हस्पिटलका बेड भरीए भने हस्पितल पाउने गाह्रो भएको थियो । कोभिडका लक्षण केही कम भए पनि मानिसहरू डरले हस्पिटल नै जान खोज्दथे । २०७८ वैशाख ३० गतेदेखि नेपालमा अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालयहरू पनि बन्द गरी निषेधाज्ञा केही कडा पारिएको थियो । प्राइभेट

अफिस त पहिलेदेखि नै बन्द थिए धेरैलाई रोजागारी र रोजीरोटीको समेत समस्या पर्न थालिसकेको थियो । जेष्ठ १० गते सम्म आइपुग्दा स्वास्थ्य क्षेत्रमा कति सकारात्मक माहौल देखिएको आभास मिलेको थियो । हस्पिटल र आइसियु, भेन्टिलेटर बेडहरू पाउन थालियो तै पनि कतिपय हस्पिटलले वेड भए पनि अक्सिजन छैन भन्दथे । कोरोना संक्रमितको संख्या त धेरै थियो तर स्थिर जस्तो थियो ।

नेपालले चीनबाट खाली सिलिण्डर झिकायो अक्सिजन प्लान्ट अक्सिजन कन्सन्ट्रेटर, राखेर भर्न भनेर UAE बाट पनि नेपालीहरूले सिलिण्डर पठाएका थिए । अन्य प्रयोजनमा भएका सिलिण्डर भेला गर्ने अभियानै थियो । यति बेला नेपालमा राजनीतिक संकट पनि आएको थियो । चुनावको मिति समेत तोकिएको थियो, खोप झिकाउन सकेको थिएन, कोरोनाको त्रास, कोरोनाले मरेका आफन्तको पीडा आदिबाट आकुल ब्याकुल बनेका जनताले राजनीतिको खिचातानी, नेताहरूले आफ्नो दललाई समर्थन जुटाउन गरेको अभ्यास देख्दा No caccine, No vote भन्न थालेका थिए । भारतमा कोरोना घट्दै थियो । नेपालमा जटिल संक्रमित बढेकोले मृत्युको सख्या खासै घट्न नसकेको र सघन कक्ष (आइसीयु र भेन्टिलेटर) मा विरामीको चाप बढेकै थियो ।

कतिपय जिल्लामा आन्तरिक मुल्यांकनबाट विद्यालयको नतिजा तयारी गर्न खोजेको सुनिए पनि शहरका विद्यालय तथा निजी विद्यालयसँग मिल्ने गरी हाम्रो विद्यालयले डिजिटल प्रविधिबाट जेठ १७ गतेदेखि अनलाइन परीक्षा लिइ परिणाम घोषणा गऱ्यो । हामी प्रविधिमा कमजोर भएकोले केही गाह्रो परेको थियो प्रश्न निर्माण गर्न मैले पनि शिक्षक साथी तथा मेरी छोरीको सहयोग लिएर प्रश्न वनाएकी थिएँ । जिज्ञासा र सिकाइको तत्परताको सम्बन्धको मैले विद्यार्थी भाइवहिनीलाई पनि जितिस् प्राक्टिस भैरहेमा जानिँदो रहेछ । जेष्ठ १३ गते देखि खुद्रा पसल पनि नखोल्न कडा निषेधाज्ञा सुरू भएको थियो । १७ गते देखि त अन्तर्राष्ट्रिय उडान पनि बन्द भएको थियो । किन हो, खोप लगाएर हो कि सावधानी अपनाएर हो दोस्रो लहरमा स्वास्थ्यकर्मी धेरै संक्रमित भएका थिएनन् । यसले घर बस्ने बुढाबुढीलाई कति जोगाएको थियो भने २१ वर्षदेखि ५० वर्षकालाई धेरैलाई संक्रमित बनायो र ५ वर्ष मुनिका केटाकेटीलाई पनि छोडेको थिएन । २०७८ आषाढ ६ गतेको तथ्याङ्कमा संक्रमितको संख्या घटेर केही राहत दिएको थियो । आषाढ ८ गतेदेखि बार तोकेर पसल खोल्ने, प्राइभेट सवारी साधनमा जोर विजोर लागु हुने आदि कुराले केही खुसी ल्याएको थियो । हाम्रो विद्यालयको एक साइडमा आइसोलेसन केन्द्र बनेको थियो असार १५ बाट अर्को साइडपट्टी अफिस कोठामा गएर हामीले रिजल्ट बनाउने कार्य गरेका थियौं । असार १५ देखि अफिस पनि चले, २५ सिट र यो भन्दा बढी सिटका बस पनि चल्न थाले । असार १७ गतेदेखि निषेधाज्ञाको मोडल कति परिवर्तन भयो, होटेल रेष्टुरेन्टमा टेक वे सेवा चल्ने, घरमा तथा बसेको ठाउँमा नै विवाह, ब्रतबन्ध पूजआजा गर्न पाइने आदि नियम सहित । सर्वप्रथम इजरायलले ६०% जनतालाई फाइजर खोप लगाएर पहिलो माक्स फ्रि देश बनेको घोषणा गरेको थियो । आषाढ २८ गते सोमबार एक डोज मात्र लगाए हुने जोनसन एण्ड जोनसनको १२,३४,८५० डोज खोप अमेरिकाको अनुदानमा नेपाल आइसकेको थियो । यसैगरी WHO को COVAX कार्यक्रम अन्तर्गत ३,४८००० एस्ट्राजेनिका खोप सहयोग गरेको थियो । जुन ६० लाख डोज दिने घोषणा भएको थियो । यसैगरी चीनसँग ४० लाख डोज खोप खरिद गरेकोमध्ये २५ गते शुक्रबार नै ८ लाख डोज आइसकेको थियो । श्रावणमा पनि केही खुकुलो पारी निषेधाज्ञा थपिएको थियो । चीनमा कोरोना फेरी बढेको अमेरिकामा डेल्टाको नयाँ भाइरस आएको भनी तेस्रो लहर आउन सक्ने भनी हल्ला आइरहेको थियो । जे होस् सरकारले ६५ वर्ष माथिकालाई श्रावण २५ गतेदेखि ५ महिनाको पर्खाइमा जापानबाट आएको एष्ट्राजेनिकाको खोप भएछ । शुरूमा प्रायः सबै खोप १ महिनाको अन्तरमा दिनुपर्ने बताउँथे जोन्सोन एण्ड जोनसोन बाहेक । पछि एस्ट्राजेनिका १६ हप्ता सम्ममा लगाए हुन्छ भनी बेलायतको उत्पादक कम्पनीले बताउन थालेको थियो । ढिलै भए पनि धन्य पाएछन् भन्ने अवस्था थियो । अर्काको उत्पादन र वितरणमा भर पर्नुपर्ने भएकोले । विकसित राष्ट्रहरूमा खोप लगाउन नचाहने साइड इफेक्ट हुन्छ भनेर मानिसको संख्या पनि उल्लेखनीय थियो । अमेरिकाले त खोप लगाउनेलाई १०० डलर दिने समेत घोषणा गरेको थियो । कक्षा ११ को परीक्षा स्कुलले नै लिनु भन्ने थियो भने २०७८ साउन ३१ गते १२ को

परीक्षा स्थगित भएको थियो । भारतमा खोप लगाउनेको संख्या बढेसँगै कोरोना घटिरहेको थियो । तर वेलायत अमेरिकामा बढिरहेको तथ्याङ्क थियो । अमेरिकामा १ लाख भन्दा बढी संक्रमित थपिन थालेका र ९० हजार भन्दा बढीको अस्पतालमा उपचार भएको तथ्यांक थियो । जापानको भने पोहोरको भन्दा बढी विद्यालय बन्द भएको तथा संक्रमण बढेसँगै बालबालिकाको आत्महत्या पनि बढ्न थालेको तथ्यांक थियो ।

कोरोना घट्दै गएकोले काठमाडौँ उपत्यकामा भाद्र १६ देखि निषेधाज्ञा हट्यो । उपत्यकामा पनि कतिपय ठाउँमा विद्यालय खुलेका थिए । भाद्र २२ मा कुशे औँसी (बुबाको मुख हेर्ने) र २४ गते तीज थियो । चाडबाडका मुखमा निषेधाज्ञा त हट्यो कोरोना कति बढ्छ भन्ने चिन्ता त धेरेमा थियो । चीनबाट आएका विद्यार्थीको विजोक भएको थियो जान नपाएर अझै चीनले अन्तर्राष्ट्रिय सीमा खुलाएको थिएन । भर्खर २०७९ को फाल्गुण अन्तिमतिर बल्ल चीनले अन्तर्राष्ट्रिय सीमा खुलाएको हो । आश्विन २७ गते परेको विजया दशमी २०७८ सालमा त मनाउन मिल्नेले खुलेरै मनाए । खासै संक्रमितको संख्या नबढे पनि खोप लगाएकाहरू संक्रमण हुन थालेपछि मानिसले खोप लगाए भनी सावधानी अपनाएर हो कि खोप लगाएको लामो समय हुँदा रोग क्षमता शक्ति घटेर हो भन्ने थियो । १२ वर्ष मुनिकालाई अनिवार्य खोप लगाउन अनुमति दिने पहिलो राष्ट्र कोस्टारिका बनेको थियो । तिहार पछि त हाम्रो स्कुलको पनि भौतिक उपस्थितिमा कक्षा सञ्चालन हुन थाल्यो, जुन बेला धेरैमा कोरोना त्रास कम भैसकेको थियो अब त कोरोना कहर आउँदैन भन्ने थियो दक्षिण अफ्रिकामा मयूटेसन भएर जन्मिएको ओमिक्रोन भ्यारीएण्टले फेरी सबलाई आतंकित बनाएको थियो ४० वटा दशेका फैलियो भनी । बिहान दिल्लीमा भेटियो भनी समाचार सुनेकोमा दिउँसो त नेपालमा पनि भेटियो भन्ने पो सुनियो । यो अकिल फैलिने खालको छ भन्थे अब त सखाप पार्ने भयो जस्तो लाग्यो । यति ओमिक्रोन फैलिएला भनी पहिलो त्रैमासिक परीक्षा पुसमा लिने विचारमा रहेको हाम्रो विद्यालयले पनि मंसिर अन्तिममै सक्ने भयो । विश्वमा ओमिक्रोन फैलेसँगै इजरालयमा चौथो डोज खोप ट्रायलको रूपमा लगाउन थालिएको थियो । हाम्रो देशमा पुष १३ देखि १२ वर्षदेखि १७ वर्षका लागि दिइने भनिएको फाइजर खोप सिरिन्जको अभावमा रोकिने भएको थियो । भारतमा कोरोना बढेकै थियो । सीमाबाट नेपालमा मानिस भित्रिन थालेका थिए । नेपालमा पनि बढ्न थालि हालेछ पुषमध्यदेखि त । पुष २३ मा कोरोना भएमध्ये २०% मा S gnene negative आएको समाचार थियो gene sreeening गर्दा । S gnene negative हुँदा फरक भेरियन्टबाट भएको बुझिदोरहेछ । पुष २३ मा ८२७९ पिसिआर र ६६९९ एन्टिजेनबाट गरिएको परिक्षणमा ९६८ जना थपिएका थिए । युरोपमा बुस्टर डोजको बाबजुद पनि कोरोना फैलिरहेको थियो । नेपालमा पुष २७ गतेदेखि माघ १५ सम्म शैक्षिक संस्था बन्द गर्नुका साथै २५ जना भन्दा बढी भेला हुन नहुने, माघ २७ गतेदेखि कोडिभ १९ विरूद्धको खोप लगाएको कार्ड हेरेर मात्र (मोवाइलमा फोटो भए पनि हुने) सार्वजनिक स्थानमा प्रवेश दिने व्यवस्था गर्नुपर्ने, सबै विद्यालयका १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई १ हप्ताभित्र कोभिड विरूद्ध खोप लगाइ सक्नुपर्ने जस्ता कडा आदेश जारी गरेका थिए । माघ १ गतेसम्म २०० भन्दा बढी स्वास्थ्यकर्मीमा संक्रमण देखिएको थियो । यसै गरी संक्रमण बढ्दै गएपछि कतिपय हस्पिटलमा मेडिकल वार्ड नै बन्द भएको थियो, तेस्रो लहर हो यो भनिन्थ्यो । धमाधम कर्मचारीहरू पनि संक्रमित हुन थालेपछि कतिपय कार्यालयले सेवा दिन सकेका थिएनन् ।

ओमिक्रोन डेल्टा जस्तो कडा नभएकोले हस्पिटल जाने संख्या कम थियो, मृत्यु पनि धेरै थिएन तर व्यापक फैलिने गरेकोले चाँडै संक्रमितको संख्या बढ्थ्यो । माघ २ गते आइतबार उपत्यकामा काठमाडौँमा २,५४५ भक्तपुरमा ३२८ र ललितपुरमा ४७४ संक्रमित भएका थिए । त्यो दिन थपिएका ४९६१ थिए ९४६ संक्रमणमुक्त भएका थिए भने ३ जनाको मृत्यु भएको थियो । कोरोना बढ्दै गएपछि माघ ७ गते राति १२ बजेदेखि गाडीमा जोर विजोर प्रणाली लागू भएको थियो । माघ ७ गते व्यापक परीक्षण भएको थियो २३०९२ जनको एन्टीजेनबाट नै ४४७२ जनाको भएको थियो । धेरै ठाउँबाट खोप लगाउने कार्य पनि भएको थियो १ जना मानिस नै ठाउँ ठाउँमा खोप खोज्न जाँदा खोप केन्द्रबाट नै कोरोना सर्ने डर हुन्थ्यो । माघ १५ सम्म नेपालमा १,६५,२७,७४१ ले पहिलो डोज मात्र १,४०,१५,३४२ ले दोस्रो पनि र ३,३३,८३५ ले वुष्टर डोज लगाएको तथ्यांक थियो । माघ २३ गते

राती १२ बजेदेखि लागु हुने गरी जारी गरेको आदेशमा मापदण्ड अपनाइ विश्वविद्यालय कलेज, ट्युसन सेन्टर तालिमकेन्द्र संचालन गर्न सकिने । ५० जना भन्दा बढी भेला नहुने अरू ५०%मात्र संख्या राखेर सञ्चालन गर्न पाउने प्रावधान थिए । खोप पुरा भएका विद्यालयमा नियमित र नभएकाहरूमा आलोपालो वा सिफ्ट प्रणालीमा सञ्चालन गर्नुपर्ने थियो । यसै बमोजिम हाम्रो विद्यालयमा पनि २०७८ पुष २८ मा नै खोप कार्यक्रम सकिएकोले नियमित विद्यालय सञ्चालनमा आयो । अब त १ वर्ष पनि नाघिसक्यो २०७९ फाल्गुणको तेस्रो साता भैसक्यो । हालसाल कोरोनाबाट मृत्यु भएको तथ्यांक छैन कोरोना पनि २, ४ जनालाई फाट्टफुट्ट देखिन्छ । विद्यालयहरू कुनै त्रास बेगर चलिरहेका छन् । माक्स लगाउनेले लगाउँछन् । नलगाउनेले नलगाउन पाउँछन् । मानिसले निसंकोच रोजगारी गर्न पाएका छन् । सबै आर्थिक राजनीतिक गतिविधि यथावत चलेको छ । मंसिरदेखि विवादको लगन बढी नै हुनु र केरोनाको पिर नहुनुले गर्दा भोज भतेरमा मानिसको भिडभाड हुने नै गर्दछ । सबै नानी बाबुहरूले विद्यालय नियमित जान पाएका छन् । कोरोना कालमा घरको सीमित कोठामा साँघुरिएर बस्नुपर्दा खिन्न हुने अवस्था थियो । साथीभाइसँग भलाकुसारी गर्न खेल्न पाएका थिएनन्, जसले उनीहरूमा बेखुशी बढाएको थियो । व्यायाम नहुँदा, रमाइलो गर्न नपाउँदा रोग क्षमता शक्ति पनि घट्ने हुँदा शारीरिक मानसिक रोगले पनि सताउन सक्थ्यो । अहिले त विद्यार्थी भाइबहिनीहरूले आनन्द गर्नुपर्ने अवस्था छ । भौतिक रूपमा कक्षामा उपस्थित भएर पढ्न पाएका छन् । कोरोनाको त्रास नहुँदा किनेका सामान निस्फिक्री उपभोग गर्न पाएका छन् अरूले दिएको खान पनि डर मान्नु नपर्ने हुँदा विद्यालयले दिएको दिवा खाजा खुशी भएर खाएका छन् । सायद अब फेरी कोभिडले पहिलाको जस्तो नपिरोस् । थप खोप भित्रीरहेका छन् फाट्टफुट्ट देखिए नियन्त्रणमा आउला भन्ने आशमा छौं हामी । तर पनि भाइरसलाई हेन्प भने हुँदैन । कुनै पनि बेला वातावरण मिलेमा ह्वात्त बढ्न सक्ने हुँदा स्वास्थ्य सावधानी भने अपनाउँदै गर्नुपर्छ, विशेष गरी कोभिडको विरामीको छेउमा जानुपर्दा ।

■

दुःखी जीवन

सुहाना लामा
कक्षा : ९ 'सी'



आफ्नो गाउँ छाडी यहाँ
आएँ काठमाडौँ सहर ।
हजारौं दुःख सहनु नै
पर्ने होइन हाम्रो रहर ।।

पढ्नलाई गएँ नयाँ ठाउँमा
जाँदैछु फरक दोबाटो ।
हजारौं पीडा मुटुमा बोकी
हिँड्नुपर्ने रैछ आफ्नो बाटो ।।

जिन्दगीमा दुःखै दुःख लेखेको रहेछ
आँसु थाम्न सक्दिन म जब राती हुन्छ
पहिला यसै बढिराछ सोचेर
भोलि जे हुन्छ हुन्छ ।।

नयाँ लुगा लगाउन
दशैं कुर्न पर्थ्यो ।
ए दैव ! हाम्रो जिन्दगीमा
सुख भन्ने कुरा लेखिदिए हुन्थ्यो ।।

आफ्नो पीडा आफैँलाई थाहा छ,
देख्दैन यहाँ कसैले ।
ओहो ! यो त कति खुशी हुन्छ
घरमा दुःख छैन रैछ भन्छन् मलाई सबैले ।

दुःखै दुःखको जीवन मेरो
सुख भन्ने थाहा छैन
जल्छ मुटु तड्पिन्छ मन
आफ्नो भन्ने कोही छैन ।

जति बोक्यो उति गह्रौं
जिन्दगीको भारी ।
दुःखीलाई नै दुःख दिन्छस्
किन ए दैव हरि ।।

भाग्य लेख्ने मसी पाए
आफै भाग्ले लेखिदिन्थें ।
दुःख पोख्ने ठाउँ पाएँ
केही नराखी पोखिदिन्थें ।
दुःखीलाई दुःखैको भारी
भेटिँदैन बिसाउने चौतारी ।।■

किशोरावस्थामा हुने संवेग र व्यवस्थापन

सुशीला खड्का
शिक्षक



१. परिचय

संवेग एउटा मानवीय जन्मजात आउने गुण हो। संवेग भनेको खुसी, दुःख, डर, रिस, घृणा, आश्चर्य आदि मनोभावबाट उत्पन्न भएको प्रतिक्रिया हो। यो मुख्य गरेर मन र मस्तिष्कसँग सम्बन्धित हुन्छ। उदाहरणको लागि खुसी हुँदा मानिसले प्रसन्न मुद्रामा हाँसेर प्रतिक्रिया दिन्छ भने दुःखी हुँदा आँखाबाट आँसु खसालेर प्रतिक्रिया दिन्छ। यसैले डर, रिस, घृणा, आश्चर्य आदिको भावलाई मानिसले अवस्था अनुसार प्रकट गर्दछन्। यसर्थ, यी सबै मनोभावहरु संवेग हुन्।

यसै गरी मानव जीवनको बाल्य अवस्था र वयस्क बिचको एउटा संक्रमणकालीन अवस्थालाई किशोरावस्था भनिन्छ। विश्व स्वास्थ्य संगठनका अनुसार 10 वर्ष देखि 19 वर्षसम्मको उमेरलाई किशोरावस्था भनिएको छ। यो उमेर समूहमा पर्ने बालबालिकामा बाल्य तथा वयस्क दुवै अवस्थामा हुने विशेषता पाइन्छ। यसैले शारीरिक रुपले वयस्क जस्तै देखिने र बानी व्यवहारमा बालापन रहिरहने भएकोले यस अवस्थाका संवेगहरु पनि मिश्रित खालका हुन्छन्।

२.संवेगको आधारभूत तत्व

संवेगलाई विभिन्न विद्धानले धेरै प्रकारले विभाजन तथा परिभाषा गरेको पाउन सकिन्छ । यसै सन्दर्भमा प्रसिद्ध मनोवैज्ञानिक Paul Eckman ले मानवीय संवेगलाई ६ ओटा आधारभूत तत्वको रुपमा उल्लेख गरेको पाइन्छ । ती हुन:-

(1) **खुसी (Happiness) :** संवेगको सबै भन्दा महत्वपूर्ण भाग खुसी हो। सुखद अवसरबाट खुसीको भाव उत्पन्न हुन्छ। मुस्कान, हाँसो, अनुहारको भाव, हातको चाल, मधुर बोलीद्वारा खुसीको संवेगलाई देख्न सकिन्छ।

(1) **दुःख (Sadness):** दुःखको संवेग सबैभन्दा पीडादायी संवेग हो। आँसु निरासा पीडादायी अवस्था गम्भीर भावद्वारा दुःखको संवेगलाई बुझ्न सकिन्छ।

(1) **डर (Fear):** युद्ध प्रकोप, आक्रमण, अमानवीय कार्यबाट डरको संवेग उत्पन्न हुन्छ। मुटु ढुकढुक हुनु, शरीर काँप्नु, स्वाँ स्वाँ हुनु, आँखा ठूला ठूला हुनु आदि डरसँग सम्बन्धित संवेग हुन्।

(1) **रिस (Anger):** आफ्ना इच्छा विपरितको क्रियाकलापबाट रिसको उत्पन्न हुन्छ। रिसलाई हानिकारक संवेगको रुपमा लिइन्छ। चिच्याउनु, दाह्रा किट्नु, आँखा राता राता पार्नु, अश्लील शब्द बोल्नु आदि रिसँग सम्बन्धित संवेग हुन्।

(1) **घृणा (Hate):** अरुले आफूप्रति नकारात्मक व्यवहार गर्दा घृणाको संवेग प्रकट हुन्छ। थुक्ने, गाली गर्ने, आँखा तर्ने, मुठ्ठी बटार्ने आदि संकेतद्वारा घृणाको भाव व्यक्त भएको देखिन्छ।

(1) **आश्चर्य (Surprise):** मन अचम्मित हुँदा आश्चर्यको संवेग उत्पन्न हुन्छ। खुसी दुःख तथा अचम्म पर्दा यस्तो संवेग देखा पर्छ।

किशोरावस्थाको उमेर भनेको शारीरिक तथा मानसिक रुपले परिवर्तन हुने उमेर हो। किशोरावस्थामा शरीरको उचाइ बढ्छ । यसै गरी शरीरका केही अङ्गमा परिवर्तनको लक्षण देखिन्छ। मन तथा मस्तिष्क पनि परिवर्तन हुन्छ। यो शारीरिक तथा मानसिक रुपमा व्यापक परिवर्तन आउने भएकोले यो उमेरलाई "आँधी वा तुफान" को अवस्था भनेर पनि चिन्न सकिन्छ।

३.संवेगका किसिम

किशोरावस्थाको संवेगलाई मूलतः दुई भागमा बाँडन सकिन्छ।

(1) सकारात्मक संवेगः जसमा हर्ष, खुसी, आश्चर्य, सन्तुष्टि, मुस्कान, प्रशंसा आदि ।

(2) नकारात्मक संवेगः जसमा रिस, इर्ष्या, घमण्ड, डर, चिन्ता, असन्तुष्टी, लज्जा, निरासा जस्ता कार्यहरु रहेका छन् ।

सकारात्मक संवेगले जीवनमा असल परिवर्तन ल्याउँछ भने नकारात्मक संवेगले मानव जीवनमा खराब असर पनि गर्छ। यसरी अभिभावकको तुलनामा किशोर किशोरीमा सकारात्मक तथा नकारात्मक दुवै संवेगहरु



उच्चतम तहमा रहेका हुन्छन्। किशोरावस्थामा पहिलो चरणमा बढी नकारात्मक संवेग देखा पर्ने भए तापनि उमेर बढ्दै जाँदा यस्ता संवेग कम भएर जान्छ। किशोर किशोरीहरुले संवेग व्यवस्थापनका लागि एउटा स्थायी प्रकारको सहपाठी बनाउने गर्दछन्। यस्ता सहपाठी समूहले अस्वीकार गरेमा किशोर किशोरीहरुले विद्यालय छाड्ने, खराब कार्यहरु गर्ने जस्तो कि कुलतमा फस्ने सम्भावना पनि बढी हुन्छ। यस्ता व्यवहारलाई नकारात्मक संवेग भनिन्छ। यसैले सकारात्मक प्रकारको सहपाठीको सम्बन्धले मात्र किशोर किशोरीहरुको संवेगात्मक स्वास्थ्य विकास गर्न सहयोग पु-याउँछ । यसर्थ, अभिभावकले सकारात्मक कार्य तर्फ प्रेरित गर्न जोड दिनु पर्छ ।

किशोरावस्थामा संवेग नियन्त्रणका लागि अभिभावक तथा शिक्षकहरुको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। किशोर किशोरीलाई राम्ररी सम्झाउने उचित परामर्श दिने गर्नु पर्दछ। यसै गरी अभिभावक तथा शिक्षक शिक्षिकाहरुले उनीहरुको उज्वल भविष्यको लागि कार्य गर्ने हुनाले उनीहरुसँग समधुर सम्बन्ध राख्नु पर्दछ। किशोर किशोरीहरुले अभिभावक तथा शिक्षकसँग आफ्ना समस्या तथा संवेग आदान प्रदान गर्दा आवश्यक परामर्श र सल्लाह सुझाव दिने गर्नु पर्छ ।

४.संवेग व्यवस्थापन

संक्षेपमा कुरा गर्दा संवेग व्यवस्थापन भनेको आफ्नो उत्तेजक गतिविधिलाई नियन्त्रण गर्नु हो। रिस, घमण्ड, इर्ष्या, लोभ, डर, चिन्ता, निरासा जस्ता नकारात्मक संवेगलाई हटाउने प्रयास नै संवेग व्यवस्थापन हो। किशोरावस्थाको संवेग व्यवस्थापन अरु कसैले गरि दिएर हुँदैन। यसका लागि किशोर किशोरीहरु आफै सचेत भई विभिन्न उपायहरु अपनाउनु पर्दछ। ती उपायहरु निम्न रहेका छन् :-

(1) **भावना साटासाट गर्ने**

कुनै कारणले आफ्नो मनमा डर, चिन्ता जस्ता संवेग उत्पन्न हुन्छन्। यस्ता संवेग समाधान गर्न परिवारका सदस्य, शिक्षक, आफन्त र आफ्ना मिल्ने साथीसँग आफ्नो समस्या व्यक्त गर्नु पर्दछ।

(2) **सिर्जनात्मक कार्यमा व्यस्त रहने**

फुर्सदको समयलाई खेलकुद, साहित्य, सङ्गीत जस्ता कुरामा लगाउनु पर्दछ। सिर्जनात्मक कार्यमा व्यस्त रहँदा मनमा खराब भावनाले बास गर्न पाउँदैन र सिर्जनात्मक कार्यले आफ्नो सफलतामा उर्जा भर्ने काम गरेको हुन्छ।

(3) **योग तथा ध्यान गर्ने**

योग तथा ध्यान गर्ने बानीले हाम्रो शरीरमा सकारात्मक उर्जा पैदा हुन्छ। यस्तो कार्यले असल सोचमा वृद्धि हुनुका साथै दिमाग ताजा र मन उर्जावान हुन्छ।

(4) **समूहमा घुलमिल हुने**

नकारात्मक संवेग उत्पन्न भएको समयमा एक्लै बस्न मन लाग्छ, यस्तो कार्य स्वास्थ्यको लागि हानिकारक मानिन्छ। त्यसैले परिवार, आफन्त तथा साथीभाइको समूहमा बस्ने बानी बसाउनु पर्दछ, समूहमा बस्ने, सामूहिक कार्यमा जुट्ने, गफ गर्ने, सिर्जनात्मक कार्य गर्ने कुरामा विशेष ध्यान दिनु पर्दछ।

(5) **सत्य र न्यायको पक्षमा आवाज उठाउने**

हेपाइ, भेदभाव तथा यौनजन्य क्रियाकलाप गर्न वाध्य बनाएको अवस्थामा यस्ता अमानवीय कार्य सहेर बस्नु हुँदैन। यस्ता अमानवीय कार्यहरु आफू तथा अरु माथि पर्न गएमा त्यसको विरुद्ध सत्य र न्यायको पक्षमा आवाज उठाउनु पर्छ।

अन्त्यमा किशोरावस्थामा हुने संवेग र व्यवस्थापनको लागि सरोकारवाला सबैले ध्यान दिनु पर्ने अवस्था रहन्छ । यसमा पनि मुख्य गरेर घर परिवारका सदस्य, अभिभावक, शिक्षक र समुदायले समेत उचित ध्यान दिनु पर्ने अवस्था रहन्छ । साथै, किशोर किशोरीहरुले पनि अरुको कुरा तथा लहलहैमा लाग्ने बानीलाई छोडी आफ्नो भविष्यको निमित्त परिवार, अभिभावक तथा शिक्षकका कुरालाई आत्मासाथ गर्नु पर्छ । यसो गरेको अवस्थामा सबैको हित हुने अवस्था एकातर्फ रहन्छ भने अर्कोतर्फ आफ्नो भविष्य पनि उज्जवल बनाउन सकिन्छ।

■

समावेशी शिक्षा र दिवाखाजा

डिल्लीराज ज्ञवाली
शिक्षक



विभिन्न ज्ञान, सीप र अनुभवबाट बालबालिकाको सर्वाङ्गीण विकासका लागि शिक्षा आवश्यक हुन्छ । शिक्षाले सिकाइ उत्प्रेरित गर्छ, सिकाइ उत्प्रेरित गर्ने काममा समावेशी शिक्षालाई पनि लिइन्छ, समावेशी शिक्षाले शिक्षाको मुलधारमा आउन नसकेको शिक्षाको घेराबाट बाहिर रहेका विभिन्न समूहहरूलाई सम्बोधन गरी शिक्षाको अवसरमा समान सहभागिता गराउन, आवश्यकता अनुसारको योजना बनाई सन्तुलित तवरबाट अगाडि बढ्नुपर्छ भन्नेमा जोड दिइएको पाइन्छ ।

कुनैपनि बालबालिका जन्मँदै असक्षम हुँदैन । उसँग भएको फरक क्षमतालाई र उसकै विशेषता अनुसारको वातावरण नभएका कारण शिक्षाबाट वञ्चित हुनु परेको तीतो यथार्थ छ ।

नेपालका कैयौं बालबालिका आर्थिक अभावका कारण भोकै विद्यालय जानुपर्ने बाध्यताले शिक्षा आर्जनमा प्रत्यक्ष प्रभाव पर्दा दक्ष जनशक्ति उत्पादन गर्ने जग नै कमजोर बनिरहेको छ । सरकाले लागू गरेको आधारभूत तहसम्मको क्रमिक दिवा खाजाले केही हदसम्म काम गरेको छ । खाजाका लागि छुट्याइएको बजेटमा स्थानीय तहले केही रकम थिपिदिएर यो कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रयत्न गरेको पाइन्छ । किनकि नेपालको केही ठाउँमा यही कारणबाट पनि विद्यालयमा छात्र-छात्राको संख्यामा वृद्धि भएको तथ्यांकहरू प्रकाशित भएको देखिन्छ ।

घरमा राम्रोसँग खान नपाउने र खाजा लिएर विद्यालय आउन नसकेकोहरूका लागि भोकभोकै राम्रोसँग सिकाइ सिक्न नसक्नेहरूका लागि राम्रो भएको छ । यसलाई प्रभावकारी बनाउन नसकेकाहरूका लागि राम्रो भएको छ । यसलाई प्रभावकारी बनाउन सकेमा पत्रु खाना (Junk Food) लाई विस्थापन गरी गाउँघरमै पाइने खानालाई मिलाएर सन्तुलित भोजनको रूपमा विकास गर्न सकेमा बच्चाको शारीरिक, मानसिक तथा वौद्धिक क्षमतामा वृद्धि गर्न पक्कै पनि सकिन्छ । सरकारले ल्याएको यो कार्यक्रम विद्यालयमा खाजा बनाएर खुवाउन अलि झण्झटिलो मानिए तापनि थोरै रकम वृद्धि गरी स्वस्थ र स्वच्छ खाजामा जोड दिएमा यो कार्यक्रम शिक्षाको सफल कार्यक्रम हुनेछ र यो व्यवस्थित भई समावेशी शिक्षाको सहयोगी मात्र होइन बलियो आधार नै बन्नेछ । ■

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
एवं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौं ।
शुभकामना
गितार शप
काठमाडौं

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवसरमा विद्यालयको प्रगति
एवं समुन्नतिको लागि शुभकामना
व्यक्त गर्दछौं ।
शुभकामना
भि.एस. निकेतन मा.वि.
नयाँ वानेश्वर, काठमाडौं

तिमी विद्यार्थी म शिक्षक

लेखा शर्मा
शिक्षक





तिमी बिहानीको घाम बनेर उदाऊ
म साँझको मिरमिरे तारा बनेर पर्खिरहनेछु ।

तिमी पूर्णिमाको जुन बनेर आऊ
म औंसीको रात बनेर हेरिरहने छु ।

तिमी उज्यालो बनेर संसारभर छाऊ
म अँध्यारो कुनाबाट तिमीलाई नियालिरहने छु ।

तिमी सिङ्गो आकाशमा रमाएर उड
म पिँजडा भित्रबाट तिमीलाई स्वागत गरिरहनेछु ।

तिमी विश्वले चिनिने मानिस भएर मलाई नहेरी हिँड
म तिमीले सानो छँदा पढेकै कक्षाकोठाबाट हेरिरहने छु ।

मेरा नराम्रा खबर सुनेनी तिमी केही वास्ता नगर
तर म तिम्रा हरेक खुसीलाई हेरेर मुस्कुराइरहने छु ।

अब तिमी मलाई विर्स, म तिमीलाई सधैँ सम्झिरहने छु
किनकि तिमी विद्यार्थी म शिक्षक ॥

■

हामी र हाम्रो राष्ट्र

स्नेहा झा
शिक्षक





राष्ट्रको माया राष्ट्रको छाँया राष्ट्रको ममता
सक्छ को भुल्न बस्दछन् जहाँ स्वर्गका देवता ॥

राष्ट्र नै हाम्रो छ यति राम्रो छ यति सुन्दर
अटन जहाँ सक्छ हे!साथी ठूलो यो संसार ॥

जन्मेका जहाँ हजारौँ थिए नेपाली विभूति
तिनैका पोथ्रा नेपाली हामी राष्ट्रको यो ज्योति ॥

लक्ष्मी र सम बसेर यहीँ लेखेथे कविता
सन्तान हामी तिनैका आज के छ त्यो क्षमता ॥

सिद्धार्थ पनि देशकै थिए शान्तिको पुजारी
तर के साथी छ आज यहाँ शान्तिको चिनारी ॥

होऔँ हे साथी सजग हामी पाउन ती सबै
दिएका थिए पुर्खाले हाम्रा गौरव ती सबै ॥

आएर साथी मिलाई हात प्रतिज्ञा यो गरौँ
बाँच्नेछौँ यहीँ मर्नेछौँ यहीँ अठोट यो गरौँ ॥

■

शैक्षणिक योजनाको महत्त्व र प्रयोग

सम्झना भेटवाल
शिक्षक



शिक्षण कार्यमा शिक्षकले पूर्ण तयार स्वरूप निर्माण गर्ने योजनालाई शैक्षणिक योजनाका रूपाम लिइन्छ । शिक्षक कक्षा कोठामा प्रवेश गर्नु पूर्व शिक्षण कार्य प्रभावकारी र अर्थपूर्ण बनाउनको लागि शैक्षणिक योजना बनाउन अति आवश्यक छ । किनभने योजना भनेको नै कुनै कार्य सम्पादन गर्न गरिने पूर्व तयारी हो । यसबाट कुनै पनि कार्य छिटो छरितो र व्यवस्थित ढङ्गले उद्देश्यपूर्ण रूपमा शिक्षण कार्य सम्पन्न गर्न सकिन्छ । शैक्षणिक योजनाले पाठ्यक्रममा राखेको निश्चित उद्देश्यहरू पूरा गर्न शिक्षकलाई सहयोग पुऱ्याउँछ । शैक्षिक योजना भित्र उद्देश्य लक्षित विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत साधन अनि मूल्याङ्कन प्रक्रिया आदिको प्रस्तुति रहन्छन् । शिक्षण आफैंमा एउटा योजना भएको हुँदा पाठ यसरी पढाउँछु, विद्यार्थीमा यस किसिमको ज्ञान, सीप र धारणाको विकास गराउँछु, यी सामाग्री र विधिको प्रयोग गर्छु, विद्यार्थीले कत्तिको ग्रहण गर्न सके भन्ने बारेमा मूल्याङ्कन गर्दछु भन्ने विभिन्न कुराहरूको पूर्व तयारीलाई शैक्षणिक योजना भनिन्छ ।

शैक्षणिक योजनाहरू विभिन्न किसिमका हुन्छन् । जस्तैः वार्षिक कार्य योजना, एकाइ योजना, दैनिक पाठयोजना आदि । यस्ता योजनाहरूको पूर्व तयारी भएन भने शैक्षिक कार्यक्रमबाट सफल र प्रभावकारी तवरले उद्देश्यहरू प्राप्त हुन सक्दैनन् । जुनसुकै योजना पनि पूर्व निश्चित र पूर्व निर्धारित हुनुपर्छ । जुन शैक्षणिक योजना तयार पारेको हुँदैन त्यसले विद्यार्थी, समाज र राष्ट्रलाई अल्मल्याएको हुन्छ । त्यस कारण शिक्षक कक्षा कोठामा प्रवेश गर्नु पूर्व नै पूर्व तयारी गर्न आवश्यक हुन्छ । शैक्षणिक योजनाले वार्षिक, एकाइगत र कक्षागत शिक्षणका सीपगत अभ्यासलाई सुनिश्चित तथा व्यवस्थित बनाइदिन्छ भने शिक्षालाई सही मार्ग निर्देश गरी निश्चित शैक्षिक गतिविधिको गोरेटो बन्न मद्दत पुऱ्याउँछ ।

शैक्षणिक योजनाहरू

१. वार्षिक कार्य योजना :

शिक्षकले एक शैक्षिक सत्रको अवधिमा आफूले शिक्षण गर्ने विषयमा अपनाउनुपर्ने सम्पूर्ण कार्यक्रमहरूको पूर्व तयारीलाई वार्षिक कार्य योजना भनिन्छ । यसमा खास विषयका पाठ्यवस्तुहरूको लम्वाई र तिनीहरूको लागि छुट्याइएको समयभित्र गर्नुपर्ने कार्यकलापहरू समावेश गरिन्छन् । यसले शिक्षकलाई कुन विषयवस्तु कति समयभित्र पढाइसक्ने, पाठ्यवस्तुहरूको लम्बाई र तिनीहरूको लागि छुट्याइएको समयभित्र गर्नुपर्ने कार्यकलापहरू समावेश गरिन्छन् । यसले शिक्षकलाई कुन विषयवस्तु कतिसमयभित्र पढाइसक्ने, पाठ्य एकाइ, पाठ्य वस्तु, पाठ्य एकाइ घण्टी आदि कुराको निश्चित गर्दछ । पढाइ हुने समय र नहुने समयलाई स्पष्टतः छुट्याएको हुन्छ । पाठ्यपुस्तकका कुनैपनि पाठ्य विषय शैक्षणिक समयावधिमा पढेर सकिन्छ र निर्धारित विषयगत उद्देश्यहरू हासिल गराउन सकिन्छ भन्ने कुरा देखाउँछ । यसको मूख्य लक्ष्य भनेको नै पाठ्य पुस्तकका विषयवस्तुहरू शैक्षिकसत्रभित्र पूर्ण हुन्छन् वा हुँदैनन् भन्ने जानकारी दिनु हो । यस योजनामा उद्देश्य हासिल हुनसक्यो वा सकेन भनेर निर्क्योल गर्न मूल्याङ्कन प्रक्रियाको समेत व्यवस्था गरिएको हुन्छ । वार्षिक कार्य योजनामा पाठ्य विषय खण्ड, मूल्याङ्कन खण्ड र सहयोगी कार्यकलाप खण्ड समावेश हुन्छन् ।

वार्षिक कार्ययोजनाको नमूना :

विद्यालय
विषय
शिक्षक :
कक्षा
अ) पाठ्य विषय खण्ड

मिति	पाठ्य एकाइ र पाठ्यवस्तु	पाठ्य एकाई घण्टी
.....	(क)	.....
.....	(ख)	.....
.....	(ग)	.....

आ) मूल्याङ्कन खण्ड :

मिति	मूल्याङ्कनको नाम	प्रश्नका प्रकार	अङ्कभार (प्रतिशतमा)
.....	प्रथम त्रैमासिक	.....	.....
.....	द्वितीय त्रैमासिक	.....	.....
.....	वार्षिक	.....	.....

(इ) सहयोगी कार्यकलाप खण्ड

मिति	कार्यक्रम	सङ्ख्या
.....	हाजिरी जवाफ प्रतियोगिता	.....
.....	कविता प्रतियोगिता	.....
.....	चित्रकला प्रतियोगिता	.....
.....	वक्तृत्वकला प्रतियोगिता	.....
.....	निबन्ध लेखन प्रतियोगिता	.....
.....	वादविवाद प्रतियोगिता	.....

२. एकाइ योजना :

कुनै एउटा विषयभित्रका विभिन्न खण्डहरूमध्ये कुनै एउटा खण्ड वा मुख्य शीर्षक एवम् एकाइलाई शिक्षण गर्दा आवश्यक पर्ने सम्पूर्ण शैक्षिक कार्यक्रमको पूर्वतयारीलाई एकाइ योजना भनिन्छ । एकाइ शिक्षण गर्नका लागि खास आवश्यक शैक्षिक उद्देश्य, पाठ्यवस्तु, शिक्षण सिकाइ कार्यकलाप, शिक्षण सामग्री तथा मूल्याङ्कन जस्ता महत्त्वपूर्ण तत्वहरू समावेश हुन्छन् । यी तत्वहरूलाई एकाइ योजनाका अङ्गहरू भनिन्छ । यसमा एकाई शिक्षणको अन्त्यमा हासिल हुनुपर्ने ज्ञान, सिप र अभिवृद्धिसँग सम्बन्धित शिक्षण सिकाइ कार्यकलापहरू समावेश हुन्छन् ।

एकाइ योजनाको नमूना :

विद्यालय : विषय : नेपाली

शिक्षक : कक्षा : ५

एकाइ शीर्षक : कर्मको फल कथा

उद्देश्य	पाठ्यवस्तु	शिक्षण सिकाइ कार्यकलाप	घण्टी	मूल्याङ्कन	शिक्षण सामाग्री
१. आरोह अवरोह मिलाएर पढ्न सक्नेछन् ।	१. सस्वर वाचन	१. सस्वर पठन गर्न लगाउने,	२	१. सस्वर वाचन गराएर,	१. दैनिक प्रयोगका सामग्री -पाठ्यपुस्तक)
२. कठिन शब्दको अर्थ बताइ वाक्यमा प्रयोग गर्न सक्नेछन् ।	२. शब्दार्थ र वाक्यमा प्रयोग	२. कठिन शब्दलाई टिप्न लगाउने,	२	२. कठिन शब्दहरूको अर्थ बताउन लगाएर,	२. वृद्धा, सुगा, अधवैंसे मानिस, विषालु जीवहरूको चित्र, शब्दपत्ती

३. बोध प्रश्नको उत्तर दिन सक्नेछन् ।	३. प्रश्नोत्तर	३. अनुच्छेद पढ्न लगाएर प्रश्नोत्तर गराउने,	२	३. बोध प्रश्नहरू सोधेर,	३. बोध प्रश्नहरूको सूची
४. कथाको मूख्य सन्देश लेख्न सक्नेछन् । वा सारांश लेख्न सक्नेछन् ।	४. मुख्य घटना वा मुख्य कुराको टिपोट	४. मूख्य मूख्य कुरा वा घटना टिपोट गर्न लगाउने,	२	४. कथाको मुख्य कुरा वा कथाको सन्देश भन्न लगाएर,	४. मुख्य सन्देश वा सारांशको नमूना

३. दैनिक पाठयोजना :

कुनैपनि विषय शिक्षकले कक्षाकोठामा प्रवेश गर्नुअघि आफूले शिक्षण गर्ने विषयको कुनै एक घण्टी अर्थात ४५ मिनेटभित्र कुनै पाठ वा पाठ्यांश शिक्षण गर्दा अपनाउनुपर्ने आवश्यकता तथा सम्पूर्ण कार्यक्रमको पूर्व तयारीलाई पाठयोजना भनिन्छ । पाठ योजनाबिना शिक्षण सफल र प्रभावकारी बन्न सक्दैन । पाठ योजनामा के पढाउने, कति पढाउने, कसरी पढाउने, कुनकुन शिक्षण सामग्री प्रयोग गर्ने, कुनकुन शिक्षण कार्यकलाप तथा विधि अपनाउने, कुनकुन ज्ञान, सिप र अभिवृत्ति हासिल गराउने, कसरी मूल्याङ्कन गर्ने आदि कुराको व्यवस्थित तरिकाले क्रम मिलाएको हुन्छ । यसबाट समयको बचत हुन्छ । शिक्षण रूचिकर बन्दछ । यसको प्रयोगले निर्धारित उद्देश्यहरू हासिल गराउन ठूलो मद्दत पुग्दछ र शिक्षक शिक्षण कार्यमा सफल हुन्छ ।

दैनिक पाठको नमूना :

कक्षा : ५ मिति : २०७९।१२।९

विषय : नेपाली समय : ४५ मि.

पाठशीर्षक : कर्मको फल कथा

घण्टी : चौथो

पाठ्यवस्तु : सस्वर वाचन र शुद्धोच्चारण

१. विशिष्ट उद्देश्य :

यस शिक्षण कार्यकलापको अन्तर्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :-

(क) कर्मको फल कथा गति यति मिलाई सस्वर वाचन गर्न,

(ख) कथामा प्रयुक्त कठिन शब्दलाई शुद्ध उच्चारण गर्न,

२. शैक्षिक सामग्री :

कठिन शब्दहरूको सूची, शब्दपत्ती र गोजीतालिका ।

३. शिक्षण सिकाइ कार्यकलाप :

(क) शिक्षकले विद्यार्थीलाई पाठप्रति ध्यान आकर्षित गर्न वृद्ध, सुगा, अधवैंसे मानिसको चित्र प्रदर्शन गर्दै विभिन्न प्रसङ्गहरू जोडेर विद्यार्थीहरूलाई आकर्षित गर्ने,

(ख) शिक्षकले विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदहरू सस्वर पढी आदर्श वाचन गरेर सुनाउने,

(ग) सकेसम्म सबै विद्यार्थीहरूलाई पालैपालो सस्वरवाचन गर्न लगाउने र अन्य विद्यार्थीलाई अनुच्छेद हेर्न र सुन्न लगाउने,

(घ) विद्यार्थीहरूले सही, शुद्ध उच्चारण गर्न नसकेको शब्दहरू शिक्षकले सेतोपाटीमा टिप्दै जाने,

(ङ) कठिन शब्दहरूको सूची भएको चार्ट टाँसी विद्यार्थीहरूलाई पालै पालो उच्चारण गर्न लगाउने,

(च) कठिन शब्दहरूको आदर्श उच्चारण गरेर शिक्षकले कक्षामा प्रस्तुत गर्ने

(छ) विद्यार्थीहरूलाई व्यक्तिगत र सामूहिक रूपमा सही उच्चारण गर्न नसकुञ्जेलसम्म पृष्ठपोषण दिँदै उच्चारण अभ्यास गराउने,

४. मूल्याङ्कन :

(क) कर्मको फल कथाको दोश्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) वृद्धा, दृष्टि, खुट्टा, लट्ठी, दुष्कर्म र पछुतो शब्दको शुद्ध उच्चारण गुर्नुहोस् ।

५. गृहकार्य


(क) कर्मको फल पाठको पाँचौं र छैठौं अनुच्छेद पढेर आउनुहोस् ।


सन्दर्भ ग्रन्थ सूची


– ओझा, रामनाथ र अन्य २०६६ नेपाली भाषा शिक्षण पिनाकल पब्लिकेशन

– अधिकारी, हेमाङ्गराज २०५० नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक


– पाठ्यक्रम विकास केन्द्र २०७४ कक्षा ५ नेपाली । ■





























Publisher & Distributors

Putalisadak (Kathmandu), Kupondole (Lalitpur), Nepal

Contact:

Overall : 01-5910976 / 5911876 / 4168207 / 9851318880, 9851321976

Email : asmitapublication.school@gmail.com, www.asmitapublication.com

शिक्षाको गुणस्तर वृद्धिमा योगको भूमिका

सामना आचार्य
शिक्षक



योग शब्द संस्कृतको युज् धातुमा धञ् (अ) प्रत्यय लागेर बनेको शब्द हो । योगको शाब्दिक अर्थ 'द्वन्द्वरहित मिलन' भन्ने बुझिन्छ । योगको इतिहासलाई नियाल्ने हो भने आदियोगीका रूपमा आदिनाथ शिवलाई मान्न सकिन्छ । शिवबाट प्रारम्भ भएको योगलाई इसाको दोस्रो शताब्दीमा आएर महर्षि पतञ्जलीद्वारा प्रतिपादित योगसूत्रले योगलाई व्यापकता प्रदान गरेको पाइन्छ । मन, वचन र कर्मलाई एकरूपता प्रदान गर्नका लागि पथ विचलित आजका विद्यार्थीलाई योग साधनामा जोड्न सकेमा नै आन्तरिक र वाह्य दुवै किसिमको ज्ञान हाँसिल गर्न सकिन्छ । शिक्षाको गुणस्तर बृद्धि गर्न योगले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्न सकिन्छ ।

प्रकृति र मानवबीच अन्तर सम्बन्ध रहेको हुन्छ । पञ्चतत्वद्वारा निर्मित प्रकृति र मानव दुवै रोगको सिकार भएका छन् । माटो, पानी, हावा, घाम र आकाश रोगी र अशान्त भएका छन् । जीवनको प्रत्येक अवस्थालाई स्वस्थ र उन्नत बनाउने विधिका रूपमा योगको अभ्यासलाई दैनिक जीवनमा स्थापित गर्न सक्नुपर्छ । तन र मनलाई एकाकार गर्ने माध्यम भनेकै योग साधना हो भन्न सकिन्छ । योगले नै विचलित भएको मनलाई नियन्त्रणमा राख्ने र रोगी भएका त्रिगुण (सत्व रज र तम) लाई प्रकृतिमैत्री बनाउने भएकोले विद्यार्थीलाई योग अभ्यासको आवश्यकता देखिन्छ । प्रकृतिको संरचनाभित्र हरेक व्यक्तिको आ-आफ्नै किसिमको अस्तित्व र महत्त्व रहेको पाइन्छ । यी अस्तित्वलाई जोगाएर राख्न योगले ठूलो भूमिका निर्वाह गर्दछ ।

विद्यार्थीमा स्वास्थ्य, आहार विहार, बोलीवचनमा समेत परिवर्तन ल्याउनुपर्ने आजको आवश्यकता देखिन्छ । संस्कारयुक्त शिक्षाको झ्याम्टा पिट्दै हिँड्ने हरेक जो कोही व्यक्तिलाई योगको परिपाटीभित्र समाहित गर्न सकेमा शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ । योग स्वास्थ्यका लागि मात्रै नभएर चौतर्फी विकासका लागि अपरिहार्य रहेको छ । आजका विद्यार्थीहरूमा अग्रजहरूको सम्मान गर्ने बानी, संस्कार, सद्गुण, आचरण सेवाको भावना, नैतिकता इमानदारी जस्ता गुणहरू देख्न असम्भव जस्तै बनेको छ । नीति, नियम र अनुशासनमा रहने जो कोही पनि असल र चरित्रवान व्यक्ति बन्न सक्छ । जस्तो संस्कार ग्रहण गरेको हुन्छ आचरण पनि त्यस्तै किसिमको रहने हुनाले विद्यार्थीहरूलाई संयमित राख्न कक्षा कोठामा योग अभ्यास गर्न गराउन अपरिहार्य देखिन्छ ।

शुद्ध आहारबाट नै हाम्रो अन्तस्करण शुद्ध हुने हुँदा आहारको शुद्धता र प्रेम भावना, खाने तरिका, पकाउने सही विधि आदिलाई अत्यन्तै विचार गर्नुपर्ने हुन्छ । आहार र विहारमा मात्र पनि विशेष ख्याल राखियो भने बढ्दो मनोरोगको शिकार आजको समाज हुने थिएन । बालबालिकाहरूमा समस्यासँग जुध्न सक्ने क्षमताको कमीले गर्दा मार्ने र मर्ने क्रम बढ्दै गएको देखिन्छ । सुखमा मात्तिने र दुःखमा आत्तिने आजका विद्यार्थीलाई योगासनको माध्यमले नै आचारणमा परिवर्तन ल्याउन सकिन्छ । योगका आठ अङ्गहरू यम, नियम, आशन, प्राणायम, प्रत्याहार धारणा, ध्यान र समाधिमध्ये आशन र प्रणायाम मात्र पनि विद्यार्थीका लागि प्रयोगमा ल्याउन सके शरीर, प्राण, इन्द्रीय, चित्त आदिको शुद्धिकरण गर्न सकिन्छ । विद्यार्थीहरूका लागि एकाग्रता प्रदान गर्नका लागि पूर्ण चक्रासन, गरूडासन, ध्रुवासन/वृक्षासन, पादहस्तासन, शीर्षासन आदि प्रभावकारी रहन्छ । फोक्सो शरीरभित्र रहेर पनि बाहिरको संसारसँग अटुट सम्पर्कमा रहेको हुन्छ । यसले हाम्रो जीवनलाई शरीरसँग जोड्छ र अटुट रूपमा गरेसम्म जीवन चलिरहन्छ । बाह्य शरीर जतिसुकै सुन्दर भए पनि भित्र रहेको फोक्सोलाई क्रियाशील राख्न योगले मद्दत गर्दछ । श्वास प्रश्वासमा ध्यान केन्द्रित राखी योगासन गरेमा स्मरण शक्ति बृद्धि हुँदै गइ बालबालिकामा डर, त्रास र सङ्कोचपन कम हुँदै जाने कुरामा अस्विकार गर्न सकिदैन । बोली बचन



सुधार नहुँदा मानसिक एवम् शारीरिक पीडा थपिने हुँदा विद्यार्थीबाट नकारात्मक सोच समाप्त गर्ने, प्रेममय, सद्भावमय, आदर सम्मान युक्त प्रगतिशील बन्न योग साधनालाई जीवनमा जोड्न पर्ने देखिन्छ ।

योग विद्यार्थीहरूको शारीरिक र मानसिक स्वास्थ्य सुधार्ने एक उत्कृष्ट तरिका हो । विद्यार्थीहरूलाई अध्ययनको तनाव र अतिरिक्त क्रियाकलापमा समय व्यवस्थापन गर्न कठिन हुने हुँदा योगासनले थप उर्जा प्रदान गरी चीरशान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका प्रदान गर्दछ । जीवनमा हिँड्ने बाटो मात्र होइन बिसौनी ठाउँको पनि आवश्यकता पर्दछ । भारी खर्पनको होस् कि मलको बिसाउनु नै पर्छ । जति आनन्दका साथ सुस्ताउन सक्यो, उति सक्रियताका साथ जाग्न सकिन्छ । विसौनी र जाग्ने अवसर विद्यार्थीलाई योगले नै प्रदान गर्दछ । आफूमा भएको क्रोध, व्यवस्थापन गर्न चिन्ताबाट मुक्त हुन आफ्नो कार्यलाई इमान्दारीतापूवर्क गर्न र हरेक प्राणीलाई प्रेम भावले हेर्ने वातावरण सृजना गर्न विद्यालय स्तरमा विद्यार्थीका लागि योग कक्षा अनिवार्य रूपमा स्थापित गर्नुपर्ने देखिन्छ ।

योगासनले भ्रान्त भएको मनलाई शान्त र स्थिरता प्रदान गर्ने भएकोले विद्यार्थीहरूलाई अनुशासित जीवन कायम गर्न अन्य विषयवस्तुको भार बोकाउनु भन्दा योग अभ्यासमा कम्तिमा पनि ४०-४५ मिनेटको समय व्यवस्थापन गर्न सकियो भने पनि वास्तवमै हामीले चाहेको गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिने कुरामा दुविधा नरहला । सङ्कल्प सहितको योग अभ्यासले विद्यार्थीको आचरणमा परिवर्तन ल्याउँछ । नयाँ सोच र नयाँ उर्जाले नै उनीहरूमा शारीरिक एवम् मानसिक स्वस्थता प्रदान गर्छ भन्ने कुरामा दोमन नरहला । विद्यार्थीमा देखिएको विक्षिप्त मन, कमजोर शरीरले मनलाई एकाग्र गर्न सक्दैन । शरीरलाई स्वस्थ र सबल पार्न, मनलाई शान्त र स्थिर राख्न आनीवानीमा परिवर्तन ल्याउन, प्राण शक्तिको विकास गर्न योग आवश्यक छ ।

जहाँ प्राण हुन्छ त्यहाँ चेतना हुन्छ । प्राण शक्तिको जागरण नै आन्तरिक शक्तिको जागरण हो । विद्यार्थीमा एकाग्रता कायम राख्न योग अभ्यासका साथै मुद्राको पनि अहम भूमिका रहन्छ । ज्ञान मुद्राले क्रोध निरोधक तनाबबाट मुक्त गर्न सहयोग गर्दछ । व्यस्त समयमा बाहेक अन्य समयमा विद्यार्थीलाई ज्ञान मुद्रामा बस्ने अभ्यास गराउन सकिन्छ । अभ्यासले नै शून्यताबाट पूर्णतातर्फ डोहोऱ्याउने कसिका रूपमा लिन, सकिन्छ । स्वतन्त्र सन्तुलित र प्रतिष्ठित भएर बाँच्नका लागि साथै शारीरिक र मानसिक स्थितिलाई माथि उठाई बौद्धिक क्षमताको विकास गर्न योग विद्यार्थीलाई अविच्छिन्न रूपमा प्रदान गर्नुपर्ने आजको आवश्यकता देखिन्छ । विद्यार्थीलाई नैतिकवान् चरित्रवान् र पूर्ण मानवीय गुण प्रदान गर्न पनि विद्यालय स्तरमा योगको टड्कारो आवश्यकता देखिन्छ । शैक्षिक गुणस्तर बृद्धि गर्ने प्रमुख माध्यमका रूपमा योगलाई लिनु पर्ने आजको आवश्यकता ठहर्छ । पाठ्यपुस्तकमा समावेश गरिएका सीमित पाठ अनि आसनले प्रर्याप्तता प्रदान गर्दैन । योगलाई छुट्दै विषयका रूपमा कक्षाकोठामा लागू गर्न सकेमा शिक्षामा गुणस्तरीय बृद्धि हुनेमा कुनै आशङ्का नरहला । प्रत्येक विद्यालयमा एक जना योग शिक्षकको व्यवस्था गरी योग शिक्षा सञ्चालनमा ल्याउनुपर्ने आजको आवश्यकता देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूर्णतः प्राप्त गरी एक असल नैतिकवान् एवम् योग्य कर्मठ युवा उत्पादन गर्नु आजको आवश्यक हो ।

■


म यस्तो बन्न सकुँ

ममता शर्मा
शिक्षक



अग्लो पर्वत झैं बनौं म,
दुनियाँ खोपास् ममा खुड्किला
रोगीका अनुहारमा नजरले देखून्
ममा चुट्किला
ज्ञानी सज्जनका अगाडि
बबुरो लाटी बनौं हरदम
राहीका पदको खराउ म
बनौं भन्दै छ मेरो मन !

भुम्राको पुतली बनौं म
कलिला बच्चा रमाऊन् हर्षले
वृद्धावृद्धहरू रहून् नजिकमा
आनन्दले गर्वले
अन्धा मानिसका निमित्त म
बनौं नानी सदा नेत्रको
पीडाको दिनमा म स्वार्थ नलिई लट्ठी बनौं मित्रको !



श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवस्सरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना व्यक्त गर्दछौं ।
शुभकामना
श्री कोटेश्वर सरस्वती मा.वि.
कोटेश्वर-३२, काठमाडौं
सम्पर्क : ०१-४१५५००६, ४१५५३९८

श्री रत्नराज्य माध्यमिक विद्यालयको
६२ औं वार्षिकोत्सवको
पावन अवस्सरमा विद्यालयको प्रगति
स्वं समुन्नतिको लागि शुभकामना व्यक्त गर्दछौं ।
शुभकामना
श्री गुह्येश्वरी बालशिक्षा मा.वि.
थापाथाली, काठमाडौं
सम्पर्क : ५३५७६८८

गुरुआमाको प्रसन्नता

शारदा कुमारी रेग्मी
शिक्षक



विद्यालय विद्याको पवित्र मन्दिर हो । जहाँ शैक्षिक क्रियाकलाप हुने गर्दछन् । शिक्षा प्रदान गर्ने कार्यमा शिक्षकहरू र शिक्षा आर्जन गर्ने कार्यमा विद्यार्थीहरू सदैव तल्लीन हुने स्थान नै विद्यालय हो । इन्दु कुनै एक विद्यालयकी शिक्षिका हुन् । उनी सबै विद्यार्थीलाई उत्तिकै माया गर्छिन् । उनीले पढाउने गरेका विद्यार्थीहरू उनीका वरिपरि भुम्मिएनन् भने उनीलाई आफू शिक्षिका भएकोमा आनन्द नै आउँदैन । कक्षामा उनीलाई सबै विद्यार्थीहरूले गुरुआमा भनी सम्बोधन गर्छन् । शिक्षिका इन्दु सबै विद्यार्थीहरूलाई आफ्नै छोराछोरी जस्तै माया गर्छिन् । बालबालिकाहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा उत्तिकै ध्यान दिन्छिन् । कोही विद्यार्थी कक्षामा उपस्थित भएनन् भने किन आज ती विद्यार्थी उपस्थित भएनन् ? शरीरमा आराम भएन कि ? वा अन्य कुनै समस्याले सतायो कि ? भनेर उनकै बारेमा चिन्ता गर्दछिन् ।

आज के कारणले हो ? रमेश र दोर्जे विद्यालयमा आएनन् । शिक्षिका इन्दु ८ कक्षाकी कक्षा शिक्षिका हुन् । कक्षा आरम्भ भएपछिको १५ मिनेटसम्म धैर्य गरिन् तर तिनीहरू अझै पनि आएनन् । शिक्षिका इन्दुको साथमा सबै विद्यार्थीको व्यक्तिगत विवरण सहितको डायरी थियो । पहिलो घण्टीपछि सरासर अफिसमा आएर डायरी पल्टाइन् र अभिभावकलाई फोन गरिन् । अभिभावकबाट विद्यार्थी पढ्न भनी विद्यालयमा हिडिसकेको समाचार प्राप्त गरिन् । शिक्षिका झन् चिन्तित भइन् । आधा घण्टापछि रमेश र दोर्जेका अभिभावक आमा प्रमिला र श्रीकला विद्यालय आइपुगे । प्रधानाध्यापकको कार्यकक्षमा अनुपस्थित विद्यार्थीका बारेमा छलफल भयो । उनीहरूका नजिकै बस्ने वा मिल्ने साथीहरूलाई बोलाएर सोधपुछ पनि गरियो तर रमेश र दोर्जेका बारेमा कतै केही सत्य र तथ्य प्राप्त भएन । चारबजेपछि सबै विद्यार्थीहरू आ आफ्नो घरतिर लागे । रमेश र दोर्जे ठिक ४.३० बजे विद्यालयबाट घर जाने समयमै घर पुगेछन् । छोराहरू घर आइपुगेको कुरा अभिभावकले शिक्षिका इन्दुलाई फोन मार्फत जानकारी गराएछन् । घरमा सोधपुछ गर्दा ती विद्यार्थीहरूले विद्यालयबाट पढेर आएको कुरा बताएछन् । आज दिनभरि उनीहरूका बारेमा विद्यालयमा गरिएको सोधखोजका विषयमा ती अनुपस्थित दुई विद्यार्थीहरूलाई केही थाहा थिएन ।

दोस्रो दिन विहान ठिक ८.४५ बने विद्यालय जाने भनेर हिंडेका ती दुई छात्रहरू आधा बाटो पुगेपछि विद्यालय जाने मार्ग छोडेर अर्कै बाटो समातेछन् । त्यस दिन शिक्षिका इन्दुले अभिभावकको सल्लाह र योजना बमोजिम एक जना मानिस उनीहरूका कृयाकलापका बारेमा अध्ययन गर्न पठाएकी थिइन् । प्रमिला र श्रीकलालाई यो कुरा थाहा थियो । ती दुई छात्र पार्कतिर लागेछन् । पार्कको अलिपरतिर सानो जङ्गल थियो । त्यहाँ अरू विद्यालयका केही केटाहरू पनि त्यहाँ पुगिसकेका रहेछन् । दिनभरि खै के के हो खाए ? झुम्म परेर दिन बिताएको सारा रहस्य ती गुप्तचरले बेलुका शिक्षिका इन्दुलाई बताए ।

तेस्रो दिन अभिभावक आफ्ना छोराहरूलाई साथैमा विद्यालयमा लिएर आए । शिक्षिका इन्दुले सत्य र तथ्यका आधारमा अनुसन्धान गर्न थालिन् । सुरूमा त उनीहरूले विरामी भएर विद्यालयमा नआएको बताए । एउटा सत्य लुकाउने बहानामा उनीहरूले धेरै असत्य कुरा बोलिसकेका थिए । अनुहार असिना पार्ने कालो बादल दौडेको आकास जस्तो भइसकेको थियो । अनुसन्धान गर्दै जाँदा घरमा आमाहरूले स साना कुराहरू पहिलेदेखि नै झुट बोल्दै आएको रहस्य पत्ता लाग्यो । रमेशका बाबा बिहानैदेखि रातिसम्म गाडी चलाउने, आमा निजी विद्यालयमा कार्यालय सहयोगीका रूपमा काम गर्ने गरेको पत्ता लाग्यो । त्यस्तै दोर्जेका बाबा घरमा रङ लगाउने र आमा पनि उनैलाई सहयोग

गर्न काम जाने गरेको थाहा भयो । गाउँबाट सहरमा आएर छोराहरूको जीवन उज्ज्वल बनाउने उनीहरूको एक मात्र उद्देश्य थियो । व्यस्तताका कारणले छोराहरूका दैनिक क्रियाकलापमा अभिभावकको चासो पुग्न नसकेको थाहा भयो । समयमा पाठ्यसामग्रीको व्यवस्था नगरिदिएको, घरमा अध्ययनका लागि समयको व्यवस्थापनमा ध्यान नदिएको थाहा भयो । विद्यालयमा कठिन विषयहरूको गृहकार्य नगर्दा शिक्षकले मनोविज्ञान नै नबुझेर कुट्ने गरेको, अप्रिय शब्दले उसको कोमल हृदयमा प्रहार गरेको बुझियो । ती छात्रहरूले नजानेका विषयवस्तु पुनः सोध्ने हो भने यत्ति पनि आउँदैन मोरा तँलाई भनी सबै साथीका अगाडि कडा शब्द प्रहार गरेको जस्ता क्रियाकलापका कारण विद्यालयमा आउन मन नै नलाग्ने, आए पनि पढ्न फिटिक्कै मन नलाग्ने बताए ती छात्रहरूले ।

अचम्म लाग्छ । हेर्दा जिङ्रिङ्ग परेको कपाल थियो । शरीरमा उस्तै धेरै दिन नधोएको, विद्यालयले नतोकेको ड्रेस थियो । गोडामा हात्तीछापवाला चप्पल थिए । अभिभावक र ती विद्यार्थी सँगै राखेर अध्ययन गर्दा शहरमा सानो कोठा लिएर बसेको, घरमा पानीको अभाव भएको, घरवालाले पानीकै लागि किचकिच गर्ने गरेको पत्ता लाग्यो । पानीको अभाव भएको कारण वस्त्रशुद्धीकरण र शरीरशुद्धीकरणमा समस्या आएको बुझियो । घरमा सामान्य वस्तुको माग राखे पनि बाआमा झनक्क झन्कने, रिसाउने गरेको, बिदाका दिन एकछिन पनि साथीभाइसँग खेल्न जान नदिएको जस्ता क्रियाकलापका कारण विद्यालय पढ्न आउनै मन नलाग्ने ती विद्यार्थीहरूले बताए । एउटा प्रश्न सोध्ने हो भने पहिले त बोल्दै नबोल्ने, बोलेपछि निकै रिसाएर अब खाउँला जस्तो गरी बोल्ने, प्रश्नको सही उत्तर नदिने गरेको देख्दा शिक्षिका इन्दुलाई अचम्म लाग्छ । प्रधानाध्यापकको कार्यकक्षमा भएको सामान्य छलफलपछि ती छात्रहरू अभिभावकका साथ आफ्ना घरतिर लागे ।

शिक्षिका इन्दु ती छात्रहरूका बारेमा अझै अध्ययनमै लाग्ने विचार गर्छिन् । मायाको अभावमा नम्रता हराउँछ । सहयोगको अभावका कारण वैमनस्यता बढ्दछ । ईर्ष्याका कारण प्रतिशोध बढ्दछ । परिवारमा कुभोजनका कारण कलह बढ्दछ । क्रोधयुक्त शब्द श्रवणका कारण सहनशीलता हराउँछ । जबर्जस्ति दमनका कारण हिंसा बढ्छ । कुटिलताका कारण वैरभाव बढ्छ । विषयभोगको इच्छाका कारण नैतिकता हराउँछ । बा-आमा, गुरूगुरूमा, अभिभावक, कानुन, प्रशासन, नीतिनियम र ईश्वर आदि कसैको पनि डर नमान्ने हो भने अनुशासन समाप्त हुन्छ । अनि व्यक्तिका सत्मार्गहरू भत्कदै जान्छन् ।

आजका सुन्दर बालबालिका भोलिको राष्ट्रका गौरव र गहना हुन्, इज्जत र प्रतिष्ठा हुन् । आदर्श र समुन्नत सामाज निर्माणका लागि ठूलो शक्ति र आधार हुन् । उनीहरूको भविष्य निर्माण गरी आवश्यक जनशक्ति तयार गर्ने भनी शिक्षामा राज्यले यति ठूलो अर्थशक्ति खर्च गरेको छ । शिक्षकमाथिभरोषा छ । विश्वासका साथ शिक्षकलाई शिक्षण क्रियाकलापका कार्यक्षेत्रमा खटाएको छ । उत्पन्न समस्याहरू हामीद्वारा नै समाप्त हुनु आवश्यक छ । हामीले समस्या समाधान नगर्ने हो भने अरू कसले गर्ला ? यस्तै यस्तै कुराहरू शिक्षिका इन्दुको मनमा ओहोर दोहोर गर्न थाल्दछन् । आधारातसम्म पनि इन्दुलाई निद्रा लाग्दैन । उनी कसरी हुन्छ ती छात्रहरूलाई अध्ययनशील बनाउँन चाहन्छिन् ।

आज समस्या पहिचान भएको चौथो दिन हो । बिहानैदेखि शिक्षिका इन्दु नयाँ जुक्तिको खोजमा छिन् । उनका मनमा आज एक घण्टा अगाडि नै घरबाट हिडेर उनीहरूको डेरामा जानुपर्‍यो भनी योजना बनाइन् । उद्देश्य र लक्ष्य अनुसार शिक्षिका कक्षा ८ मै अध्ययनरत गोपिलाल नाम गरेका छात्रको सहयोगमा रमेशको कोठामा पुगिन् । दोर्जे पनि त्यही आएका रहेछन् । दुवै गफ गर्दै लुडो खेल्दै रहेछन् । दुबै विद्यार्थी गुरूआमा इन्दुलाई देख्ने बित्तिकै अलि झसङ्ग भएछन् । खाना खायौ ? विद्यालयमा जानेबेला भयो नि । गुरू आमाको प्रश्नको उत्तर नदिएर ती विद्यार्थीहरू चुप लागे । रमेशको कोठामा आमाले तयार बनाएर हटकेसमा राखिदिएको खाना रहेछ । ऊ भित्रतिर गई खाना थाल्छ भने दोर्जे आफ्नै कोठातिर लाग्दछ । दोर्जेको कोठा पनि नजिकै थियो । दोर्जेको कोठामा पनि उस्तै गरी खाना राखिएको थियो । एकछिनमै दोर्जे खाना खाएर रमेशको कोठामा आयो । तिनीहरूले खाना खादै गर्दा गुरू आमाले रमेशको पाठ्यसामग्रीको अध्ययन

गरिसक्नु भएको थियो । किताबहरू यत्रतत्र छरिएर रहेको थिए । कापी कुनै विषयका पनि थिएनन् । भएको कापी पनि कि त के के लेखेर केरिएका थिए कि त पाना खाली नै थिए । सबै विषय लागेको मार्कसिट पट्याएर कुनामा फालिएको थियो । कोठा पनि त्यति सफा र चिटिक्क मिलाइएको थिएन ।

विद्यालय उनीहरूको घरबाट ३० मिनेट टाढा थियो । ९.१५ बजिसकेको थियो । गुरू आमाले के के गरे पढ्न मन लाग्छ तिमीहरूलाई भनी प्रश्न सोधिएको प्रश्नमा उनीहरूको उत्तर एकैनासको थियो । रमेशले भने, मलाई नेपाली उच्चारण गर्नै आउँदैन । विज्ञान विषय पनि निकै गाह्रो लाग्दछ । हिसाव भनेपछि ज्वरो आउलाजस्तो हुन्छ । पढ्न लेख्न मन लाग्दैन । मलाई पनि यस्तै हुन्छ गुरूमा, दोर्जेको उत्तर थियो । तिमीहरूलाई सबैभन्दा माया गर्ने मानिस को हो ? उनीहरूको उत्तर थियो, हामीलाई कसैले माया गरेको जस्तो लाग्दैन । बाआमाले नि ? पढ भनेर कराउनु मात्रै हुन्छ । विद्यालयमा कसैले माया गर्दैन ? गर्दैनन् । म कक्षा शिक्षक हुँ, के म तिमीहरूलाई माया गर्दिन र ? तपाई त गर्नुहुन्छ । उनीहरूको उत्तर थियो । ल हिड अब विद्यालयतिर जाऊँ । विद्यालयमा जाँदै गर्दा बाटामा पुस्तक पसल थियो । गुरूमा इन्दुले दुईवटा ठूलो वर्णमालाका पुस्तक किनेर उनीहरूलाई तिमीहरूले राम्रा अक्षर बनाएर सार्ने र मलाई देखाउने है भनी उपहारका रूपमा यी पुस्तक दिनुभयो ।

हिजोका दिनहरूमा झोक्राएर कक्षामा बस्ने रमेश र दोर्जे आज अलि हँसिला देखिन्थे । मध्यान्तरमा ती दुवै विद्यार्थी त्यही ठूलो वर्णमाला सारेर बसेका रहेछन् । खै के कुरामा उनीहरू प्रभावित भए ? तिन दिनमै त्यो ठूलो वर्णमालाका सबै सामग्रीहरू सारेर गुरूआमालाई देखाउन थाले । गुरूआमाले उनीहरूले लेखेको सामग्री हेरेर गुड दिनुहुन्थ्यो । उनीहरू पनि खुसी हुन्थे । पाँच दिनपछिको मध्यान्तरमा गुरूआमा उनीहरूको कक्षामा पुग्नु भयो । अरू विद्यार्थीहरू बाहिर निस्केर खाजा खाइरहेका थिए । रमेश र दोर्जे भने कापीमा केही लेखिरहेको देख्दा गुरूआमालाई खुसी लाग्यो । तिमीहरूले खाजा खाएनौ ? प्रश्न गर्नु भयो गुरूआमाले । आज खाजा खाने पैसा छैन त्यसैले हामी यही बसेर लेखिरहेका छौं गुरूआमा । दोर्जेको भनाइबाट गुरूआमा इन्दुको मन कटक्क खायो । ब्यागमा १०० रूपियाँ थियो । त्यही सयको नोट दिंदै तिमीहरू पनि जाओ, खाजा खाएर आऊ अनि लेखौला भनी त्यो रूपिया दिनुभयो । पैसा लिन ती विद्यार्थीहरूले अलि अप्ठ्यारो मान्दै थिए । निकै कर गरेपनि सो रूपिया समाते र क्यान्टिनतिर लागे ।

अन्य दिनमा घण्टी लागेपछि पनि विद्यालयकै प्राङ्गणमा बरालिएर हिड्ने रमेश र दोर्जे आज घण्टी लाग्ने बित्तिकै कक्षामा गए । तिनीहरूको यो व्यवहार माथि अफिस कोठाबाट गुरूआमा इन्दुले हेरिहनु भएको थियो । आफ्ना विद्यार्थीको व्यवहारमा निकै परिवर्तन आएको देख्दा गुरूआमा खुसी हुनुभयो । आजको अन्तिम घण्टीमा नैतिक विषय थियो । यो विषय उनै गुरूआमा इन्दुको थियो । आजको पाठको शीर्षक' *धर्मका लक्षणहरू*' भन्ने थियो । कक्षामा सबै विद्यार्थीहरू जिज्ञासु र शान्त थिए । गुरू आमाले धर्म भनेको असल आचरण हो, सदाचार हो, उपकार हो, लोकहितका लागि गरिने कर्म हो । धर्म भनेको कर्तव्य पनि हो भनी धर्मको परिभाषा दिनुभयो । हामीले बाआमाको चित्त दुखाउनु हुँदैन, अरूलाई नराम्रो लाग्ने व्यवहार गर्नुहुँदैन । समयको सदुपयोग गर्दै जानुपर्छ भन्दै धर्मलाई कर्तव्यतर्फ बोध गराउनु भयो ।

प्रमिला कक्षामा प्रथम हुने छात्रा हुन् । उनीले धर्मका लक्षणहरू के के हुन् गुरूआमा भनी प्रश्न सोधिन् । इन्दु गुरूआमा प्रसन्न भएर लौ सुन भनी धर्मका लक्षणहरू सेतोपाटीमा राम्रा अक्षरमा लेखेर यसरी बताउन थाल्नुहुन्छ ।

(१) साँचो बोल्नु,
(२) वृद्ध, बालक, विरामी, अशक्त, अपाङ्ग आदिमाथि दया गर्नु,
(३) परिश्रमका साथ अध्ययन गर्नु,
(४) पवित्र रहनु,
(५) सहनशील हुनु,
(६) राम्रो नराम्रो छुट्याउन सक्नु,
(७) मनलाई राम्रो कामतर्फ लगाउनु,
(८) इन्द्रीयहरूलाई सत्कर्मतिर अग्रसर गराउनु,
(९) हिंसाको भाव हटाएर प्राणीमाथि दया गर्नु,
(१०) कसैलाई आवश्यक परेका खण्डमा केही वस्तु दिई सहयोग गर्नु,

(११) नयाँ नयाँ विषयवस्तु अध्ययन गर्नु,
(१२) कुटिल व्यवहार कसैसँग पनि नगर्नु,
(१३) आफूले प्राप्त गरेको फलमा सन्तुष्ट रहदै प्रगतितर्फ उन्मुख हुनु,
(१४) सबैलाई समभावले हेर्नु,
(१५) विषयभोगको इच्छाबाट टाढा रहनु,
(१६) आफूले प्राप्त गरेको कर्मको फलमा सन्तोष हुनु,
(१७) धेरै सुन्नु र सबैका लागि प्रिय वचन बोल्नु,
(१८) आत्माको चिन्तन गर्नु,
(१९) समस्त प्राणीहरूको सेवामा आफूलाई समर्पण गर्नु,
(२०) समस्त प्राणीहरूभित्र भएको सञ्चालक तत्व र आफूमा भएको सञ्चालक तत्व एउटै हो भनी आत्माशक्तिमा विश्वास गर्नु ।

इन्दु गुरूआमाले धर्मका लक्षणका बारेमा शिक्षण सिकाइ क्रियाकलाप गर्दै जानुभयो । अरू सबै विद्यार्थी जस्तै रमेश र दोर्जेले पनि राम्रा अक्षर बनाएर सार्दै गए । गुरूआमाले सबैले लेख्दै गरेका कापीहरू हेर्दै जानुभयो । धर्मका यी २० लक्षणहरू भोलि ठूलो सेतो चार्ट पेपरमा राम्रा अक्षर बनाएर लेखेर ल्याउने ल । हामीले यही भित्तामा टाँसेर राख्नुपर्छ है भनी विद्यार्थीहरूलाई अह्राउनु भयो । चार बजिसकेको घण्टी लाग्यो । गुरूआमा कक्षाकोठाबाट निस्केपछि सबै विद्यार्थीहरू लाम लागेर बाहिर निस्कदै आ आफ्ना घरतिर लागे । गुरूआमा अफिस पुगेर ब्याग बोकी आफ्नो घरतिर लाग्नुभयो ।

बाटामा अघिअघि रमेश र दोर्जे थिए । पछिपछि अरू विद्यार्थीहरू पनि थिए । केही पर पुगेपछि उही पुस्तक पसल आयो । रमेश र दोर्जे टक्क उभिए । उनीहरू गुरूआमालाई पर्खेर बसेका थिए । गुरूआमा पुग्नुभयो । गुरूआमा आज कस्तो पढ्न मन लाग्यो दोर्जेले आफ्नो भाव प्रकट गर्छ । रमेशले हो गुरूआमा भनी सही लगायो । आज पढाएका धर्मका लक्षणहरू भोलि तिमीहरूले पनि कापीमा सारेर ल्याओ है गुरूआमाले भन्न नपाउँदै दुवै जनाले आफ्नुसँग कापी नभएको बताए । गुरूआमा इन्दुले पसलमा पसी तिन तिनवटा कपी किनेर दुवै विद्यार्थीलाई लौ, यो पनि उपहार नै हो भनी दिनुभयो । निकै परसम्म गुरूआमासँगै गए । बाटामा अब पढ्छौं है गुरूआमा भनी वचन पनि दिए ।

अन्य दिनमा बा-आमा कामबाट घर आउदा कोठामा ढोका लगाइएको हुन्थ्यो तर आज ढोका खुलै थिए । भित्र छिरेको त आमाले छोराले कापीमा लेखिरहे को देख्छिन् । आमाको मन निकै हलुङ्गो हुन्छ । खाजा के खायौ छोरा भनी सोधिएको प्रश्नमा आज गुरूआमाले पैसा दिनुभयो र विद्यालयमै खाएका हौं । यहाँ त केही खाएको छैन भनी बडो रमाइलो पारामा हाँसेर जवाफ दियो छोरा रमेशले । उता छोरा भोकै होला भनी दोर्जेकी आमाले एक प्लेट मम किनेर घरमा आउँदा दोर्जे पनि कापीमा धर्मका लक्षणहरू भनी राम्रा अक्षर बनाएर लेख्दै रहेछ । यो देखेर दोर्जेकी आमा निकै खुसी भइन् । उता आजै गुरूआमाले किनेर दिनुभएको ठूलो वर्णमालाका संयुक्त वर्ण भएका अक्षरहरू पनि लेखेर भोलि देखाउनुछ भनी आज ती दुवै विद्यार्थी लेखाइमा व्यस्त थिए । ए ! रमेश, ए ! दोर्जे खेल्न जाने होइन भनी साथीहरू बोलाउन आउँदा आज उनीहरूले आफ्नो पढ्ने, लेख्ने काम भएको भनी पठाइदिएको सुन्दा त झन् खुसी लाग्यो ती आमाहरूलाई । राति अबेर तिनीहरूका बा घर आउँदा आफ्ना छोराहरूको स्वभावमा परिवर्तन आउन थालेको देखेपछि खुसी हुन्छन् ।

आज गुरूआमासँगै विद्यालय जानुपर्छ है भनी रमेश र दोर्जेले सल्लाह गरेछन् । विद्यालय जाँदा बाटामा गुरूआमासँग भेट हुन्छ । आफ्नुले राति गरेको प्रगति सुनाउँछन् दुवैले । गुरूआमा कक्षाकोठामा पस्दा सधैं पछाडि बसेर गुनगुन गर्ने रमेश र दोर्जे आज अगाडिको बेन्चमा बसेको देख्दा गुरूआमा इन्दु निकै खुसी हुनुभयो । आज उनीहरूको बसाइ, हेराइ, सुनाइ, बोलाइमा निकै परिवर्तन आएको जस्तो थियो । गुरूआमा कक्षामा विभिन्न प्रकारका कृयाकलाप गराउनुहुन्थ्यो । शुक्रबारको दिन हो । कक्षागत रूपमा वक्तृत्वकला प्रतियोगिता थियो । सविना, सुरेश, रोजी, सुयशाले वक्तृत्वकलामा भाग लिनका लागि नाम लेखाए । दोर्जे र रमेशले हामीले भाग लिन मिल्दैन गुरूआमा भनी प्रश्न गरे । स्यावास् ! किन नमिल्नु भनी गुरूआमाले जबाफ दिँदा कार्यक्रममा उनीहरूको नाम पनि समावेश गरियो । वक्तृताको विषय थियो- 'मानव जीवनमा धर्मका लक्षणहरूको महत्त्व ।' कार्यक्रम आरम्भ भयो । उद्घोषक विन्दा घर्ती थिइन् । समयसूचकमा शीला द्यौजा थिइन् । मूल्याङ्कन कर्तामा इन्दु गुरूआमा,

माधवी गुरूआमा र सहायक प्रधानाध्यापक सन्तलाल श्रेष्ठ हुनुहुन्थ्यो । प्रतियोगिता आरम्भ भयो । भाग लिने सबै ६ जना विद्यार्थीहरूले धर्मका लक्षणका विषयमा आआफ्ना भनाइहरू राखे । रमेश र दोर्जेले पनि निकै तयारीका साथ आफ्ना भनाइहरू प्रस्तुत गरे । मूल्याङनकर्ताबाट परिणाम आयो । दोर्जे, रमेश र सविना क्रमशः प्रथम, द्वितीय र तृतीय स्थानमा आए । सबैले बधाई दिए । गुरूआमा इन्दुले हिजै किनेर तयार पारेका सफलताका सूत्रहरू नामक तिनवटा पुस्तक तिनजनालाई पुरस्कारका रूपमा तयार बनाउनु भएको रहेछ । सहायक प्रधानाध्यापकबाट सो पुरस्कार प्रदान गरियो । रातो टीका निधारमा लगाएर पुरस्कार सहित घरमा गएका छोराहरूलाई देख्दा तिनका बा-आमा पनि निकै खुसी भए ।

दोर्जे र रमेश पढाइतर्फ निकै अग्रसर भएको देखेपछि गुरूआमाले तिनीहरूलाई *सामान्यज्ञान, उज्यालो भविष्य, म र मेरो कर्तव्य* जस्ता पुस्तकहरू किनेर दिनुभयो । उनीहरूले झनै प्रभावित भएर लगनशीलताका साथ पढाइलाई अगाडि बढाउन थाले । रमेश र दोर्जे विद्यालय वा विद्यालय बाहिर जिल्लाभरिका विद्यालयस्तरीय कार्यक्रमहरूमा भाग लिने र प्रथम, द्वितीय स्थान हाँसिल गरेर आउन थाले । गुरूआमा इन्दुले विद्यार्थीहरूका लागि पढाइका साथसाथै अनेक प्रकारका शैक्षिक क्रियाकलापहरू गराउने भएकोले विद्यार्थीहरू अतिरिक्त क्रियाकलापतर्फ निकै उत्प्रेरित हुँदै गए । अब त प्रथम, द्वितीय, तृतीय आउने विद्यार्थीसँग रमेश र दोर्जेले पनि कम्पिटिसन गर्न थाले ।

रमेश र दोर्जे प्रायः गरेर गुरूआमा इन्दुसँगै विद्यालयमा जाने र विद्यालयबाट फर्कने गर्दथे । आफ्ना छोराहरूमा आएको प्रगति विवरण अभिभावकले गुरूआमासँग आदान प्रदान गर्दथे । यसरी नजिकिँदै जाँदा शनिबारको दिन पारेर रमेशको परिवार, दोर्जेको परिवार र गुरूआमा इन्दुको परिवार रमणीय ठाउँ गोदावरीमा भ्रमण गर्न गए । दिनभरि रमाइलो गरे । ज्ञान विज्ञानका विषयमा, व्यवहारका विषयमा, आउने समयमा बनाउने योजनाका विषयमा छलफल गरे । आजभोलि तिनै परिवार एक परिवार जस्ता भएका छन् । समयको सदुपयोग गरेर रमेश र दोर्जे निकै परिश्रमका साथ पढाइमा अगाडि बढेका छन् । अहिले वार्षिक परीक्षा चलिरहेको छ । सबै विद्यार्थीले वर्षदिनको बौद्धिक परिश्रम प्रस्तुत गरिरहेका छन् ।

आज वार्षिक परीक्षाको परिणाम निस्कदैछ । प्रायः सबै विद्यार्थीका अनुहार हँसिला छन् । कक्षा ८ बाहेक सबै विद्यार्थीको परीक्षा परिणाम प्रकाशन भइसकेको छ । जिल्लास्तरीय परीक्षा भएका कारण सो परिणाम आउन अब केही मिनेट कुर्नु पर्ने प्रधानाध्यापकको भनाइ रहेको छ । दोर्जे र रमेश पनि आफ्नो प्रगतिको प्रतीक्षा गरिरहेका छन् । जिल्लास्तरीय कक्षा ८ को परीक्षा परिणाम इन्दु गुरूआमाको हातमा आएको छ । सरसरी हेर्दा दोर्जे र रमेश क्रमशः प्रथम र द्वितीय स्थानमा आएका रहेछन् । गुरूआमा निकै खुसी हुनुभयो । परीक्षा परिणाम सूचना पाटीमा टाँस गरियो । सबै विद्यार्थीले आफ्नो आफ्नो परिणाम हेरे । सबैका आँखामा हाँसो र खुसी देखिन्थ्यो । दोर्जे र रमेश निकै खुसी देखिन्थे । ती विद्यार्थीहरू विद्यालयमा प्रथम र द्वितीय मात्र रहेन छन्, त्यो परिणामपछि विद्यालयलाई बधाई आउन थाल्यो । कारण रहेछ दोर्जे जिल्ला प्रथम आएको रहेछ भने रमेश जिल्ला द्वितीय भएका रहेछन् । जिल्लाबाट प्राप्त हुने पुरस्कार पनि यिनै दुई छात्रहरूले पाएको देख्दा विद्यालय त हर्षित हुने नै भयो । दोर्जे र रमेश निकै प्रसन्न देखिए । त्यो भन्दा बढी प्रसन्नता गुरूआमा इन्दुको अनुहारमा देखिन्छ ।

■


"सफल हुनका लागि व्यवहारमा बालक, काममा युवक र अनुभवमा वृद्ध हुनु आवश्यक छ"

असल शिक्षक

नवराज के.सी.
शिक्षक



मतदान, भिक्षादान, मन्त्रदान, कन्यादान, तन्त्रदान, अर्थदान, भूमिदान, गोदान, दशदान, वस्त्रदान आदि पछाडि दान लागेर बनेका शब्दहरूका श्रृङ्खलामा शिक्षादान पनि पर्दछ । शिक्षादान गर्ने व्यक्ति नै शिक्षक हुन् । शिक्षा शब्दमा अक प्रत्यय लागेर शिक्षक शब्दको निर्माण भएको मानिन्छ । शिक्षक शब्दले शिक्षा दिने व्यक्ति, गुरू अध्यापक, ज्ञान दिने व्यक्तिको अर्थ दिन्छ । शिक्षक शब्द शि.क्ष.क. गरी तिन अक्षरले बनेको छ । जसको एक एक अक्षरले पृथक पृथक अर्थ दिने गरेको पाइन्छ । 'शि' को अर्थ शिखरतिर उन्मुख गराउने व्यक्ति, 'क्ष' ले क्षमा दिने व्यक्ति र 'क' ले कम्जोरीहरू हटाउने व्यक्ति भन्ने अर्थ दिन्छन् । शिक्षकलाई गुरूका रूपमा पनि लिने गरिन्छ । यहाँ 'गु' ले अन्धकार र 'रू' ले तेज वा प्रकाश दिने भन्ने अर्थ दिन्छ । अर्थात मानिसका हृदयमा रहेको अज्ञानरूपि अन्धकारलाई समाप्त पारी ज्ञानरूपि तेज प्रवाह गर्ने व्यक्ति नै गुरू हुन् । मूलतः गुरूलाई सूचना प्रवाहकर्ता, प्रवर्धनकर्ता, विद्यार्थीहरूसँग सहकार्य गरी सिक्ने र सिकाइ संस्कृतिको विकाश गर्ने व्यक्ति, सिकाइका लागि खुल्ला वातावरण सिर्जना गर्ने व्यक्तिका रूपमा लिइन्छ । सहज कर्ता, उत्प्रेरककर्ता, सिकाइ सहजीकरण प्रकृयाको सहजकर्ता, विद्यालयको अध्यापक, सच्चा मानवको निर्माणकर्ताका रूपमा पनि गुरूलाई परिभाषित गर्न सकिन्छ । पूर्वीय दर्शनमा गुरूलाई ब्रह्मा, विष्णु र महेश्वर गरी त्रिदेवताको समष्टि शक्तिका रूपमा लिइएको पाइन्छ ।



पाश्चात्य ज्ञान परम्परातिर जाने हो भने गुरूलाई टिचर भनिन्छ । त्यहाँ पनि टिचरलाई आ-आफ्नै परिभाषाले अर्थ्याइएको छ । पाश्चात्य विद्वान जोन एडम्सले शिक्षकलाई मानवको निर्माताका रूपमा उल्लेख गरेको पाइन्छ । त्यस्तै वाइल्डले शिक्षकलाई बच्चाहरूलाई खुसी राख्ने व्यक्तिका रूपमा लिएका छन् । अर्का पाश्चात्य विद्वान रूसोले शिक्षकलाई विद्यार्थीको पन्नापन्ना पढ्ने व्यक्तिका रूपमा हेरेका छन् । त्यस्तै प्लेटोले शिक्षकले विद्यार्थीको प्रकृति थाहा पाउने अत्युत्तम व्यक्तिका रूपमा परिभाषित गरेको पाइन्छ ।

वादका दृष्टिले पनि शिक्षकको परिभाषा दिने गरेको पाइन्छ । प्रकृतिवादले शिक्षकलाई बालकको अवलोकन कर्ता र मञ्चनिर्माताका रूपमा, यथार्थवादले कक्षामा वास्तविक ज्ञान प्रदान गर्ने व्यक्तिका रूपमा, आदर्शवादले विचार खन्याउने व्यक्तिका रूपमा, प्रयोजनवादले समस्या समाधानको परामर्शदाताका रूपमा, अस्तित्ववादले विद्यार्थीहरूलाई आत्मानुभूति प्राप्तिका लागि कार्यमा सहयोग पुऱ्याउने व्यक्तिका रूपमा, प्रतिकात्मकवादले बालकको चेतना र अभिप्रायमा केन्द्रित हुने व्यक्तिका रूपमा निर्माणवादले सिकारूलाई सिर्जनशील बनाउने व्यक्तिका रूपमा शिक्षकलाई लिने गरेको पाइन्छ ।

असल समाज, आदर्श समाज, स्वच्छ एवं गतिशील समाज निर्माणमा शिक्षकको निकै ठूलो भूमिका रहेको हुन्छ । जुन समाज वा देशको शिक्षा प्रणाली अत्युत्तम हुन्छ त्यहाँको समाज विकासित वा विकृति रहित हुन्छ । उत्तम शिक्षा प्रणालीभित्र ज्ञान, बोध र सिप सबैलाई उत्तिकै महत्त्व दिइएको हुन्छ । शिक्षाले मानिसको व्यवहारमा रूपान्तरण ल्याउँछ । सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरी प्रत्येक बालकलाई आ-आफ्नो क्षमताअनुसार सिर्जनशील, सक्षम र उत्पादनमुखी बनाउँछ । ज्ञानलाई व्यवहारमा, व्यवहारलाई सीपमा, सीपलाई उत्पादनमा रूपान्तरण गर्नसक्ने शिक्षालाई अत्युत्तम शिक्षाका रूपमा लिइन्छ ।

अब हामी शिक्षक र हाम्रो शिक्षाप्रणालीका बारेमा

उल्लेख गर्न मन लाग्यो । माथि परिभाषामा उल्लेख गरिएजस्तै विद्यार्थीका पत्रपत्र पढ्ने, समय सापेक्ष उसलाई जीवनोपयोगी शिक्षा प्रदान गर्ने र उसको स्वर्णीम भविष्य निर्माण कर्ता नै असल र सफल शिक्षक हो । यस्ता शिक्षकले प्रत्येक क्षण प्रत्येक विद्यार्थीका हृदय हेर्दछन् । आफ्ना आँखामा उनीहरूका अनुहार झल्किरहेका देखिन्छन् । उनीहरूको ज्ञान,सीप र बोध विकासमा सदैव तल्लीन हुन्छन् । सिकाइका व्याख्यान, प्रदर्शन, अवलोकन, प्रश्नोत्तर, प्रयोगात्मक विधि जस्ता सबै विधिको प्रयोग गर्दछ । सम्पूर्ण विद्यार्थीलाई आफ्नै सन्तानका रूपमा देख्दछन् । मायालु भावले सबैलाई एकैनासको व्यवहार गर्दछन् । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सबै सिपलाई एकैनासले अगाडि बढाइरहेका हुन्छन् । कम्जोर विद्यार्थीका लागि नयाँ नयाँ विधिहरू अपनाइरहेको हुन्छ । राति होस् वा बिहान बेलुका उसको मन आफ्ना प्याराप्यारा विद्यार्थीहरूसँगै हुन्छ । पढाएर भन्दा गराएर उनीहरूलाई सक्षम बनाउन निरन्तर लागिरहेको हुन्छ । आजको विज्ञान र प्रविधिको युगमा अनेकौं विधिहरू अवलम्वन गरिरहेको हुन्छ । म गुरू हुँ, मलाई सबैले मान्नुपर्छ हैन, म यी विद्यार्थीहरूको प्रिय साथी हुँ । यिनीहरूसँगै रमाएर सिकाउनु मेरो दायित्व हो भन्ने बोध गरिरहेको हुन्छ ।

नेपालका सयौं शिक्षक मध्ये आफ्नुलाई म शिक्षक हुँ भनेर सदैव गर्व गर्ने एक शिक्षक हुन् रमाकान्त रम्जाली । उनी शिक्षकमात्र होइनन्, सच्चा र अनुकरणीय शिक्षक हुन्क। असल शिक्षकमात्र होइनन् सफल शिक्षक पनि हुन् । उनले बिहान सबेरै उठेर उनै विद्यार्थीहरूको प्रगतिविवरणको अध्ययन गर्छन् । कम्जोर विद्यार्थीहरूको सूची तयार गर्छन् । यथेष्ट सिकाइ सामग्री तयार गर्छन् । शिक्षण विधि र प्रविधिका नयाँ नयाँ तरिका अपनाउँदै मानसिक तयारीका साथ छात्रछात्रासँगै उनीहरू जस्तै भएर बाटोभरि सिकाइका कुरा गरेर विद्यालय आरम्भ हुनुभन्दा आधा घण्टा अगाडि नै विद्यालयको प्राङ्गणमा पुग्दछन् । हरेक विद्यार्थीका कृयाकलापहरूको अध्ययन गर्दछन् । विद्यार्थीका सम्पूर्ण त्रुटिहरू कापीमा टिपोट गर्दछन् । प्रसन्न चेहराका साथ कक्षाकोठामा प्रवेश गर्दछन् । आफ्नु मुसुक्क हाँसेर हसिला अनुहारहरू नियाल्दछन् । एउटा फरक शैली र प्रयोगबाट कक्षा आरम्भ गर्दछन् । आफ्ना अध्ययनरत नानीहरू कहाँ थिए ? कहाँ छन् ? कहाँ लैजाने हो ? अर्जुन दृष्टिका साथ राम्ररी नियाल्छन् र शिक्षण गर्दछन् । आफू धेरै बोल्दैनन्, बोल्न लगाउँछन् । आफ्नु धेरै लेख्दैनन्, लेख्न लगाउँछन् । आफू कमै पढ्दछन्, तर नानीहरूलाई धेरै पढ्न लगाउँछन् । प्रत्येकका कुरा सुन्छन् र सुन्न लगाउँछन् । उनीहरूसँगै रमाइलो गर्दै खाजा खान्छन् र खुवाउँछन् । साना छोटाछोटा श्रुतिलेख तयार गर्छन् । आफू जाँच्दैनन् । विद्यार्थीहरूका एक अर्काका कापी परीक्षण गराउँछन् । त्रुटि केलाउन लगाउँछन् । विश्लेषण गर्छन् र गर्न लगाउँछन् । कक्षामा गीत तथा खेलका माध्यमबाट हसाउँदै, नचाउँदै शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्छन् । प्रत्येक विद्यार्थीका अभिभावकसँग सु-सम्बन्ध स्थापना गरेका हुन्छन् । विद्यार्थीको प्रगतिका बारेमा दिनको एकपटक अभिभावकसँग संवाद गर्छन् । कतै केही स-साना कमजोरी देखापरेमा हाँसीहाँसी समाधान गर्छन् । कृतिमा हाँस्न सिकाउँछन् । प्रकृतिमा डुल्न लगाउँछन् । जल, जीव र जगत्का बारेमा खोज तथा अनुसन्धान गर्न लगाउँछन् । बालबालिकाको मनोविज्ञानको गहन अध्ययन गर्छन् । बालमस्तिष्कमा सकारात्मक उर्जा भर्दछन् । त्यही ऊर्जालाई व्यवस्थित गर्न सिकाउँछन् ।

इतिहासको जगमा रमाउन लगाउँछन् । वर्तमान राम्ररी पढाउँछन् । भविष्यका सुन्दर योजना निर्माण गर्न लगाउँछन् । साहित्यका रसात्मक भावहरूमा डुबुल्की मार्न सिकाउँछन् । परोपकारको सन्देश प्रवाह गर्दछन् । राजनीतिसँग, मनोविज्ञान, दर्शन, कला साहित्यको मिश्रण गर्छन् । उनी सच्चा शिक्षक हुन् । उनी आफू बलिरहन्छन् । अरूलाई तेजिलो बनाउन निकै प्रयत्नशील हुन्छन् । त्यसैले त उनीलाई सच्चा गुरू भनेर सबै विद्यार्थीले भित्रैदेखि निकै सम्मान गर्दछन् । उसका चेलाचेली सच्चा गुरूदेव भन्ने गर्दछन् । छोराछोरी गर्छन् वा गर्दैनन् कसैले जान्दैन तर उनका अनन्त चेलाका अनन्त चेतनाहरूले गरेको सम्मानले उनी सदा सगर्व बाँचेका छन् । वर्तमान समयमा लाखौं शिक्षक शिक्षण क्रियाकलापमा समर्पित् छन् । इतिहासका पानामा को खै कतिसम्म बाँच्नेहुन् । केही भन्न सकिदैन । बाँच्नेहरू बाँच्नका लागि शिक्षण क्रियाकलापमा आफू मरेर भए पनि लागिपरेका उदाहरणहरू कमै देखिन्छन् । मलाई लाग्छ हामी पनि उनी जस्तै बन्न सकौं । उनी जस्तै सम्मानित भएर बाँच्ने लक्ष्य बनाई शैक्षिक क्रियाकलापमा समर्पित हुन सकौं । ■

प्राविधिक शिक्षा आजको आवश्यकता

शंकर न्यौपाने
शिक्षक



प्राविधिक शिक्षा भन्नाले विभिन्न आधुनिक उपकरणहरूको प्रयोगबाट प्रयोगात्मक र रचनात्मक क्रियाकलापमा सहभागी गराई प्राप्त गरिने उत्पादनमूलक, सीपमूलक र अनुसन्धानमूलक शिक्षा हो । सामान्य अर्थमा भन्नुपर्दा शिक्षाको अर्थ ज्ञान आर्जन गुर्न वा नयाँ कुरा सिक्नु भन्ने बुझिन्छ । सिकारूहरूलाई प्रविधिसँग सम्बन्धित गराएर हासिल गरिने व्यवहारिक र व्यवसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । यो पारम्परिक शिक्षाभन्दा फरक किसिमको हुन्छ । यसले व्यक्तिलाई व्यवहारिक ज्ञान कौशल र सीप प्रदान गरी आफ्ना दक्षता, क्षमता र योग्यता अनुसारको रोजगारी प्राप्त गर्न मद्दत गर्दछ । आजको युग विज्ञान र प्रविधिको युग भन्ने गरिन्छ । त्यसैले होला प्राविधिक शिक्षाको महत्त्व बारे जनमानसमा पनि चासो बढेको देखिन्छ जसको कारणले गर्दा समाजमा दक्ष जनशक्ति उत्पादन गर्न मद्दत गर्दछ । प्राविधिक ज्ञानले व्यक्तिलाई सजिलै विश्व बजारमा प्रतिस्पर्धा गरी आफ्नो जीवनस्तर सुदृढ गर्न सहयोग गर्दछ । त्यसैले प्राविधिक शिक्षालाई चेतनामूलक वा रोजगारमूलक शिक्षा पनि भन्ने गरिन्छ ।

प्राविधिक शिक्षा आजको आवश्यकता बनेको छ । यसबाट वर्तमान समयमा व्यक्ति आफ्नो आर्थिक स्थिति सुदृढ बनाई राष्ट्रिय अर्थतन्त्रमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ । आजको एककाइसौं शताब्दी भनेको विज्ञान र प्रविधिको राम्रो विकास भएको युग हो । यसले राष्ट्रको चौतर्फी विकासको लागि आवश्यक पर्ने मानव संसाधनको विकास गर्दछ । देश विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने मानवीय पूँजी निर्माणका लागि प्राविधिक शिक्षा अपरिहार्य छ। प्राविधिक ज्ञान आर्जन गरेका व्यक्तिले मात्र प्राकृतिक श्रोत र साधनको समुचित उपयोग गरी मानवकल्याणका निमित्त योगदान पुऱ्याउन सक्दछ । अझ नेपालजस्तो विकासशील देशमा त प्राविधिक शिक्षाको महत्त्व अत्यन्तै रहेको छ । आधुनिक प्रविधियुक्त उपकरणहरूको प्रयोगबाट कुनैपनि कार्य छिटो छरितोसँग गर्न सकिन्छ । यसले मानव विकासलाई गतिशील बनाएर सफलताको उच्च विन्दुमा पुऱ्याउन मद्दत गरेको छ । कृषि, ब्यापार शिक्षा, स्वास्थ्य, पर्यटन, ललितकला, यातायात र मनोरञ्जन जस्ता सबै क्षेत्रको विकासमा यसको महत्त्वपूर्ण भूमिका रहेको छ । हाम्रो देश नेपाल विश्वका अन्य मुलुकको दाँजोमा कम आर्थिक विकास, कम औद्योगिक विकास, कम रोजगारीका अवसर हुनुको एक प्रमुख कारण प्राविधिक शिक्षामा कमी हुनु हो । आफ्नो व्यवसाय गर्ने र आफै कमाइ गरेर खाने संस्कृतिको विकास नहुनु अर्थात उद्यमशीलताको विकास नहुनु पनि पुरातनवादी शिक्षा वा अनुत्पादक औपचारिक शिक्षा नै हो । प्राविधिक शिक्षा र उत्पादनमुखी शिक्षा नभएकै कारण हाम्रोजस्तो मुलुक विकसमा पछाडि परेको छ । प्राविधिक शिक्षा पाएका व्यक्ति कोही पनि र कहिले पनि बेरोजगार बन्न पर्दैन । त्यसैले, आजको प्रमुख आवश्यकता भनेको व्यवहारिक, व्यवसायिक र सीपमूलक शिक्षा दिनु हो । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा बेरोजगारीको समस्या दिनानुदिन बढ्दै छ । औपचारिक शिक्षाले बढाएको शैक्षिक बेरोजगार, कृषि पेशामा लागेकाहरूमा अर्ध बेरोजगारकोसंख्या पनि उत्तिकै मौलाउँदै आएको छ । त्यसैले यस समस्याबाट छुटकारा पाउन मुलुकले प्राविधिक शिक्षाको विकासमा जोड दिनुपर्ने देखिन्छ । हाम्रो देश नेपाल प्रशस्त मात्रामा प्राकृतिक श्रोत र साधनले भरिपूर्ण छ तर यस प्राकृतिक श्रोत र साधनको सहीरूपमा पहिचान गरी सही सदुपयोग गर्न दक्ष प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । त्यसैले नेपालले आफ्नो आर्थिक बृद्धि गराउन र नेपाली जनताको जीवन स्तरमा सुधार गर्नको लागि प्राविधिक शिक्षालयहरू निर्माणमा ध्यान पुऱ्याउनु पर्छ । आज विश्वमा विकसित भनेर कहलिएका देशहरू पनि त्यहाँको प्राविधिक जनशक्तिको कारणले नै हो । त्यसैगरी जुन-जुन देशमा प्राविधिक जनशक्तिको कमी छ, ती ती

देशहरू विकासको दृष्टिकोणले पछाडि परेका छन् । शिक्षित व्यक्तिहरू पनि जेजति छन्, ती व्यवसायिक रूपमा कम गर्न सबै सक्षम छैनन् । हाल सञ्चालनमा रहेका विद्यालयहरू पनि शैक्षिक बेरोजगार उत्पादन गर्ने उद्योगको रूपमा प्रस्तुत भएको देखिन्छ । देशमा उपलब्ध प्राकृतिक जडिबुटी, प्राकृतिक सम्पदा, जल सम्पदाको उचित सदुपयोग र पहिचान गर्न नसक्दा त्यही सामान बाहिरी मुलुकबाट आयात गर्नुपरेको छ जसले गर्दा आफूसँग भएका महत्त्वपूर्ण वस्तुहरू मूल्यहीन भएको छ भने अर्कोतिर ती भन्दा कमसल वस्तुहरू महँगो मूल्यमा विदेशबाट आयात गर्नुपर्दा हाम्रो देशको अरबौंको पूँजी विदेसिन पुगेको छ । देशमा बेरोजगार युवाशक्तिको संख्या बढ्दो छ जसको कारणले गर्दा समाजमा चोरी, डकैती, लुटपाट, हत्या, आतंक एवं बलात्कार जस्ता आपराधिक गतिविधि बढ्दो छ । वर्तमान अवस्थालाई मध्यनजर गर्दा लगभग दैनिक दुई हजार जनाको संख्यामा वैदेशिक रोजगारीको लागि युवाशक्तिहरू विदेसिनु परेको छ भने देशमा औद्योगिक विकासको दर अत्यन्त न्यून हुनुका कारणले बौद्धिक पलायनको समस्या पनि उत्तिकै जटिल बन्दै गएको छ । अलिअलि भएका प्राविधिक जनशक्ति पनि उपयुर्क्त रोजगारीको अभावको कारणले दिनानुदिन विदेश पलायन हुँदै गएका छन् । प्रविधि, प्राविधिक शिक्षा र औद्योगिक विकासमा अघि बढेका अमेरिका, जापान, रसिया, क्यानडा, बेलायत र चीन जस्ता मुलुकका नागरिकहरूले बेरोजगारीको समस्या बोकेर बाहिरी देशमा कामको खोजीमा हिँड्नु परेको छैन । त्यसैले हाम्रो देशमा विद्यमान बेरोजगारी समस्याको हल गर्न गरिबी न्यूनीकरण गर्न र समाजलाई सु-व्यवस्थित एवं सुन्दर बनाउन हाम्रो देशको शिक्षा नीतिमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । प्राविधिक शिक्षा दिने विद्यालय एवं विश्वविद्यालयहरूको संख्यामा बृद्धि गर्नुपर्ने देखिन्छ । श्रमप्रतिको सम्मानको भावना जागृत गराउनुपर्ने छ । हरेक व्यक्तिले आफ्नो रूचिअनुसारको सीप र काम उपलब्ध गराउन सरकारले प्रयास गर्नु पर्दछ । शिक्षा आर्जन गरेको कुनै पनि व्यक्ति बेरोजगार भएर बस्नुपर्ने बाध्यताको तत्काल अन्त्य गर्नुपर्दछ । यसको लागि एउटै उपाय भनेको प्राविधिक शिक्षामा सबैको पहुँच पुऱ्याउनु नै हो । औपचारिक शिक्षाले परीक्षामा उच्च अंक ल्याई महत्त्वकांक्षी पद र जागिरको आशामा जिन्दगी बिताउने शिक्षा नभई प्राविधिक सीप सिकेर उद्यमशिलताको विकास गर्ने श्रमशक्ति देशका लागि आवश्यक पर्छ । प्राविधिक सीपमा दक्षता प्राप्त गर्न सकेमा आफ्नो मुलुकबाट बैदेशिक रोजगारीमा जाँदा पनि राम्रो काम पाइ आय आर्जनमा बृद्धि गराउन सकिन्छ । अहिलेको अवस्था सम्ममा नेपालबाट उच्च शिक्षा अध्ययन र वैदेशिक रोजगारीका लागि भनेर लगभग ५० लाख जनसंख्या विदेशमा छन् र उनीहरूले कमाई गरी पठाएको विप्रेषण रकमले अर्थतन्त्र धान्नुपर्ने विवशता रहेको छ । यसले देशको अर्थतन्त्रमा केही मात्रामा सुधार भएको देखिएता पनि यो दीर्घकालीन समाधान भने होइन । त्यसैले प्राविधिक शिक्षालाई श्रमसँग जोडेर हेर्नु अत्यावश्यक भएको छ । जुन विषय अध्ययन गरिन्छ, त्यो सिर्जनात्मक श्रमशक्तिको उत्पादक बन्न सक्नु पर्दछ ।

हाम्रो देशमा जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा रहेकाले कृषकहरूलाई प्राविधिक ज्ञान प्रदान गरेर आधुनिक र व्यवसायिक खेती गर्न प्रोत्साहित गरेमा खाद्यान्न उत्पादनमा बृद्धि भई निर्यात बढाउन सकिन्छ । जस्को कारणले नेपाली जनताहरू आत्म निर्भर हुनेछन् । बेरोजगारीको अन्त्य भई उत्पादनशीलता बढेर देशको अर्थव्यवस्था सुदृढ बन्ने छ । सबैको जीवन कर्मशील बन्दछ । कर्मशील जीवनले हामीलाई उन्नतिको बाटो तिर अघि बढाउँछ । त्यसैगरी भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, औद्योगिक विकास जस्ता क्षेत्रमा प्राविधिक शिक्षालाई उच्च प्राथमिकतामा राखेर दक्ष जनशक्ति उत्पादन गर्न सकेको खण्डमा नेपाली नागरिकहरूमा गरिबीको अन्त्य भई गुणस्तरीय जीवन जिउन सफल हुनेछन् र राष्ट्र समृद्धितिर अघि बढ्ने छ ।

त्यसैले प्राविधिक शिक्षा आजको आवश्यकता र समयको माग भएकोले शिक्षा प्रणालीलाई सरकारले नीतिगत रूपमा नै परिवर्तन गरी प्राविधिक शिक्षामा लगानी बढाएर यसलाई शिक्षा प्रणालीमा समावेश गर्नुपर्छ । देश विकासको मुख्य आधार शिक्षा प्रणाली हो । त्यसैले अब सरकारले प्रत्येक प्रदेश जिल्ला र गाउँगाउँमा बहुप्राविधिक शिक्षालयको स्थापना गरी प्राविधिक शिक्षालाई सबैको पहुँच पुग्नेगरी सस्तो र सर्वसुलभ बनाउँदै लैजानु पर्छ । युवाको विदेश पलायनको वर्तमान अवस्थाको अन्त्य गरिनुपर्छ ।

■

गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको भूमिका

गणेशबाबु कमली
शिक्षक



अन्धकारलाई छिचोल्दै उज्यालोतर्फको यात्रामा डोऱ्याउने शिक्षक नै हुन् । पौराणिककालदेखि नै शिक्षाको उज्यालो छर्दै असत्यमाथि सत्यको जितको सुनिश्चिताका लागि शिक्षकले खेलेको भूमिका सिङ्गो पौराणिक इतिहासमा सर्वमान्य रहेको पाइन्छ । विशेषतः शिक्षार्थीको क्षमता र रूचिको पहिचान गरी सोहीअनुसार उनीहरूलाई सिकाइप्रति उत्प्रेरित गरी सिप र कौशलमा निपुणता प्रदान गर्नसक्ने सार्मथ्यले नै शिक्षकलाई शक्तिशाली र सर्वमान्य पेशाको रूपमा स्वीकार गरेको देखिन्छ । निष्पक्षता, सत्यता, निडरता व्यक्तिगत लोभ-मोहमा नफस्नु, पारिवारिक माया, मोह, काम, क्रोध आदिलाई आफ्नो पूर्ण वशमा राखेर कतर्व्यप्रतिको वोध, सकारात्मक सोच र निरन्तर त्यागले नै शिक्षक सत्य र विश्वासको केन्द्रको रूपमा रहेका थिए । गुरूकुल सञ्चालनार्थ आवश्यक चाँजोपाँजोमा कुनै पनि कमि-कमजोरी नहुने कुराको सुनिश्चितता राज्यले गरेको देखिन्थ्यो । यसले शिक्षण समिति व्यक्तिहरूको पहुँचमा मात्र सीमित रहे तापनि यसमा गुणस्तरीयता भने कायम थियो र यसको सम्पूर्ण श्रेय शिक्षक एवं गुरूहरूलाई नै दिइन्थ्यो । सबैको नजरमा शिक्षण सम्मान गर्न लायक पेशा थियो ।

विभिन्न धार्मिक ग्रन्थ, पौराणिक कथा आदिले कुलीन वा शक्तिशाली वर्गको स्वामित्वमा मात्र शिक्षाको पहुँच पुगेको देखाउँछ । तथापि त्यो शक्तिशाली वर्ग पनि शिक्षकप्रति नतमस्तक हुने गरेको पढ्नमा र सुन्नमा पाइन्छ । निक्कै मर्यादित र सम्मानजनक पेशाको रूपमा शिक्षणपेशा स्थापित भएको पाइन्छ ।

समयक्रमको विकास सँगसँगै सामाजिक विकासक्रमले मानव जातिको सामाजिक प्रणाली र व्यवहारमा जुन क्रमिक परिवर्तन आयो । परिवर्तन आयो, फलस्वरूप आजको यो अवस्थामा हामी आइपुगेका छौं । यस्ता हरेक परिवर्तनका संवाहक शिक्षक नै हुन् र यसमा शिक्षाको भूमिका झन् बढ्दै गइरहेको छ । प्रतिस्पर्धात्मक युगमा एकातिर शिक्षाको महत्त्व बढिरहँदा यस पेशासँग सम्बद्ध शिक्षण पेशा भने क्रमशः विचलित हुँदैछ वा भनौं पेशाप्रतिको सम्मान र ओज घट्दै गइरहेको देखिन्छ । शिक्षण पेशा पनि क्रमशः विचलित हुँदै र यसको सम्मान र ओज घट्दै गइरहेको देखिन्छ । निक्कै मर्यादित र सम्मानित पेशाका रूपमा लिइएको शिक्षण पेशा र शिक्षक दुवै अहिले हेयका दृष्टिले हेरिने अवस्थामा पुगेको छ । समयसँगै जुन किसिमको चमत्कारिक परिवर्तन र विकास जारी छ, यो पक्कै पनि शिक्षाको विकासले नै निम्त्याएको परिणाम हो । परिवर्तनलाई आत्मसात् गर्दै नयाँ खोज र विकासका लागि गुणस्तरीय शिक्षाको भूमिका बढिरहँदा हाम्रो जस्तो मुलुकमा शिक्षक र शिक्षण पेशा भने क्रमशः अपहेलित हुँदै गइरहेको देखिन्छ ।

धेरै देशले हासिल गरेको आर्थिक समृद्धि, भौतिक विकास र अचम्भित बनाउने प्रविधि र प्रणालीको विकास प्राप्त गराउने पथप्रदर्शक शिक्षक नै हुन् । विश्वव्यापी रूपमा शिक्षण पेशाले प्राप्त गर्न सम्मानले पनि यसलाई प्रमाणित गर्दछ । तर विडम्वना हाम्रो देशमा यस पेशाप्रति त्यति आकर्षण भने देखिँदैन । समग्र शैक्षणिक प्रक्रियाको एकमात्र निर्विकल्प साधन शिक्षक हो, शिक्षकले पढाउँदै नपढाएकै कारण गुणस्तरीयता कायम नभएको र यी सबैको दोष शिक्षक स्वयंले लिनुपर्ने आम मान्यता रहेको पाइन्छ । शैक्षिक प्रक्रिया एक सामाजिक प्रक्रिया हो । यस प्रक्रियाअन्तर्गत सम्वद्ध विभिन्न पक्षहरूको आ-आफ्नो भूमिका स्पष्ट रहेको हुन्छ । सबै सरोकारवाला पक्षहरूको सामूहिक प्रयत्नबाट मात्र सिकाइका उद्देश्यहरू पूरा गर्न सकिन्छ । यो कुनै एक पक्षको कारण र प्रभावले मात्र बन्ने वा बिग्रने भन्ने कमै मात्र हुन्छ । त्यसैले तत् सम्बन्धमा सम्पूर्ण सरोकारवाला पक्षहरूले आ-आफ्नो जिम्मेवारी पुरा गर्नसकेको खण्डमा कुनै एक पक्षलाई मात्र दोषको भारी बोकाइरहनु पर्दैन । समग्र शैक्षिक गुणस्तर निरन्तर कमजोर हुँदै जानुको पछाडि शिक्षकले

गर्नसक्ने जति गरेर पनि पूर्ण नभएको हुन सक्दछ । त्यसलाई पूर्णतातर्फ कसरी लैजाने र सिकाइलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा माथिल्ला सम्बद्ध निकायहरूले आफ्नो नियमनकारी भूमिका प्रभावकारी बनाएर शिक्षकलाई उत्प्रेरित गर्दै शिक्षण सिकाइ क्रियाकलापमा आकर्षित गर्न सके शिक्षकले पढाउँदैनन् भन्ने तथ्यलाई झुटो साबित गर्न सकिन्छ ।

राज्यको नीति निर्माण तहदेखि यसका प्रत्यक्ष लाभग्राही विद्यार्थी र अभिभावकले खेल्ने भूमिकामा सामञ्जस्यता कायम गर्न सके गुणस्तरीय तथा जीवनोपयोगी शिक्षा प्रवाह गरी दक्ष जनशक्तिको विकास गर्न सकिन्छ । यिनै केही प्रतिनिधि सरोकारवाला पक्ष र तिनीहरूले खेल्नसक्ने सम्भावित भूमिका र यसले गुणस्तरीयता कायमका लागि पार्ने प्रभावलाई आधार मानेर यो लेख तयार पारिएको हो । सरोकारवाला पक्ष र तिनीहरूले खेल्नुपर्ने भूमिकाको चित्रण निम्नानुसार गर्न सकिन्छ :

१. नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीति नियम तर्जुमा, कार्यक्रमको विकास, बजेटको व्यवस्था र योजना कार्यान्वयनको आधारशिला निर्माण गर्ने महत्त्वपूर्ण भूमिका यस मन्त्रालयको रहेको हुन्छ । जस अर्न्तगत बालमैत्री शिक्षण प्रणालीको आधार निर्माण, प्रशासनिक सिप विकासका ठोस कार्यक्रम, शिक्षक उत्प्रेरणा तथा वृत्ति विकासको सुनिश्चितता, अभिभावक सचेतना कार्यक्रम, नियमित अनुगमन, नियमन र आवश्यक पृष्ठपोषण गरी सुधारात्मक कार्य गर्दै अगाडि बढेमा यसले सकारात्मक प्रतिफल सुनिश्चितताको आधार सृजना गर्दछ ।

२. स्थानीय तह

संघीयतामा देश प्रवेश गरिसकेपश्चात् माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय तहलाई सुम्पिएको छ । भर्खरै तङ्ग्रिँदै गरेको स्थानीय तह, त्यसमा पनि राजनैतिक प्रभाव आदि कारणले प्रभावकारी योजना निर्माण, त्यसको प्रवाह, कार्यान्वयनको नियमन अनुगमन र नियन्त्रण प्रणालीबीच समन्वयको अभावले गर्दा पनि सिकाइ प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ । यस्तो समस्या समाधानका लागि स्थानीय तहले नीति निर्माण गर्दा राजनैतिक उद्देश्यबाट प्रेरित नभएर समयको माग र आवश्यकतालाई आधार मानी नीति निर्माण तथा कार्यक्रमहरूको विकास गर्ने, शिक्षकको पेशागत विकासको सुनिश्चितता गर्ने, शिक्षक कर्मचारीलाई उत्प्रेरित गर्ने, नियमित अनुगमन, सुपरिवेक्षणपश्चात् आवश्यक पृष्ठपोषण प्रदान गर्ने आदि कार्य गर्न सकेको खण्डमा सिकाइलाई प्रभावकारी र अर्थपूर्ण बनाउनमा सघाउ पुऱ्याउँदछ ।

३. विद्यालय व्यवस्थापन समिति

विद्यालयको व्यवस्थापन, रेखदेख तथा संरक्षण गर्ने उद्देश्यले विद्यार्थीका अभिभावकहरूको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गरिन्छ । सचेत र जागरूक अभिभावकको उपस्थिति न्यून भई राजनैतिक उद्देश्यसहित उपस्थित हुने अभिभावकहरूको बोलबाला भएमा विद्यालयको आन्तरिक वातावरण सजह नहुन सक्दछ । यस्तो अवस्थामा नकारात्मक द्वन्द्वको अवस्था सृजना हुन सक्दछ । जसले समग्र सिकाइ प्रक्रियालाई असर पुऱ्याउन सक्दछ । यस विपरीत सचेत, शिक्षित र जिम्मेवार अभिभावकको प्रतिनिधित्व निश्चित हुन सकेमा उनीहरूले खेल्ने समन्वयकारी भूमिका प्रभावकारी हुन सक्दछ । विभिन्न माथिल्लो निकायसँगैका समन्वयले आवश्यक स्रोत र साधनको सुनिश्चितता गर्न सक्दछ भने शिक्षकहरूसँगको नियमित अन्तर्क्रिया, छलफल, दण्ड तथा पुरस्कारमा आधारित उत्प्रेरणा, अभिभावकसँगको नियमित अन्तर्क्रिया र आवश्यक पृष्ठपोषण, प्रशासनसँगको उचित समन्वय जस्ता कार्यहरू गर्नसके विद्यालयले गुणस्तरियता कायम गर्न सक्नेछ ।

४. विद्यालय प्रशासन

विद्यालयको दैनिक सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउने क्रममा उपयुक्त योजनाको निर्माण, शिक्षक र कर्मचारीको प्रभावकारी परिचालन, सरोकारवाला पक्षसँगको समन्वय कायम गर्ने, नियमनकारी निकायका निर्देशनलाई पालना गर्दै शिक्षकलाई उत्प्रेरित गरी शिक्षण सिकाइ क्रियाकलापको उपयुक्त वातावरण निर्माण गर्ने प्रमुख जिम्मेवार प्रशासनिक नेतृत्व हो । नेतृत्वमा हुनुपर्ने न्यूनतम व्यक्तिगत, पेशागत तथा गुणको सुनिश्चितता

गर्नसके विद्यालयले असल नेतृत्वको अभ्यासमार्फत् विद्यालयलाई थप उचाइ कायम गर्न मद्दत पुग्दछ । यसर्थ प्रशासनिक नेतृत्वको निर्णय क्षमता, दूरदर्शितामा नेतृत्व शैलीले प्रभाव पारिरहेको हुन्छ । जब सक्षम नेतृत्वले संस्थाको अगुवाइ गर्ने वातावरण सृजना गर्न सकिन्छ तब संस्थाको उद्देश्यप्रतिको मार्ग सहज हुन जान्छ, शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ ।

५. अभिभावक

विद्यार्थीलाई केही सिक्ने मनस्थितिसहित विद्यालय प्रवेश गराउने वातावरण निर्माणमा अभिभावकको प्रमुख भूमिका रहेको हुन्छ । आफ्ना बाबुनानीको नैतिक आचारण निर्माण, व्यक्तिगत अनुशासन, लगनशीलता आदिका लागि उत्प्रेरित गर्ने, विद्यालयको नियमित भ्रमण गर्ने, बाबुनानीको नियमित जानकारी संकलन गरी प्रशासनलाई सही तरिकाले सुझाउने, विद्यालयले आवश्यक ठानेका विषयमा सल्लाह, सुझाव दिने कर्तव्य अभिभावकको हो । अभिभावक यस जिम्मेवारीबाट चुकेमा यसको नकारात्मक प्रभाव बाबुनानीको सिकाइमा देखिन सक्दछ । तसर्थ जिम्मेवार, सचेत र सकारात्मक सोचसहितको अभिभावकको उपस्थितिले विद्यालय शिक्षामा गुणस्तरीयता कायम गर्नका लागि इँटा थप्ने कार्य गर्दछ ।

६. शिक्षक तथा कर्मचारीहरू

विद्यालय प्रशासनले निर्माण गरेका योजनाहरू कार्यान्वयनको प्रमुख साधन भनेकै शिक्षक तथा कर्मचारी हुन् । शिक्षकमा शिक्षण सिकाइ सिपको पर्याप्त विकास, उत्प्रेरणा, पेशागत विकास, वृत्ति विकास आदि सुनिश्चितता गर्न सकेमा शिक्षकहरू उत्प्रेरित भई सिकाइमा नवीन प्रविधिको प्रयोग, बालमैत्री वातावरणमा सिकाइ प्रक्रियाको सुनिश्चिता जस्ता सबल पक्षहरूको प्रयोगको आधार निर्माण गर्न सकिन्छ । तर शिक्षक प्रेरित नहुँदा अथवा समग्र पेशालाई हेयभावको दृष्टिले हेर्दिँदा शिक्षकमा उत्प्रेरणाको कमि देखिन्छ, फलस्वरूप प्रतिफल अपेक्षित रूपमा हासिल हुन सकेको देखिँदैन । यसमा शिक्षकको तर्फबाट पनि कमिकमजोरीहरू भेटिएका हुनसक्छन् । जसको दीर्घकालीन समाधान खोजिनु जरूरी छ । अन्य सरोकारवाला पक्षहरू पनि यसप्रति जिम्मेवार हुनु जरूरी देखिन्छ । यसले शिक्षकलाई बढी सक्रिय भूमिका निर्वाह गर्न उत्प्रेरित गर्नेछ र पेशाप्रति थप जिम्मेवार बनाउन सघाउ पुऱ्याउनेछ ।

७. विद्यार्थी

शिक्षा र सिप आर्जन हेतु विद्यालयमा नियमित उपस्थित भई शिक्षण सिकाइ प्रक्रियामा सक्रिय सहभागी हुने अर्को पक्ष विद्यार्थी हो । विद्यार्थीको मनोविज्ञानअनुसार शिक्षण कार्य निकै जटिल छ । बालमैत्री वातावरणको नाममा विद्यार्थीद्वारा सिर्जित अराजकताले कक्षाकोठाको व्यवस्थापनमा ल्याएका चुनौती, उदार कक्षोन्नतिले विद्यार्थीमा आएको गैरजिम्मेवारीपना अहिले पनि शिक्षण निक्कै चुनौतीपूर्ण बनिरहेको छ । समयमै यस्ता पक्षहरूको सही व्यवस्थापन र विद्यार्थीलाई लक्ष्योन्मुख गर्ने वातावरण विशेषतः शिक्षक, अभिभावक र प्रशासन सबैले पहलकदमी लिएर सिर्जना गर्न सकेमा सिकाइप्रति आकर्षित गराउन सकिन्छ ।

यसरी समग्रतामा हेर्ने हो भने कुनै एक पक्षको प्रयास र लगानीले मात्र शिक्षामा गुणस्तरीयता कायम गर्ने कुरा प्रायः असम्भव देखिन्छ । विद्यालय शिक्षासँग जोडिएका विभिन्न प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पार्नसक्ने विभिन्न सरोकारवाला पक्षहरूले आ-आफ्नो काम, जिम्मेवारी र दायित्वबाट विमुख नभई इमान्दारिताका साथ जिम्मेवारी पूरा गर्ने परिपाटी र संयन्त्रको विकास हुनु जरूरी छ । जसले गर्दा सबैले आ-आफ्नो भूमिका निर्वाह गर्दा अन्ततः उद्देश्य हासिल सहज हुन सक्दछ । यस्ता वहुआयामिक पक्षहरूको अलग-अलग भूमिका हुने र एक अर्कासँग प्रत्यक्ष-परोक्ष रूपमा सम्बन्ध पनि कायम रहने हुँदा यी पक्षहरूबीच उचित समन्वय वा तालमेलको खाँचो देखिन्छ । अब राज्य संयन्त्रले समन्वय र सहकारीता कायम गर्ने वातावरण सिर्जना गर्नमा ध्यान दिनु जरूरी देखिन्छ जसले गर्दा शिक्षाका राष्ट्रिय उद्देश्य हासिल हुनसकोस् । अर्कोतिर उचित समन्वय कायम हुन सकेमा लक्ष्य प्राप्ति निश्चित हुन जान्छ भने कुनै एक पक्षलाई मात्र दोष देखाएर आफू उम्कने अवस्था पनि रहँदैन र शिक्षकले पढाउँदैनन्, पढाएन भन्ने गुनासा पनि क्रमशः कम हुँदै जान्छन् । शिक्षण पेशा पुनः गर्विलो पेशाको रूपमा स्थापना हुने वातावरणको कल्पना गर्न सकिन्छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिन्छ ।■

नेपालभाषाको उच्चारण विशेषता

राकेश महर्जन
नेपालभाषा प्रशिक्षण सहायक



काठमाडौं महानगरपालिकाले आफ्नो मातहतका सम्पूर्ण सामुदायिका विद्यालयका स्थानीय पाठ्यक्रमअन्तर्गत नेपालभाषा विषय अनिवार्य रूपमा पठनपाठन गराइरहेको छ । काठमाडौंभित्रका विद्यालयमा पढ्ने विद्यार्थीहरूले स्थानीय विषयअन्तर्गत काठमाडौंको भाषा, संस्कृति, संस्कार, व्यवसाय, सम्पदा, भूगोल, व्यक्तित्व तथा लिपि विषय जान्न र सिक्नको लागि यो विषय राखिएको हो । यसको लागि 'यैं देय् म्हसीके' (काठमाडौंलाई चिनौं) पुस्तक कक्षा १ देखि ८ सम्मको लागि तयार पारिएको छ । नेपालभाषामा रहेको यी पुस्तकमा लेखिएका शब्दहरूको सही उच्चारण गैरनेपालभाषी विद्यार्थीहरूले पनि गर्न सकोस् भन्ने उद्देश्यले यो लेख लेखिएको हो ।

भोटवर्मेली भाषा परिवारभित्रको एक भाषा नेपालभाषा हो । काठमाडौं उपत्यकालगायत नेपालमण्डलका नेवार बासिन्दाको मातृभाषा रहेकोले यसलाई नेवार भाषा पनि भनिन्छ । यसको नाम 'नेपालभाषा' नै रहेको र 'नेपालभाषा' किटानीका साथ उल्लेख भएका अभिलेखहरू पाइन्छ । नेपाल संवत् ५०० (ईसं. १३८०) को *नारद संहिता,* ने.सं. ५०९ (ई.सं. १३८९) को *अमरकोष*को टीकाग्रन्थमा यस भाषाको नाम 'नेपालभाषा' उल्लेख छ । काठमाडौं उपत्यकामा पाइएका २०० वटा लिच्छविकालीन अभिलेखमा तत्कालीन खोला र ठाउँका नामहरू गैरसंस्कृत भाषाका छन् । *ख्वप्रिङ, म्हसप्रिङ, तेंखू* जस्ता गैरसंस्कृत शब्दहरू वर्तमानका ठाउँ जनाउने नेपालभाषाका शब्द ख्वप (भक्तपुर), म्हय्पि, टेकू हुनगएका कारण ती शब्दहरू नेपालभाषाको नै भएको किटानी विद्वान् डा. कमलप्रकाश मल्ल गर्नुहुन्छ । लामो इतिहास रहेको नेपालभाषा मल्लकालमा आएर 'देशभाषा', 'स्वदेश भाषा'को रूपमा स्थापित भयो । त्यतिबेला यहाँका राजा र प्रजा दुवैको भाषा नेपालभाषा नै भएको मल्लकालमा लेखिएका अनगिन्ती शिलालेख, अभिलेख तथा ग्रन्थहरूबाट प्रष्ट हुन्छ ।

नेपालभाषा 'स्वर' ध्वनिमा अन्त हुने 'स्वरान्त' भाषा हो । 'दाल' लेखिएको छ भने नेपाली भाषामा यसको उच्चारण 'द्+आ+ल्' हुन्छ । अर्थात् अन्तमा 'ल्' (व्यञ्जन) आउँछ । यसले भातसँग खाने 'दाल' विशेष रहरको दाल, मुसुरोको दाल, मासको दाल आदि जनाउँछ । तर नेपालभाषामा यसको उच्चारण - 'द्+आ+ल्+अ' हुन्छ । अन्तमा 'अ' - स्वर ध्वनिमा समाप्त हुन्छ । यसको नेपालभाषामा अर्थ हुन्छ - पिट्यो - 'रामं श्यामयात दाल । (रामले श्यामलाई पिट्यो ।) यस उदाहरणमा आएको 'यात'को उच्चारण पनि 'यात्(अ)' हुन्छ । नेपालभाषाका मौलिक शब्द तथा क्रियाहरूको उच्चारण यही आधारमा हुन्छ । जस्तो- रामं जा नल (नल्+अ) - (रामले भात खायो) । श्याम वन । (वन्+अ) - श्याम गयो ।

नेपालभाषामा लेखिएका लेख/रचनाहरूमा 'य्' र 'ये' देखिनु यसको अर्को विशेषता हो । विशेषतः क्रिया र नाममा 'य्' र 'ये' प्रयोग भएको पाइन्छ । जस्तो : नयेगु (खानु), तयेगु (राख्नु), कायेगु (लिनु), स्वयेगु (हेर्नु), काय् (छोरा), फय् (हावा), भ्वय् (भोज) । 'य्' र 'ये' को उच्चारण यहाँ 'ए' हुन्छ । क्रिया र नाम छुट्याउन 'ये' र 'य्' को प्रयोग गरिए पनि यी दुवैको समान उच्चारण 'ए' नै हुन्छ । तयेगु - तएगु, फयेगु - फएगु, काय् - काए, भ्वय् - भोए ।

नेपालभाषाको लेखाइका देखिने अर्को विशेषता यसमा संयुक्त अक्षरहरू हुनु हो । 'व' र 'य' वर्णसँग जोडिएर आउने संयुक्त अक्षरहरू बढी देखिन्छन् । 'व'सँग जोडिएका संयुक्त अक्षर : भ्वय्, स्वयेगु, क्वय्, च्वन, च्वयादिसँ, ज्वःलाकेगु, ख्वल, ग्वल आदि । 'य'सँग जोडिएका संयुक्त अक्षर - क्यन, फ्यल, स्यन आदि । 'व'सँग जोडिएका संयुक्त अक्षरहरूको उच्चारण 'अ' हुन्छ र गैरभाषीले 'ओ'सँगको उच्चारणबाट यसलाई नजिक ल्याउन सकिन्छ । 'ग्व' - ग्+व्+अ - ग्+ओ (गो), ख्वल - ख्+व्+अ+ल्+अ (ख्वल) - ख्+ओ+ल्+अ (खोल) ।

च्वन - च्+व्+अ+न्+अ (च्वन) वा च्+ओ+न्+अ (चोन) ।

'य'सँग जोडिएका संयुक्त अक्षरको उच्चारण 'ए'सँग नजिक ल्याउन सकिन्छ । क्यन - क्+य्+अ+न्+अ, क्+ए+न्+अ (केन) । फ्यल - उच्चारण : फेल, स्यन - उच्चारण : सेन आदि ।

मायाको कुरा सुनी माया जालमा पार्ने कुरा गर्छौ आजकल ॥



माझी समुदायको सांस्कृतिक पहिचान

सावित्री यस्माली मगर
कक्षा : १२ बी
व्यवस्थापन समूह

नेपाल हिमाल, पहाड र तराईको विविधताले भरिएको एउटा सुन्दर राष्ट्र हो । नेपाल , बहु जातीय भाषिक, बहु सांस्कृतिक, बहु धार्मिक र भौगोलिक विविधतायुक्त विशेषता भएको मुलुक हो । विविधतामा एकता नेपाली संस्कृतिको मूल विशेषता हो । हरेक मानिसको आफ्नो छुट्टै सांस्कृतिक पहिचान हुन्छ । नेपालमा अनेक जात, जातिका अनेकौं भाषा, संस्कृति छन् । तिनका आ-आफ्नै परम्परा छन् । सबैमा परम्परा, एकता, सहिष्णुता, परोपकारको भावना, सभ्यता, शिष्टता सम्मान छ ।

नेपालमा फरक फरक जातिको फरक फरक किसिमका छुट्टै सांस्कृतिक पहिचान रहेका छन् । जस्तै, ब्राम्हण, क्षेत्री, मगर, तामाङ, नेवार, लिम्बू, राई आदिका आफ्नो छुट्टै सांस्कृतिक पहिचान रहेका हुन्छन् । नेपालमा यस्ता कतिपय संस्कृति छन्, जुन अहिले लोप हुँदै गएका देखिन्छन् । ती मध्ये माझी संस्कृति पनि एक हो । हुन त लोप भएको भन्न त मिल्दैन तर माझी संस्कृति कमै ठाउँमा मनाइने भएकोले गर्दा यसको जानकारी कमै मानिसहरूलाई थाहा छ । म रौतहट जिल्लाको एउटा सानो गाउँमा बस्छु । यहाँ सबै मानिसहरू एक आपसमा मेलमिलापका साथ बस्छन् । म मगर जातको हुँ कसैले कसैलाई कुनै पनि किसिमको भेदभाव गर्नु हुँदैन भन्ने विचार राख्छ । यहाँ माझीहरूको बाक्लो बसोबास रहेको छ । त्यसैले यस गाउँलाई माझी गाउँ पनि भनिन्छ । उनीहरू संस्कार अरूको भन्दा भिन्नै छ । माझी जाति भनेको नेपालमा बसोबास गर्ने जातिहरूमध्येको एक जाति हो । यो जातिको मुख्य पेसा माछा मार्ने हो । माझी नेपाल, भारत तथा अन्य स्थानहरूमा बसोबास गर्ने हिन्दू धर्मावलम्वीहरू हुन् । माझी समुदायमा दशैं, तिहार, तीज, फागुपूर्णीमा, माघे सङ्क्रान्ति, शिवरात्री लगायतका चाडपर्वहरू पनि मनाउने गर्दछन् तर उनीहरूको महान् पर्व लदी पूजा (कोशी पूजा) हो । लदी पूजा नेपालमा बस्ने समस्त माझी जातिको प्रमुख चाड हो । लदी पूजा भन्नाले खोला, नदी अथवा पानीलाई गरिने पुजालाई जनाउँछ । यो पर्व प्रत्येक वर्ष फागुन महिनाको तेस्रो मङ्गलबार मनाउने गरिन्छ । यो पर्वको दिन सबै मानिसहरूले नुहाउने, घर लिपपोत गरी सफा राख्ने गरिन्छ । त्यसपछि आ-आफ्नो घरबाट नजिकको खोलामा सबै मानिसहरू भेला भई समूहमा यो पर्व मनाउने गरिन्छ । यो दिनमा नदीलाई विशेष रूपले पूजा गरिन्छ । पूजामा विशेष विधिबाट तयार गरिएको स्थानमा सुँगुर, भैंसी, कुखुरा, हाँस र परेवा गरी पाँच प्रकार जीवनको बली चढाउने गरिन्छ । जसलाई पञ्चवली पनि भनिन्छ । यो पञ्चवलीको साथ धानमा फूल-अक्षता र भेटी पनि चढाउने गरिन्छ । यो दिनमा आफ्नो आफन्तहरूबीच शुभकामना आदानप्रदानपनि गर्ने गरिन्छ । साथै यो दिन नाचेर, गाएर रमाइलो गर्ने गरिन्छ ।

यसका साथै दशैंमा फुलपातिका दिनमा आफ्नो घरको कूल पूजा गरी 'घरनी' खाने चलन रहेको छ । 'घरनी' खाने भनेको फुलपातीको दिन बिहान सबैरै उठेर नुहाइ धुवाई गरी कूल पूजा गर्दछन् । त्यसपछि चोखो मिठो खाना पकाएर घरको सम्पूर्ण परिवार (आफ्नो सन्तान) सँगै बसी ढोका थुनेर खाने गर्दछन् । त्यसैले माझी संस्कृति अरू संस्कृतिभन्दा फरक हुन्छ ।

विभिन्न खोलानालाको किनारमा बसोबास गर्दै आएका माझी समुदाय आदिवासी जनजाति भित्रको अति सिमान्तकृत समुहमा पर्ने जाति हो । अहिले जतातै पहिचानको कुरा उठिरहेको बेला समुदायको पहिचान सङ्कटमा परेको छ । माझी जातिको भाषा, संस्कार, संस्कृति, परम्परा, रितिरिवाज, भेषभुषा, पेसा लगायत सबै लोप हुने स्थितिमा छ । यसै सन्दर्भमा माझी समुदायको चिनारीको रूपमा रहेको लदी पूजा समेत सङ्कटमा परेको छ । माझी समुदायको पहुँच नभएर नै होला लगभग एक लाखको हाराहारीमा रहेको माझी समुदायको महान् पर्व लदी पूजा समेत ओझेलमा परेको छ । माझी समुदायले तीन दिनसम्म मनाउने लदी

पूजालाई सरकारले समेत बेवास्ता गरेको छ । अन्य आदिवासी जनजातिको चाडहरूमा सरकारले सार्वजनिक बिदा दिने परम्परा गरेता पनि माझी समुदायको लदी पूजालाई अहिलेसम्म पनि पालो पाएको छैन । सबै जातिको चाडलाई राष्ट्रिय चाडको रूपमा सरकारले हेरे पनि माझीको चाडको सुइको समेत पाउन सकेको छैन ।

सरकारलाई म के भन्न चाहन्छु भने माझी जातिको लदी पूजालाई पनि अरू आदिवासी जनजातिको चाड झैं मानी एक दिन सार्वजनिक बिदा दिनु पर्छ । यसो गरेमा उनीहरूको, भाषा, संस्कृति, भेषभुषाको संरक्षण र अरूले पनि थाहा पाउन सक्छन् । यदि यसो गर्ने हो भने माझी जातिको लदी पुजालाई पनि महत्त्व दिन हो भने हाम्रो नेपाली संस्कृति अरू संस्कृति भन्दा फरक छ । यदि माझी जातिको लदि पुजालाई विस्तार र प्रचार प्रसार गर्ने हो भने विदेशी पर्यटक समेत तान्न सकिन्छ । त्यसैले माझी संस्कृतिलाई सम्मान पहुँच दिई यस चाडलाई सरकारले राष्ट्रिय चाडको रूपमा हेर्नुपर्छ ।

■

समाजमा महिलाको स्थिति

अनुराग कुमार साह

स्वतन्त्रता या बाधा ? हाम्रो समाजमा महिलाहरूको स्थिति दुई किसिमको रहेको छ । कतै महिलाहरू आफ्नै जीवनक्रममा उच्च स्थान र स्वतन्त्रता पाएर खुसी साथ आफ्नो जीवनको गाडी चलाइरहेका छन् । त कतै महिलाहरू दुःख कष्ट र विभिन्न हिंसाहरूको सिकार बनेका छन् ।

पहिले भन्दा अहिलेको समयको कुरा गरौं भने अहिले महिलाहरूले हरेक क्षेत्रमा प्रगतिबारे चेतना बढेको छ । अहिले महिलाहरू पुरूषभन्दा कुनै पनि क्षेत्रमा कम रहेका छनन् । बरू अगाडि नै बढेका छन् । महिलाहरू अहिले स्वतन्त्रता र स्वाभिमानले आफ्नो जीवन व्यतित गरिरहेका छन् । तर अहिले पनि समाजमा नारी विरूद्ध हिंसाहरू रोकिएका छैनन् ।

भनिन्छ कि महिला सशक्तीकरण समृद्ध नेपालको निर्माण हो । तर के हाम्रो समाजमा हरेक महिलाहरूको आफ्नो सम्मान र अधिकार प्राप्त गर्न सकेका छन् ? यदि प्राप्त गरेका छन् भने अहिले पनि महिला हिंसाबारे खबर किन आइराखेको हुन्छ र अहिले पनि खबर आउँछ कि कुनै महिलाले घरेलु हिंसाबाट पिढित भएर आत्माहत्या गरे । अहिले पनि ४०-५० वर्षीय महिलाको बलात्कारको खबर आएकै छ । अहिले पनि कतिपय ठाउँमा दाइजोको चलन चल्दै छ । यदि केटाहरूले दाइजोमा पैसाको सट्टा शिक्षित केटीको नाँग गर्न थालेपछि केटीको माता पिता आफ्नो छोरीलाई पैसा गरगहनाका सट्टा ज्ञानको साथ बिदाई गर्छन् । कुनै पनि महिलाले आफ्नो घर छाडेर अरूको घर जानु नै ठूलो कुरा हो । हाम्रो समाजमा दाइजो एकदमै ठूलो समस्या हो । दाइजो लिनु त अपराध छँदै छ । दाइजो दिनु त्यो भन्दा ठूलो अपराध हो । हामी यस्तो समाजको किरोलाई समाजबाट हटाएपछि हाम्रो समाज उन्नतितर्फ बढ्नेछ ।

यस्तो छैन कि हाम्रो समाजले नारीको संरक्षण लागि अधिकार बनाइएको छैन । हाम्रो समाजले नारीको संरक्षण लागि विभिन्न अधिकार बनाइएको छ । तर पनि महिलाहरू आफ्नो परिवारको बदनामी र अपमानको डरले हिंसा विरूद्ध आवाज उठाउँदैनन् । अझ हाम्रो देशमा लैङ्गिक हिंसा कम भएको छैन । हरेक तीन महिलामा एक महिला आफ्नो जीवनकालमा लैङ्गिक हिंसाको सिकार बन्दछन् । जुन महिलाले हामीलाई नौ महिना कोखमा राखी यति दुःख सहेर हामीलाई जन्म दिन्छन् । हामीले त्यही महिलालाई उचित सम्मान दिन सक्दैनौं त ?

■

नेपालमा पर्यटन व्यवसायको सम्भावना र चुनौतीहरू

बिमल मानन्धर
कक्षा : १२ 'बी'
संकाय : व्यवस्थापन

पर्यटन शब्द (परि+अटन) उपसर्ग प्रक्रियाबाट व्युत्पन्न भएको शब्द हो । यसको अर्थ भने यात्रा वा भ्रमण भन्ने हुन्छ । अनेकौं धार्मिक, सांस्कृतिक, ऐतिहासिक र महत्त्वपूर्ण स्थानहरू हेर्न वा मनलाई बहलाउनका निम्ति देश-विदेशमा भ्रमण गर्नु नै पर्यटन हो । प्रकृतिका रमणीय स्थलको भ्रमणबाट मानसिक शान्ति प्राप्त हुन्छ । तसर्थ नेपालजस्तो भौगोलिक, साँस्कृतिक, प्राकृतिक एवं जातीय विविधता भएको सुन्दर राष्ट्रमा पर्यटन व्यवसायको भने प्रचुर सम्भावना रहेको छ । नेपाल एउटा सानो मुलुक भएता पनि यहाँको भौगोलिक बनावट, हावापानी तथा प्राकृतिक सौन्दर्य विश्वमा कतै पनि पाइदैन । त्यसकारण यस सुन्दर भूमिमा पर्यटन उद्योगको उर्वरता रहेको छ ।

प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् भौगोलिक महत्त्वका स्थानको रहस्यमय स्वरूपका बारेमा ज्ञान प्राप्त गर्ने उद्देश्यले नै पर्यटन गर्ने गरिन्छ । आय आर्जनका दृष्टिले पर्यटन एकदमै महत्त्वपूर्ण हुने भएकोले यसलाई व्यवसायको रूपमा पनि लिने गरिन्छ । नेपाल जस्तो सुन्दर मुलुकमा यसको सम्भावना पनि प्रचुर मात्रामा रहेको छ । नेपालमा विश्वको सबैभन्दा अग्लो शिखर सगरमाथा (८,८४८.८६ फिट) लगायत अन्य (हजारभन्दा अग्ला हिमाल, अनेक हिमशृङ्खलाहरू, गुफा, निकुञ्ज ताल तलैया, छाँगा, छहरा, निकुञ्ज धार्मिक स्थल, विविध सांस्कृतिक, जातिगत अनेकता, विभिन्न कलाकृति, सङ्ग्रालय प्यागोडा शैलीका मन्दिरहरू रहेका छन् । जसले पर्यटकलाई आकर्षित गरिरहेको छ । नेपालमा पर्यटकहरूको सङ्ख्या बढिरहेको समयमा पर्यटकका निम्ति उचित खानपान, बस्ने ठाउँ, होटल, रिसोर्ट, ट्राभल, एजेन्सी, पर्वतारोहण संस्था हवाईयात्रा, जलयात्रा, आदिको सुप्रबन्ध मिलाउन सके मात्र यस व्यवसायलाई प्रवर्द्धन गर्न सकिन्छ । पर्यटन व्यवसायले स्वदेशमा नै रोजगारी उपलब्ध गराउन सहयोग गर्नुका साथै विदेशी मुद्रा पनि आर्जन गर्ने मौका पाएको छ । जति पर्यटकहरू नेपालमा भित्रन्छन् त्यति नै विदेशी मुद्रा नेपालले प्राप्त गर्दछ । विश्वसम्पदा सूचीमा सूचीकृत अनेक प्राकृतिक एवम् सांस्कृतिक स्थलको पनि नेपाललाई पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गरेको छ । नेपालमा स्वच्छ पर्यावरण र विविधतामय परिवेश भएको हुनाले पर्यटकको सङ्ख्या दिन प्रतिदिन बढिरहेको छ ।

मानिस एक भ्रमण प्रिय प्राणी भएकाले उनीहरू पोखरी, र कुवाजस्तो सदैव जमेर बस्न चाहँदैनन् । उनीहरू नदी र झरनाजस्तो अविरल यात्रा गर्न चाहन्छन् । उनीहरू पढेर र सुनेर भन्दा पनि आफ्नै आँखाले देखेर त्यसको अनुभव गर्न चाहन्छन् । नेपाल पनि त्यस्तै प्राकृतिक एवम् अनेकन विविधताले भरिपूर्ण मुलुक भएकाले त्यहाँको संस्कृति, भूगोल, पर्यावरणमा पर्यटकहरू जति रमे पनि उनीहरूको रहर कहिल्यै सकिंदैन । नेपालको सौन्दर्य पर्यटकको आगमनले कहिल्यै पनि रित्तिदैन अझै सुनमा सुगन्ध झैं अझ मौलाउँछ । पर्यटकको कारणले नै समस्त नेपालीहरूका निम्ति रोजगारीको बाटो खुलेको छ । नेपाललाई एक समृद्ध मुलुकको रूपमा परिणत गर्न पर्यटन व्यवसायले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । पर्यटकको मन लोभ्याएर उनीहरूका बसाईं लम्ब्याउन सकेमा पनि आय आर्जन गर्न सकिन्छ र उनीहरूले आफ्नो देशमा गएर नेपालका बारेमा राम्रा सूचना प्रवाह पनि गर्दछन् ।

नेपालमा रहेको धार्मिक स्थलहरूको कारणले पनि पर्यटन सम्भावनाको मात्र प्रचुर रहेको छ । नेपालमा रहेको पशुपतिनाथ मन्दिर, लुम्बिनी जस्ता मन्दिरहरूको भ्रमण गर्न पनि लाखौं पर्यटकहरू आउने गर्दछन् । हिन्दू धर्मावलम्बीहरूको धार्मिक स्थलको रूपमा रहेको पशुपतिनाथ मन्दिरको दर्शन गर्न भारत लगायत अन्य देशबाट लाखौं पर्यटकहरू नेपालमा आउने गर्दछन् भने लुम्बिनीको भ्रमण गर्न बौद्ध धर्मावलम्बीहरू पनि लाखौंको संख्यामा नेपाल भित्रने गरेका छन् । त्यसैगरी अहिलेको समयमा नेपाली संस्कार, चाडपर्व मेलामा पनि पर्यटकहरू

रमाउन थालका छन् जसले गर्दा पर्यटन व्यवसाय अझ फष्टाउन सक्ने सम्भावना रहेको देखिन्छ । 'अतिथि देवो भवः' भन्ने हाम्रो परमपरागत संस्कारका कारणले पनि हाम्रो देशमा पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ । नेपालीहरूले आफ्नो देशमा घुम्न आएका पर्यटकहरूलाई भगवान् मान्ने गर्दछन् । उनीहरूलाई सम्मान गर्ने तथा उनीहरूप्रति असल भाव राख्ने काम गर्दछन् । जसको कारणले पर्यटक नेपाल आउन रूचाउँछन् । फलस्वरूप पर्यटन व्यवसाय फस्टाउँछ ।

पर्यटनका निमित्त नेपालमा प्रचुर सम्भावना हुँदहुँदै पनि हालको समयमा यो व्यवसाय चुनौतीपूर्ण हुन पुगेको छ । हाम्रो देश नेपालमा घुम्न आएका पर्यटकहरूले धेरै कुराको आशा राखेका हुन्छन् तर घुम्न हिँडेको बेला सडक बालकले मागेर दिक्क लगाउनु, ठाउँठाउँमा अत्याचारपूर्वक लुटिनु, यातायात, सञ्चार र बासस्थानको राम्रो सुविधा नहुनु, र सुरक्षाको कमी जस्ता कुराहरूको सामना गर्नुपर्ने अवस्था रहेको छ । जसतर्फ सरकारले ध्यानाकर्षण गर्नुपर्ने अवस्था रहेको छ । त्यसैगरी पर्यटकको सुविधाको लागि भनेर वन फँडानी गरी रेष्टुरेन्ट होटलसम्म निर्माण गर्नाले वन फँडानी बढ्ने तथा पर्यायवरणमा नकारात्मक असर पनि परिरहेको छ । त्यसै गरी पर्वतारोहणका लागि गएका पर्यटकहरूले प्रयोग गरेका सामानहरूले पनि वातावरणीय प्रदुषण बढिरहेको छ । देशमा खुला सिमाका कारण तस्करी बढीरहेको छ । लोपोन्मुख जीवजन्तु, वनस्पतिको संरक्षणमा पनि लापरवाही भइरहेको छ । त्यसैगरी धार्मिक क्षेत्र होस् वा अन्य क्षेत्रमा प्रदुर्षण बढेको हुनाले पर्यटकहरू नेपालमा आउन पनि कम हुने सम्भावना देखिएको छ । तसर्थ यस्ता विकृतिमुलक चुनौतीको अन्त्य नगरे पर्यटन व्यवसायबाट फाइदा भन्दा बेफाइदा बढी प्राप्त हुने सम्भावना देखिन्छ । तसर्थ यस विषयमा सरकारले पनि पहल गरी पर्यटन व्यवसायलाई कसरी व्यवस्थित गराउने तथा पर्यटकहरूको आगमन कसरी अझ बृद्धि गर्ने भन्ने कुरामा जोड दिनुपर्दछ । विदेशी पर्यटकसँग हुने अमानवीय व्यवहार, लुटपाट तथा उनीहरूमा परेको नकारात्मक असरलाई कम गर्न पनि प्रयास गर्नुपर्दछ यस्तै हामीले पर्यटकहरूको सुरक्षाको कुरालाई पनि बढी ध्यान दिनु पर्दछ तब मात्र नेपालमा पर्यटन व्यवसाय फस्टाउन सक्दछ । तसर्थ हामीले पर्यटन व्यवसायलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउनु छ भने पर्यटकहरूलाई असल व्यवहार र शिष्ट बोली बचनको प्रयोग गर्नुपर्दछ । "दूध दिने गाईको लात पनि सहनुपर्छ" भने झै पर्यटन व्यवसायमा भएका नकारात्मक पक्षलाई हटाइ सकारात्मक पक्षमा बृद्धि गरी पर्यटन व्यवसायलाई अगाडि बढाउनु पर्दछ ।

■



आमा

कविता श्रेष्ठ
कक्षा : ११ 'बी'

गाउँ छाडी सहरमा त आएँ आमा
तिमी जस्ती कोही भेटिन मैले आमा !
नयाँ संसारसँग रुझ्दै छु आज
जीवन के हो बुझ्दै छु आज !
डर लाग्छ मलाई गलत बाटो हिड्दै पो छु कि
यो समाजले तिम्री छोरी बिग्रिछे भन्ने पो हो कि !
हार र जित त जीवनका साथी हुन्
मेरो लागि तिमी हौसलाको खानी हौ !
तिमीले गरेको त्यागलाई माटोमा मिल्न दिने छैन आमा
तिमीले दिएको यो संस्कार भुल्ने छैन आमा !
कैयौं सपना र रहर आँखामा सजाएकी छु
अरूको लागि हैन तिम्री असल छोरी बन्ने छु !

■

गर्भपतन

शंखलाल स्याङ्तान
कक्षा : १२




करोडौँ शुक्राणुलाई जितेर गर्भमा मेरो बास भयोत
नौ महिनापछि संसार हेर्ने मेरो सपना सर्वनाश भयो ।
अरूको दबाबमा आएर मलाई तुहाएरै छोड्नुभयो है आमा
गर्भभित्र मलाई तड्पाइ-तड्पाइ कुहाएरै छोड्नुभयो है आमा ।
आसा थियो आमा तिमीले गर्भभित्र मेरो जतन गर्नेछ्यौ ।
सोचेकै थिएन आमा कि तिम्ले गर्भपतन गर्नेछ्यौ ।
म त केबल हजुरकै एक अंश, एक खण्ड थिएँ
अपराध मेरो के नै थियो आमा मलाई गर्भपतन गर्नेछ्यौ ।
म त केबल हजुरकै एक अंश, एक खण्ड थिएँ
अपराध मेरो के नै थियो आमा मलाई मृत्युदण्ड दियौ ।
इच्छा थियो बाबा तातेताते गर्दै हिड्ने हजुरको हात समाएर
तर हजुरले त मलाई गर्भमै मार्नुभयो आफ्नो अधिकार जमाएर ।
म त केबल हजुरको रगतको एक पोको थिएँ आमा
धर्तीमा पाइला टेकी हजुरकै सेवा गर्ने ठूलो धोको थियो आमा ।
कसैले छोरी भनेर गर्भपतन गरियो त कसैले सन्तान पुग्यो भनेर
कसैले इज्जत जान्छ भनेर त कसैले अरूको दबाबले ठुग्यो भनेर ।
आज मेरो प्राण गए पनि हजुरको मान सम्मान नजाओस्
सारा दुनियाँले हजुरको सम्मान गर्दै ताली बजाओस् ।
एकचोटी मलाई जन्म दिएको भए म नि केही गर्थे देशका लागि
गर्भपतन पनि एक हत्या हो सरकार खोई त कानुन यसका लागि ।
गणतन्त्रको रमझममा पनि न्याय किन बिलायो
अरू कसैको गल्तीमा निर्दोष शिशुलाई मृत्यदण्ड किन दिलायो ।
न्यायको तराजुमा म जस्तो निर्दोष शिशु अटाउने कहिले
मेरो एउटै मात्र प्रश्न गर्भपतन जस्ता पाप कार्य हटाउने कहिले ।
म त बोल्न सक्दिनँ मनको कुरा खोल्न सक्दिनँ
विरोध गरी बिच बाटो मै टायर पोल्न सक्दिनँ ।
खै के बुझाउन सकिन्थ्यो र आँखाबाट बगेको आँसु नामक रसले
चाहेर पनि बोल्न सक्दिनँ म मेरो निम्ति आवाज उठाइदिने कसले ?

■

तिमी आइदेउ न है

विशाल गौतम
कक्षा : १२ (व्यवस्थापन)



आफैंलाई बाटोमा देख्दा पनि परिचय माग्नु पर्ला
ठूलो अन्तरालमा,
म अनजान छु,
म बेखबर छु को बुजो लगाएर
आफू हिडेका पाइला पनि मेट्दै
तिमी गयौ
म कहाँ खोजूँ तिमीलाई ?
छोडेर जानेहरूले भन्दा
हराएर जानेको स्पर्श कहिल्यै नमेटिने रैछ
म कहाँ खोजूँ तिमीलाई ?
त्यहाँ भेटिएनौ तिमी
जहाँ,
तिमी र मैले खाएको कसमको प्रतीक
त्यो बुढो रूख एक्लै उभिरहेछ
त्यहाँ ?
तिमी देख्दा खुसी हुने त्यो
अँध्यारो कोठाको प्रकाश नदेखेको पनि वर्ष भैसकेछ
आज भोलि त
धुवाका सर्का अँगालेर
समयलाई दोषको भारी बोकाई
आशाको निद्रामा विदाइ रहेछु ।
प्रेमको अन्तिम चिनो साँचेर
घृणाको बोझ बिसाइ
सङ्गाले सारा यादहरू
तिमी आइदेऊन है । ■

देशको वर्तमान अवस्था

दिपकराज जैसी
कक्षा : १२ 'बी'

नेपाल भौगोलिक विविधता, हिमालयन पर्वत, हिम श्रृङ्खला, नदीनाला र सामाजिक एवं साँस्कृतिक विविधताले भरिएको देश हो । हिमाल हाँसेको, मुनाल नाँचेको अनि कोइलीले गीत गाएको सुन्दर क्षेत्र विश्वमा यही देश नेपाल हो । तर यहाँको राजनीतिक अवस्थाले यति सुन्दर देशलाई छियाछिया पारेको कुरा वर्तमान अवस्थाबाट प्रष्ट देख्न सकिन्छ ।



वर्तमान समयमा धार्मिक सहिष्णुता, धार्मिक एकता, सामाजिक र सदाचार केवल बोलाइ र लेखाइमा मात्र सीमित रहन गयो । वीर गोर्खालीका सन्तान केवल नारा, जुलुसको रूपमा सीमित हुन गयो । नकि जनताको व्यवहार अनि विश्वको पहिचानमा ठूला दलहरूको दाहोरी अनि सत्ताको निम्ति लडाईं र लोभमै व्यस्त छन् । राज्यशक्तिको बाँडफाँड र सत्ताको मोहले गर्दा न देशमा परिवर्तन भयो न कुनै असल राजनेता आयो केवल जनताको दुःख परिवर्तन भनेको ठूला ठूला भवन बन्नु, बाटो विस्तार हुनु मात्र नभई जनताले सरकारबाट राखेको चाहना र आधारभूत आवश्यकता पूरा नहुनु हो । उच्च आयातले गर्दा उच्च मूल्यवृद्धि, बेरोजगारीका कारण देशमा आर्थिक कारोवार न्यून छ । देशमा मुद्राको अभाव छ । जनतामा सास्ती बढिरहेको छ । मुद्रा आयातले गर्दा विदेशिदै छ भने विदेशी मुद्राको सञ्चिति न्यून छ तर सरकार भने सत्ता समीकरणमै व्यस्त छ । देशमा केही गर्न बाध्य छन् भने कोही त अनागरिकसम्म हुन पुगेका छन् । सायद नेपाल आमाकै कोखमा खोट पो छ कि न? भ्रष्टाचार उच्च दरमा बढिरहेको छ । देशको स्वाधीनता नष्ट हुँदै गएको छ । देश आर्थिक सङ्कटमा डुबिरहेको छ । बजार व्यवस्थापनको अभावले नेपाली उत्पादनले बजार पाउन सकको छैन । मूल्य निर्धारणको अभावले जनता सधैं मारमा परेका छन् । वि.सं. २०७२ को संविधानमा नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक सार्वभौम सत्ता सम्पन्न मुलुक त भनेर घोषणा भयो तर जनताले यसको अनुभव कहिल्यै गरेनन् । जन्मेको गाउँ, पाखा, पखेरामा हरियाली छाएको कारण बाढी पहिरोले गर्दा मरूभूमिकरणमा परिणत हुन थालेछ । ठूलाठूला भवन निर्माण भए, बाटाघाटाहरू सञ्चालित भए । स्वास्थ्य चौकी, विद्यालयहरू स्थापना त भए तर यसको व्यवस्थापन गर्न नसक्दा जनताले कहिल्यै सुखभोग गर्न पाएनन् । यो देश कहिल्यै बन्दैन किनकि यो सतिले सरापेको देश हो भन्ने भनाइ समाजमा प्रचलित छ तर यो घटना करिब पाँच शताब्दी अघिको हो । वि.सं. २०७० साल अघिसम्म देश विकासशील थियो । संसारमा वीर गोर्खालीको सम्मान विश्वमा उच्च थियो भन्ने कुरा राजा त्रिभुवन, महेन्द्र, दिपेन्द्र, ज्ञानेन्द्र वीर विक्रम शाहको वैदेशिक भ्रमण, छलफल अनि नीतिबाट प्रष्ट हुन्छ । देशमा जनताले एकताको भावना, सामाजिक सहिष्णुता, सदाचारको सुखभोग गर्न पाएका थिए । समाजमा शान्ति, सुरक्षाको प्रत्याभूति गर्न पाएका थिए तर गणतन्त्रको आगमनले ठूला दलहरूको फाइदाले बोझ बोक्यो न कि दलहरूको जनताको त्यसैले यो देशलाई सतिले सरापेको देश नभनेर वि.सं. २०६२/६३ को आन्दोलनमा परी मृत्यु भएका सहिदले सरापेको देश भन्नु उपयुक्त होला कि ?

देशमा भएको वर्तमान अवस्थालाई जनताले सकारात्मक क्रान्तिको सुरूवात गरी देशमा राष्ट्रिय एकता, धार्मिक सहिष्णुता र जनताको बारेमा चिन्ता व्यक्त गर्ने राजनेताको आगमन गराउनु आवश्यक छ ।

■

छाउपडी प्रथा, अन्धविश्वास र सामाजिक समस्या

दिपना शाही

प्राचीनकालदेखि सूदुरपश्चिमका केही पहाडी भेगमा अझै पनि छाउपडी प्रथा ज्वलन्त रूपमा रहेको पाइन्छ । रजस्वला तथा सुत्केरी भएका अवस्थामा छाइछुई गर्न नहुने यदी यस्तो गरेमा देवता रिसाउने र पाप लाग्ने भन्ने अन्धविश्वास रहँदै आएको छ।

छाउपडी प्रथा प्रमुख गरेर सूदूरपश्चिमका अछाम, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुरा लगायत मध्यपश्चिमका केही क्षेत्रमा यो प्रथा कायमै छ । छाउपडी बार्न त्यस क्षेत्रको धर्म र संस्कृति मानिन्छ । महिलाहरूले रजस्वला र सुत्केरी भएका बेला घरका कुनै पनि सामान छुन हुँदैन भन्ने अन्धविश्वास छ । त्यसैले त्यस्तो अवस्थामा सुत्केरी वा रजस्वला भएकी नारीलाई घरभन्दा टाढा झुपडीमा बस्न लगाइन्छ ।

त्यस्तो झुपडीलाई 'छाउपडी गोठ' भन्ने गरिन्छ । छुई अथवा सुत्केरी भएको अथवा महिनावारीमा उनीहरूलाई कसै छुन नहुने र घर परिवारदेखि टाढा बस्नुपर्ने परमपरा छ । सुत्केरी भएको २२ दिनसम्म र महिनावारी भएको नौ दिनसम्म घरदेखि टाढाको छाउपडी गोठमा बस्नुपर्ने बाध्यता हुन्छ । यस अवस्थामा महिलाले दुध, दही खाएमा र घर तथा घरका भाँडाकुँडा छोएमा देवता रिसाउँछन् भन्ने अन्धविश्वास रहेको पाइन्छ । महिनावारी र सुत्केरी भएको अवस्थामा गाईं भैंसीको दुध खाए तिनले दुध दिन छोड्छ भन्ने अन्धविश्वास छ । परमपरागत जनविश्वासका कारण यस्ता महिलाले छोएको खण्डमा अशुभ हुने भएकोले छोए पनि सुनपानीको छिटो हाल्ने, गहुँत खुवाउने र घर चोखो पार्ने चलन छ ।

प्राचीनकालदेखि चलिआएको परमपरा लत्याएर महिलाहरू महिनावारी तथा सुत्केरी भएको अवस्थामा छुइछाई गरेमा घरका कुलदेवता रिसाउने र परिवारमा हानी नोक्सानी हुनुका साथै अन्नबाली नफल्ने भन्ने अन्धविश्वास छ । छाउपडी प्रथाका कारण समाजमा नराम्रा गतिविधि बढ्दै गएका छन् जसको कारण छाउपडी गोठमा बलात्कार हुने, सर्प र बिच्छीले टोकेर महिलाहरूले अकालमै ज्यान फाल्नुपर्ने अवस्था रहेको पाइन्छ । यतिमात्र नभई जाडो समयमा न्यानो लुगाको अभावमा विभिन्न स्वास्थ्य समस्याहरू भोग्नुपरेको पाइन्छ । छाउपडी प्रथाका कारण समाजमा हने भेदभावपूर्ण व्यवहारले गर्दा उनीहरूको मस्तिष्कमा नराम्रो असर परेको छ। विद्यालय पढ्ने गरेका किशोरीहरूलाई गरिने भेदभावको व्यवहारले गर्दा विद्यालय जानबाट बञ्चित छन् । महिनावारी तथा सुत्केरी भएको अवस्थामा स्वास्थ्यप्रति अझ बढी ध्यान दिन जरूरी छ । सरसफाइमा ध्यान दिनुका साथै दैनिक आहारमा समेत पोषिलो खानेकुराको आवश्यकता हुन्छ ।

महिनावारी तथा सुत्केरी भएको अवस्थामा सरसफाइ गर्नुको साटो उनीहरूलाई धारा, खोला छुनबाट बञ्चित गराएका हुन्छन् । यतिमात्र नभई महिलाहरू महिनावारी तथा सुत्केरी हुँदा शारीरिक रूपले कमजोर भएको अवस्थामा उनीहरूले उचित हेरविचार र पोषिलो खानुको सट्टा उल्टो तिरस्कार शारीरिक पीडा र लामो समयसम्म घरबाट टाढा एक्लै बस्नुपर्दा यस क्षेत्रका महिलाहरूको बिचार, मनोबल तथा अस्तित्वमा नकारात्मक प्रभाव परेको पाइन्छ । समग्रमा भन्नुपर्दा छाउपडी प्रथाका कारण महिलाहरूमाथि ठूलो भेदभाव व्यवहार भएको पाइन्छ । छाउपडी प्रथा जस्ता कुरीतिका विरूद्ध जनचेतना फैलाउने र छाउपडी गोठ भत्काउने अभियान समेत नथालिएका होइनन् तर ती कार्यहरू प्रभावकारी हुन सकेका छैनन् ।

आजको २१ औं शताब्दीमा छाउपडी प्रथामा सुधार ल्याउन महिला सशक्तिकरणमा एकता हुनुपर्दछ । यसका साथसाथै छाउपडी प्रथाबाट पिडीत महिलाहरूको जीवनस्तर र चेतनास्तर उठाउने कामलाई प्राथमकिता दिनुपर्छ । यस्ता कुप्रथामा सुधार ल्याउन शिक्षा तथा जनचेतनाका कार्यक्रम सञ्चालनमा सबै सरोकारवाला निकाय तथा व्यक्तिहरू अग्रसर हुनुपर्ने देखिन्छ ।

नारी शिक्षा आजको आवश्यकता

जानुका थापामगर
संकाय : व्वस्थापन
कक्षा : १२ 'बी'

नारी शिक्षा भन्नाले नारी जातिलाई शिक्षा दिई सवल र सक्षम बनाउनु भन्ने बुझिन्छ । नारीहरू शिक्षित हुनु वा बनाउनु वर्तमान समुदायको कर्तव्य हो ।

हरेक शिशुको लागि शिक्षाको पहिलो पाठशालाको रूपमा रहेकी नारी शिक्षित भएमा मात्र त्यस काखमा खेल्दै, हुर्कँदै गर्ने हरेक सन्तान शिक्षित हुन सक्छन् । पारिवारिक पाठशालाका पहिलो गुरूआमा नै नारी हुन् । तसर्थ नारीमा शिक्षाको तेजस्वी ज्योति छर्न सकेमा परिवार समाज र राष्ट्र नै शिक्षाका माध्यमबाट अन्धकारमुक्त बनाउन सकिन्छ । साक्षरताको प्रतिशत कम भएका मुलुकहरूमा नारी शिक्षाको महत्त्व र आवश्यकता बढी हुन्छ । नारी मस्तिष्कमा रहेका अथाह ज्ञान, सीप, क्षमता तथा क्षमतालाई उचित रूपमा उर्वरभूमि दिन सकेमा परिवार, समाज र राष्ट्रको समुन्नत भविष्यको सुमार्ग निश्चित गर्न सकिन्छ ।

हाम्रो समाजमा अहिले पनि नारीलाई शिक्षाको अवसरबाट बञ्चित गरिएको छ । नारी भनेका अर्काको घरमा जाने जात हुनु, उनीहरूलाई शिक्षित बनाएर के फाइदा ? भनी आफूले गर्नुपर्ने कुरामा पनि फाइदा र बेफाइदाको व्यापार अवलम्वन गरिएको मात्र होइन, छोरीलाई बोझका रूपमा हेर्ने नीति आजसम्म पनि मौलाएकै छ । अन्धविश्वासको मानसिकताले गर्दा आज विश्व हाँक्ने छोरीहरू पिँजडामा थुनिएको सुँगाझैं छन् । छोरीलाई पनि छोरा सरह हक र अधिकार दिने हो भने नारीहरू देशभक्त बन्न सक्छन् । महिलाको नामबाट नागरिकता पाउन नसकिने, लोग्ने मरेपछि विधवाको भेष धारण गर्नुपर्ने सामाजिक कुरीति तथा सम्पत्तिको निम्ति पैतिस वर्ष पुग्नुपर्ने कानुनी मान्यताले नारीले प्रगतिको पइला सार्न सकेका छैनन् ।

मानव समुदायको उज्ज्वल तथा स्वर्णिम भविष्यको बाटो नारी नै भएकाले नारी शिक्षालाई आवश्यकता दिन जरूरी छ । भोक, रोज गरिबी र अशिक्षाका कारण महामारी सञ्जाल विस्तारित भएका गाउँहरूमा सर्वसुलभ नारी शिक्षा र चेतना फैलाउँदै कुरीति तथा कुसंस्करको अन्तय गर्न समेत नारी शिक्षालाई अग्र श्रेणीमा राख्नुपर्दछ । भनिन्छ कि पुरूष शिक्षित भए



व्यक्ति शिक्षित रहन्छ । तर नारी शिक्षित भएमा परिवार नै शिक्षाको ज्योतिबाट प्रकाशमय हुन्छ । फलस्वरूप एउटा समग्र समाज र राष्ट्र नै शिक्षाको ज्योतिबाट प्रकाशमय हुन्छ । अझ स्पष्ट भन्ने हो भने नारी शिक्षा त्यो बलिरहेको दीप हो । जसबाट हजारौं, लाखौं अन्य दीपहरू सल्काउन सकिन्छ ।

अन्त्यमा, नारीको सम्मानमा मनाइने वर्षको एकदिने नारी दिवसले मात्र शाब्दिक सम्मान नारीलाई अपाच्छ छ । हरेक दिन नारी तथा पुरूष दुवै बराबरी रूपमा भावनात्मक हुनुपर्दछ । मानव समाजको सर्वतोमुखी विकासका लागि उत्कर्षका लागि सम्वर्द्धनका लागि नारी शिक्षा आजको प्रमुख आबश्यकता हो ।


■

सामाजिक सञ्जालको सदुपयोग

रोशन थापा
संकाय : व्यवस्थापन
कक्षा : १२

आजको २१ औं शताब्दीमा विश्वले मारेको फड्को निकै नै आश्चर्यजनक छ । जसमा महत्त्वपूर्ण भूमिका सामाजिक सञ्जालले पनि खेलेको छ । सामाजिक सञ्जाल भनेको कम्प्युटर वा मोवाइलमा इन्टरनेट प्रविधिमार्फत् आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियोहरू आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो । सामाजिक सञ्जाल अन्तर्गत फेसबुक, टिकटक, युट्युव, इन्स्टाग्राम, ट्वीटर जस्ता लोकप्रिय एप्लिकेसनहरू पर्दछन् ।

आजको समयमा सामाजिक सञ्जाल हाम्रो जीवनको एक अभिन्न हिस्सा हुन पुगको छ । सामाजिक सञ्जालको विकाससँगै विश्व पनि एउटा सानो गाउँ जस्तै बनेको छ । यसको प्रयोगबाट हामी आफ्नो सूचना एक ठाउँबाट अर्को टाउँमा अर्को व्यक्तिलाई सजिलो, छिटो र निःशुल्क रूपमा आदानप्रदान गर्न सक्छौं । साथै एक ठाउँमा बसेर विश्वभरका घटना वा सूचनाहरू पनि सजिलै थाहा पाउन सक्छौं । सामाजिक सञ्जाल विद्यार्थीका लागि पनि निकै उपायोगी छ । यसको माध्यमबाट विद्यार्थीले आफूले नजानेको कुरा गुगल तथा युट्युवमार्फत सजिलै बुझ्न सक्छौ. । साथै विद्यालयमा पनि विभिन्न स्थानमा सामाजिक सञ्जालको प्रयोग गरी पठनपाठन सुरू गरिएको छ । जसले पढाइलाई अझ बढी प्रभावकारी बनाएको छ । कार्यालयमा पनि यसको प्रयोग बढ्दो छ । सामाजिक सञ्जाल हाम्रा लागि मनोरञ्जनको साधान पनि बन्न पुगेको छ । कतिपय मानिसले आफ्नो प्रतिभा प्रस्तुत गर्ने माध्यम सामाजिक सञ्जाललाई बनाएका छन् जसबाट उनीहरूले आफ्नो प्रतिभाको सम्मान पाउनुका साथै ख्याती पनि कमाएका छन् । बुद्धिमान मानिसले सामाजिक सञ्जालको सही रूपले सदुपायेग गरेर पैसा पनि कमाएका छन् । यसका साथै भिडियो कल गर्न, आफ्ना बिचार प्रस्तुत गर्न नयाँ मान्छेसँग सम्वन्ध विस्तार गर्न सामाजिक सञ्जालले ठूलो योगदान दिएको छ ।



कोरोना भाइरसको महामारीले विश्वका हरेक क्षेत्रलाई प्रभावित बनाएको थियो र हाम्रो देश पनि यसबाट अछुतो रहन सकेन । यस्ता समयमा सबै काम क्रियाकलाप बन्द भइ अस्थिर अवस्थामा रहँदा यिनै सामाजिक सञ्जालहरू मात्र मानिसका साथी बने । भौतिक दुरी अपनानुपर्ने कारणले सामाजिक सञ्जाल नै खबर आदानप्रदान गर्ने माध्यम बन्यो । संघ संस्थाका विभिन्न काम, विभिन्न फाइल, कागजपत्रको तयारी विद्यालयको पठनपाठन जस्ता काम सामाजिक सञ्जालबाट सजिलै हुने भयो । यसरी नै सामाजिक सञ्जालको सही सुदपयोग हुँदै गयो भने भोलिका दिनमा हामीले ८० प्रतिशत काम घर भित्रबाटै गर्न सकिने अनुमान गरिएको छ । तर आजको समयमा सामाजिक सञ्जालको सदुपयोग भन्दा पनि दुरूपयोग बढ्दो दरमा बढेको छ । त्यसैले हामीले समयमा नै सामाजिक सञ्जालको दुरूपयोग हुनबाट रोक्न प्रयत्न गर्नुपर्छ नत्र यसले नराम्रो रूप लिई सामाजिक सञ्जाल हाम्रा लागि वरदान नभइ अभिशाप प्रमाणित हुन पुग्छ ।

अन्त्यमा हामीले सामाजिक सञ्जाल प्रयोग गर्नु अघि के को लागि र किन गर्दैछु ? भन्ने सोचविचार गर्नुपर्दछ ता कि यसको दुरूपयोग नहोस् । सामाजिक सञ्जाललाई एउटा अवसरको रूपमा साथै आफ्नो उद्देश्यको आधार बनाउन सकियो भने पक्कै पनि सदुपयोग हुन जानेछ ।

■

देशविकासमा युवावर्गको भूमिका

मीनकुमारी कार्की
कक्षा : १२
शिक्षा समूह

सामान्यतया युवा अवस्था भन्नाले १८-४० वर्ष अवधिको मानिसलाई बुझिन्छ । यो समय मानिसले अधिकतम काम गर्न सक्ने समय हो । यस समूहका मानिसहरूलाई निर्माण कार्यमा प्रत्यक्ष सहभागी गराउन वा सहभागी हुने अवसर प्रदान गरे देश विकासको कार्य सुनिश्चित छ । देश मानिस परिवार र समाजलाई प्रत्यक्ष रूपमा सरोकार राखी नियन्त्रण र परिचालन गर्ने राजनैतिक अङ्ग हो । देश जस्तो रहयो, नागरिक त्यस्तै रहन्छन् । समृद्ध देशका नागरिक धनी र गरीब देशको नागरिक गरिब र लाचार हुन्छन् । त्यसो त देश आफैँ जन्मजात धनी र गरिब, सभ्य, असभ्य भएका होइनन् । देशलाई धनी वा गरिब बनाउने त्यहाँका नागरिक वा बासिन्दा नै हुन् । त्यस देशका नागरिक जति सचेत शक्ति र लगनशील रहे त्यति नै देश विकासको सम्भावना रहन्छ ।

युवा वर्ग देश विकासका मूल आधार हुन् । जुन देशका युवाहरूले स्वरोजगार र रोजगारीका क्रममा आफ्नो देशमा पसिना बगाएका छन्, तिनै देशहरूले आर्थिक क्रान्ति सफल बनाएका छन् । युवा वर्गलाई राज्य सत्ताले उचित ढङ्गले प्रयोग गर्न सक्नुपर्छ । सबै युवाहरूलाई विविध किसिमका कामहरूमा प्रयोग गर्न सकिन्छ । सबैले रोजगारी प्राप्त गरी आर्थिक उन्नतिको आधार दरिलो बनाउन सके देश निर्माणको पहिलो आधार त्यही हो । हाम्रो देशको सन्दर्भलाई हेर्ने हो भने पनि युवा वर्गलाई परिचालन गर्न सक्ने धेरै क्षेत्रहरू छन् । कृषि उद्योग, पर्यटन, व्यापार व्यवसाय आदि क्षेत्रमा युवाहरूलाई सक्रिय सहभागी गराउने वातावरण तयार पार्नुपर्छ । हरेक क्षेत्र युवाहरूलाई सम्वन्धित क्षेत्रको प्रविधिसँग परिचित गराइ प्रविधिको प्रयोगका साथ काम गर्ने वातावरण मिलाउनुपर्दछ । सिद्धान्ततः हामी युवाहरू सबै सक्रिय गराउने कुरा गर्छौं । व्यवहारतः वैदेशिक रोजगारीलाई प्राथमिकता दिन्छौं । त्यतिमात्र होइन, स्वरोजगारका अवसर सिर्जना गर्न सके देशको स्वरूपमै परिवर्तन आउन सक्छ । युवावर्गलाई स्वदेशमै काम लगाउनमा सरकार व्यस्त छ । अहिले देश निर्माणको मूल आधार वैदेशिक रोजगार मान्नेहरूले यो भुल्नु भएन किन विदेशबाट आएको पैसा कि त घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा प्रयोग भएको छ कि त लत्ताकपडा र मनोरञ्जनका सामान जस्तै : मोवाइल, टिभी, कम्प्युटर आदिको खरिदमा पुनः विदेश नै गएको छ । विदेशबाट भित्रिने रकमको सदुपयोग गर्नलाई पनि स्वदेशमा उद्योग तथा उत्पादनको क्षेत्रको विस्तार गर्नुपर्छ ।

युवा वर्गलाई वैदेशिक रोजगारीमा पठाई सधैं लुट गरिरहने राजनैतिक चिन्तन नै मूल समस्याका रूपमा रहेको छ । मन्त्रीहरू जनतालाई सक्षम बनाउनुको सट्टा विदेशका विभिन्न कम्पनीहरूमा श्रम सम्झौता गर्नमा व्यस्त छन् । श्रमिकका रूपमा युवाहरू विदेश भौंतारिइरहेका छन् भने अर्कोतर्फ शिक्षाका माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरिदिने कारखाना भएका छन् । बालक जन्मिएदेखि किशारावस्थाको उत्तरार्धसम्म राज्यले लगानी गर्ने र अन्त्यमा विदेश पठाउने प्रवृत्तिले नै देश विकास हुन नसक्ने मूल कारक हो । लगानी नगरी दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकलाई विकसित र समृद्ध राष्ट्रहरूले पाइरहँदा उनीहरू झन्झन् धनी र अल्पविकसित मुलुकहरू अझै पछाडि पर्दै गएका छन् ।

देश विकासमा युवाहरूलाई सशक्त ढङ्गले परिचालन गर्नपर्छ । युवाहरूलाई प्रशस्त अवसर र स्वरोजगारको वातावरण तयार परिनुपर्दछ । व्यक्ति एउटाको सोच र चिन्तनबाट विकास निर्माण सम्भव छैन । सरकारी तहबाट आवश्यक पहल गरी उत्पादनका क्षेत्रमा युवाहरूलाई आकर्षित गर्नु उपयुक्त देखिन्छ । युवालाई ऊर्जा दिँदै लगाइका सम्पूर्ण कार्यहरू पूर्णतया सफल रहन्छन् । देश निर्माणका सबै तह र तप्कामा उनीहरूकै सोच चिन्तन र सक्रिय सहभागिताका आवश्यकता छ र विश्वस्तरको शिक्षा प्रदान गरिनुपर्छ त्यसको अर्थ हाम्रो दक्ष जनशक्तिलाई विदेश पढाउने नभई स्वदेशकै सेवामा लगाउन सक्नुपर्छ । यसर्थ युवाहरूलाई आफ्नै देशमा

बस्ने वातावरण मिलाई रोजगारीको अवसर सिर्जना गरे देश विकास सुनिश्चित छ । समग्रमा नेपालमा जन्मिएर हुर्किएको म नेपाली नागरिकको नाताले गौरव गर्न सक्छु कि मेरो राष्ट्रसँग सम्बन्ध राख्ने संस्कृति, परम्परा, प्राकृतिक र ऐतिहासिक सरोकारका विषयहरू मेरा सम्पदा हुन् । यिनीहरूको संरक्षण, संवर्द्धन र सदुपयोग गरी अघि बढे यी हाम्रा गौरवका विषयमात्र होइन, समृद्धिका आधार समेत बन्न सक्नेछन् ।

■

नेपाल आमा

अनिलप्रसाद पौडेल
कक्षा : ८ 'डी'

नेपाल मेरी आमा छन् आमाकै माया मधुर
आमाले पालिन् बढाइन् आमा नै मेरी हजुर ।
उत्तरमा अग्लो हिमाल काखमा डाँडापाखा छन्
तराई तल समथर घुम्दछ त्यतै मेरो मन
पग्लिन्छिन् आमा नेपाल नदी र नाला बनेर
उँड्दछन् डाँफे-मुनाल घुम्दछ छाया मै नेर
चिसो छ पानी मुलको बासना मिठो फूलको
नाच्दछु यहीँ रमाइ आमाकै हात समाई ।

■

गजल : प्रेम

यमुना शाही
कक्षा : ८ 'डी'

आफ्नै आँखालाई नियालेर हेर्दैछु
मनको कुरूपतालाई फालेर हेर्दै छु
जब नजरको भरोसा नै लाग्न छोड्यो
हरेक चिजलाई सम्हालेर हेर्दै छु ।

आँखामा बसेको तस्वीर ऐनामा देख्छु
यो कस्तो पागलपन ममा देख्छु
आफ्नै हुँ भन्नेले छोडिगएपछि
म माया गर्नेलाई पनि बिरानामा देख्छु ।

ऊ छैन र त हैरानी छ
मायाको ज्वाला यादको खरानी छ
कहिलेकाहाँ यसै चित्त बुझाउनु पर्छ
बचपन छैन र त जवानी छ ।

पहिला एकदुई दिन हाईहाई हुन्छ
अनि एक अर्कामा लडाईं हुन्छ
अरे कानून त स्थायी छैन यहाँ
प्रेम सम्बन्ध कसरी स्थायी हुन्छ ?

नेपाल बनाऔं

मेगबहादुर अधिकारी
कक्षा : ८ 'बी'

गण्डकी कोशी भएर खुशी बग्दछन् रमाइ
पहाड-तराई दाजु र भाइ कोही छैनन् पराइ
सुसेली हाल्दै पाइला चाल्दै छहरा झरेको
खुसी भो मन देखेर वन लहरा परेको
डालाका डाला धानका बाला गएर टिपौं न
कोइलीसँग मागेर ढङ्ग गाउन सिकौं न
गुराँस फुल्छ मन यो डुल्छ पहाडी पाखामा
गुञ्जिन्छ गीत, मारेर धित लै बरी भाकामा
द्यौसी र भैलो मनको मैलो फ्याँकेर खेलौं कि
जून र तारा उठाइ सार केशमा जेलौं कि,
असार आयो, बादल छायो रोपाईं गरौं न
के चर्को घाम, गर्दै छौं काम ओझेल पारौं न,
बुद्धको बाटो युद्धको साटो शान्तिले भर्नु छ
लाएमा गुन उम्रिन्छ सुन साहस गर्नु छ,
हटाई कालो मनको जालो उज्यालो समाऔं
हातमा हात भएर साथ नेपाल बनाऔं ।■

कालिकोटको पीडा र मेरो व्यथा

पूजा सिम्खडा
कक्षा : १२ 'बी'

विकास गर्नैपर्छ भनी संविधानमा लेख्ने को छ र यहाँ
परीक्षा नसकिँदासम्म किताब पुगेको छैन त्यहाँ ।
कति बालबालिकाहरूलाई कुपोषणले सताएको छ देख्ने को छ र यहाँ ?
विकास गर्नैपर्छ भनी संविधानमा लेख्ने को छ र त्यहाँ
कहिलेसम्म बन्नुपर्ने दुर्गमको पात्र
पेटभरि खानपाए हुन्थ्यो रासन मात्र ।

मेरो देश नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । नेपालमा विभिन्न प्रकारका मानिसहरूले बसोबास गर्दै आइरहेका छन् । मेरो देश नेपाल तराईको धोती, पहाडको टोपी र हिमालको बख्खुमा सजिएको छ । त्यस्तै कर्णाली प्रदेशको दुर्गम क्षेत्रमा मेरो जिल्ला । दुर्गम भए तापनि कालिकोट हिमाल र पहाडको मुस्कानमा सजिएको छ ।

दुर्गम भनेको विकासका पूर्वाधारहरू उपलब्ध नभएको र यातायातको सहज सुविधा नभएको ठाउँ नै दुर्गम हो । पिछडिएको र दुर्गम क्षेत्र कालिकोटमा विकासका पूर्वाधारहरू अझै पनि नपुगे तापनि मेरो जन्मभूमि भएकोले मलाई गर्व लागेर आउँछ । दुर्गम क्षेत्र कालिकोटमा परीक्षा सकिँदासम्म पनि किताब पुगेका हुँदैनन् । संसदबाट विकास निर्माणका लागि स्वास्थ्य, शिक्षाका लगि बजेट प्रस्तुत भएतापनि त्यहाँ पुग्ने गरेको छैन र त्यहाँ खर्चपनि भएको छैन । अलिअलि पुगेपनि त्यहाँका पढेलेखेको प्रतिनिधिहरूले गाउँपालिका वा नगरपालिकाका मेयर उपमेयरले आफ्नै पोल्टो मात्र भर्ने गरको छ। तर हामी गरिब जनताको भोट माग्दामात्र वास्ता छ त्यसपछि गरिब जनाको अस्तित्व नै छैन । कसले बुझ्ने कर्णालीको पीडा ?

सरकारले स्वास्थ्य र शिक्षामा निःशुल्क भने तापनि त्यसो हुन सकेको छैन । अलि हुनेखानेका छोराछोरीहरू राम्रो स्कुल पढ्लान् तर हामीजस्ता दुर्गम क्षेत्रका गँवारका छोराछोरीहरूले सामान्य सरकारी स्कुल पढ्न पनि पाएका छैनौं । पाए पनि फि तिर्नुपरेको छ । सरकारले दुर्गम क्षेत्रका बालबालिकाहरूलाई निःशुल्क शिक्षा भनेर संविधानमा उल्लेख गरेको छ तर स्कुलमा पढाउने किताब, सरकारी शिक्षक-शिक्षिका, सरकारी विद्यालय, सरकारी तर हामी गरिबका छोराछोरीले तिर्ने पैसा चाहिँ प्राइभेट भएको छ तर यसको सरकारले आफ्नै आँखा अगाडि देखेपनि नदेखेझैं गरिरहेको छ । यदी हामी यो देशका नागरिक हौं भने स्वास्थ्य र शिक्षामा निःशुल्क हुनुपर्थ्यो तर हामी त्यो कालिकोटका नागरिकको जनगणना मात्र भइरहेको छ । शिक्षा र स्वास्थ्यको गणना भइरहेको छैन ।

म पनि कालिकोटको दुर्गम क्षेत्रमा एउटा महिला र एउटा पुरूषबाट जन्मेकी नारी हुँ । मलाई पनि गाँस, बास र कपासको आवश्यकता छ । म अनेकौं रोगबाट ग्रसित छु । दुइओटै मिर्गौलामा पत्थर बोकेकी छु । त्यस्तै सबै दाँत गुमाउन पुगेकी छु । औषधी नपाएर गहबाट बहका आँसु बगाउन बाध्य छु । म मात्र होइन, त्यहाँका अनेकौं बासिन्दाहरूई रोग लागेको छ । औषधी पाएका छैनन् । त्यहाँका करिब ५ वर्षभन्दा मुनिका ९० प्रतिशत बालबालिकाहरू कुपोषणबाट ग्रसित छन् । बालबालिकाका आमाबुवा विदेश पलायन भएका छन् । बालबालिकाले पौष्टिक आहारयुक्त खाना खान पाएका छैनन् अनि अकालमा ज्यान गुमाउन बाध्य छन् । कसले बुझ्ने कालिकोटको यो पीडा ? त्यही कालिकोटको एउटा चुहिने घरको छाप्रोमा बसेका मेरा बुवा अनि आमा, वर्षौंदेखि त्यही धोती र त्यही टोपी लगाएर ओठमा हाँसो, आँखामा आँसु र टाउकोमा भारी बोकेर आफ्नो दिनहरू गुजारा चलाउँदै आइरहेकी मेरी आमा अनि मेरो बुवालाई थाहा थियो देशको विकासको गति कसरी बढाउने भन्ने कुरा तर जति जोगी आएपनि कानै चिरेका भने झैं जस्तो सरकार आएपनि आफ्नै पेट भर्न मात्र आतुर छ । त्यस्तै कालिकोटमा पनि त्यस्तै खालका मान्छेले गर्दा वा भ्रष्टाचारी, कुलङ्गारहरूले गर्दा आज यहाँ विकास निकास हुन सकेको छैन । विकास गर्ने भनेर यो राजधानीमा मात्र विकास गर्ने होइन, सबै जिल्लामा विकास निकास हुन आवश्यक छ । स्वास्थ्य, शिक्षा, सडक, यातायातका साधनहरू अहिलेसम्म मेरो गाउँमा पुगेको

छैन । अहिलेसम्म पिछडिएको क्षेत्र कालिकोटमा एउटा राम्रो स्वास्थ्यचौकी पनि छैन । अहिलेसम्म छाउपडी दाइजोप्रथा जस्ता कुसंस्कारको अन्त्य पनि भएको छैन । त्यही परम्परागत रूढीवादी संस्कार नै चलिरहेको छ । न यसको अन्त्य भयो, न कालिकोटले मुहार नै फेऱ्यो । कसले बुझ्ने कालिकोटको पीडा अनि मेरो ब्याथा ?

मै खाऊँ, मै लाऊँको कारणले गर्दा विकास नभएको हो । त्यहाँ गा.पा. र न.पा.का अध्यक्ष र उपाध्यक्ष सदस्यहरूको मनमा के छ भने अलिअलि आएको रकम कसरी खाऊँ, विकास खर्च नगरेर सहरमा आएको भन्दा बढी घर बनाउँ भन्ने कुरा उनीहरूको दिमागमा छ । त्यसैले पनि कालिकोटमा विकास नभएको हो ।

महलमा बस्ने ठुलाबडाहरूको चाहनामात्र होइन, गरिबको पनि चाहना छ । दुर्गमका जिल्ला कालिकोटमा महिला हिंसा दिन प्रतिदिन बढिरहेको छ । छोरालाई स्कुल पढाउने र छोरीलाई डोको दिएर मेलापात पठाउने चलन अहिले पनि छ । दुर्गम क्षेत्रमा बग्ने कर्णालीको पानी धेरै भए पछि खानेपानी र विद्युतको समस्या अहिले पनि छ । खोलाको पाइप बाढी र पहिरोले बगाएर लगेपछि नजिकको ढुङ्गेधाराको तुरतुर पानी लाइन लागेर खान बाध्य छन् त्यहाँका बासिन्दाहरू । अहिलेसम्म पनि पानीको जडान भएको छैन । ■

गुरु

भावना रायमाझी
कक्षा : १० 'ग'



गुरू नै हुन् वेद
गुरू नै हुन् पुराण ।
गुरू नै हुन् ब्रम्हा विष्णु
गुरू नै हुन् महान ।
भविष्य हुन्छ जाज्वल्यवान
पाएपछि गुरूको ज्ञान ।
मार्ग देखाउने गुरू एक मार्गदर्शी
शिष्यको जीवनमा गुरू एक पारदर्शी ।
धनी गरिब हेर्दैनन् केही
गर्दछन् व्यवहार सबैलाई समान ।
आफू जतिनै दुःखमा भए पनि
ल्याउँदछन् मुहारमा मीठो मुस्कान ।
आफू शोकमा दबी
संसारलाई प्रफुल्ल बनाउने गुरू
आफू सयौवार जली ।
संसारलाई उज्यालो छर्ने गुरू
हार मानेका मानिसको आत्मबल बढाउने गुरू ।
विद्यार्थीको सफलतामा
आफ्नो सफलता देख्ने गुरू ।

आमा

पुष्पा पौडेल
कक्षा : ७ 'ग'



नौ नौ महिना कोखमा राखी जन्म दियौ आमा
आफू भोकमा बस मलाई खान दियौ आमा ।
गम्छामा पोको पारेको मकै कुटुकुटु खान्थ्यौ
घाँस काट्न जाँदा खेरि मलाई पनि लान्थ्यौ ।
मेरो पहिलो शौचालय आमा तिम्रो काख
प्यारे लाग्छ मलाई त बस्न तिम्रो साथ ।
आफू खाना नखाइकन मलाई खान दियौ
सबैभन्दा धेरै माया गर्ने आमा तिमी थियौ ।
कति काम गर्छौ आमा ढाडमा घाउ बनाइ
तिम्रो माया धेरै लाग्छ हामी छोराछोरीलाई ।
सानै छँदा तिम्रो न्यानो माया छोडि आएँ सहर
तिमीलाई सुख दिएर राख्ने छ मेरो रहर ।

एउटा बाघको कथा

जनक डाँगी
कक्षा : ८ 'बी'

एकदिनको कुरा हो, एउटा जङ्गलमा सानो गुफा थियो । त्यस गुफामा एउटा बाघ बस्थ्यो । एकदिन बाघ सिकार खोज्न जङ्गलतिर लाग्यो । जाँदाजाँदा एउटा सानो जङ्गल देख्यो । त्यस जङ्गलमित्र पस्यो र त्यहाँ चरा चुरूङ्गीहरू मारेर खान थाल्यो । बेलुका भएपछि आफ्नो गुफामा फर्क्यो । रात पऱ्यो र बाघ सुत्न थाल्यो । बिहान उठेर एउटा घाँसे मैदानतिर लाग्यो । त्यहाँ २ जना मानिसहरू बाख्रा चराउन भएका रहेछन् । एउटाको नाम मिनिमम र अर्कोको नाम म्याक्सिमम रहेछ । तिनीहरूलाई बाघले देख्यो । ती मानिसहरू बाख्रा गोठालो भएका रहेछन् । पहिलोपटक तिनीहरूका बाख्राहरू तर्से र त्यसपछि मिनिमम र म्याक्सिममले के आएको होला ? किन बाख्राहरू तर्से भनेर खोजीनीति गरे कोही कोही भेटाएनन् । दोस्रो दिनमा पनि बाख्रा चराउन त्यही ठाउँमा लगे । त्यो दिनमा पनि बाख्राहरू तर्से । त्यसपछि मिनिमम र म्याक्सिमम गएर यताउता चारैतिर खोजी गरे । दुवै जनाले एउटा बाख्रो मरेको भेट्टाए । यो कसले मारेको होला भनेर सोचे । तेस्रो पटकमा पनि बाख्रा चराउन त्यही ठाउँमा लगे । मिनीमम र म्याक्सिमम बाख्रा छोडेर चारैतिर खोज्न गए । मिनिममले एउटा सानो बिरालो देख्यो र, म्याक्सिममलाई बिस्तारै सानो स्वरले बोलायो । म्याक्सिमम त्यहाँ गयो र के भो किन बोलाएको ? भनेर सोध्यो । मिनिममले भन्यो हेर त तल यो सानो बिरालो । म्याक्सिममले भन्यो- यो कहाँ बिरालो हो त यो त बाघ हो । तर मिनिममले होइन, यो बिरालो हो भनेर झगडा गर्न थाल्यो । मिनिममले भन्यो- "म त, यो बिरालोलाई घरमा लगेर पाल्छु र मेरो घरका मुसाहरू मारेर खान्छ र मुसाहरूको सन्तान सकिन्छन् ।" यति भनेर ऊ त्यो बिरालोलाई छोप्न गयो । म्याक्सिममले त्यसो नगर त्यो बाघ हो भन्दाभन्दै पनि ऊ बिरालो समाउनतिर लाग्यो म्याक्सिमम भने अब बाघले मार्छ भनेर घरतिर टापकस्यो । मिनिमम बिरालो छोप्न जाँदैथियो तर उसले पनि पछि थाहा पायो, त्यो त बिरालो होइन, बाघै रहेछ । मिनिमम सऱ्याक सऱ्याक गर्दै हिँडेको थाहा पाएर बाघले उतिर हेऱ्यो र मिनिममलाई झम्टन खोज्यो । मिनिमम मलाई बचाऊ भन्दै भाग्न थाल्यो । तर ऊ नर्भस भएर भाग्नै सकेन । बाघले मिनिममलाई लखेटेर माऱ्यो । यदि उसले म्याक्सिममले भनेको मानेको भए यसरी ज्यान फाल्नु पर्दैनथियो । त्यसैले भनिन्छ नि 'कि आफूले जान्नु, कि त भनेको मान्नु ।'

■

लघु कथा

आमाको माया

यशोदा थलाल
कक्षा : ७ 'सी'

एकदिन पानी परिरहेको थियो । एउटा बालक भिज्दै विद्यालयबाट घर आउँदै थियो । त्यो देखेर उसकी दिदीले भनिन्, 'किन भिज्दै आएको ? छाता लग्न सकिनस् ?' भन्दै कराइन् फेरि उसको बुबाले भन्नुभयो, 'एकछिन विद्यालयमा नै रोक्न सकिनस् ? भिज्दै आउनुपर्छ ? ' भन्दै कराउनु भयो । त्यतिकैमा हत्तपत्त उसकी आमाले भित्रबाट टावेल ल्याउँदै पानी पुछ्दै भन्नुभयो, 'यो पानी पनि कस्तो एक छिन मेरो छोरा आउन्जेल नपरिदिएको भए हुन्थ्यो नि !'

आमा भनेको निःस्वार्थ देवी हुन् । आमाले आफ्नो सन्तानलाई आफु भोकभोकै बसेर पनि खाना खुवाउँछिन् । आमाले आफ्नो छोराछोरीलाई निःस्वार्थ माया गर्छिन् । त्यसैले सन्तानको पनि कर्तव्य हुन्छ कि आमालाई दुःख नदिने ।■

हात्तीको बथानको कथा

जनकराज उपाध्याय
कक्षा : ७ 'सी'

एउटा घना जङ्गलमा हात्तीको बथान थियो । त्यस घना जङ्गलमा कम्तिमा दुई तिनसय जति हात्तीहरू थिए होलान् । त्यसमध्ये एउटा ठूलो हात्तीको नाइके थियो र त्यसको नाम चतुर्दन्त थियो र त्यसलाई चर्तुदन्त किन भनिएको हो भने त्यसका अगाडिमा चारओटा दाँत थिए त्यसैले त्यसलाई चर्तुदन्त भनेको हो । त्यो घना जङ्गलमा बिस्तारै खडेरी पर्दै गयो र खोला नाला सबै पानीको मुहानहरू सुक्न थाले । त्यस जङ्गलका हात्ती बिस्तारै मर्न थाले । त्यस जङ्गलका हात्ती बिस्तारै मर्न थाले र एकदिन सानो हात्तीले चतुर्दन्तलाई सोध्यो हामी बसेको जङ्गल खडेरीमा परिसक्यो सबै, खोलानाला सुकिसके र धेरै हात्ती पनि मरिसकेका छन् । अब हामी कहाँ जाने भन्दै सानो हात्तीले भन्यो । चतुर्दन्तले सानो हात्तीलाई भन्यो, मलाई यो कुरा अब जे भयो भयो अब सबैजना सुत्न जाऊ भन्दै सबै हात्ती सुत्न थाले । चतुर्दन्त भने अब हामी कहाँ जाने भनेर सोच्नथाल्यो र चतुर्दन्त जहाँ आफू पलिहे जन्मिएको ठाउँ थियो त्यहाँ एउटा ठूलो कुवा थियो त्यो कुवाको पानी कहिल्यैपनि सुक्दैन थियो । चतुर्दन्त सोच्न थाल्यो । यो त म जन्मेको ठाउँ पो हो त, यहाँ त एउटा ठूलो कुवा होला भन्दै चतुर्दन्त कुवा नजिक आएर हेर्दा कुवाको पानी सङ्लो थियो । चर्तुदन्तले पानी खायो । पिपलको पात भाँच्यो र खायो र सबै हात्तीलाई भन्यो मैले हामी बस्ने ठाउँ भेटिसकेको छु । अब हामी यो जङ्गल छोडेर जानुपर्छ भोलि बिहानको मिर्मिरे उज्यालोमा हामीले यो जङ्गल छोडेर जानुपर्छ । सबै हात्ती खुसी हुँदै हाँस्न थाले । जान त जाने तर कहाँ जाने भन्दै चतुर्दन्तलाई सोध्यो । चतुर्दन्तले भने मै एउटा कहिल्यै नसुक्ने पानीको मुहान देखेको छु । त्यो एउटा पातल गङ्गा भन्ने ठाउँमा छ सबै हात्ती बिहानको मिरमिरे उज्यालो गयो र धेरै दिनदेखि तिर्खा लागेका हात्तीले पानी पिए र त्यसपछि हात्तीहरू आनन्दले रमाउन थाले । ■

ऐना

अनिल थापामगर
कक्षा : १२ 'ए'

जब देख्छु तिमीलाई कहीँ कतै
तब पाउँछु आफूभित्र त्यही ।
सिपालु छ नक्कल गर्न मेरो सधैं
आभाष दिन्छ मेरो जुडुवा भित्र भैं ।
सुन्दरता नियाल्न तिम्रै छ खाँचो
मतलव छैन दिन या रात होस् ।
सुन्दरता हौं तिमी यो मेरो घरको
तिमीलाई हेरेर सुरूआत हुन्छ दिन मेरो ।
तिम्रो अनेक छन् रूपहरू
आउँछ कि कुनै अनौठो जादु
बिसाउँछौ एक्कासी म कहाँ छु
आकर्षण गरेर तिम्रो वर हेरिरहूँ ।

कमी कमजोरी तिमी नै हो देखाउने
चाहन्छौ बोल्न कल्ले हो बुझाउने
एक्लो मान्छेको भित्र तिमी हौ रे
तिमी भएनौ भने गर्छन् खै के ?
मनका कुरा सबै तिमीलाई नै थाहा छ
रमाउँदा छुट्टै, रिसाउँदा के गर्छु म ?
काँडा भैं बन्छौ तिमी, फुटाउँदा त
फुटाएर तिमीलाई रिस कम हुन्छ र ?
जिस्क्याउँछौ कहिले म एक्लै रूँदा
साथ दिन्छौ जहिल्यै छ विश्वास तिमीमा ।
असल मित्र पाउन दैनिक जीवनमा
आवश्यक छ यही एक मात्र ऐना । ■

मेरो देश : मेरो गौरव

सुनिता राई
कक्षा : १२

मेरो देश नेपाल हो । म नेपाली हुँ । मेरो देशको झण्डा चन्द्र सूर्य र रातो रङ्गले बनेको छ । मेरो देश प्राकृतिक सौन्दर्यताले भरिपूर्ण देश छ । मेरो देशको राष्ट्रिय फूल लालीगुराँस हो । राष्ट्रिय पशु लक्ष्मीको नाम दिएर गाईलाई पुज्छौं र राष्ट्रिय पन्छी डाँफे हो । मेरो देश नेपाल हिमाल, पहाड तराई गरी तीन भागमा विभाजन गरिएको छ । नेपालले १,४७,१८१ वर्ग किलोमिटर भौगोलिक क्षेत्र ओगटेको छ । नेपालमा १२५ जाति मानिसहरू छन् र १२३ भाषाहरू बोलिन्छन् । काठमाडौँ मेरो देशको राजधानी हो । हिमाली क्षेत्रले पैतिस प्रतिशत, पहाडी क्षेत्रले बयालिस प्रतिशत र तराई क्षेत्रले सत्ताइस प्रतिशत जमिनहरू ओगटेको छ । नेपाल तीन भागमा विभाजन भएतापनि हामी नेपालीहरूमा सबैमा एकताको भावना छ । नेपाल स्वतन्त्र देश हो, जहाँ आफ्नो रीतिस्थिती, संस्कृति, परम्परा मनाउन र रमाउन पाउँछौं । नेपाल बहुजाती, बहुभाषी, बहु संस्कृति भएको देश हो । नेपाललाई एक सुन्दर फूलबारी पनि भनिन्छ । त्यसैले मेरो देशप्रति म गौरवमय र सन्तुष्ट छु । मेरो देश विभिन्न जातजाती, भाषाभाषी धार्मिक सहिष्णुता सार्वभौमसत्ता, अखण्डता, अनेकतामा एकताको भावना छ । मेरो देश प्राकृतिक सुन्दरता नेपाली पहिरनले सजिएको छ । नेपाल वीर गोर्खालीको देश हो । नेपाली गोर्खालीको सन्तान हौं जहाँ नेपालीहरूमा मेरो देशप्रति गौरव छ । विश्वको सबैभन्दा अग्लो सगरमाथा हिमालको काखमा हुर्किन पाएकी छु, मेरो देश मेरो गौरव ।

नेपाल प्राकृतिक सुन्दरताले परिपूर्ण छ, जहाँ खोलानाला, बनजङ्गल, हिमाल, पहाड, डाँडा, पाखा, झरनाले सजिएको छ जसलाई जति हेर्दा पनि मन र आँखाहरू कहिल्यै थाक्दैनन् यस्तो देशमा जन्म लिन पाउँदा म मेरो देशप्रति गौरवमय छु । नेपाल प्राकृतिक सौन्दर्य र संसाधनले धनी देश हो । नेपाल एक यस्तो देश हो, जुन समुद्रसँग जोडिएको छैन । यो विकासोन्मुख देश हो । नेपाल धार्मिक ऐतिहासिक सम्पदामा सजिएको छ । बौद्ध धर्मका संस्थापक ऐतिहासिक सम्पदामा सजिएको छ । बौद्ध धर्मका संस्थापक गौतम बुद्धको जन्म पनि दक्षिणी नेपालको लुम्बिनीमा भएको हो । नेपाल दक्षिण एसियामा भारत र चीनको बिचमा अवस्थित रहेको छ मेरो देश, मेरो देश नेपालमा कोशी, गण्डकी र कर्णाली जस्ता लामा नदीहरू छन् । नेपाल प्राकृतिक सौन्दर्यताले धनी देश हो । ब्राजिल देशपछि जलस्रोतको सन्दर्भमा नेपाल दोस्रो धनी देश हो । त्यसैले म त नेपाली हुनुमा गौरव गर्छु ।

नेपालको आधिकारिक भाषा नेपाली हो । नेपाल बहुजातीय, बहुभाषिक, बहु साँस्कृतिक हिसाबले फूलबारी भैं सजिएको छ । मेरो देश नेपालमा विभिन्न जातजाती, भाषाभाषी विभिन्न भेषभूषा, सहिष्णुता, सार्वभौमसत्ताले एउटा बगैंचामा रङ्गीविरङ्गी फुलहरू हुन्छ र त्यसरी नै मेरो देशमा पनि जातजातीअनुसारको भाषा र भेषभूषाले भरिपूर्ण छ । त्यसैले त नेपाललाई एक सुन्दर फूलबारी हो भन्ने गरिन्छ । देशमा जाती र धर्मको नाममा झगडा, हत्या, हिंसा गर्नुको सट्टा अनेकतामा एकताको भावना राख्छौं । भाइचाराको सम्बन्ध राख्छौं । नेपालमा विभिन्न जातको धर्म मान्ने मानिसहरू छन् । यहाँ आ-आफ्नो संस्कृति परम्परामा मात्र नभएर अरू जातिका संस्कृतिमा पनि रमाउँदै भाइचाराको सम्बन्ध कायम राख्छौं । कोही कसैको मनमा पाप छैन धर्मले हामीलाई पाप गर्नदेखि रोक्छ । नेपालमा बाहुन, क्षेत्री, राई, लिम्बू, मगर, गुरूङ, शेर्पा जस्ता थुप्रै जातिहरू छन् । धेरैले हिन्दू धर्म र बौद्ध धर्म मान्ने गर्छन् । दशैं तिहार, उँभौली, उँधौली, ल्होसार, इद, होली, शिवरात्री आदि लोकप्रिय चाडहरू हुन् । जातजाति अनुसार आफ्नो आफ्नो संस्कार भएपनि यसको संस्कारमा अरूपनि रमाउने गर्छन् । त्यसैले यो सहिष्णुतामा रमाउन पाउँदा म मेरो देश प्रति गौरव गर्छु ।

नेपाली खाना सबैको लोकप्रिय मनपर्ने दाल, भात, ढिंडो, गुन्द्रुक आदि हुन् जसले स्वास्थ्यलाई फाइदा हुन्छ । नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । जसले सबैको मन लोभ्याएको छ । हिमाल,

पहाड, खोलानाला, डाँडापाखा झरनाहरूले सबैको मन लोभयाउँछ । जसले नेपालीको मन मात्र नभएर विदेशीहरूको पनि उत्तीकै लोभ्याएको छ । नेपालको दृश्य हेर्नलाई विदेशी पर्यटकहरू भित्र्याउने गर्छ । मेरो देशको मानिसको पहिरन दौरा, सुरूवाल, ढाकाटोपी पुरूषको र महिलाको गुन्यू चोली फरिया हुन् । नेपाल यस्तो देश हो, जहाँसबैका मन महबाट हट्दैनँ । बिर गोर्खाली जस्ता विरहरूको देश हो, विर गोर्खालीको छोरी सन्तान हौ भन्न पाउँदा गौरव लाग्छ । नेपाल फूलै फूलको बगैंचा जातजाति, भेषभुषा, रितिथिति, संस्कारले सजिएको छ ।

म यस्तो देशमा जन्म लिएकी छु, जुन गौरवका साथ वीर गोर्खालीको छोरी हुँ । यस्तो देशमा जन्म लिन पाउँदा गौरवको अभाष हुन्छ । वनजङ्गल, पाखा, पखेरा डाँडा राताम्मै लालिगुराँसका फूलहरूले सजिँदा खुल्ला मैदानमा खेल्न पाउँदा बिहानै उठ्ने बित्तिकै खुल्ला सफा वातावरण हरियाली वनजङ्गल, सुमधुर चराचुरूङ्गी, कोइलीको आवाज मन्द बतास यहाँको सहिष्णुता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, अनेकतामा एकताको साथ पाउँदा वीर गोर्खालीको छोरी सन्तान हुँ भन्न पाउँदा आफैमा हिमालको उचाइ झैं मन चुलिन्छ । त्यसैले मेरो यो सुन्दर देशमा जन्म लिन पाउँदा गौरव गर्छु ! "मेरो देश मेरो गौरव ।' जय नेपाल ! जय नेपाल !!■

किराँती हामी

सरस्वती राई
संकाय : मानविकी
कक्षा : १२

चिटिक्कै परेर कम्पनी माला भिरेकी छ लामा
ढुङ्ग्री र बुलाकीले सजिएको छोरी, बुहारी र आमा
फरिया र चोलीले सजिएकी किराँतकी छोरी
शिरफूल लगाएको शिरमा कपाल कोरी
जाऔं है साथी हो नाच्नलाई साकेला
नाँच्दै खेल्दै रमाउँदै खुसीहरू बाँड
मनाऔं उधौली किराँती हामी भएर भेला
धर्तीलाई पुज्नु पर्ने हाम्रो किराती गाउँ ।
प्रकृतिलाई पुज्ने हामी
सुम्निमा, पारूहाङको सन्तान
धर्ती मै हो नाच्ने हामी
धर्ती नै हो महान ।
जमिनसँग रमाउने हामी
किराँती हो पहिचान
जमिनसँग रमाउने हामी
किराँती हो पहिचान ।

■

मेरो देश

सृष्टि राई
संकाय : मानविकी
कक्षा : १२

पाना खुला पर्वत पत्रपत्र
छन् वर्णझैं वृक्ष लता विचित्र,
खोला चराको ध्वनि गुह्य मन्त्र
नेपाल सिङ्गै बहुमूल्य तन्त्र ।।
गाउँ छ मेरो शान्त र प्यारो खुसीले ढाकेको
मानिस त्यहाँ हिंसाले होइन मायाले छ बसेको,
आनन्द लाग्छ जिउन त्यहाँ पुर्खाको यादले
अङ्ग्रेज सबै हारेर भागे मृत्युको डरले ।
तराईका फाँटदेखि हिमाल शिखरसम्म
नेपालका इतिहासदेखि हाम्रो चल्यो अहिलेसम्म
पूर्खादेखि इतिहास हाम्रो चल्यो अहिलेसम्म
निडरता र निःस्वार्थ भावले भरेको छ रङ्ग ।
सुन्दर शान्त छ मेरो देश अनि गाउँ
शान्तिका प्रतीक गौतम बुद्ध जन्मिएको ठाउँ ।
पूर्खादेखि चलिआएको गोर्खाली छ नाउँ
धर्म, जात, भेषभूषा र रीतिरिवाजले भरिपूर्ण ठाउँ ।

■

कथा : सिकारी र चरा

गंगा दुङ्गाना
कक्षा : १२ 'ए'
व्यवस्थापन समूह

धेरै वर्ष पहिले एउटा राजापुर नाम गरेको गाउँमा सिकारी बस्ने गर्थ्यो । ऊ दिनभरि जङ्गलमा गएर जङ्गली जनावरहरूको सिकार गरेर ल्याउँथ्यो र साँझ परेपछि त्यही सिकार गरेर खानेकुराहरू खान्थ्यो । यसरी नै उसको जीविकोपार्जन चलिरहेको थियो । एकदिन सिकारी सिकार गर्न भनेर बिहान करिब १० बजेतिर जङ्गलतिर लाग्यो । जाँदा जाँदा ऊ घना जङ्गलको बिचमा पुग्यो । अर्को घाम लागिरहेको थियो । धेरै बेर हिँडेका कारण सिकारी जङ्गलको बिचमा पुग्दापुग्दै अत्यन्तै तिर्खा लाग्यो र उसले आफूसँग पनि पानी बोकेको थिएन । त्यसकारण ऊ त्यस जङ्गलको बिचमा पानीका निम्ति भौतारिन थाल्यो । यसरी यताउता भौतारिने क्रममा ऊ एउटा ठूलो रूखको नजिकै पुग्यो ।

पानीको प्यास र थकाइ मेट्न केहीबेर त्यस सिकारी रूखको फेदमा बस्यो । एकछिन बसिसकेपछि उसलाई माथिबाट पानी झारिरहेको महसुस भयो र उसले माथि हेऱ्यो र साँच्चै नै त्यस रूखको माथिबाट पानी झरिरहेको उसले देख्यो । ऊ मनमनै एकदमै खुसी भयो र सोच्यो यो पानी प्रकृतिले उसका निम्ति नै दिएको हो । त्यसपछि ऊ हत्तपत्त त्यहाँबाट उठेर एउटा रूखको पात टिपेर दुनो तयार पाऱ्यो र उक्त दुनोलाई पानी झरिरहेको ठाउँमा गएर थाप्यो । केही बेरपछि त्यो दुनो भरिएर आयो र ऊ एकदमै खुसी भएर त्यो पानी पिउन अघि सऱ्यो । दुनो उचालेर पानी पिउन मात्र थालेको मात्र के थियो, त्यतिकैमा एउटा चरा आएर उसको हातबाट त्यो पानी भएको दुनो खसालिदियो । सिकारी एकदमै निरास भयो र ऊ फेरि पनि त्यही पानी थाप्न लाग्यो । फेरि त्यसैगरी उक्त चराले त्यो दुनो खसालिदियो । यसरी उसले धेरै प्रयास गर्दा पनि चराले पानी खसालिदिएको रिसले सिकारीले चरालाई लौराले हानेर मारिदियो । चरा मरिसकेपछि सिकारीले केहीबेर सोच्न थाल्यो । चराले आफ्नो ज्यानको बाजी लगाएर झम्टिन आउनुमा केही कारण पनि हुनसक्छ । त्यसपछि ऊ झरिरहेको पानी कहाँबाट झर्दैछ भन्ने बिचार गरी रूखमा चढ्न थाल्यो । रूखको एउटा हाँगामा पुगेपछि उसले त्यहाँ एउटा टोड्कामा सर्पलाई देख्यो । त्यसपछि मात्र उसलाई थाहा भयो, माथिबाट झरिरहेको पानी, पानी नभएर विष रहेछ भन्ने । त्यसपश्चात उसले चरालाई सम्झ्यो र उसलाई बचाउनका निम्ति चराले गरेको प्रयासलाई पनि सम्झ्यो । उसलाई एकदमै आत्मग्लानि र पछुतो भइरहेको थियो ।

खिन्न हुँदै सिकारी साँझपख घर फर्कियो । यसरी आफू मरेर पनि अरूलाई बचाउने परोपकारी चरालाई मारेकोमा उसलाई रातभर निद्रा परेन । एकपछि अर्को कुरा गर्दै अनेक कुरा सम्झँदा सम्झँदै उसले आफूले जिन्दगीभर गरेको हत्या हिंसा सम्झेर विक्षिप्त भयो । र, ऊ यतिकैमा निदायो । भोलिपल्ट बिहानै सिकारी फेरि जङ्गलतर्फ लाग्यो र हिजो घटना घटेको ठाउँमा पुग्यो । चरालाई सम्झँदै ऊ केही बेर त्यहीँ उभियो र त्यसदिनदेखि कहिल्यै पनि प्राणीको हत्याहिंसा नगर्ने प्रतिज्ञा गरेर ऊ घर फर्कियो ।

■

"झुठो आश्वासन दिने व्यक्तिभन्दा तीतो सत्य बोल्ने व्यक्ति लाख गुणा असल हुन्छन्"

"विद्या, तप र दान - यी तीन चिजमा कहिल्यै सन्तोष गर्नु हुँदैन"

मेरो विद्यालय

सुप्रिया प्याकुरेल
कक्षा : ७ 'डी'

औधी माया गर्नुहुन्छ मेरा प्यारा गुरू
स्कुल गुण कहाँबाट गरू मैले सुरू
आमाजस्तै गर्नुहुन्छ गुरूआमा माया
शिक्षा लिन्छु बेलैमा हुन्न दायाँ बायाँ ।

धेरै राम्रो प्रगति र पढाइ यहाँ हुने
मिठामीठा शब्द प्रयोग सबको मन छुने
काठमाडौँमा पनि यसको राम्रो नाम पायो
रत्न राज्य राम्रो स्कुल भनी नाम आयो ।

यहीँबाट कोही डाक्टर कोही शिक्षक बने
लाग्छ मलाई पाप हजुर नराम्रो भने
मेरो प्यारो स्कुल सधैं राख्नु नाम उच्च
सधैंभरि अमर रहोस् यति भए पुग्छ !

गजल

पुष्पा ठाकुर
कक्षा : १२ 'ए'

जोडेको त्यो नाता तोडेर गयौ
पराइको घुम्टो ओढेर गयौ,

थुनेको नै थिएँ दिलमा राखी
लाएको त्यो चावी फोडेर गयौ ।

तिमी नै मेरो भनेकी थियौ
अहिले त मुन्टो मोडेर गयौ,

उजाड नै भयो झुपडी मेरो
पराइको बारी गोडेर गयौ ।

छिनेको छ मुटु छुटायौ यता
टुटायौ र उता जोडेर गयौ ।।

गीत : पूर्वै रमाइलो

रामबहादुर बुढाथोकी
कक्षा : १२ (व्यवस्थापन)

हे जहाँ हेरे पनि हजुर जता हेरे पनि हजुर पूर्व रमाइलो
किन किन लाग्छ मलाई पूर्वै रमाइलो
जता हेरे पनि जहाँ हेरे पनि हजुर पूर्वै रमाइलो ।

कान्छीको घर पूर्वैमा छ नि
भोजपुर जिल्लामा धरान जाउँला बसमा बसी तरौंला
अरूण, तमर झरौंला भेडेटारको ओराली चढौंला
धनकुटाकी उकाली हे जता गए पनि हजुर
जता हेर्दै पनि हजुर पूर्वै रमाइलो ।

जाऊँला खोटाङ बजार
घुमौंला हलेसी मागौंला धेरै आशीर्वाद हे
जता हेरे पनि जहाँ हेरे पनि हजुर पूर्वै रमाइलो ।

घुम्नलाई जाउँला भोजपुर बजार
मागौंला आशीर्वाद सिद्धकाली माता त्यही रहेछन्
हाम्रो आस, हे जता हेरे पनि हजुर जहाँ गए पनि
हजुर पूर्वै रमाइलो ।

अरूणको पुल तरौंला, टेम्के डाँडा हेर्न जाम्ला
काफलको रूखमा चढौंला, कोइलीलाई बोलाउँला
हे जता हेरे पनि हजुर जहाँ गए पनि हजुर पूर्वै रमाइलो ।

गीत

पुष्पा ठाकुर
कक्षा : १२ 'ए'

आऊ साथी तिमी हामी एउटा फूल रोपौं
हातमाथि हात देऊ अब हामी जुटौं ।
यसको मान्छे उसको मान्छे भन्नु हुन्न अब
पहाड फोरी सुन फुलाउन जुट्नु पर्छ सब ।।

तिमीलाई हामीलाई जस्लाई काटे उही रातो रगत
हामी फुटे देश फुट्छ भलो हुन्न जगत ।
लम्क चम्क नेपाली संसार जित्नु पर्छ
परि आए वैरीमाथि ढाल बन्नु पर्छ ।।

दाजु भाइ आफैमा दुष्मन के को लागि ?
स्वार्थभन्दा राम्रो देश हामी भन्दा माथि ।
यो जात त्यो जात हामी भुलौं नानाभाँती
एकबाट सय बन्छ हामी मिले साथी ।।

जाती धर्म भाइचाराको एउटा फूल रोपौं
हजार थरी फुल भए एउटै धागो बाटौं ।
काँधमा काँध हातमा हात एउटा दियो बालौं
आऊ साथी ! देश प्रेमको एउटा फूल रोपौं ।।

■

सपना

दिपक विश्वकर्मा
कक्षा : १२ (शिक्षा)

टलक्क टल्काउन ती तिम्रा नयनका
ज्योतिमा हर्षका झरीहरू वर्षाउने सपना
निःशब्द ती तिम्रा बचन फुटाउने
न्यायका ढोकासँगै स्वतन्त्रता दिलाउने सपना ।

तन मनका बन्धन फुटाउँदै सुन्दरताको परिकल्पना रच्ने
अतुलनीय नालीबेली झल्काउने सपना ।
अविष्मरणीय ममता झल्काउँदै वृति प्रसार गर्ने
निःस्वार्थ प्रेमको दियो जलाउने सपना ।

पत्रपत्र परेका दिन चट्टान बनेकी तिमी
हर्षको समग्रमा तिमीलाई निम्त्याउने सपना
तिरस्कारले पछारिएको त्यो भारी मनलाई
बिसाउने चौतारी बनाउने सपना

दुःखका दिनलाई सात समुन्द्र पार गरी
आधुनिक युगमा कलियुग मेटाउने सपना
तिम्रो एउटा हातको साहारा बन्ने
दुःखको दिन बिर्साउने सपना
सपना त सपना मै सीमित रह्यो आमा ।

कविता

डर लाग्छ तिम्ले कतै
डर लाग्छ तिम्ले कतै भुली दिन्छौ कि
पिर लाग्छ मुटुभित्र शुल दिन्छौ कि ।
कति गरी जोगाएको कोपिलामा छँदा
छिमेकीको आँगनीमा फुली दिन्छौ कि ।

पुष्पा ठाकुर
कक्षा : १२ 'ए'

शिशिरमा हावा चल्दा वसन्तमा फुल्यौ
टिप्न आँउदा फक्रिएर झुली दिन्छौ कि ।
हिँड्दा हिड्दै उकालीमा झर्किएर कतै
पराइको साथ लागि छोडी दिन्छौ कि ।
राखी सकैं सजाएर आफूभित्र तिम्लाई
तिमी बिना अपुरो छु भुली दिन्छौ कि । ■

पीडित प्रजा

शिवम कुसवाहा
कक्षा : ७ 'डी'

एकादेशमा एउटा राज्य थियो । त्यस राज्यका राजाको नाम रवि थियो । एकदमै राम्रो राजा भएकोले राजालाई प्रजाले धेरै माया गर्थे । राजा रविका दुईवटी श्रीमती थिए । त्यसमध्ये ठूलीको नाम शकुन्तला देवी थियो र सानीको नाम कुमकुम देवी थियो । दुईटैका दुईवटा सन्तान थिए । शकुन्तलाका दुई पुत्रका नाम आदित्य र सानोको नाम राजिव थियो । कुमकुमकी एउटी छोरी र एउटा छोरा थिए । दुईटै पढ्नलाई बाहिर गएका थिए । राज्यमा बस्ने भने दुईटा राजकुमार थिए । शकुन्तलाका दुई पुत्रमध्ये आदित्य एकदमै लोभी र जनतामाथि अत्याचार गर्थे । त्यसैले प्रजा धेरै पीडित थिए तर यसको बारेमा राजालाई केही थाहा थिएन । कसैले यति हिम्मत गर्न सकेनकी राजालाई भनोस् र आदित्य राजा बनेपछि जे पनि गर्न सक्थे । त्यही राजिव आदित्यको विपरीत थियो एकदमै शान्त स्वभावको । राजिवलाई राज्यको लालचा थिएन । राजिव आफ्नो बुवा रवि जस्तै थियो । एक दिन आदित्य राजालाई मारेर आफू राजा बनेको सोचे र राजालाई एकान्तमा लगेर घाँटी थिचेर मारे । राजालाई मारेपछि राजसभामा गएर आदित्यको सेनाले भन्यो अनर्थ भयो, रानी ! राजालाई कसैले मारिदियो । सबै सभाबाट उठेर गए । त्यसपछि आदित्य पनि गएर रूने बहाना बनाए । त्यतिखेर राजिवले भनेन जसले मेरो बुबालाई मारेको हो म त्यसलाई कठोर दण्ड दिन्छु ।

राजाको अन्तिम संस्कार गरेपछि आदित्यले भन्यो, "आमा, यो राज्यलाई चलाउनको लागि एउटा राम्रो राजा चाहियो । त्यसका लागि म काविल छु ।" तर सकुन्तलालाई आदित्यको बानीको कारण उसमाथि शङ्का थियो । सकुन्तलाले भनिन् जबसम्म कसैलाई राजा बनाउँछौ तबसम्म हामी राज्य समाल्छौं, र सकुन्ला र कुमकुमले मिलेर राज्य चलाउन थाले पछि दुई जनाले मिलेर सल्लाह गरे । राजिवलाई राजा बनाउने निर्णय लिए । यो खबर आदित्यले थाहा पाएपछि राजिवलाई पनि मार्न प्रयत्नमा लागे । एकदिन मौका पाएर राजिवलाई मार्ने प्रयास गरे तर त्यो प्रयास असफल भयो र त्यस सभामा लगेर पुरै सजाय बारेमा भनियो कसरी राजालाई मार्‍यो र प्रजालाई पीडा दिएको थियो र आदित्यलाई कठोर सजाय दियो । राजिव आफ्नो बुबा जस्तै एउटा राम्रो राजा बन्न सफल भएको थियो ।

हामीले जस्तो कर्म गर्छौं त्यस्तै फल पाउँछौं । जस्तै आदित्यले नराम्रो कर्म गर्‍यो । प्रजालाई पीडा दियो र अन्तमा उसलाई दण्ड दिइयो तर राजिवले राम्रो कर्म गर्‍यो प्रजामाथि दया गर्‍यो र अन्त्यमा राजपद पायो । ■

देशको कविता

आकिन्द्र शाही
कक्षा : ५ 'बी'

संसारको सबैभन्दा सुन्दर मेरो नेपाल देश
यही नेपाल देशमा काम नभएर
गइरहेका छन् मानिसहरू विदेश ।

नेपालमा पर्यटक घुम्न धेरै आउँछन्
नेपालको सुन्दरताले धेरै रमाउँछन् ।

रूख विरूवाले जङ्गलमा हरियाली छाउँछ
विश्वमा नपाइने एक सिङ्गे गैंडा नेपालमा पाउँछ ।

वीरहरूले जोगाए हाम्रो देश नेपाललाई
पानीको धनी देश भनिन्छ नेपाललाई ।

नेपाली गोर्खालीहरू युद्धमा मरे
शत्रुहरूले नसकेर आत्म समर्पण गरे ।
ठूला ठूला युद्धमा नेपाली लुकेनन्
शत्रुहरूको सामु नेपाली कहिल्यै झुकेनन् ।

■

विद्यार्थी जीवनमा अनुशासनको महत्त्व

पुनी मगर
कक्षा : ९

अनुशासन त्यो मार्ग हो, जसले मानव जीवनलाई निश्चित लक्ष्यतर्फ डोहोऱ्याउँछ । अनुशासन त्यो लगाम हो, जसले मानव जीवनलाई अनियन्त्रित हुनबाट जोगाउँछ । मानिस अनियन्त्रित भयो, लक्ष्यविहिन भयो र कर्तव्य, जिम्मेवारी र मर्यादाको वास्ता गरेन भने उसले जे पनि गर्न सक्छ र ऊ जहाँ पनि जान सक्छ । आजको विद्यार्थीले नै भोलि राष्ट्रको अभिभारा लिनुपर्छ । त्यसैले ऊ अनुशासित, मर्यादित, असल र जिम्मेवार हुनु अत्यन्त जरूरी छ । आफूलाई जिम्मेवार बनाउन, असफल मार्ग देखाउन भोलि एक कर्तव्यनिष्ठ नागरिक बन्नका लागि उसले अनुशासनको पालना गर्नु जरूरी छ । भनिन्छ, अनुशासन नभएको मान्छे र लगाम नभएको घोडा उस्तै हुन् । यिनीहरू जुनसुकै बेला जहाँ पनि दुर्घटित हुन सक्छन् । जुन व्यक्तिको व्यवहार शिष्ट छैन, जो मर्यादाभित्र रहँदैन, उसले कसैलाई पनि राम्रो व्यवहार गर्न सक्दैन । परिणामतः ऊ सबैलाई छिःछि र दुर् दुर् हुन्छ । उसलाई न त कसैले मन पराउँछ, न त समाजले नै ऊबाट राम्रो आशा गर्न सक्छ ।

विद्यार्थी भनेका आजका कच्चा पदार्थ हुन् । उनीहरूबाट राम्रो वस्तु उत्पादन गर्नु कुशल हातको जरूरत पर्दछ । कुशल हातको अथवा मार्ग निर्देशनको सहाराबाट तिनै कच्चा पदार्थहरू भोलि गएर अत्यन्त ऊर्जाशील वस्तुमा परिणत हुन सक्छन् तर तिनीहरूलाई समयमै उचित आकारमा ढाल्न सकिएन भने भोलि तिनै कच्चा पदार्थहरू नियन्त्रणभन्दा बाहिर जान सक्छन् र वातावरणमा प्रदूषणका कारक बन्छन् । उनीहरूलाई कुशल नागरिक बनाउन आज नै असल मार्ग निर्देशन र मर्यादाहरूको बोध गराउनु पर्दछ । मानिस जस्तो वातावरणमा हुर्किन्छ, उसले भोलि त्यस्तै व्यवहार देखाउँछ । त्यसैले उसलाई असल वातावरण दिनु पर्दछ, अनुशासित हुन सिकाउनु पर्दछ । अनुशासन केवल विद्यालय परिसरभित्र गुरूहरू र विद्यार्थीहरूबीच मात्र लागू हुने विषय होइन । यो त घर, परिवार, समाज अर्थात जतासुकै लागु हुन्छ । अनुशासनले नै व्यक्तिलाई अरूहरूसँग नजिक हुन सिकाउँछ । सबैसँग मिठो बोल्ने र सबैलाई समान आदर गर्ने व्यक्तिका प्रशस्त साथीहरू र आफन्तहरू हुन्छन् । अनुशासित व्यक्ति कहिल्यै कोहीबाट पनि अपहेलित हुनु हुँदैन । उसलाई सबैले उत्तिकै माया पनि गर्दछन् तर जो सधै रूखो बोल्छ, जहाँ जे मन लाग्यो त्यही गर्दै हिड्छ, उसलाई कसैले मन पराउँदैन । ऊबाट समाजले उस्तै दुःख मात्र पाउँछ ।

विद्यार्थी जीवनमा उचित लगावको खाँचो हुन्छ । यदि समयमै उनीहरूलाई त्यो मर्यादाभित्र राख्न सकिएन भने उनीहरूको भविष्य अन्धकारपूर्ण हुन्छ । जति जति ऊ बढ्दै जान्छ, शारीरिक रूपमा त परिपक्व देखिएला तर वैचारिक रूपमा कमजोर हुन्छ । उसले 'कहाँ कहिले के काम गर्ने, कसलाई कस्तो व्यवहार गर्ने जस्ता कुराहरू पनि जानेको हुँदैन । परिणामतः उसले अत्यन्तै ठूलो दुःख पाउँछ । त्यति बेला केवल प्रायश्चित गर्नुबाहेक ऊसँग अरू विकल्प हुँदैन । त्यसैले व्यक्तिलाई जिम्मेवार बनाउन, असल नागरिकको रूपमा जन्माउन, आफ्नो कर्तव्य र अधिकारप्रति सचेत गराउनका लागि विद्यार्थीजीवनबाटै अनुशासनको पालना गर्दै जानु आवश्यक छ । कुनै विद्यार्थी अनुशासनको पालना गर्दैन भने उसका किताबी ज्ञानको कुनै अर्थ हुँदैन । ■

"दुष्टलाई जति नै भलो गरे पनि बदलामा कुभलो नै गर्छ
जसरी सर्पलाई जति नै दुधपान गराए पनि विष नै वमन गर्छ ।"

कथा : इज्जतमा प्रहार

अरूणा पाण्डे
कक्षा : ९ 'सी'



एक सुन्दर गाउँमा एउटा सानो परिवार बस्थे । त्यस परिवारमा चारजना सदस्य, आमा, बुबा, छोरा र छोरी बस्थे । छोरीको नाम निपूर्णा थियो । त्यस परिवारमा छोरा र छोरीमा निकै भेदभाव हुन्थ्यो । आमा बुबाले छोरीलाई भन्दा छोरालाई धेरै माया गर्थे । छोरालाई केही काम लाउँदैन थिए भने छोरीलाई काम मात्र लगाउँथे । छोरीलाई विद्यालयमा भर्ना पनि गरेका थिएनन् । आफ्नो भाइको हातमा कलम र आफ्नो हातमा काम देख्दा ऊ निकै निराश हुन्थी ।



एक दिन निपूर्ण आफ्नो दैनिक कामका लागि जङ्गल गएकी थिई । उसले आफ्नो काम गर्ने क्रममा एउटा छाया देवी को हो भनेर पछाडि फर्केर हेर्दा कोही थिएन । उसलाई कुनै जनावर होला जस्तो लाग्यो र आफ्नो काम गर्न थाली । भोलिपल्ट पनि उसले त्यो छायाँलाई देखिछे तर को हो भनेर हेर्दा निर्कोल गर्न सकिन । घाँस दाउरा गर्न ऊ जङ्गल गई राख्नुपर्थ्यो । निपूर्ण जहाँ जान्थी यो छायाँले उसलाई पछ्याउँथ्यो । अब उसको डरले स्थायी डेरा जमाउन थाल्यो । उसले खुलस्त रूपमा आफ्नो समस्या आफ्नो आमा बाबालाई भन्थी । तर आमा बाबाले उनका कुरा नपत्याएर थप गाली गर्दै अल्छीको आक्षेप लगाउनुभयो । अब बिस्तारै निपूर्णताले त्यस्ता कुरा आमा बाबुलाई भन्न छोडेकी थिई । तर उक्त व्यक्तिले भने उसलाई पछ्याउन छाडेको थिएन । निपूर्णा एक दिन डराइ-डराई घाँस काट्न जङ्गल गएकी थिई । घाँस काटेर सकाउँदा पाँच बजिसकेको थियो । निपूर्णा भारी बोक्दै थिई उसलाई कसैले पछाडिबाट तानेर भुइँमा लडायो । ऊ निकै डराई "तँपाई को हो भनी । उसलाई लडाएको व्यक्तिले उसको शरीर छुन थाल्यो ऊ झन् हराई । ऊ छट्पटाइ हार गुहार लगाउन थाली । 'बचाउ बचाउ' भन्न थाली तर घना जङ्गल थियो कसैले उसको आवाज सुनेनन् । त्यो व्यक्तिले उसको कपडा उतार्न थाल्यो । ऊ आफूलाई बचाउन हात पाउ चलाउन थाली तर आफूलाई बचाउन सकिन । त्यो राक्षसले एक बालिकाको शरीरसँग खेल्न थाल्यो । निपूर्णाको शरीरबाट रगत बग्न थाल्यो । मलाई छोड्दिनु भनेर हात जोडी तर त्यो पापीले छोडेन् । त्यो दानवले आफ्नो पुरूषार्थ एउटा १६ वर्षे बालिकामाथि देखायो । त्यसले एउटा बालिकाको इज्जत लुट्यो । निपूर्णाको बलत्कार गऱ्यो । आफ्नो प्यास मेटेर गयो । निपूर्णा भने बेहोस् भइछे । भोलिपल्ट उसलाई होस आयो । आफ्नो परिवारलाई आफू अगाडि पाई रूदै कराउँदै आफ्नो आमालाई अँगालो हाली । आज उसलाई आफैँसँग घृणा लागिरहेको थियो । आफू नारी भएकोमा पश्चाताप लागिरहेको थियो । उसले आफ्नो शरीरलाई बारम्बार पानीले पखाली । बिस्तारै निपूर्णा बलत्कार भएको कुरा सबै ठाउँमा फैलियो । तर ताजुबको कुरा त्यो समाजले निपूर्णामाथि नै औँला उठायो । उसको चरित्र नराम्रो भन्यो । समाजले मात्र होइन उसकै परिवारले पनि उसैलाई गलत ठहरायो । उसलाई सबैले छि छि दुर् दुर् गरे । कसैले पनि उसमा के विग्रिरहेको थियो बुझेनन् र बुझ्ने प्रयास पनि गरेनन् । ऊ बिस्तारै पागल जस्तै भई । उसले आफ्नो इज्जतमाथि प्रहार भाको सहन सकिन । उसको बलात्कार भाको दिन उसको लागि कालो रात भएको थियो । उसको बलात्कार गर्ने राक्षस कतै अरूको इज्जतसँगै खेल्दै थियो होला, कसैको जिन्दगी बरबाद पार्दै थियो होला । काहीँ कुनै ठाउँमा फूलको माला लगाई रहेको थियो होला ।

निपूर्णालाई यो सब कुरा सोचेर निकै रिस उठिरहेको थियो । ऊ आफ्नो बलत्कारीलाई सजाय दिन

चाँहन्थी । जसले गर्दा उसले आफू बलात्कार भएको कुरा पुलिसथाना गएर बयान गरी र रिपोर्ट लेखाई । पुलिसहरूले उसलाई साथ दिने फैसला गरे र अपराधीहरूलाई खोज्न थाले । उनीहरूले खोज अनुसन्धान गरेर अपराधीलाई फेला पारे । अपराधी निपूर्णाको गाउँको मुखियाको छोरा रहेछ । पुलिसले अपराधीलाई समातेर जेल हाल्यो । निपूर्णाको परिवारलाई आफ्नो गल्तीको महसुस भयो । अब निपूर्णाको परिवारले छोरा र छोरीमा भेदभाव गर्न छोडे । निपूर्णालाई पनि विद्यालय पठाउन थाले । त्यसपछि बिस्तारै गाउँका मानिसहरूले पनि आफ्नो छोरी चेलीलाई विद्यालय पठाउन थाले ।

आजभोलि बलात्कारको घटना दिनहुँ बढ्दै छ, यसलाई हामीले रोक्नुपर्छ । छोरीचेलीले पनि छोराले गर्न सक्ने काम गर्न सक्छन् । अब पात्र होइन भूमिका बदलौं । निपूर्णाले जसरी हिम्मत गरेर पुलिस रिर्पोट गराई अरू पीडितले पनि गराऔं । नारी ममता हो भने शक्ति पनि हो भन्ने कुरा सबैले बुझ्नुपर्छ ।

■

बा र आमा

सृष्टि मैनाली
कक्षा : ९ 'डी'


जसरी निसासिन्छ बत्ती आफ्नो ज्योति गुमाउँछु भनि हावा चल्दा,
हो त्यसरी नै निसासिन्छ मेरो श्वास हजुरहरूको बढ्दै गएको उमेर देख्दा ।
तिमीलाई त हतार छैन होला तर मलाई त हतार छ
बा आमा लामो निन्द्रामा सुत्नुभन्दा पहिले चयनको निद्रामा सुताउनु छ ।
आमा, दुःखले चाउरिएका तिम्रा गालालाई सुखले रसिलो बनाउने छु,
बा, घरको बोझ बोक्दा बोक्दा थाकेका तिम्रा काँधलाई साहारा दिनेछु ।
बा ! म हिँड्न नसक्दा तिमी मेरो पाइला भयौ
आमा ! म बोल्न नसक्दा तिमी मेरो वाणी भयौ
बोल्नुभन्दा पहिले मेरो कुरा बुझिदियौ, मेरा कारण
बा ! आमा तिमीले धेरै दुःख सह्यौ ।
बा ! तिमीले हातमा ठेला उठ्ने गरी हलो जोतेको,
आमा ! तिमीले कान्ला कान्ला धाई घाँस, दाउरा गरेको
अझै स्मरण छ आमा तिमीले पिठ्युँमा मलाई बोकी घर र दैलो पोतेको ।
आखिर यो सब दुःख किन गऱ्यौ,
न त एक तान्द्रो राम्रो लायौ
न त एक छाक मीठो खायौ ।
आफ्नो सारा जीवन तिमीले बा आमा
आफ्ना निम्ति नभई सन्तानका निम्ति बाँच्यौ ।
बा घरको जग हो भने आमा घरको पिल्लर हो,
बा मेरो तागत हो भने आमा मेरो स्वाभिमान हो ।
म छडी नभएको अन्धो हुँ
आमा बिना, म उजेली नभएको अन्धकार हुँ ।
बा बिना म पानी नभएको माछा हुँ
आमा बिना म
सृष्टिकर्ता नभएको सृष्टि हुँ ।



आकास चुम्ने सपना

भीम धमला
कक्षा : १० 'बी'

सुन्दर जून अनि चम्किला तारा हराए त्यो आकाशमा
कैयौं अपवित्र शरीरका पवित्र आत्मा डराए त्यो आकाशमा
दुःखको कुरा के गर्नु खुसी पार्ने बाहाना पनि मिसिदै छ त्यो आकाशमा
आमाको धोती बुवाको टोपी फेरिने सपना पनि उड्दैछ त्यो आकाशमा ।
हो म संसार जित्न हिँडेको यात्री हुँ अकाश
त्यसैले त भोको पेट घरको ढिँडो बिर्सिन थालेको छु,
तिर्खा लाग्दा आँसु, भोक लाग्दा थुक निल्नथालेको छु
आफ्नाको आश अनि झुटो माया बिर्सिन थालेको छु ।
थालेको छु म बिर्सिन ती सबै वर्तमानका कुराहरू
किनकि मलाई त्यो आकाश चुम्नु छ ।
न त कसैलाई देखाउन न त कसैको अगाडि राम्रो हुन
मलाई त बस आफ्नो कोमल गोडाले त्यो आकाश चुम्नु छ,
सुन्दर भविष्यको लागि आफ्नाको माया नै भुल्नु छ
त्यो सुन्दर आकाशको अगाडि आफ्नो अनेकौं गुनासो छ,
किनकि मलाई त्यो आकाश चुम्नु छ ।
विपनामा नै सपनामा त्यो आकाससँग बोल्ने गर्दछु
संसार जित्ने आशामा आफ्नो दुःख भुल्ने गर्दछु
आँखाभरी आँसु मनभरि चोट बोकेर राती सुत्ने गर्दछु
सुन्दर भविष्य निर्माणको लागि सुखसँग हैन दुःखसँग सम्झौता गर्दछु । ■



विद्याको महत्त्व

सुदीप रिमाल
कक्षा : ९ 'ग'

विद्याको जीवन अमूल्य ठान खेलाची नगर
विद्याको महत्त्व नबुझेदेखि व्यर्थ छ जीवन ।
माता र पिता गुरूको आज्ञा शिरोपर गरेर
देशको असल नागरिक बनौं धेरै नै पढेर ।।
विद्या आर्जन गर्नको लागि जोस र जाँगर
मिहिनेत गरी लक्ष्यमा पुग्न हिम्मत नहार
विद्याले हाम्रो जीवनमा ल्याउँछ सुनौलो बिहान
अमूल्य धन, ज्ञान र विज्ञान दुवैको मुहान ।
विश्वमा जति वैज्ञानिक बने विद्याकै प्राप्तिले
विश्वमा जति चमत्कार हुन्छन्, विद्याकै शक्तिले
हे दिदी बहिनी हे दाजुभाइ विद्याको महत्त्व
बुझेर पढौं अगाडि बढौं ठूलो छ यो तत्व ।।
माता र पिता गुरूको आशिष लिएर पढेर
देशको विकास गर्नु छ हामीले अगाडि बढेर,
भविष्य उज्ज्वल बनाउनलाई धेरै नै पढ्नु छ
बनेर ज्ञानी देशको विकास हामीले गर्नु छ ।

हामी महान् छौं

सम्पदा रिजाल
कक्षा : ९ 'ई'

वातावरण नै उपहार हो भन्न सकिँदैन
पुरूष नै महान् हो भन्न सकिँदैन ।
महिलालाई गाली गरी घरमै बसाउँछौं
हामी कति महान् छौं सानले देखाउँछौं ।।

पुराणका पानाका कुरा सधैं हामी गर्ने गर्छौं
चेलीबेटी बेचबिखन सधैं हामी गर्छौं ।
अवला पशुपंक्षीलाई भेटी हामी चढाउँछौं
त्यसैले म भन्छु हामी कति महान् छौं ।।

शेरसँग जित्न नसके उसलाई हामी सिंगार्छौं
अरूलाई मार्न पाए बल्ल हामी जवान छौं ।
पढे लेखेकालाई सधैं हामी पछार्छौं
तपाई नै भन्नुस् त कति हामी महान् छौं ।।

वास्तवमा हाम्रो समाज कस्तो महान् छ
जे जस्तो गरेपनि पुरूष नै प्रधान छ ।
महिलालाई त बच्चा जन्माउने मेसिन ठान्छौं
हाँसी-हाँसी भन्नुपर्छ हामी कति महान् छौं ।।

लुटपाट गरी मानवलाई भयभित गराउँछौं
मानव भए पनि मानवलाई नै सताउँछौं ।
आफ्नो संस्कार छोडी अरूको धर्म अङ्गाल्छौं
यो कुरा त मिथ्या हो वास्तवमा हामी महान् छौं।।

त्यतिमात्र कहाँ हो र सत्य भन्नेलाई दबाउँछौं
जातपातको अफवाहमा आफैंमा लड्छौं ।
जतातै फोहोर गरी वातावरण बिगार्छौं
रोगी हुँदै गएपनि हामी कति महान् छौं ।।

राम्रो काम गर्छौं भनी जनतालाई फकाउँछौं
कुर्सीमा पुगेपछि आफैंमा रमाउँछौं ।
आफ्नो देशको शान-शौकत माटोमा मिलाउँछौं
अरूको चाकरी गरेपनि हामी महान् छौं ।।

जति लेख्यो उति लेख्न मनै लाग्दोरहेछ
कठिनाइको सामना गरेर पनि संविधान लेख्नु पर्नेछ ।
जब हामी समाजलाई राम्ररी सुधार्न सकौंला
तब बल्ल हामी महान् बन्न सकौंला ।।

आमा

नमन कोइराला
कक्षा : ९ 'ई'

मार्न त सबैले सक्छन् तर,
जन्म त मात्र दिन्छिन् आमा
सन्तानलाई केही भइहालेमा
अन्न र निद्रा त्याग गरी
आँशुका धारा बगाउँछिन् आमा ।

आफू भोको रहेर पनि सन्तानलाई
पेटभरी खाना खुवाउँछिन् आमा
खै कुन जादुको लट्ठी हो, आमाको
हात शिरमा पर्दा होस् या गालामा
आर्शीवाद नै दिन्छिन् आमा ।

संसारको सबैभन्दा धनी व्यक्ति
पनि आमा बिना गरीब भए झैं लाग्छ
जति गरीब भएपनि आमाको माया
पाउँदा संसारकै धनी व्यक्ति भएझैं लाग्छ ।

निःस्वार्थ मायाको खानी हुन् आमा
अनमोल ज्ञानको विधाता हुन् आमा
सन्तानको खुशीका लागि आफ्नो जीवन
त्याग्न तयार हुने परम आत्मा हुन् आमा ।

सन्तानलाई दुख्दा पहिला रूने
हुन्छिन् आमा, छोरा तबसम्म मेरो
काखमा शिर राख जबसम्म तैंले
मलाई काँधमा उठाउदैनस् भनेर
भन्छिन् आमा ।

सुख र दुःखमा मुखबाट पहिलो
पटक निस्कने शब्द हो आमा
मर्नेलाई पनि बाँच्न हौस्याउने
केवल एक मात्र राष्ट्र हो आमा ।

जीवनमा यतिमात्र चाहान्छु कि
आमा बिनाको कुनै घर नहोस्
कुनैपनि आमा बेघर नहोस
र, सन्तानको कारण आमाको शिर कहिल्यै नझुकोस् ।

शिक्षाको महत्त्व

सविना हमाल
कक्षा : १२ 'ए'

'शिक्षा' भन्नेबित्तिकै विद्यालय, क्याम्पस आदिमा र घरमै पनि नियमित रूपले अध्ययन गर्ने-गराउने वा पढेको बन्दोवस्त मिलाउने काम भन्ने बुझिन्छ । सिकेर, पढेर, सुनेर वा अन्य कुनैपनि प्रकारले ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बोध वा ज्ञान पनि शिक्षा नै हो । शिक्षा मानव जातिको तेस्रो चम्किलो आँखा भएकोले आजको युगमा यसको निकै ठूलो महत्त्व रहेको छ । शिक्षाविना मानिस ज्ञानले अन्धो नै हुन्छ । शिक्षा आजका मान्छेको एक महत्त्वपूर्ण गहना नै भएकोले यसको महत्त्व निकै ठूलो छ ।

हरेक विषयका बारेमा जान्ने-बुझ्ने तीव्र इच्छा वा चाहना मानिसमा रहेको हुन्छ । मानिस जन्मदेखि उसको मृत्यु नभएसम्म शिक्षा आर्जन गर्ने क्रम लगातार चलिरहन्छ । मानिसले बाल्यकालमा अरूले बोलेको र काम गरेको अनुकरणबाट शिक्षा आर्जन गर्दछ । उसले विद्यालय र क्याम्पस कक्षामा औपचारिक शिक्षा पाउँछ । त्यसपछि पनि उसको शिक्षा आर्जन गर्ने कार्यचाहिँ पुरा भइसकेको हुँदैन । उसले आफ्नो वरिपरिको वातावरणबाट पनि प्रत्येक दिन नयाँ शिक्षा आर्जन गरिरहेको हुन्छ ।

विद्यालय, क्याम्पस आदिबाट नै व्यक्तिको ज्ञानरूपी आँखा खुल्दछ । ज्ञान आर्जन गरिसकेपछि व्यक्तिको ज्ञान रूपी आँखा खुल्दा उसको अज्ञानताको अन्धकार फाट्दै वा हराउँदै जान्छ अनि मानिस मूर्ख नभई चतुर हुन्छ । आजको युगमा अशिक्षित मानिसले खुब दुःख पाउँछन् । नारकीय जीवन भोग्नु परेको हुन्छ । अशिक्षित मानिसको दिमागमा अन्धविश्वासले पनि जरा गाडेको हुन्छ । यसरी अन्धविश्वासमा अल्झेका मानिसको उन्नति हुनै सक्दैन । त्यसैले मानिसको जीवनमा शिक्षा नै सहायक हुन्छ ।

नारी र पुरूष दुवै शिक्षित भएर मात्र समाज र राष्ट्रको उन्नति हुनसक्छ । नारीले पनि पुरूषसरह पढ्न पाउनुपर्ने कुरामा सबैले जोड दिनु अति आवश्यक छ । नारीहरू अशिक्षित हुँदा समाजको विकास अधुरो रहन्छ । त्यसैगरी आज शिक्षामा व्यापारीकरण भइरहेको छ । छिमेकी मुलुकबाट शैक्षिक प्रमाणपत्र किनेर ल्याई आफूलाई शिक्षित मान्ने मानिसहरू पनि हाम्रो समाजमा नभएका होइनन् । हामीले आफ्नो गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ । रोजगारीमूलक, व्यवसायिक र प्राविधिक शिक्षाको खाँचो हाम्रो समाजमा देखा परेको छ । यस्तो शिक्षा दिन सकेको खण्डमा नै व्यक्ति जाती र राष्ट्रको उन्नति हुन सक्दछ । अनि यसबाट शिक्षाको महत्त्व पनि झल्किन्छ । ■

फूल

प्रतिमा रौल्या
कक्षा : ३ 'ए'

बगैँचामा फूल फुले थरिथरिका
फूलहरूको फुल्ने पनि आफ्नै तरिका ।।

कुनै फूल गुलाबी त कुनै पहेँला
भमरा र माहुरी नि त्यसमै डुलेका ।।

हेर साथी कति राम्रा फूल फुलेका
आज मैले फूल रोपेँ मेरो बगैँचामा

हजुरआमा बस्नुभयो हाम्रो गलैँचामा ।
आमाले नि रोप्नुभयो अङ्गुरको रूख
अहिले त्यसमा पात छन्, भोलि हुन्छन् फूल ।।



काठमाडौँ शहरको पीडा

विनोद यादव
कक्षा : १२
व्यवस्थापन समूह

काठमाडौँ शान्तिको देश नेपाल राष्ट्रको राजधानी हो । काठमाडौँको आफ्नै छुट्टै विशेषता र पहिचान रहेको छ । यो मन्दिरै मन्दिरको सहर भनेर पनि चिनिन्छ । यसको इतिहासको पाना पल्टाएर हेर्दा, यहाँ धेरै विर पुर्खाहरूले राज गरेका छन् र उनीहरूले आफ्नो धर्म अनुसार विभिन्न पवित्र मठ, मन्दिरहरूको स्थापना गरेका छन् । अहिले पनि यहाँ बसोबास गर्ने सबै मानिसहरूको आफ्नै संस्कृति र पहिचान रहेका छन् ।

यी सबै संस्कृति र पहिचानका साथै यहाँ विभिन्न प्रकारका कुरीति, विकृति र कुकर्महरू पनि रहेका छन् । यहाँ स्थायी रूपमा बसोबास गर्ने मानिसहरू भन्दा पनि अस्थायी रूपमा बसोबास गर्ने जस्तै : रोजगारीको सिलसिलामा आउने, विद्यार्थीहरू विदेश जान आउनेहरू आदि यी सम्पूर्ण व्यक्तिहरूलाई धेरै कष्ट र पिडा भोग्नुपर्छ । आर्थिक रूपले विपन्न भएका विद्यार्थीहरूले अझै धेरै पीडा भोगिरहेका छन् । किनकि उनीहरूले कमाउने तलबभन्दा बढी त कोठाको भाडा हुन्छ । त्यसमाथि पनि विद्यालयको फिस तिर्नुपर्दछ । यहाँ पढ्न आएका देशका कर्णधारहरू जो नेपालका विभिन्न भु-भागबाट ऊर्जा लिएर पढ्न आएका छन् उनीहरूलाई पढाइको भन्दा बढी पैसाको चिन्ता हुन्छ र घरबाट पठाएको पैसा महँगीका कारण छिट्टै च्वाँट हुन्छ र कतियौँ दिन भोकै बसिरहेका हुन्छन् । त्यसमाथि फेरी घरवेटीले कोठा भाडा माग्दा त पिडाले मुटु नै फाटेको जस्तो हुन्छ । यस्तो विडम्बना कि कुनै चाडपर्वमा घर जानुपऱ्यो भने नि सोचेरै पिर लाग्छ कि यो पैसाले दुई महिनासम्म कोठा भाडा पुग्छ र जाँदैनन् । उनीहरूलाई यो पीडा सहनुभन्दा घरमै दुःख सुख काटेर परिवारसँगै बसेर पढेको बेस लाग्छ । यहाँ उनीहरूका पीडा जति त भारी बोकेका गधाहरूलाई पनि छैन होला ।

अर्कातिर विमानस्थलमा विछोडका पीडा छुट्टै छन् । काठमाडौँका अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक १५०० नेपालीहरू नेपाल आमाको भूमि त्यागी अर्काको देशतिर पलायन हुन्छन् । विदेश जाने व्यक्तिहरूसँग हाम्रो कुनैपनि सम्वन्ध नभएतापनि आफ्नै कोही छोडेर गइरहेको महसुस हुन्छ भने जसको मान्छे गइरहेको छ, उनीहरूलाई झन् कति पिडा र दर्द हुन्छ होला सुनरै मुटु काम्छ । त्यति दुःख बोकेर गएकाहरू पनि विदेशमा शान्तिपूर्ण तरिकाले काम गर्न पाएका छैनन् । यी सबै काठमाडौँमा बस्ने मेनपावर र दलाल एजेण्टहरूले आफ्नै मुलुकका मानिसहरूलाई ठगिरहेका छन् ।

यहाँ भएका निजि हस्पिटलहरूमा सानोतिनो बिरामीहरूको नचाहिने जाँचहरू गरेर बढी पैसा, नसोचेको पैसा भनी स्क्यान गरिरहेका छन् । अझै सरकारी अस्पतालहरू त नामको मात्र अस्पतालहरू छन् । यहाँपनि गरीबको लागि त खाट कहिल्यै पनि खाली हुँदैन तर आर्थिक रूपमा सम्पन्न र धेरै पहुँच भएका मानिसहरूको छिटै र राम्रो उपचार हुन्छ । गरीबहरूलाई उपचारको लागि वर्षौंसम्म कुर्न लगाइदिन्छन् ।

काठमाडौँमा सरकारी कामकाजमा भन्दा बढी घुसपात मठ र मन्दिरहरूमा हुन्छ । यहाँका मन्दिरहरूमा पूजा गर्न लाइनमा बस्नुपर्छ तर पहुँच भएका र बढी पैसा भएका मानिसहरू घुस खुवाएर सीधै पूजा गर्न जान पाउँछन् । यदि कुनै मन्त्री आयो भने त झन् अगाडि नै बाटो खाली हुन्छ र पूजा गर्न मन्दिरभित्र नै गाडीको प्रवेश हुन्छ । अर्कातिर त्यसै मन्दिरमा पूजा गर्न ८० वर्षका आमाबुवाहरू लाइनमा बसिरहेका हुन्छन् । मन्त्रीहरूलाई कुनैपनि रोकतोक हुँदैन । यस्तै हुन् नेपाल आमाका सन्तानहरू जो देश बनाउँछु भन्दै नेपाल आमाका भूमिहरूलाई बेचिरहेका छन् ।

यहाँ काठमाडौँमा फोहोर फालेको कुनै सीमा छैन । अन्य नदीहरूको पानी नीलो भएतापनि काठमाडौँका नदीहरूको पानी कालो हुन्छ । यहाँका मानिसहरूको विशेषता अनौठो र छुट्टै खालको रहेको छ । उनीहरू यहाँ नदीहरूमा फोहोर फाल्छन् र त्यसै नदीका किनारमा भएका मन्दिरमा गएर पूजा गर्दछन् । कतिपय मानिसहरूको त चर्पी ढलको जडान सीधै नदीसँग भएको

छ । उनीहरू आ-आफ्ना घर सफा राखेर वातावरणलाई प्रदुषण बनाइरहेका छन् । जसले गर्दा यहाँको तापक्रम पनि बढेको छ र प्रदुषणका कारणले काठमाडौँ सहरका आकाशमाथि चराचुरूङ्गी हेर्नु भनेको अन्धोले आँखा देख्नुजस्तो भएको छ । बरू यहाँ आकाशमा चराचुरूङ्गीका सट्टा हवाइजहाजहरू हेर्न पाइन्छ ।

काठमाडौँमा ट्राफिक जामको पीडा पनि त्यतिकै कष्टदायी छ । यहाँ समय समयमा ठूलो जाम लाग्ने गर्छ, जसले गर्दा मानिसहरू आफ्नो चाहेका काम समयमै पुरा गर्न सकेका हुँदैनन् । यहाँ यदी कुनै मन्त्रीहरूलाई बाहिर निस्कनु पऱ्यो भने अगाडि नै बाटो खाली गर्न लगाउँछन् जसले गर्दा अझै ठूलो ट्राफिक जाम लाग्ने गर्दछ ।

नेपाल यस्तो देश हो यहाँका विरहरूलाई अर्काको देशमा शान्ति स्थापना गर्न पठाउँछन् तर अर्कोतिर यहाँ नपालकै भू-भागका मानिसहरू अशान्तिको रेखामुनि दविएर बसिरहेका छन् । यहाँका नेताहरू विकास गर्छु भनेर विनाश गरिरहेका छन् । सधैं एक अर्काको खुट्टा तान्ने, बेइज्जत गर्ने कामहरू गरिरहेका छन् । यहाँका साधारण मानिसहरूलाई र विकास गर्ने व्यक्तिहरूलाई डराइ, धम्क्याइ मन्त्रीहरूले आफ्ना अधीनमा राखेका छन् । नेपाल आमाका कुपुत्रहरूले यहाँ विनाशका कामहरू गरेर बसेका छन् । ■

फूल

आयुशा धिताल
कक्षा : ४ 'ए'

फूलले हाम्रो बगैँचाको शोभा बढाउँछ
फूलै फूलको बगैँचामा मन रमाउँछ
फूल भन्ने नाम सुन्दा राम्रो
सबै मिली फूल रोपौँ राम्रो ।

फूल फुल्यो बगैँचामा रातो
मौरी बस्छन् फूलमा रस चुस्न तातो
फूल हामी देवतालाई चढाऔँ
राम्रा राम्रा फूल चढाई भक्ति बढाऔँ ।

फूलै हो बगैँचाको शोभा बढाउने
हाँसी हाँसी मासिनको मन जिताउने
फूलै हो प्रकृतिको सुगन्ध
बासना नै हो यसको विशेष आनन्द ।

फूल रोपी बगैँचाको शोभा बढाऔँ
फूलै फूलले बगैँचलाई सुन्दर बनाऔँ
सुन्दर बगैँचामा मन रमाउँछ
मौरी आई फूललाई हातमा समाउँछ ।

पानी

मदन शाही
कक्षा : ५ 'बी'



खेतमा काम हुँदैन नि पानी नभईकन
खेतमा पानी हाल्न सक्छौं कुलो बनाईकन ।।

अन्न फलाउन आवश्यकता हुन्छ पानीको
किसानलाई माया लाग्छ बालीनालीको ।।

स्वच्छ पानी पिउनुपर्छ सधैं हामीले
हाम्रो जीवन स्वच्छ हुन्छ राम्रो पानीले ।।

पानी परी बाढी आए जीवजन्तु बगाउँछ
आफ्नै खेतको अन्नपातले किसान अगाउँछ ।।

पानीबिना कुनै जन्तु बाँच्न सक्दैनन्
पानी नखाई बिरूवा बढ्न सक्दैनन् ।।

नुहाउन लुगा धुन त्यही पानी चाहिन्छ
पानीले नै उब्जाएको तरकारी खाइन्छ ।।

रूख बिरूवा जीवजन्तुको पानी हो प्राण
पानीले नै गर्दा हाम्रो बाँचेको छ प्राण ।।

पानी

हिरा कुँवर
कक्षा : ५ 'ए'

पानी हो सबैको तिर्खा मेटाउने
तिर्खा मात्र हैन सबै प्राणीको ज्यान बचाउने ।

बग्दछ पानी हिमालदेखि खोला नाला बनी
आकाशबाट झर्छ पानी हिमालमा हिउँ बनी ।
शुद्ध पानी खाई बाँच्नु छ हामीले
यही पानी सँगै जिन्दगी बिताउनु छ हामीले ।

स्वर्ग जस्तो देश हाम्रो पानीले नै गर्दा ।
जङ्गलहरू हरियाली देख्नु खोलानाला तर्दा ।
पानीसँगै रमाउँछन् माछा हाँसहरू
हामीले नी सिक्नु पर्छ जीवन जिउन बरू ।

पानी रिसाइ कहिलेकाही क्षती पनि गर्छ
त्यही पानीले घर विहिन बनाइ पेट भोको पार्छ ।
त्यही पानीले तिर्खा लाग्दा प्यास मेटाउँछ
त्यही पानीले गर्दा नै दुःख भुलाउँछ ।

सपना

रोशनी मग्राती
कक्षा : ८ 'सी'

मलाई लाग्छ
सपना सागरको गहिराइ, आशा र विश्वासको
एक मौन हावा हो ।

सपना वा वास्तविकता
हामीलाई जस्तो होस्
हाम्रो सपना मान्य छ,
जिन्दगीलाई सपना नबनाऔँ
हामी सपनालाई जीवन बनाऔँ ।

सपना आफैँले काम गर्दैन
जबसम्म तपाई आफैँले गर्नुहुन्न ।
सपना एउटा इच्छा हो,
जुन हाम्रो मनले बनाउँछ ।

जब म सपना साकार पार्नका लागि दौडन्छु,
तब सफलता मेरो पछि पछि दौडिन्छ ।

मेरो विद्यालय

लालविर सार्की
कक्षा : ५ 'बी'

मेरो नाम लालविर सार्की हो । म ५ कक्षामा पढ्छु । म मेरो विद्यालयको बारेमा भन्न गइरहेको छु। मेरो विद्यालयको नाम रत्न राज्य माध्यमिक विद्यालय हो । यहाँ दुई हजार भन्दा धेरै विद्यार्थीहरू अध्ययनरत छन् किनभने यहाँ राम्रो पढाइ हुन्छ । मेरो विद्यालय मलाई राम्रो लाग्छ । किनभने यो ठूलो छ र पढ्नको लागि सुविधा पनि छ । मेरो विद्यालयमा शिक्षकहरूले पनि राम्रो पढाउनु हुन्छ । शिक्षकहरूले कहिले हँसाएर पढाउनु हुन्छ । शिक्षकहरूले राम्रो कुराहरू पढाउनु हुन्छ । हाम्रो विद्यालय धेरै ठूलो छ र धेरै सुन्दर पनि छ । यहाँ ७० भन्दा धेरै शिक्षकहरू हुनुहुन्छ । यहाँ खेल्नको लागि ठूलो चौर पनि छ । मेरो विद्यालयमा ४० भन्दा धेरै कक्षाकोठाहरू छन् । हाम्रो विद्यालयमा कोही विद्यार्थी असल छन् भने कोही खराब छन् । हाम्रो विद्यालय सरकारी भएर पनि पढाइ चाहिँ एकदमै राम्रो हुन्छ । हाम्रो विद्यालयमा मन्दिर पनि छ । मलाई मेरो विद्यालय धेरै राम्रो लाग्छ ।

■

रुखको कथा

सुरज कुमार यादव
कक्षा : ४ 'बी'



गहिरो नाता मेरो जमिनसँग
जरा जमिनमै मेरो जोडिएको जिउ
ठूलो हरियो कपालले सजिएको
आउँछन् बटुवा आराम गर्न ।

लिन्छन् आनन्दको महसुस मेरो काखैमा
काट्छन् आफ्नै इच्छाले मलाई
आवश्यकता पुरा गर्ने निहुँमा
नकाट मलाई पछि आर्को दुःख पाउनलाई
संरक्षण गर मलाई दीर्घ जीवन जिउनलाई ।

नारी

विशाल नारायण बराही
कक्षा : ७ डी

नारी नै हो देवी
नारी नै हो आमा
नारीलाई गर्नुसम्म सम्मान
नारी नै हो जीवनको आधार ।
यही हो सरस्वती,
यही हो लक्ष्मी
यही हो दुर्गा
यही हो काली ।
आफू जति दुःखी भएपनि
परिवारलाई खुसी बनाउँछिन् ।
नारी नै हो त्यो माता
जो संसार चलाउँछिन् ।।
आदर्श व्यवहार हुन्छ नारीको
सागर जस्तो हुन्छ प्रेम ।
ती नारीको सम्मान गर
नदुखाऊ उनको मन ।।

दुःख

शैलजा लम्साल
कक्षा : १२ (व्यवस्थापान)

कोही पनि छैनन् सुखलाई त्यागी दुःखलाई चाहानी
कसरी कोरूँ एक मेरा साथी दुःखका कहानी
सही बाटो पाइन कैले नि मैले यी पाइला चाल्नलाई
घरमा नि गाह्रो पर्दछ सधैँ एक छाक टार्नलाई ।

आँगनी छैन घरमा मेरो पिँढी त्यो पनि सानो छ
फेरि नि वर्षा लाग्यो नि अब चुहिनी छानो छ
बा आमा घरमा बुढा छन् यहाँ, सकिन म मर्नलाई
गरिबको छोरो बीस वर्ष पुगैं, सकिन केही गर्नलाई

बा आमा जान्छन् काम गर्न जैले खेत र बारीमा
उहाँकै लागि भएनि मैले जानै छ खाडीमा
केही गर्छु कि भनी दुई वर्ष पहिले आएनी सहरमा
केही गरी उभो नलाग्ने रैछ दुखको करम
दश हजार तलब पाएनी मैले पाँच हजार भाडा छ
सफलता पाउने सपना मेरो धेरै नै टाढा छ ।।

प्राणभन्दा प्यारो लाग्छ मलाई मेरो देश

सागर सुनार
कक्षा : सात 'डी'

मेरो देश नेपाल एउटा भूपरिवेष्ठित मुलुक हो । विश्व मानचित्रमा सानो आकारको देखिए तापनि यहाँका विविधताले फराकिलो बनाएको छ । उत्तरतिर चाँदी झैं टल्कने हिमालले नेपाललाई सजाएको छ । कम्मरमा पटुकी बाँधे झैं हरिया वन जङ्गलले पहाडलाई सिँगारेको छ । तन्ना फिँजाएको जस्तो समथर तराईले नेपालको शोभा बढाएको छ । नेपाल प्राकृतिक दृष्टिले अनुपम नमुनाका रूपमा रहेको छ । नेपाल बहुसांस्कृतिक बहुधार्मिक, बहुजातीय, स्वतन्त्र लोकतान्त्रिक गणतन्त्रात्मक देश हो । विश्वलाई चकित पार्ने प्रकृति र भौगोलिक विविधताले नेपाल उत्कृष्ट रहेको छ । यसको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । उत्तरतिर चीन र अन्य तीनतिर भारतसँग सिमाना जोडिएको नेपाली भूमि कृषि उत्पादनमा सर्वोत्कृष्ट छ ।

नेपालमा भएको सर्वोच्च शिखरले विश्वमा नेपालीको शिर उठाएको छ । शान्तिका दुत गौतम बुद्धको जन्मस्थल नेपाल शान्ति क्षेत्र नै कायम भएको छ । नेपाल त मन्दिरै मन्दिरको देश भनि विश्वमा कहलिएको छ । सांस्कृतिक र पुरातात्विक स्थलले नेपाल उत्कृष्ट बनेको छ । खुँडा र खुकुरी लिएर बन्दुकेसँग युद्ध गर्दा पनि विजय प्राप्त गर्ने नेपालीको साहसी इतिहास ताजै छ । 'हरियो बन नेपालको धन' भन्ने उखान नै भएको मेरो देश नेपाल जलसम्पदामा पनि दोस्रो ठूलो धनी देश हो । 'बसुधैव कुटुम्वकम्' अर्थात विश्वका सबै मानव दाजुभाइ दिदीवहिनी हुन् भन्ने मानवीय भाव बोकेका नेपालीमा भएका सरलता, नम्रता, शिष्टता जस्ता विशेषताले नेपालीपनको बोध गराउँछ । 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्दै परोपकारमा ज्यान दिन तयार नेपालीले विश्वका मानिसलाई चकित पार्ने मानवीय स्वभाव देखाउँदा पर्यटकहरू लोभिएका छन् । यहाँका डम्फु, मादल, मारूनी, बालन, देउडा, रोदी जस्ता आफ्नै पत्रकारका संस्कृति बोकेका गीत सङ्गीत तथा भेला, धर्म, जात्रा आदि कुराले नेपाल उत्कृष्ट छ ।

उत्कृष्टताका साथमा नेपालमा केही समस्याहरू पनि जिउँदै बनेर कालान्तरदेखि कायमै छन् । नेपालको राजनीतिक अस्थिरता सबभन्दा ठूलो समस्या हो । मेरो देशमा सबैतिर सुविधा सम्पन्नता छैन । खाने पानीको व्यवस्था गर्न नसकेर घण्टौ पानी बोकेर पिउने प्रबन्ध मिलाउनुपर्ने अवस्था हाम्रो देशमा छ । सूचना तथा सञ्चारको क्षेत्रमा पनि कतिपय गाउँ अलग्गै छन् । टाउको दुखेको औषधी खान नपाउने समुदाय नेपालमा छन् । गरिवीले भोकै र नाङ्गै जीवन जिउने बालक छन् । सबै गाउँ गाउँमा सवारी साधन पुगेका छैनन् । पर्यटकीय सम्भावना धेरै भए पनि आवश्यक पूर्वाधारको विकास गर्न नसक्नाले यसबाट लिने फाइदा लिन सकिएको छैन । आजको विज्ञानको युग भए पनि वैज्ञानिक आविष्कारबाट उत्पादित सामग्रीलाई सबै नेपालीले उपयोग गर्न पाएका छैनन् । सबै नागरिकलाई मानव अधिकारको प्रत्याभूति गराउन सकिएको छैन ।

नेपालमा केही त्यस्ता महत्त्वपूर्ण कुरा छन् तिनले नेपाललाई विकासको गतिमा अगाडि बढाउन सकिन्छ । नेपालका बनजङ्गलमा भएका जडिबुटीलाई प्रशोधन गरी औषधीका रूपमा रूपान्तरण गर्न सके नेपाली रकम बाहिर जानुको सट्टा विदेशी मुद्रा भित्रिने सम्भावना रहन्छ । यहाँ त विश्वमा नपाइने चराचुरूङ्गी तथा पशुपन्छी पाइन्छन् । निकै अग्लो ठाउँमा पनि तालतलैया नदीनाला तथा छाँगा-छहरा, पाखा-पखेराले नेपाललाई अझ महत्त्वपूर्ण स्थलका रूपमा चिनाएको पाइन्छ ।

यसरी प्रकृतिको सुन्दरताले परिपूर्ण देशमा नेपालमा मनवीयता पनि हराएको छ । सौन्दर्यताले अलङ्कृत नेपालका केही कठिनाइहरू पनि विद्यमान छन् । संसारका थोरै हिस्सा ओगटेको मुलुक भएतापनि ज्यादै महत्त्वपूर्ण तथ्यहरूले नेपाललाई भू-स्वर्ग बनाएको छ । नेपाललाई अझ राम्ररी विकास गर्न यहाँको राजनीतिक स्थिरता अपरिहार्य छ । नेपालका पर्यटकीय सम्भावनालाई विश्वमा प्रचारप्रसार गरी पर्यटक आगमनमा बृद्धि गर्नु जरूरी छ । त्यसै गरी नेपालमा विकासका पूर्वाधार विकासमा ध्यान पुऱ्याउन ज्यादै जरूरी छ । सबभन्दा बढी सम्भावना बोकेको विद्युत् र पर्यटनलाई पूर्ण उपयोग गरी नेपाललाई विकसित बनाउन सकिन्छ । ■

मेहनतको फल

आकृति बुढाथोकी
कक्षा : तीन 'बी'

आशिका सामान्य परिवारमा जन्मिएकी थिइन् । उनको बुबा आमा खेती गर्नुहुन्थ्यो । उनी चुहाड जनज्योति मा.वि.मा पढ्दथिन् । उनको रिजल्ट आयो । आशिकाको रिजल्ट देखेर जसरी पनि उसलाई सहर पठाउने कुराको बुबाले समर्थन गर्नुभयो । भोलिपल्ट बुबाले भन्नुभयो, "छोरी तिमीलाई राम्रो वातावरणमा राम्रो शिक्षा दिनलाई एउटा ठूलो विद्यालयमा राखेर पढाउने सोचमा छौं ।"

ओहो ! बुबा कता छ त्यो विद्यालय ? आशिका खुसी भइन् । बुबाले भन्नुभयो । काठमाडौंमा छ छोरी । हामी तिमीलाई पठाउँछौं । राम्ररी पढ है । भोलि पल्ट आशिकालाई लिएर बुबा काठमाडौं हिड्नु भयो ।

आमाले पनि आशिकालाई राम्ररी पढ्नु है भन्दै विदा गर्नुभयो । काठमाडौं पुगेर बुबाले एउटा प्रसिद्ध विद्यालयमा भर्ना गरिदिनु भयो । दिनहरू बित्दै गए । आशिकाको ध्यान दिएर पढ्ने बानी कहिल्यै फिरेन । झन् झन् विगार्दै जान थालिन् । परीक्षामा पनि सबै विषयमा फेल हुन थालिन् । साथीहरूसँग रमाइलोमै समय विताउन थालिन् । आशिकाले राम्रो नपढेको थाहा पाए पछि बुबालाई चिन्ता लाग्यो ।

बुबाले आफूले घर जग्गा बैंकमा राखेर छोरीलाई काठमाडौं पढाएको कुरा सबै गर्नुभयो । आशिकालाई धेरै सम्झाउनु भयो गाली गर्नुभयो । बुबाको कुराले आशिकाको चेत ढिलै भए पनि खुल्यो । उनले सबै कुरा सुनेपछि बुबालाई वचन दिइन् म नाम राख्ने गरी पढ्ने छु बुबा ।

आशिकाको कुरा सुनेर बुबा आमा खुसी हुनुभयो । राम्रो पढ्ने आशीर्वाद दिनुभयो । अर्को दिनबाट आशिकाले विद्यालयमा पढेको कुरा बेलुका दोहोऱ्याएर पढ्न थालिन् । गृहकार्य कक्षाकार्यहरू समयमा गरेर बुझाउने र नबुझेका कुरा शिक्षकको सहयोगमा गर्न थालिन् ।

एक महिनापछि परीक्षामा आशिका विद्यालयकै उत्कृष्ट विद्यार्थी बनिन् । विद्यालयको सभामा परीक्षामा विद्यालय प्रथम भएको कारणले प्रधानाध्यापकले एक वर्ष निःशुल्क पढ्न पाउने गरी छात्रवृत्तिको घोषणा पनि गर्नुभयो । आशिकाको परिवार खुसीले गद्गद् भए । ■

मुगुको रारा ताल

लगी बुमी
कक्षा : ५ 'बी'



मुगु जिल्लामा अवस्थित रारा नेपालकै सबैभन्दा ठूलो ताल हो । यो तालालाई जंगलले वरिपरि घेरेको छ । समुद्री सतहबाट दुई हजार नौ सय नब्बे मिटर उचाइमा रहेको यो ताल दश वर्गकिलो मिटर फैलिएको छ । यो तालालाई रारा दह पनि भनिन्छ । यो तालको प्रमुख विशेषता भनेको यसले घामको किरण अनुसारको मन लोभ्याउँछ । ताल वरिपरि फैलिएको घाँसे मैदान र कोणधारी हरियो बनले थप आकर्षण बढाएको छ । उत्तरतर्फ लस्करै हिमशृङ्खला देख्न सकिन्छ ।



रारा जान हवाई तथा स्थलमार्ग दुवै प्रयोग गर्न सकिन्छ । स्थल मार्ग हुँदै आफ्नै सवारी साधनमा जाने हो भने ताल नजिकैको सल्लाघारीसम्म पुग्न सकिन्छ । नेपालगञ्जबाट ५० मिनेटको हवाइ यात्रापछि मुगुको ताल्वा विमानस्थल पुग्नुपर्ने हुन्छ । त्यहाँबाट तीन घण्टाको पैदल यात्रापछि रारा ताल पुगिन्छ । ■

अस्मिता पाखिन
कक्षा : ९ 'बी'

आमा



मलाई दुःख सुख पर्दा दिने गर्यौ साथ
हिँडाउने तिमी नै हो समाएर हात ।
बाँचेको छु यो संसामा तिमीले नै गर्दा
उत्साहको चक्लेट दिन्छ्यौ मलाई दुःख पर्दा ।

तिमी मेरो पहिलो शिक्षक अनि पहिलो साथी
भगवान् भन्दा पनि ठूलो तिमी कति जाति
पेट चिरी जन्माइदियौ तिमीले मलाई आमा
चिनाइ दियौ बाबा, दादा, दाजुभाइ मामा ।

सन्तानकै लागि मारिदियौ आफ्नो सबै इच्छा
दियौ तिमीले मलाई सबै भएभरको शिक्षा
भुल्न खोजेपनि भुल्न सक्दिनँ यो दिन
कसरी तिरौंला तिम्रो यो मायाको ऋण ।

मेरो नेपाल

नेपाल मेरो घर हो पवित्र
चम्कन्छ छायाँ यसको मभित्र
बँसी छ डस्ना हिउँको सिरान
कालो चिरी बन्न सकौं बिहान ।

पोतेर लाली झलमल्ल घाम
खोजेर भेटिन्न पवित्र घाम
हामी जुरूक्कै नउठी भएन
निर्माणमा झन् नजुटी भएन ।

तन्केर जाउँ कि अझै अझै म
फैलेर ठूलो पृथ्वी बनूँ म
आकाशको जून टिपेर ल्याऊँ
नेपाल हो स्वर्ग भनी चिनाऊँ ।

झर्ना हिमाल पथ नागवेली
यी फाँट बँसी नचिनेर खाली
आकाशभन्दा पनि माथि माथि
पाइन्न नेपाल नखोज साथी ।

पन्छाउँदै दुःख व्यथा निराशा
पोखुँ सुनौलो मनको म आशा
मैले भुले खिन्न हुने छ माटो
आफैं नलागे बनिदैंन बाटो ।

"जीवनमा सफल हुने व्यक्तिले बहाना बनाउँदैन र बहाना बनाउने व्यक्ति कहिल्यै सफल हुँदैन"

"अनपढ व्यक्ति धर्तीको बोझसमान हुन्"

दुई कविता

अनिलकुमार यादव
कक्षा : ६ 'ग'

१. गुरू

म अनचिन्हार बालक हुँ गिलो माटो
मेरो गुरूले सिकाउनुभयो हिँड्नको लागि
असल बाटो
म अन्जान बालकलाई दयामाया गरिदिनुभयो ।
अन्धकार जीवनमा उज्यालो गुरूले बनाइ दिनुभयो,
हाम्रो लागि गुरू दुःखकष्ट हराइ हाल्नुभयो ।
हाम्रो हृदय र रहरमा गुरू बसिदिनुभयो
हजुरले आमा बुबा जस्तै माया गरिदिनुभयो ।
हाम्रो नजरमा हजुर नै आमा बुबा जस्तै हुनुभयो ।

गुरू पनि हाम्रो भविष्यको लागि
आमा बुबा जस्तै शुभचिन्तक हुनु भयो
हाम्रो सफलतामा खुसी मानेर गुरू
मुस्कुराई दिनु भयो । जीवनमा सफल पाउने
खुसी आमा बुबा जति गुरू पनि हुनुभयो ।

■

२. ज्यान भन्दा प्यारो मेरो बुबा

जिन्दगीमा देखेको छु धेरै सम्बन्ध
ती सबैभन्दा उच्च छ सम्बन्ध म र मेरो बुवाको
कठोर बोलीको पछाडि
निश्चित माया लुकाउनु हुन्छ
आफू पुरानो लुगा लगाइ
छोराछोरीलाई राजकुमार राजकुमारी जस्तै हेर्न मन
पराउँछ
हाम्रै लागि रात दिन नदेख्ने हो हाम्रो बाबा
हाम्रो जीवनको लागि आफ्नो जीवन त्याग्ने हो हाम्रो
बाबा ।
मुस्किल समयको त्यो एक पल
एक्लै बिताउनुहुन्छ हाम्रो बाबा
आफ्नो पीडा लुकाइ
हामीलाई हाँसी हाँसी कुरा गर्नु हुनुहुन्छ हाम्रो बाबा
आफ्नो अन्त्यमा पनि
हाम्रो अनुहारमा खुसी हेर्न चाहनुहुन्छ बाबा ।

पानी

पंकज कुमार यादव
कक्षा : ४ 'बी'





पानी हो सर्व श्रेष्ठ
सबैको तिर्खा मेटाउने
तिर्खा मात्र मेटाउँदैन यसले
सबै प्राणीको ज्यान बचाउँने ।

बग्दछ पानी खोलामा
अनेकौँ ठाउँमा पुगेर
मेटाउँछ प्यास तिर्खाको
जो बसेको हुन्छ कुरेर ।

दुषित नगरौँ सबैले
पानी पिउनेछु हामीले
यो स्वच्छ पानी सँगै
जिन्दगी बिताउनु छ हामीले
जिन्दगी बिताउनु छ हामीले ।

चार कविता


कविराज कार्की
कक्षा : १० 'ए'



१. एक मृतक शरीरको अन्तिम शब्द

पच्चिस पुगी छब्बिस टेकेको थिएँ
भरखर त बाहिरी संसार देखेको थिएँ
आमा तिम्रा ती अनगिन्ती रहर
त्यसैका लागि पसेको हुँ नि त म सहर

राम्रै जागिर पाइयो भनि खुसी भाको थिएँ
खाई नखाई साहुको रिन तिर्न भनी पैसा
जम्मा गरेको थिएँ
सहरमा त कसैको भरोसा गर्न नहुने रहेछ
पछि थाहा भयो यहाँ त दलाली पो गरिदो रहेछ
चुपचाप बस्नुपऱ्यो सबै कुरा थाहा हुँदाहुँदै पनि
एक्कासी प्रहरी आई समात्यो यही हो हत्यारा भनी
सत्यमाथि असत्यको जित भयो जब
हार खाई मैले आफैलाई मारे तब



२. आमाका लागि

आमा तिम्रा दुधको भारा कसरी तिरू म
बुढेसकालको लौरी भन्थ्यौं जवानी मै छोडी गएँ म
बाँचुञ्जेल त केही गर्न सकिँन मरेसी के गरूला
तिम्रो आशीर्वाद बिना आमा म कसरी बैकुण्ठ तरूँला
तातेताते गर्दै हिडाएकी थियौ
आफू नखाई नखाई मेरो भोक मेटेकी थियौ
याद छ मलाई कति दुःख गरेर किन्देकी
थियौ मलाई भोटो अनि बहिनीलाई जामा
यो जुनी त राम्रो सन्तान हुन सकिन, अर्को
जुनी फेरी तिम्रै कोखबाट जन्म लिन पाउ है आमा

३. श्रीमतीका लागि

जीवनभर साथ दिन्छ भन्थैं जानु पऱ्यो छोडेर
घाँटी भरी माला अनि सेतो कात्रो ओडेर
धेरै भयो दुःख अब त सुखी हुनुपर्छ भन्थैं
तिम्रा लागि सधैंभरी म अनगिन्ती सपनाहरू बुन्थैं
छोरीले बाबा खै भनि सोधे विदेशमा छन् भनिदिए
बुढी भएकी आमालाई कहिले पनि दुःख नदिए
सुख दिम्ला भन्ने आस थियो झन दुःख थपिदिएँ
जम्मा गरेर राखेको पैसा पनि मेरो अन्तिम
संस्कार मै सकि दिएँ
अभागी रहेछु म न त तिमीलाई साथ दिएँ
न त आमालाई माया
बन्ने मन थियो तिमी सबैको दुःख
बिसाउने दौतरिको छायाँ

४. समाजका लागि

मरेको शरीरलाई जतिनै बाहवाई छि छि थुथु गरे पनि
बाँचुन्जेल केही नगर्ने यी समाज
अहिले जति नै सान्त्वना दिए पनि
महसुस हुन्न मलाई मेरो आत्माले मेरो शरीर छोडी सक्यो
अब त सारा सम्बन्ध र साथले नाता तोडी सक्यो

ओढाइ कात्रो चढाउदा हरियो बाँसमाथि
कति रोलानी मन आमा तिम्रो जलाउँदा मलाई घाटमाथि
हरियो बाँसले मेरो लास चलाउँदा
कति दुख्ला त्यो मन तातेतो गर्दै हिँडाएकी
ती हातले मेरो शरीर जलाउँदा



विद्यालय शिक्षक अभिभावक संघ



माधवराज लामिछाने

अध्यक्ष



नारायण पौडेल

सदस्य



सरोज गुप्ता

सदस्य



शान्ता आचार्य

सदस्य



शंकर न्यौपाने

सदस्य

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी विवरण



रामाशिष यादव
प्रधानाध्यापक
मा.वि., द्वितीय (गणित)



पवित्रा सुवेदी
सहप्रधानाध्यापक
मा.वि., द्वितीय (लेखा)



दुर्गाप्रसाद भट्ट
सहप्रधानाध्यापक
मा.वि., द्वितीय (अङ्ग्रेजी)



खगराज जोशी
शिक्षक
मा.वि., द्वितीय (नेपाली)



जीवनप्रकाश रेग्मी
शिक्षक
मा.वि., द्वितीय (गणित)



रमेश झा
शिक्षक
मा.वि., तृतीय (गणित)



देवेन्द्रप्रसाद न्यौपाने
शिक्षक
मा.वि., तृतीय (अङ्ग्रेजी)



सरला देवकोटा
शिक्षक
मा.वि., तृतीय (गणित)



चेतनाथ धमला
शिक्षक
मा.वि., तृतीय (सामाजिक)



विमला कँडेल
शिक्षक
मा.वि., तृतीय (अङ्ग्रेजी)



रजनी थापा बिष्ट
शिक्षक
मा.वि., तृतीय (अङ्ग्रेजी)



संगीता घले
शिक्षक
मा.वि., तृतीय (गणित)



गणेश बाबु कमली
शिक्षक
मा.वि., तृतीय (लेखा)



मनोज आचार्य
शिक्षक
मा.वि., तृतीय (विज्ञान)



कमला उप्रेती
शिक्षक
मा.वि., तृतीय (नेपाली)



मेनुका पनेरू
शिक्षक
मा.वि., तृतीय (सामाजिक)



मीन प्रसाद कोइराला
परीक्षा प्रमुख
मा.वि., तृतीय (स्वा.ज.बा.)



रूमा सुवेदी अधिकारी
शिक्षक
मा.वि., तृतीय (सामाजिक)



बद्री वस्ती
शिक्षक
मा.वि., तृतीय (विज्ञान)



भवानी पाठक
शिक्षक
मा.वि., तृतीय (गणित)



सचिन सिलवाल
शिक्षक
मा.वि., द्वितीय (लेखा)



सीता पन्थी
शिक्षक
मा.वि., द्वितीय (नेपाली)



तारादेवी घिमिरे
शिक्षक
नि.मा.वि., प्रथम (गणित)



मुरारी प्रसाद खनाल
शिक्षक
नि.मा.वि., द्वितीय (गणित)



डिल्ली राज ज्ञवाली
शिक्षक
नि.मा.वि., द्वितीय (विज्ञान)



वसन्तकुमार के.सी.
शिक्षक
नि.मा.वि., तृतीय (अङ्ग्रेजी)



ममता शर्मा
शिक्षक
नि.मा.वि., तृतीय (नेपाली)



सुष्मा कँडेल शिवाकोटी
शिक्षक
नि.मा.वि., तृतीय (अङ्ग्रेजी)



दिपक भट्टराई
शिक्षक
नि.मा.वि., तृतीय (गणित/विज्ञान)



पारिजात बराल
शिक्षक
नि.मा.वि., तृतीय (सामाजिक)



विना पाठक चुडाल
शिक्षक
नि.मा.वि., तृतीय (सामाजिक)



लेखा कुमारी शर्मा
शिक्षक
नि.मा.वि., तृतीय (नेपाली)



प्रियङ्का चौधरी
शिक्षक
नि.मा.वि., तृतीय (विज्ञान)



बिर्सना पौडेल
शिक्षक
नि.मा.वि., तृतीय (गणित)



बिन्द्रा मल्ल
शिक्षक
नि.मा.वि., तृतीय (सामाजिक)



शुशिला खड्का
शिक्षक
नि.मा.वि., तृतीय (सामाजिक)



शकुन्तला ओली
शिक्षक
नि.मा.वि., तृतीय (नेपाली)



यशोदा शिवाकोटी
शिक्षक
नि.मा.वि., तृतीय (सामाजिक)



सम्झना भेटवाल खरेल
शिक्षक
प्रा.वि., द्वितीय



शारदा कुमारी रेग्मी
शिक्षक
प्रा.वि., द्वितीय



सुदर्शन थापा
शिक्षक
प्रा.वि., द्वितीय



पुष्पा झवाली
शिक्षक
प्रा.वि., तृतीय



विजया कोइराला
शिक्षक
प्रा.वि., तृतीय



गोविन्द न्यौपाने
शिक्षक
प्रा.वि., तृतीय



दीपादेवी खड्का
शिक्षक
प्रा.वि., तृतीय



उषा खड्का भण्डारी
शिक्षक
प्रा.वि., तृतीय



मीरा रेग्मी
शिक्षक
प्रा.वि., तृतीय



सबिता कुमारी कर्ण
शिक्षक
प्रा.वि., तृतीय



सीता कुमारी शिवाकोटी
शिक्षक
प्रा.वि., तृतीय



कल्पना खरेल
शिक्षक
प्रा.वि., तृतीय



शंकर न्यौपाने
शिक्षक
प्रा.वि., तृतीय



अप्सना पाठक
शिक्षक
प्रा.वि., तृतीय



साबित्री श्रेष्ठ
शिक्षक
प्रा.वि., तृतीय



शान्ता आचार्य
शिक्षक
प्रा.वि., तृतीय



गोमादेवी भण्डारी
शिक्षक
प्रा.वि., तृतीय



स्नेहा झा
शिक्षक
प्रा.वि., तृतीय



तारा उप्रेती
शिक्षक
प्रा.वि., तृतीय



नानीदेवी आचार्य
शिक्षक
प्रा.वि., तृतीय



नवराज के.सी.
शिक्षक
नि.मा.वि. (कम्प्युटर)



सुरेन्द्रकुमार शाह
शिक्षक
नि.मा.वि. (कम्प्युटर)



सुदत परियार
शिक्षक
कम्प्युटर



राकेश महर्जन
नेपालभाषा प्रशिक्षक सहायक
प्राथमिक, तृतीय तह



राम महर्जन
नेपालभाषा प्रशिक्षक सहायक
प्राथमिक, तृतीय तह



उर्मिला महर्जन
नेपालभाषा प्रशिक्षक सहायक
प्राथमिक, तृतीय तह



सपना शाक्य
नेपालभाषा प्रशिक्षक सहायक
प्राथमिक तृतीय तह



सीता महर्जन
शिक्षक, प्रा.वि.



लक्ष्मी अधिकारी
शिक्षक



रीता भण्डारी
शिक्षक, बालविकास



मन्दिरा भण्डारी
शिक्षक, बालविकास



शुशील कुमार के.सी.
लेखा अधिकृत



नारायण भट्ट
टाईपिष्ट



सविता खड्का
विद्यालय नर्स



ईश्वरी हुमागाईं भट्ट
कार्यालय सहायक



दुर्गा भट्टराई
कार्यालय सहायक



माया राई
कार्यालय सहायक



सुमित्रा न्यौपाने
कार्यालय सहायक



रामतुलसा बस्नेत
कार्यालय सहायक



अन्सिला पोडे
कार्यालय सहायक



साधुराम पौडेल
आंशिक शिक्षक
मा.वि., लेखाशास्त्र



कवि अधिकारी
आंशिक शिक्षक
मा.वि., अङ्ग्रेजी



सुजना चालिसे
आंशिक शिक्षक
मा.वि., अङ्ग्रेजी



सविता पौडेल
आंशिक शिक्षक
मा.वि., अर्थशास्त्र



सृजना दुङ्गाना
आंशिक शिक्षक
मा.वि., अर्थशास्त्र

शान्ति उप्रेती
आंशिक शिक्षक
मा.वि., जनसङ्ख्या

उत्तम कोइराला
आंशिक शिक्षक
मा.वि., बिजनेस स्टडी

बुद्धिबहादुर रावत
आंशिक शिक्षक
मा.वि., अर्थशास्त्र

विदुर तिमल्सिना
आंशिक शिक्षक
मा.वि., अङ्ग्रेजी

अनिल आचार्य
आंशिक शिक्षक
मा.वि., ग्रामीण अर्थशास्त्र

श्री रत्नराज्य माध्यमिक विद्यालय को

६२ औं वार्षिकोत्सव को

पावन अवसरमा विद्यालयको प्रगति

स्वं समुन्नतिको लागि शुभकामना

व्यक्त गर्दछौं ।

शुभकामना

गंगा हार्ट क्लिनिक प्रा.लि.

GANGA HEART CLINIC PVT. LTD.

मध्य वानेश्वर, काठमाडौं

(रत्नराज्य विद्यालय भवन)

सम्पर्क : ०१-४५६१३०६, ४५९२२९४

मोबाइल : ९८६०७८२२९४, ९८४०००३६७८

कक्षागत तस्बिर



शिशु कक्षा (वि.सं. २०७९)



कक्षा यु.के.जी. (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा १ (वि.सं. २०७९)



कक्षा २ 'क' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा २ 'ख' (वि.सं. २०७९)



कक्षा ३ 'क' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ३ 'ख' (वि.सं. २०७९)



कक्षा ४ 'क' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ४ 'ख' (वि.सं. २०७९)



कक्षा ५ 'क' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ५ 'ख' (वि.सं. २०७९)



कक्षा ६ 'क' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ६ 'ख' (वि.सं. २०७९)



कक्षा ६ 'ग' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ७ 'क' (वि.सं. २०७९)



कक्षा ७ 'ख' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ७ 'ग' (वि.सं. २०७९)



कक्षा ७ 'घ' (वि.सं. २०७९)

कक्षागत तस्बिर



कक्षा ८ 'क' (वि.सं. २०७९)



कक्षा ८ 'ख' (वि.सं. २०७९)